# भीम दाहालका उपन्यासमा नारी–पुरुष सम्बन्ध

**शोधप्रबन्ध**

**सिक्किम विश्वविद्यालय**

**भाषा अनि साहित्य सङ्कायअन्तर्गत**

**विद्यावारिधि (पिएचडी) उपाधिका निम्ति प्रस्तुत**


**शोधार्थी**

**शारदा छेत्री**

**नेपाली विभाग,**

**सिक्किम विश्वविद्यालय।**


**2019**

# भीम दाहालका उपन्यासमा नारी–पुरुष सम्बन्ध

**शोधप्रबन्ध**

**सिक्किम विश्वविद्यालय**

**भाषा अनि साहित्य सङ्कायअन्तर्गत**

**विद्यावारिधि (पिएचडी) उपाधिका निम्ति प्रस्तुत**


| | |
|---|---|
| **शोध निर्देशक** | **शोधार्थी** |
| **डा पुष्प शर्मा** | **शारदा छेत्री** |
| **सह–प्राध्यापक** | **पञ्जीकरण संख्या 15/Ph.D/NEP/03** |

**नेपाली विभाग,**

**भाषा अनि साहित्य सङ्काय**

**सिक्किम विश्वविद्यालय।**

## प्रतिबद्धता पत्र

सिक्किम विश्वविद्यालयको भाषा अनि साहित्य सङ्कायअन्तर्गत नेपाली विभागमा विद्यावारिधि उपाधिका निम्ति "भीम दाहालका उपन्यासमा नारी-पुरुष सम्बन्ध" शीर्षकको प्रस्तुत शोध मैले शोधनिर्देशक सह.प्राध्यापक डा. पुष्प शर्माको कुशल निर्देशनमा रहेर सम्पन्न गरेकी हुँ, जो पूर्णत: मौलिक शोध हो। मैले यस शोधको लेखन क्रममा विभिन्न स्रोतबाट सामग्री सङ्कलन गरी तिनको उपयोग गरेकी छु र त्यसप्रति कृतज्ञ पनि छु। प्रस्तुत शोधको समष्टि निष्कर्षलाई मैले यसअधि कुनै पनि उपाधि अथवा प्रयोजनका निम्ति प्रस्तुत गरेकी छैन। मैले प्रस्तुत शोधको कुनै पनि अंश वा पाठ, कुनै पुस्तक वा पुस्तकको अंशको रूपमा कहीं पनि प्रकाशित गराएकी छैन। मैले यहाँ प्रस्तुत गरेका यी प्रतिबद्धता विरूद्ध कुनै प्रमाण भेटिएमा त्यसप्रति म उत्तरदायी हुनेछु भनी प्रतिबद्धता जाहेर गर्दछु।


शोधार्थी

शारदा छेत्री

विद्यावारिधि

पञ्जीकरण संख्या 15/Ph.D/NEP/03

नेपाली विभाग

भाषा अनि साहित्य सङ्काय

सिक्किम विश्वविद्यालय।

## कृतज्ञता ज्ञापन

प्रस्तुत शोध मैले आदरणीय गुरुमा सह प्राध्यापक डा पुष्प शर्माको कुशल निर्देशनमा तयार पारेकी हुँ। आफ्नो कार्यव्यस्तता हुँदाहुँदै पनि मलाई लक्षित मार्गमा पुऱ्याउन उहाँले यथेष्ट समय दिनुभयो। मेरो समस्यालाई प्राथमिकता दिएर गुरुमाले तत्कालै समस्या सुल्झाउन शोधविषय सम्बन्धी धेरै उपयोगी पुस्तकहरू उपलब्ध गराइ शोधकार्य सम्पन्न गराउन सहयोग गर्नु भएको छ। यसका निम्ति गुरुमाप्रति म हार्दिक कृतज्ञता प्रकट गर्दछु। यसरी नै शोध लेखनका समयमा मलाई प्रेरणा, हौसला तथा सहयोग गरिदिनुहुने सिक्किम विश्वविद्यालय, नेपाली विभागका गुरुबा र गुरुमाहरू प्रो प्रतापचन्द्र प्रधान, डा कविता लामा, डा समर सिन्हा, प्रा बलराम पाण्डे, प्रा देवचन्द्र सुब्बा, र डा अरूणा राईप्रति आभारी छु। प्रस्तुत शोधका निम्ति सामग्री सङ्कलन गर्न सहयोग गर्नुहुने आदरणीय लेखक विद्वानहरूमध्ये श्री रूद्र पौड्याल, श्री पारसमणि दङ्गाल, श्री दोर्जी सुब्बा, सुश्री कविता सुब्बा तथा मेरा सम्पूर्ण सहपाठी मित्रहरूलाई हार्दिक धन्यवाद दिन्छु। यसै प्रक्रियामा शोधविषय सामग्री सङ्कलन गर्ने क्रममा पुस्तकालयबाट पुस्तक उपलब्ध गराउने नेपाली साहित्य परिषद्, निर्माण प्रकाशन, गान्तोक, सिक्किम विश्वविद्यालयको केन्द्रीय पुस्तकालय, सिक्किमको केन्द्रीय पुस्तकालय र यी पुस्तकालयका प्रबन्धकहरूप्रति म आन्तरिक हृदयबाट आभार व्यक्त गर्दछु।

शोधार्थी
शारदा छेत्री

विद्यावारिधि
पञ्जीकरण संख्या 15/Ph.D/NEP/03
नेपाली विभाग

भाषा अनि साहित्य सङ्काय
सिक्किम विश्वविद्यालय।

## शब्द संक्षेपीकरण

1. क्र.सं ------- क्रम सङ्ख्या
2. सम्पा. ------- सम्पादक
3. सह-प्रा ------- सहायक प्राध्यापक
4. डा -------- डाक्टर
5. पृ.सं -------- पृष्ठ सङ्ख्या
6. प्र.सम्पा. -------- प्रधान सम्पादक
7. अनु. --------- अनुवादक
8. वि.सं ---------- विक्रम सम्वत्

## विषय सूची

**विषय** **पृष्ठ.सङ्ख्या**

प्रतिबद्धता पत्र क

शोध निर्देशकबाट अग्रसारण ख

कृतज्ञता ज्ञापन ग

शब्द संक्षेपीकरण घ

**पहिलो अध्याय** **1-8**

1.1 शोध शीर्षक

1.2 शोध परिचय

1.3 शोध प्रयोजन

1.4 समस्याकथन

1.5 शोधको उद्देश्य

1.6 पूर्वकार्यको समीक्षा

1.7 शोधको औचित्य

1.8 शोधको सीमाङ्कन

1.9 शोध विधि

**दोस्रो अध्याय** **9-66**

2. समाजशास्त्रीय दृष्टिकोणले नेपाली समाजमा नारी-पुरुष सम्बन्ध

2.1 नारी पुरुष सम्बन्धको अवधारणा

2.2 विभिन्न धर्म र जातिमा प्रचलित नारी-पुरुष उत्पत्तिसम्बन्धी अवधारणा

2.2.1 श्रीमदभगवत् गीतामा नारी-पुरुष उत्पत्तिको अवधारणा

2.2.2 पुराणकथामा नारी-पुरुष उत्पत्तिको अवधारणा

2.2.3 मनुस्मृतिमा नारी-पुरुष उत्पत्तिको अवधारणा

2.2.4 बाइबलमा नारी-पुरुष उत्पत्तिको अवधारणा

2.2.5 लेप्चा जातिमा प्रचलित नारी-पुरुष उत्पत्तिको अवधारणा

2.2.6 लिम्बू जातिमा प्रचलित नारी-पुरुष उत्पत्तिको अवधारणा

2.2.7 राई जातिमा प्रचलित नारी-पुरुष उत्पत्तिको अवधारणा

2.3 लैङ्गिकताको अवधारणा

2.4 पारिवारिक सम्बन्ध

2.5 वैवाहिक सम्बन्ध

2.6 धार्मिक सम्बन्ध

2.7 आर्थिक सम्बन्ध

2.8 साइनो सम्बन्ध

2.9 मनोवैज्ञानिक सम्बन्ध

2.10 सामाजिक सम्बन्ध

2.11 राजनीतिक सम्बन्ध

2.12 सांस्कृतिक सम्बन्ध

**तेस्रो अध्याय** **67-138**

3 उपन्यासकारका रूपमा भीम दाहाल

3.1 भीम दाहालको परिचय

3.2 राजनीतिज्ञका रूपमा भीम दाहाल

3.3 साहित्यकारका रूपमा भीम दाहाल

3.4 उपन्यासकारका रूपमा भीम दाहाल

3.5 उपन्यासका तत्वको आधारमा भीम दाहालका उपन्यासको अध्ययन

3.5.1 अभीष्टको खोज

3.5.2 द्रोह

3.5.3 विद्रोह

**चौथो अध्याय** **139-220**

4 भीम दाहालका उपन्यासमा नारी-पुरुष सम्बन्धको अध्ययन

4.1 भीम दाहालका उपन्यासमा नारी-पुरुष सम्बन्धका विभिन्न पक्ष

4.1.1 नारी-पुरुष : गृहस्थका रूपमा

4.1.2 नारी-पुरुष : बदलिँदो चरित्रका रूपमा

4.1.3 नारी-पुरुष : पारस्परिक द्वन्द्व, शक्तिको होड, कुण्ठा, अस्तित्व सचेतता तथा चिनारी स्थापनाको सङ्घर्षका योद्धाका रूपमा

4.1.4 नारी-पुरुष : आत्मसचेत पात्रका रूपमा

4.2 भीम दाहालका उपन्यासमा अभिव्यक्त पुरुषवादी सोच र पुरुष प्रताडनाका सिकार भएका नारीहरूको सङ्घर्ष

4.3 समाज निर्माण वा सामाजिक संरचनाका स्तम्भका रूपमा नारी-पुरुष चरित्रको भूमिका

4.4 नारीप्रति पुरुषको दृष्टिकोण

4.5 पुरुषप्रति नारीको दृष्टिकोण

**पाँचौ अध्याय** **221-245**

5 भीम दाहालका उपन्यासमा पाइने नारी-पुरुष सम्बन्धका सबल-दुर्बल पक्षहरूको विश्लेषण

5.1 लैङ्गिक दृष्टिकोण

5.2 पारिवारिक दृष्टिकोण

5.3 धार्मिक दृष्टिकोण

5.4 आर्थिक दृष्टिकोण

5.5 मनोवैज्ञानिक दृष्टिकोण

5.6 सामाजिक दृष्टिकोण

5.7 राजनीतिक दृष्टिकोण

5.8 सांस्कृतिक दृष्टिकोण

**छैटौं अध्याय** 246-259

उपसंहार र निष्कर्ष।

**परिशिष्ट**

**सन्दर्भग्रन्थ सूची** 260-265

# पहिलो अध्याय

## 1.1 शोध शीर्षक

प्रस्तुत शोधप्रबन्धको शीर्षक *भीम दाहालका उपन्यासमा नारी–पुरुष सम्बन्ध* रहेको छ।

## 1.2 शोध परिचय

सृष्टिको आरम्भ नै नारी–पुरुषको सम्बन्धबाट भएको छ। पूर्वीय धारणाअनुसार मनु र सतरूपा नै सृष्टिका प्रथम नारी–पुरुष जोडा थिए र उनीहरूबाट जन्म लिएका सन्तानबाट नै सृष्टिको निरन्तरता विकसित भएको हो।[1] आदम र इभको सम्बन्धको प्रसङ्ग उल्लेख गरेर नारी–पुरुषका सहभागिता र सम्बन्धबाटै सृष्टिको सञ्चालन र सम्भरण भएको छ भन्ने धारणा पाश्चात्य देशमा पनि पाइन्छ।[2] नर बीज रूप हो, नारी प्रकृति रूप भन्ने उल्लेख पुराणादि ग्रन्थहरूमा पाइन्छ। शिव नर हुन् भने शक्तिलाई प्रकृति मानिएको छ। शिवशक्तिलाई आज पनि उतिकै श्रद्धापूर्वक अर्चना पूजा गरिन्छ। प्रकृति र पुरुषको समावेशबिना सृष्टिको चिरन्तरता रहन सक्दैन। ईश्वरले जगत् सृष्टि गरी विश्वलाई आफ्नो धुरीमा प्रदक्षिणा गराउन गुरूत्वाकर्षण शक्ति उत्पन्न गरिदिए। त्यसरी नै सृष्टिको क्रममा निरन्तरता दिन नारी–पुरुषमा पनि पारस्परिक आकर्षण पैदा गरिदिएको हुँदा यो क्रम सञ्चालित

---

[1] लेखक अज्ञात, सन् 2059, *श्रीमदभगवत् गीता*, गोरखपुर : गीता प्रेस, पृष्ठ 78।

यस्तु तत्र पुमान् सोऽभून्मनु: स्वायम्भुव: स्वराट्।
स्त्री याऽऽसीच्छतरूपाख्या महिष्यस्य महात्मन: ।।53
तहा मिथुनधर्मेण प्रजा ह्योधाम्बभूविरे।
स चापि शतरूपायां पञ्चापत्यान्यजीजनत्।।54

[2] जर्ज, अर्थर र जर्ज एलिना, सन् 2014, *द मिथोलजी अफ इडेन*, लण्डन : होमिल्टन बुक्स, पृष्ठ 458।

रहेको छ। मानव समाजमा परस्परको प्रेम, समानता, न्याय अनि भाइचाराबिना मानव सभ्यता र संस्कृतिको निरन्तरता कायम रहन सक्दैन। यदि परस्परमा मानव आकर्षण नहुँदो हो त संसार कति कहाली लाग्दो हुने थियो सहजै अनुमान लाउन सकिन्छ। ब्रह्माण्डको निरन्तरतालाई सजीवता दिन, मानव समाजलाई बस्न लायकको बनाउन र सृष्टिलाई निरन्तरता दिन प्रकृतिले पनि नारी–पुरुषमा पारस्परिक आकर्षण दिएको हुँदा यो क्रम सञ्चालित रहेको छ।

प्रागैतिहासिक यायावर मानव जीवनमा नारी पुरुषहरूका अधीनस्थ थिएनन्। त्यसबेला पुरुषको सामु नारीलाई समर्पणको लागि विवश पार्ने कुनै संस्थागत, व्यक्तिगत सम्पतिको अवधारणा तथा कुनै न्याय व्यवस्था र आचार संहिता थिएन। सर्वत्र स्वेच्छा र स्वतन्त्रता थियो। यायावर जीवन मातृप्रधान थियो। जनसङ्ख्या बृद्धिसँगै कृषिकार्य, कृषि अर्थतन्त्रको प्रार्दुभाव भएपछि नारी–पुरुषबिचको सम्बन्धमा विभेदको विस्तार भयो। सम्पतिको लालच, सञ्चयवृति, सङ्घीय शक्तिको आर्विभाव आदिका कारण यी दुईमाझमा विभेद भएको पाइन्छ। युद्धजनित भावको विकास भएपछि जय–पराजय, प्रतिस्पर्धा, हिंसात्मक प्रतिद्वन्द्वता आदिले नारी–पुरुष सम्बन्ध र महत्वमा पनि क्रमिक ह्रास आएको पाइन्छ। मातृप्रधान समाजबाट शत्ति र सत्ता पुरुषहरूले हत्याएको पाइन्छ। फलतः पुरुषप्रधान समाजको निर्माण भएको हो भन्न सकिन्छ।

पुरुषप्रधान समाजको निर्माण भएपछि नारी–पुरुष सम्बन्धमा पनि विभिन्न जटिल समस्याहरू देखियो। विभिन्न सामाजिक क्रियाकलाबाट नारीहरूका सहभागिता, उपस्थिति खोसियो। नारीहरू अवसरवञ्चित बनिएपछि नारीहरूमाथि शोषण गरी भोग्यवस्तु सरह प्रयोग गरिएकाले नारीका पारिवारिक प्रमुखताको पनि

स्खलन भएको पाइन्छ। यसको प्रभावले मानव सभ्यता र जीवन शैलीमा पनि परिवर्तन आएको पाइन्छ।

प्रकृतिबाट सरेर संस्कृतिको सिर्जना भएपछि मनु, मोजेस, मिनेसा, मनेश जस्ता संस्कृतिका चारजना प्रमुख पृष्ठपोषकहरूद्वारा प्रचार गरिएको सांस्कृतिक जागरण भारत, लंका जेरुसलेम, मिश्र, पर्सिया र ग्रीसको संस्कृतिमा पनि परेकाले नारी सम्बन्धमा पनि परिवर्तन आएको पाइन्छ। पूर्वमा भारत र लंकामा मनु, जेरुसलेम प्यालेस्टाइनमा हिब्रू जातिमा संस्कृतिका प्रतिष्ठापक मोजेस, मिश्र सभ्यतामा संस्कृतिका प्रचारक मिनेसा र मिश्र सभ्यताबाट प्रभावित भएर पर्सिया, ग्रीसको सभ्यतामा संस्कृतिको प्रचार गर्ने प्रचारक मनेश आदि व्यक्तिहरूले संस्कृतिको शुरूवात गरेको ऐतिहासिक तथ्य हामी माझ विद्यमान छ।

समाज र साहित्यको क्षेत्रमा नारी–पुरुष सम्बन्ध एउटा प्राकृतिक विषय हो। तर अनुसन्धान तथा शोधका क्षेत्रमा यसलाई नवीन विषयअन्तर्गत राख्न सकिन्छ। जीववैज्ञानिक लिङ्ग वा व्यक्तिको शारीरिक बनावटको आधारमा नारी–पुरुष सम्बन्धी मान्यता र भूमिकाको अध्ययन गरिन्छ। वास्तवमा परस्परको समन्वयता र सम्बन्धबाटै मानव समाज सञ्चालित हुन्छ। त्यसैले विभेदकारी अमानवीय संस्कृतिबाट मानव समाजलाई मुक्त गरी दुवैको समान महत्त्व र अस्तित्वले मात्र सकारात्मक सोच र व्यवहार विकसित गर्न सकिन्छ। आजको सन्दर्भमा हेर्ने हो भने नारी–पुरुष सम्बन्धको विषय समानताको संस्कृतिप्रति अनुरक्त पार्ने प्रयास हो। यसले नारी–पुरुषका विविध सम्बन्ध र सहभागितालाई समाजको समस्या वा सफलताको रूपमा स्वीकार गरेको पाइन्छ।

कुनै पनि साहित्यिक कृतिमा सामाजिक विषयको अभिव्यक्ति हुन्छ र नारी–पुरुष सम्बन्ध पनि सामाजिक व्यवस्था कै एउटा अङ्ग हो भन्न सकिन्छ। यस्ता

सम्बन्धहरू पनि अनेक हुन्छन् र यही सम्बन्धले समाज र व्यक्तिमा पारेका प्रभावको अध्ययन प्रस्तुत शोधप्रबन्धमा गर्ने चेष्टा गरिएको छ।

प्रस्तुत शोधको शीर्षक *भीम दाहालका उपन्यासमा नारी-पुरुष सम्बन्ध* हो। यस कार्यमा दाहालका उपन्यासमा पाइने नारी-पुरुष सम्बन्धलाई खुट्ट्याउन नारी-पुरुष सम्बन्धका विविध पक्षहरूलाई विश्लेषण गरिएको छ। दाहालका उपन्यासका अन्य वैचारिक पक्षहरू पनि सबल रूपमा अभिव्यक्त भएका छन्। यद्यपि प्रस्तुत अध्ययन भने उनको *अभीष्टको खोज* (सन् 1993), *द्रोह* (सन् 2002) र *विद्रोह* (सन् 2005) उपन्यासहरूमा चित्रित नारी-पुरुष सम्बन्धको अध्ययनमा नै केन्द्रित रहेको छ।

### 1.3 शोधको प्रयोजन

प्रस्तुत शोध सिक्किम विश्वविद्यालय, नेपाली विभागबाट विद्यावारिधि उपाधि प्राप्त गर्ने प्रयोजन पूर्तिको निम्ति गरिएको हो।

### 1.4 समस्याकथन

प्रस्तुत शोधका समस्याहरूलाई बूँदागत रूपमा यस प्रकार राखिएको छ -

क. भीम दाहालका उपन्यासमा चित्रित नारी-पुरुषको सम्बन्ध कस्तो रहेको छ?

ख. भीम दाहालका उपन्यासमा चित्रित नारी-पुरुष सम्बन्धका बदलिँदा स्वरूपहरू कस्ता छन् ?

ग. भीम दाहालका उपन्यासका नारी-पुरुष के आत्मसचेत छन् ?

घ. भीम दाहालका उपन्यासमा नारी-पुरुष सम्बन्धका सबल-दुर्बल पक्षहरू के कस्ता रहेका छन् ?

## 1.5 शोधको उद्देश्य

माथि चर्चा गरिएका समस्याहरूलाई निम्नलिखित रूपमा अध्ययन गर्नु यस शोधको उद्देश्य रहेको छ -

क. भीम दाहालका उपन्यासमा चित्रित नारी-पुरुषको सम्बन्ध खुट्ट्याउनु।

ख. भीम दाहालका उपन्यासमा चित्रित नारी-पुरुष सम्बन्धका बदलिँदा स्वरूपहरूको अध्ययन गर्नु।

ग. भीम दाहालका उपन्यासमा चित्रित विभिन्न नारी-पुरुष पात्रहरूको आत्मसचेतता खुट्ट्याउनु।

घ. भीम दाहालका उपन्यासमा नारी-पुरुष सम्बन्धका सबल-दुर्बल पक्षहरू केलाउनु।

## 1.6 पूर्वकार्यको समीक्षा

भीम दाहालका उपन्यासहरूको अध्ययन तथा उनका उपन्यासमा नारीको सहभागिता जस्ता पक्षहरूमाथि केही चर्चा, समालोचना तथा लेखहरू प्रकाशित भएको पाइन्छ। जसलाई यहाँ शोध विषयसम्बन्धित पूर्वकार्यको रूपमा राखिएको छ -

### क. पत्रपत्रिकामा प्रकाशित लेखहरू

उत्तर बङ्ग विश्वविद्यालय, नेपाली विभागबाट प्राकाशित *नेपाली जर्नल* (वर्ष: 1, अङ्क: 1, सन् 2001-2002)-मा पुष्कर पराजुलीको "समकालीन नारीवादी आलोचनाका सन्दर्भमा 'अभीष्टको खोज'" शीर्षक लेख प्रकाशित भएको पाइन्छ। यस लेखमा पराजुलीले नारीवादी अलोचनाका परिचय र स्वरूपहरूको चर्चा गर्दै भीम दाहालका उक्त उपन्यासलाई नायिका प्रधान उपन्यास मानेका छन्। यस लेखमा

'अभीष्टको खोज : नारीवादी अध्ययन', 'नायिका प्रधान उपन्यास', 'नारीका तीन पुस्ता', 'पुरुषवर्गको शोषण–दमन', 'सामाजिक परिवर्तनको आग्रह', 'स्वतन्त्रता/ अभीष्टको खोज' जस्ता उपशीर्षकहरू दिएर यस उपन्यासको सूक्ष्म अध्ययन गरेको पाइन्छ। यसका साथै शोषण र दमनका कारण नारी–पुरुषकाबिच आएको असमानताले उनीहरूका सम्बन्धमा देखिएको कटुतालाई आंशिक रूपमा चर्चा गरेको पाइन्छ।

सुवास दीपकद्वारा सम्पादित सिक्किम अकादेमीको वार्षिक पत्रिका *सृजन समय* (सन् 2009)–मा पारसमणि शमको 'समकालीन सिक्किमेली उपन्यासका केही नारी चरित्र' नामक लेख प्रकाशित भएको पाइन्छ। यस लेखमा शमले सिक्किमबाट प्रकाशित विभिन्न उपन्यासहरूमा नारीपात्रको सहभागिता, नारीका पारिवारिक, सामाजिक, राजनैतिक स्थिति र अवस्था आदिको चित्रण गरेको पाइन्छ। यसै क्रममा शमले भीम दाहालका तीनैवटा उपन्यासमा नारीको अवस्थिति र चित्रणको अध्ययन गरी यिनको *अभीष्टको खोज* उपन्यासलाई नायिकाप्रधान उपन्यास मानेका छन्। यसमा विभिन्न आयामबाट नारी–पुरुषका सम्बन्धलाई आंशिक चर्चा गरेको पाइन्छ।

नेपाली साहित्य परिषद्, सिक्किमद्वारा प्रकाशित *कनका* (वर्ष: 19, अङ्क:1, पूर्णाङ्क: 19, अप्रेल–मई, सन् 2013)–मा लीला लुइटेलको 'उपन्यासकार भीम दाहालको 'द्रोह' उपन्यासको विश्लेषण' शीर्षक लेख प्रकाशित पाइन्छ। यस लेखमा उपन्यासका तत्वहरूका आधारमा *द्रोह* उपन्यासको विश्लेषण गरिएका पाइए तापनि नारी–पुरुष सम्बन्धका पक्षले यस उपन्यासको अध्ययन भने गरिएको पाइदैँन।

**ख. इन्टरनेटमा प्रस्तुत लेख**

मझेरी डट कम नामक इन्टरनेट वेभसाइटमा प्रस्तुत पारसमणि शमको 'समकालीन सिक्किमेली नेपाली साहित्यको परिचयात्मक अध्ययन'- लेखमा भीम दाहाललाई एक प्रयोगवादी उपन्यासकारको रूपमा चित्रण गरिएको पाइन्छ। शमले *अभीष्टको खोज* उपन्यासलाई नारीप्रधान उपन्यास मानेका र भीम दाहालद्वारा नारीमाथि पुरुषवर्गको शोषण, दमनलाई खुल्ला रूपमा प्रस्तुत गरिएको छ भन्ने कुरामा जोड दिएका छन्। *द्रोह* उपन्यासलाई प्रगतिवादी उपन्यासको संज्ञा दिँदै सूत्रात्मक रूपमा पात्रहरूको नामाकरण गर्ने उपन्यासकार दाहालको परिपाटीलाई चर्चामा ल्याएका छन्।

पारसमणि शमले *विद्रोह* उपन्यासको चर्चा गर्ने क्रममा भीम दाहाल मार्क्सवादी चिन्तनधाराबाट बढी प्रभावित भएको देखाएका छन्। यस लेखमा पनि दाहालका उपन्यासहरूमा नारी-पुरुषमा रहेको सम्बन्धलाई साम्यवादी दृष्टिकोणले आंशिक रूपमा हेरेका छन्।

माथि चर्चा गरिएका लेखादिलाई नै हालसम्म प्राप्त पूर्वकार्यको रूपमा लिन सकिन्छ। यद्यपि भीम दाहालका उपन्यासहरूमा नारी-पुरुष सम्बन्ध शीर्षक लिएर आजसम्म कसैबाट पनि शोधकार्य भएको पाइदैँन।

## 1.7 शोधको औचित्य

प्रस्तुत शोध विशेषतः भीम दाहालका उपन्यासमा नारी-पुरुष सम्बन्धबारे जानकारी राख्न चाहने इच्छुक व्यक्ति, विद्यार्थी, शोधार्थी, तथा सङ्घ-संस्थानहरूका लागि उपयोगीसिद्ध हुनेछ भन्ने मानिन्छ। प्रस्तुत शोध विषयबारे आजसम्म अध्ययन नभएकाले यस शोधलाई औचित्यपूर्ण मान्न सकिन्छ।

## 1.8 शोधको सीमाङ्कन

प्रस्तुत शोधको विषय *भीम दाहालका उपन्यासमा नारी-पुरुष सम्बन्ध* रहेको छ। यस विषयबारे अध्ययन गर्ने क्रममा उनका तीनवटा उपन्यास क्रमैले *अभीष्टको खोज* (सन् 1993), *द्रोह* (सन् 2002) र *विद्रोह* (सन् 2005)-लाई लिइएको छ। यी तीनवटा उपन्यासहरूमा विविध पक्षहरूको अध्ययन गर्न सकिने प्रशस्त ठाउँहरू रहेका छन्। तथापि यस शोधमा भीम दाहालका उपन्यासमा नारी-पुरुष सम्बन्धको चर्चालाई नै अध्ययनको मूल केन्द्रमा राखिएको छ।

## 1.9 शोध विधि

प्रस्तुत शोधलाई निगमनात्मक शोधविधि अनुरूप अध्ययन र विश्लेषण गरिएको छ। यस शोधको सामग्री सङ्कलन दुईवटा स्रोत प्राथमिक र द्वितीय प्रणालीबाट गरिएको छ। क्षेत्रीय सर्वेक्षण पद्वतिअनुसार लेखक स्वयंसँग भेट गरेर लिइएका अन्तर्वार्ताबाट प्राप्त जानकारीलाई प्राथमिक सामग्रीको रूपमा लिइएको छ।

द्वितीय सामग्री स्रोतका रूपमा विभिन्न पुस्तकालयबाट शोधविषयसँग सम्बन्धित सन्दर्भ पुस्तकहरू, समालोचनात्मक लेखहरू, विविध विश्वविद्यालयका पुस्तकालय तथा साहित्यकार र शोधार्थी मित्रहरूका नीजि पुस्तकालय अनि इलेकट्रोनिक स्रोत जस्तै इन्टरनेट, ब्लग आदिबाट सङ्कलित सामग्रीबाट प्राप्त जानकारीलाई लिइएको छ।

शोधविधिका रूपमा *नेपाली लेखन शैली* (सन् 2011) अनि हेमाङ्गराज अधिकारी (प्र.सम्पा) र बद्रीविशाल भट्टराईद्वारा सम्पादित *प्रयोगात्मक नेपाली शब्दकोश* (2061)- लाई आधार मानिएको छ। यसका साथै सिक्किम विश्वविद्यालयद्वारा जारी विद्यावारिधि शोध नियमावलीलाई पनि पालन गरिएको छ।

# दोस्रो अध्याय

## 2 समाजशास्त्रीय दृष्टिकोणले नेपाली समाजमा नारी–पुरुष सम्बन्ध

समाजशास्त्र र नेपाली समाजको चर्चा गर्नअघि 'समाज' को अर्थ तथा परिभाषाबारे जान्न आवश्यक हुन्छ। समाज भन्नाले साधारणतः मानिसहरूको सङ्गठित समूह बुझिन्छ, जो धार्मिक, सांस्कृतिक, राजनैतिक, भौगोलिक आदि तौरले समान रूपले बसोबास गर्छन्। अर्को शब्दमा भन्नु हो भने समाज भनेको मानिसहरूको यस्तो समूह हो, जहाँ एका–अर्कामाझ पारस्परिक सम्बन्ध स्थापित गरी एउटै भौगोलिक, सांस्कृतिक, राजनीतिक, आर्थिक तथा धार्मिक परिवेशमा साझा रूपमा बसोबास गरिन्छ।

प्रस्तुत शोधकार्यको विषय सिक्किमको नेपाली समाजसँग सम्बन्धित हुनाले यहाँ सिक्किमको नेपाली समाजको संरचना र व्यवस्थाबारे संक्षिप्तमा चर्चा गरिएको छ। सिक्किमको नेपाली समाजअन्तर्गत बाहुन, छेत्री, राई, लिम्बू, मगर, तामङ, गुरूङ, भूजेल, कामी, दमाई, सार्की आदि पर्दछन्। यी विभिन्न समुदायहरूको समिश्रण, पारस्परिक सम्बन्ध, वैवाहिक नाता, आर्थिक, धार्मिक एवम् सांस्कृतिक परम्परा आदिद्वारा सिक्किमको नेपाली समाजको धरातल बलियो रूपमा निर्माण भएको पाइन्छ।

समाज निर्माणमा कुनै पनि जाति वा समूहको प्रत्यक्ष वा परोक्ष सहभागिता एवम् सरोकार रहेको हुन्छ। त्यहाँका जाति वा समूहमाथि राजनीति, भौगोलिक, शैक्षिक विकास, जातीय एकता, संस्कार–संस्कृति आदिको प्रभाव परिरहेको हुन्छ। विभिन्न समुदाय तथा जात–गोष्ठीबिच परस्पर आत्मीय सम्बन्ध, भ्रातृत्व, कुटुम्बेली सम्बन्ध आदि गाँस्ने यी विभिन्न कारक तत्त्वहरूमध्ये समाज र

सामाजिक नीति–नियम एउटा अत्यन्त महत्त्वपूर्ण घटक हो। मानिस सामाजिक प्राणी हो त्यसैले मानिसका हरेक गतिविधि, क्रियाकलाप तथा विभिन्न कार्यहरू सम्पन्न गराउने प्रेरक तत्त्व तथा बलियो आधार पनि समाजलाई मान्न सकिन्छ। भाषा, साहित्य, संस्कृति, कला, जाति आदिलाई पोषण दिने तथा विकसित तुल्याउने मूल आधार पनि समाज नै हो।

सिक्किममा विशेष रूपमा लेप्चा, भोटिया र नेपाली गरी तीन समूहको बसोबास रहेको पाइन्छ। यिनीहरूको आ–आफ्नै भाषा, धर्म, बोली, संस्कार, संस्कृति, रीति–रिवाज, जीवन–शैली रहेको देखिन्छ। परस्परमा तीनै जाति र संस्कृतिबिच सौहार्दपूर्ण सम्बन्धहरू रहेका पाइन्छन्। यसरी सिक्किमको समाज मूलतः तीन प्रकारले विकसित भएको देखिन्छ। यस मध्ये नेपाली जाति चार वर्ण र छत्तिस जातको एउटा समुदाय हो। वर्ण व्यवस्था अनुरूप ब्राह्मण, क्षत्रीय, वैश्य र क्षुद्र चार वर्ण भए तापनि विभिन्न जात गोष्ठी जस्तै, बाहुन, छेत्री, नेवार, गुरूङ, राई, मगर, थामी, लिम्बू, भूजेल, तामङ, कामी, दमाई, सार्की आदि धेरै जातहरू यसभित्र पर्दछन्। यी सबै जातगोष्ठीलाई समग्रमा 'नेपाली समुदाय' नामले जान्न सकिन्छ। नेपालीहरूमा पनि आ–आफ्नै धर्म, संस्कृति र भाषा छन्। तथापि ती परस्परमा समन्वयात्मक भावनामा गासिएका छन्। नेपालीहरू विशेष गरी हिन्दू एवम् बौद्ध धर्मालम्बी रहेका छन्। विशेष गरेर तामङ, शेर्पा समुदायले बौद्ध धर्ममा आस्था राख्छन् भने वर्तमानमा आएर गुरूङ जातिका केही मानिसहरूले बौद्ध धर्म पनि अवलम्बन गरेको देखिन्छ। जन्म र मृत्युका संस्कारहरू सबै जातका आ–आफ्नै प्रकारका छन्। ती विभिन्न संस्कारहरूलाई आ–आफ्नै तरिकाले मान्ने चलन भए तापनि एकाअर्कामा मैत्रीपूर्ण भावना राखेको पाइन्छ। नेपाली समाजले आ–आफ्ना संस्कारहरूअनुसार पुरोहित, लामा, बिजुवा, धामी–झाक्री, फेदाङ्बा, पाद्री आदि सबैलाई समान रूपले सम्मान र महत्त्व दिएको पाइन्छ।

नेपाली समाजमा नारी–पुरुष सम्बन्धको अध्ययन गर्न पूर्व समाजशास्त्रको सैद्धान्तिक स्वरूपलाई प्रस्तुत गर्न आवश्यक ठानिन्छ। मानिस सामाजिक प्राणी हुनाले समाजद्वारा नै मानिसले आफ्नो अस्तित्व ग्रहण गरेको हुन्छ। मानव सभ्यताको इतिहाससँगै मानिसले आफूलाई सामाजिक प्राणीको रूपमा स्थापित तथा विकसित गराउँदै आएको पाइन्छ। कुनै पनि जाति विशेषको अध्ययन गर्नका निम्ति सर्वप्रथम त्यहाँको सामाजिक, संरचना जनसमुदायको जीवनशैलीको अध्ययन गर्न उचित ठानिन्छ।

*प्रयोगात्मक नेपाली शब्दकोश*मा 'शास्त्र' शब्दलाई "कुनै खास विषयको गहन अध्ययन, अनुसन्धानसँग सम्बन्धित विद्या, कुनै विषयको सिद्धान्त वा त्यससँग सम्बन्धित ग्रन्थ (उदा. अर्थशास्त्र, जीवशास्त्र, समाजशास्त्र, भौतिक शास्त्र, काव्यशास्त्र) वा समाजलाई अनुशासनमा राख्ने विधि, नियम आदिको चर्चा भएको ग्रन्थ (उदा. धर्मशास्त्र, नीतिशास्त्र, आचारशास्त्र) वा कुनै विशिष्ट अध्ययन वा त्यस सम्बन्धी ग्रन्थ (ज्योतिष, वेद पुराण आदि)"[1] भनेर चिनाइएको पाइन्छ। यस अर्थमा समाजशास्त्र भन्नाले मानव समाजसँग सम्बन्धित समाजका स्थूल अनि सूक्ष्म पक्षको अध्ययन–अनुसन्धान गर्ने शाखा विशेष भन्ने बुझिन्छ।

सैद्धान्तिक रूपमा ज्ञानानुशासनका अन्य विधाहरूमध्ये समाजशास्त्र एउटा छुट्टै, नवीन र कान्छो शाखाको रूपमा स्थापित भएको पाइन्छ। समाजशास्त्रका जनक मानिने फ्रान्सेली दार्शनिक अगस्ट कोम्टेले "समाजशास्त्रलाई एउटा स्वतन्त्र

[1] हेमाङ्गराज अधिकारी र बद्रीविशाल भट्टराई, (सम्पा.), वि.सं 2070, *प्रयोगात्मक नेपाली शब्दकोश*, काठमाडौं : विद्यार्थी प्रकाशन प्रा.लि. पृष्ठ 13–46।

विधाका रूपमा स्थापित गरेका छन्।"[2] समाजशास्त्रबारे विभिन्न शब्दकोशहरूमा दिइएका परिभाषाहरू यस प्रकार रहेका छन् –

"मानव समाजको उत्पत्ति, विकास, त्यसको संरचना तथा व्यवस्था आदिको अध्ययन गर्ने शास्त्र विशेष नै समाजशास्त्र हो।"[3] यस अर्थमा मानवीय समाज, त्यसको स्वरूप, विकास र परिवर्तन समाजशास्त्रको अध्ययन क्षेत्र रहेको बुझिन्छ।

"समाज र यसका संरचनाको सैद्धान्तिक अध्ययन गर्ने विधा, मानव समाज तथा संस्कृतिक उत्पत्ति, विकास आदिको विवेचना गरिएको शास्त्र"[4]–लाई समाजशास्त्र भनी परिभाषित गरिएको पाइन्छ। यस अर्थले समाजशास्त्रीय अध्ययनको सैद्धान्तिक महत्त्वबारे प्रकाश पारेको छ। समाज अनि त्यसका विविध घटकहरूको सैद्धान्तिक अध्ययन गर्ने शाखा विशेष नै समाजशास्त्र हो भन्ने बुझिन्छ।

समाजशास्त्रलाई "मानव समाजको उत्पत्ति, विकास, प्रकृति, नियम आदिको विवेचना भएको शास्त्र"[5] मानिएको भए तापनि वर्तमानमा समाजशास्त्रको अर्थ अझ विस्तारित भएको पाइन्छ।

*अक्सफर्ड एड्भान्स लर्नर डिक्सनरी*ले "प्रकृति र समाजको विकास अनि सामाजिक आचरणहरूको विज्ञान"[6]–लाई समाजशास्त्र मानेको पाइन्छ।

---

[2] अगस्त कोम्टे, सन् 1995, *फन्डामेन्टस् अफ सोस्योलजी*, अमेरिका:रौटलेज पब्लिकेसन, पृष्ठ 15।

[3] हेमाङ्गराज अधिकारी र बद्रीविशाल भट्टराई, (सम्पा.), वि.सं 2070, पूर्ववत्, पृष्ठ 1409।

[4] वासुदेव त्रिपाठी र अन्य, (सम्पा.), वि.सं 2040, *नेपाली बृहत् शब्दकोश*, काठमाडौं :नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, पृष्ठ 231।

[5] नरेन्द्र चापागाई, वि.सं 2064, *नेपाली शब्दभण्डार*, नेपाल : विराटनगर, पृष्ठ 321।

[6] ए एस हर्नेबि र ए पी कार्की, (सम्पा.), सन् 1985, *अक्सफर्ड एड्भान्स लर्नर डिक्सनरी*, बम्बई : अक्सफर्ड युनिभर्सिटी प्रेस, पृष्ठ 295।

समाजशास्त्रलाई विभिन्न शब्दकोशमा उपलब्ध अर्थहरूले मूल रूपमा मानव, मानवीय आचरण, प्रकृति र नियम आदिको अध्ययन गर्ने शाखा विशेष मानेको पाइन्छ। शब्दकोशीय अर्थ बाहेक समाजशास्त्रको परिभाषा पनि वाञ्छनीय रहन्छ। विद्याभूषण र सचदेवको *एन इन्ट्रडक्सन टु सोसियोलोजी* शीर्षक पुस्तकमा समावेश गरिएको समाजशास्त्रबारे अवधारणाहरूको अध्ययन गरी गणेशप्रसाद अधिकारीले *समाजशास्त्र तथा मानवशास्त्र : एक परिचय* पुस्तकमा समाजशास्त्रलाई निम्न दृष्टिकोणबाट हेर्न सकिने कुरा प्रस्तुत गरेका छन् –

समाजशास्त्र सामाजको विज्ञान हो।

समाजशास्त्र सामाजिक सम्बन्धहरूको विज्ञान हो।

समाजशास्त्र सामाजिक जीवनको अध्ययन गर्ने विधा हो।

समाजशास्त्र सामूहिक रूपमा मानव व्यवहारको अध्ययन गर्ने विधा हो।

समाजशास्त्र सामूहिक रूपमा मानव व्यवहारको साथै उसको सामाजिक क्रियाकलापको अध्ययन गर्ने विधा हो।

समाजशास्त्र सामाजिक सम्बन्धहरूका रूपहरूको अध्ययन गर्ने विधा हो।

समाजशास्त्र सामाजिक समूहहरू र सामाजिक व्यवस्थाहरूको अध्ययन गर्ने विधा हो।

समाजशास्त्रको माथि उल्लेखित विविध परिभाषाहरूले के स्पष्ट गरेको छ भने यसले मूलतः सामाजिक समूह, तिनका सम्बन्ध र व्यवहार पद्धतिको अध्ययन गर्दछ। यसर्थ नारी पुरुष सम्बन्धको विषय पनि समाजशास्त्रीय अध्ययन क्षेत्रमा नै पर्दछ। समाजशास्त्रीय दृष्टिकोणले नेपाली समाजमा नारी–पुरुष सम्बन्धको अध्ययन निम्नलिखित उपशीर्षकहरूको आधारमा गरिन्छ।

## 2.1 नारी–पुरुष सम्बन्धको अवधारणा

*प्रयोगात्मक नेपाली शब्दकोश*मा नारी शब्दको धेरै पर्यायवाची शब्दहरू दिइएको पाइन्छ। 'नारी' शब्दलाई "महिला, स्त्री, आइमाई, स्वास्नीमान्छे"[7] भनेर अर्थाइएको पाइन्छ भने 'पुरुष' शब्दलाई लोग्नेमान्छे, नर जाति, लोग्ने, पति, भाले जाति, मर्द, पुर्खा"[8] भनेर अर्थाइएको पाइन्छ। यसरी नै *नेपाली शब्दसागर*ले 'नारी' शब्दलाई 'महिला, आइमाई, स्वास्नीमान्छे, जोइ'[9] आदि शब्दले अर्थाइएको छ भने 'पुरुष' शब्दका निम्ति 'मनुष्य, विष्णु, अर्जुन परमात्मा, भाले जातको प्राणी'[10] आदि अर्थ दिएको पाइन्छ। *एकता बृहत नेपाली–अङ्ग्रेजी कोश*मा 'नारी' शब्दका निम्ति 'ए लेडी, ए वुमन'[11] र 'पुरुष'–का निम्ति मेल, म्यान, ह्युमनविङ, ब्रेभ, करेजस्, विष्णुको गुण भएको"[12] आदि शब्दले अर्थाइएको पाइन्छ। "नेपाली भाषामा प्रचलित रहेको 'पुरुष' अथवा 'नर' शब्दको लागि अङ्ग्रेजी भाषामा प्रयोग हुने 'म्यान' शब्दको अर्थ शब्दकोश अनुसार 'ह्यूमेन रेस', 'परसन' हो भने 'नारी' अथवा 'वुमन' को अर्थ 'एडल्ट ह्यूमन, फिमेल' हो।"[13]

शब्दकोषीय अर्थ वा पर्यायवाची प्रवेष्टिले नारी पुरुषको पूर्ण अर्थ प्रदान गरेको देखिदैँन। नारी वा पुरुष एउटा जीववैज्ञानिक एकाइ मात्र होइन तर सामाजिक रूपले स्थापित एउटा सामाजिक निर्माण पनि हुन्। शारीरिक बनौट बाहेक व्यवहार, सोच

---

[7]. हेमाङ्गराज अधिकारी र बद्रीविशाल भट्टराई, (सम्पा.), वि.सं 2070, पूर्ववत्, पृष्ठ 761।

[8]. हेमाङ्गराज अधिकारी र बद्रीविशाल भट्टराई, (सम्पा.), वि.सं 2070, पूर्ववत्, पृष्ठ 883।

[9] वसन्तकुमार शर्मा, (सम्पा.), वि.सं 2056, *नेपाली शब्दसागर,* नेपाल : भाषा पुस्तक भण्डार, पृष्ठ 722।

[10] वसन्तकुमार शर्मा, (सम्पा.), वि.सं 2056, पूर्ववत्, पृष्ठ 735।

[11] श्रीधरप्रसाद लोहनी र रामेश्वरप्रसाद अधिकारी, (सम्पा.), वि.सं 2012, *एकता बृहत नेपाली–अङ्ग्रेजी कोश,* सिलगढी : एकता बुक हाउस प्रा.लि, पृष्ठ 500।

[12] श्रीधरप्रसाद लोहनी र रामेश्वरप्रसाद अधिकारी, (सम्पा.), वि.सं 2012, पूर्ववत्, पृष्ठ 581।

[13] लेखक अज्ञात, सन् 1934, *द कन्साइन अक्सफोर्ड डिक्सनेरी,* लण्डन: अक्सफोर्ड युनिभर्सिटि प्रेस, पृष्ठ 510।

र आत्मदृष्टिले पनि नारी पुरुष भिन्न हुन्। अझ बढी सामाजिक संरचना र सत्ता-शक्तिको व्याख्याले नारी पुरुषको परिचय, गुण र आचरणलाई धमिल्याएको पाइन्छ। अचेल मनस्थिति र परिस्थितिका आधारमा पनि नारी पुरुषको सत्ता र व्यवहारहरूको अध्ययन गर्ने गरिन्छ। यी व्याख्याद्वारा निर्मित नारी पुरुषको सम्बन्धलाई सन्दर्भ अनुरूप पछिबाट व्याख्या गरिने छ।

समाजशास्त्री र मानवशास्त्रीहरूले नारी-पुरुषको मौलिक वैयक्तिकतालाई छुट्याएर स्पष्ट पार्ने क्रममा लिङ्ग र लैङ्गिकताको अवधारणालाई पनि प्रस्तुत गरेको पाइन्छ। टिकाराम गौतमले *समाजशास्त्र र मानवशास्त्रको परिचय* पुस्तकमा लिङ्ग अनुसार नारी र पुरुष शब्दको अर्थ र अवधारणालाई निम्न प्रकारले विभाजन गरेको पाइन्छ उदाहरणार्थ-

| **नारी** | **पुरुष** |
|---|---|
| नारीपन कोमल, लावण्यमय कद-काठी भएकी | पुरुष, गठिलो र कसिलो मांसपेशी भएको |
| पातलो, मधुर ध्वनीयुक्त आवाज भएकी | बाक्लो र गह्रौँ आवाज भएको |
| जुङ्गा-दाह्री र छातीमा रौं नभएकी | जुङ्गा-दाह्री र छातीमा रौं भएको |
| क्रोमोजोमयुक्त जीव | क्रोमोजोममुक्त जीव |
| शुक्रकीट उत्पादन गर्न असक्षम | शुक्रकीट उत्पादन गर्न सक्षम |
| रजस्वला, रजोनिवृतिजस्ता शरीरिक धर्म भएकी | रजस्वला, रजोनिवृतिजस्ता शरीरिक धर्म नभएको |
| गर्भधारण गर्न सक्षम | गर्भधारण गर्न असक्षम |
| सन्तान जन्माउन सक्ने | सन्तान जन्माउन नसक्ने |
| स्तनपान गराएर सन्तान पोषण गर्न | स्तनपान गराउन नसक्ने |

| सक्षम | |
|---|---|

यस प्रकार नारी र पुरुषको जीववैज्ञानिक विशेषताहरूका आधारमा लिङ्गको अवधारणा स्थापित भएको छ। लिङ्गको आधारमा नारी–पुरुषबिचको भिन्नता प्राकृतिक रहेको छ। लिङ्ग अथवा शारीरिक अवधारणाबाहेक समाज–सांस्कृतिक निर्मितिअन्तर्गत लैङ्गिकताको अवधारणाका आधारमा नारी–पुरुषमाझको भिन्नतालाई अध्ययन गर्न सकिन्छ। यस विषयलाई प्रस्तुत कार्यपत्रको अघिल्लो उपशीर्षकमा चर्चा गरिएको छ।

## 2.2 विभिन्न धर्म र जातिमा प्रचलित नारी–पुरुष उत्पत्तिसम्बन्धी अवधारणा

प्रस्तुत शोधकार्यको विषय सिक्किमको नेपाली समाजसँग सम्बन्धित रहेको हुनाले नेपाली समुदायमा पर्ने विभिन्न जात–गोष्ठीका धार्मिक मिथक कथा, आस्था र आख्यानमा नारी पुरुषको अस्तित्व र सम्बन्धलाई कसरी व्यक्त गरिएको छ भन्ने समस्याबारे अध्ययन यहाँ गरिएको छ। यसका साथै सङ्गठित धर्म जस्तै हिन्दू, इसाई, इस्लाम एवम् विभिन्न धार्मिक ग्रन्थहरूले व्याख्या गरेको नारी पुरुषको उत्पत्ति, सम्बन्ध आदि जस्ता विषयलाई पनि अध्ययनमा समावेश गरिएको छ। नारी–पुरुष उत्पत्तिसम्बन्धी आस्था अनि धारणालाई स्थानीय सामाजिक परिवेशका आधारमा अध्ययन गर्ने प्रयास गरिएको छ।

### 2.2.1 ***श्रीमदभगवत् गीता*मा नारी–पुरुष उत्पत्तिको अवधारणा**

"*श्रीमदभगवत् गीता* अनुसार परमपरमेश्वरको इच्छा अनुरूप ब्रह्मले मरीचि, अत्रि, अङ्गिरा, पुलस्त्य, पुलह, ऋतु, प्रचेता, वशिष्ठ, भृगु र नारद जस्ता दश महर्षिहरूको सृष्टि गरे तापनि संसारमा प्रजाको बृद्धि हुन सकेन भन्ने कथा पाइन्छ।

यसो हुँदा अचानक ब्रह्मको शरीर दुईवटा बराबर भागमा विभक्त भयो र एउटा भागबाट स्वयम्भु मनु उत्पत्ति भए र अर्को भागबाट महारानी सतरूपा उत्पन्न भइन्।"[14] यस पछि सृष्टिको क्रम चल्यो र संसारमा प्रजाको बृद्धि हुन सुरु भयो। "मनु र सतरूपाका पाँच सन्तान प्रियव्रत, उत्तानापाद, आकूति, देवहूति र प्रसूति भए। आकूतिको विवाह रूचि प्रजापतिसँग, देवहुतिको विवाह ऋषि कर्दमसँग र प्रसूतिको विवाह दक्ष प्रजापतिसँग भयो र यी तीन कन्याहरूको सन्तानद्वारा संसार भरिपूर्ण भयो"[15] भन्ने कथा *श्रीमदभगवत् गीता*मा पाइन्छ।

*मनुस्मृति* र *श्रीमदभगवत् गीता* मा वर्णित सृष्टिमा नारी–पुरुषको उत्पत्ति कथा अनसार प्रथम नर–नारीका रूपमा सम्पर्कमा आएका 'मनु' र 'सतरूपा' आदि पुरुष र आदि नारी हुन्। नारी र पुरुष दुवै ब्रह्मको शरीरबाट उत्पन्न भएका हुनाले दुवै बराबर र एक समान छन् भन्ने धारणा पाइन्छ। दुवैको समाञ्जस्यता र सन्तुलनबाट नै सृष्टि परिचालित छ। त्यसैले नारी–पुरुषलाई एका–अर्काका पूरक पनि भनिन्छ।

### 2.2.2 पौराणिक आख्यानमा नारी–पुरुष उत्पत्तिको अवधारणा र सम्बन्ध विस्तार

नारी–पुरुष सम्बन्धको अध्ययन गर्न अघि सृष्टिमा मानवको उत्पत्ति सम्बन्धी विविध धारणा र मान्यताहरूको अवलोकन आवश्यक देखिन्छ। सृष्टिक्रममा विश्व–ब्रह्माण्डमा मानव जातिको उत्पत्ति सम्बन्धी विभिन्न अवधारणाहरू पाइन्छन्। पूर्वीय धारणामा हिन्दू मान्यता अनुसार मनु र सतरूपा मानव सृष्टिका आदि नारी र पुरुष हुन् भन्ने पौराणिक कथन प्रसिद्ध रहेको पाइन्छ।

---

[14] लेखक अज्ञात, सन् 2016, *श्रीमदभगवत् गीता*, वाराणसी : दुर्गा साहित्य भण्डार, पृष्ठ 130।
[15] लेखक अज्ञात, सन् 2016, *श्रीमदभगवत् गीता*, पूर्ववत्, पृष्ठ 139।

यसरी नै पश्चिममा एउटा प्रचलित धारणा पाइन्छ। पश्चिमका विद्वान्हरू आदम र इभको सम्बन्धले मानव सृष्टि भएको मान्दछन्। पूर्वीय चिन्तकहरूले मानव सृष्टिक्रममा ईश्वरको प्रतिबिम्वको प्रतिनिधित्व देखाउदैँ विभिन्न अवतारवादको कुरा गरेको पाइन्छ। तीमध्ये "मत्स्य अवतार, कूर्म अवतार, वराह अवतार, नरसिंह अवतार, वामन अवतार, परशुराम अवतार, राम अवतार, कृष्ण अवतार, बुद्ध अवतार र कल्कि अवतार गरी जम्मा बाह्रवटा अवतारको अस्तित्व रहेको कुरा उल्लेख गरेको पाइन्छ।"[16] यसरी नै डारविनको विकाशवादी सिद्धान्तमा पनि "प्रथममा पानीमा थल्लले माछाको जन्म, त्यसपछि पानी र जमीन दुवै स्थानमा रहन सक्ने कछुवाको जन्म, त्यसपछि सुङ्गुर जस्तो रूप भएको प्राणीको विकास, त्यसपछि मान्छे र बाँदर दुवैको जस्तो शारीरिक संरचना भएको 'एप' भनिने प्राणीको विकास हुन्छ। त्यसपछि वामन अवतारकै ढाँचाको मान्छेको जन्म भएको र वर्तमान मानव आकारको प्राणीको जन्म भएको मानिन्छ। त्यसपछि सृष्टिमा मानव प्रकृति र प्रवृत्ति तथा विभिन्न क्रियाकलाप लिएर मानव जातिको विकास भएको मानिन्छ।"[17]

यसरी हेर्दा पूर्वीय अवधारणाअनुसार ईश्वरीय अवतारवादी सिद्धान्त र पश्चिमको विकाशवादी सिद्धान्त आपस्तमा धेरै नजिकमा रहेको देख्न सकिन्छ। यी धारणा र मान्यताहरूमा पुरुषको मात्र चर्चा गरिए तापनि बीजको रोपन कतै नभई जीवन अङ्कुरित हुन सक्दैन भन्ने कुरा प्रकृतिसिद्ध सत्य हो। यसले पनि यी प्रकृतिका सृजित प्राणीहरूमा मातृत्वको समावेश अवश्य हुन्छ। प्रकृति धरातल हो

---

[16] जनकलाल शर्मा, वि.सं 2058, *हाम्रो समाज : एक अध्ययन*, ललितपुर : साझा प्रकाशन, पृष्ठ 15।

[17] चाल्स् डारविन, सन् 2008, *अन द ओरिजिन अफ स्पिसिस्*, लन्डन :आर्कटुरस पब्लिसिङ लिमिटेड, पृष्ठ 45।

भने पुरुष बीज रूप हो। सृष्टिका प्रत्येक सिर्जनामा नारीको अस्तित्व अवश्यमेव हुनुपर्छ भन्ने सत्य आज सम्मको सृष्टिक्रमको व्यवस्थाले स्पष्ट पार्छ।

पूर्वका विद्‌वत समाजमा प्रतिष्ठावान् रहेका वेदव्यासका पिता नदी तर्दै गर्दा कामवासनाले वशिभूत हुँदा मत्स्यगन्धासित शारीरिक सम्बन्ध कायम गरेर त्यसबाट वेदव्यासको जन्म भएको कुरा पौराणिक कथाहरूमा उल्लेख गरिएको पाइन्छ। यस प्रसङ्गले पनि नारी र पुरुषको सम्बन्धबाट नै सृष्टिक्रम कायम रहन्छ भन्ने प्रमाण पाइन्छ। यस्तै प्रकारले देवताहरूको वार्तालापअनुसार तमोगुणयुक्त राक्षसी प्रवृत्तिले सृष्टिको संहार गर्न खोज्दा, त्यो संहारलाई रोक्न शक्तिको उद्बोधन नारी रूपमा जगत्जननी महाशक्ति दुर्गादेवीको उत्पत्ति भएको कथा मारकण्डेय पुराणको सप्तसतीभित्र पाइन्छ –

"शब्दात्मिका सुविमलर्ग्यजुषा निधान,

मुद्‌कगीथरम्य पदपाठवतां च साम्नाम्।

देवी त्रयी भगवती भवभावनाय,

वार्त्ता च सर्वजगतां परमार्तिहन्त्री"।।10।[18]

नारी र पुरुषको सहयोगिताका सन्दर्भमा पूर्वका विद्वान्हरूले उनीहरूको वर्णन यसप्रकार गरेका छन् – लक्ष्मी र नारायण, उमा र महेश्वर, सची र पुरन्धर, सीता र राम, राधा र कृष्ण, आदि भन्दै माता र पितृ दुवै प्रातः स्मरणीय हुन् भनी भनिएको पाइन्छ।

---

[18] आचार्य शिवदत्त मिश्र, सन् अज्ञात, *दुर्गार्चनपद्धति,* वाराणासी : ठाकुर प्रसाद पुस्तक भण्डार, पृष्ठ 262।

सृष्टिक्रममा नारी र पुरुष जसलाई प्रकृति र पुरुषको प्रतीक मानिन्छ, यी दुईको संयोग नभई सृष्टिक्रम चल्न सक्दैन। जति नै पुरूषार्थयुक्त विद्वान्ले पनि एक्लैले संसारको सिर्जना गर्न सक्दैन। यसै प्रसङ्गमा कालिदासको *रघुवंश* काव्यको प्रथम सर्गको एउटा उक्ति यहाँ उल्लेख गर्न आवश्यक ठानिन्छ –

"वागर्थाविव समपृक्तौ वागर्थप्रतिपत्तये,

जगत: पितरौ बन्दे पार्वतीपरमेश्वरौ"[19] – अर्थात् शब्द र अर्थ अलग हुँदा-हुँदै पनि एक समान मानिन्छ। ठीक त्यसरी नै पार्वती र शिव पनि प्रकृति र पुरुषको आधारमा दुई रूप मानिन्छन् तर वास्तवमा उनीहरू एकै हुन्। जसरी काव्यमा अर्थ बिनाको शब्द र शब्द बिनाको अर्थको कुनै अस्तित्व हुन सक्दैन त्यसरी नै शब्द र अर्थको मेल पार्वती र परमेश्वर (शिव)-को मेल समान हुन्छ। त्यसैले शिव पार्वतीलाई शक्तिको प्रतीक मानिन्छ। यी दुईको मेल एउटै शरीरमा रहनुलाई अर्धनारीश्वर शिवको नामाकरण गरिएको पाइन्छ।

वैदिक कालका नारी-पुरुषको सम्बन्धलाई हेर्दा यम-यमी, पुरूरवा-उर्वशी आदिका सम्बन्धहरू विभिन्न रूपमा विस्तारित भएको पाइन्छ। यम र यमी विश्वनाथका जम्ल्याहा सन्तान हुन्। तथापि यमी आफ्नो सहोदर दाजुसँग यौन सम्बन्ध कायम गर्ने इच्छा प्रकट गर्छे। तर यमीको इच्छा पूरा हुन नसक्ने कुरा यमले प्रकट गर्छ। साइनो-सम्बन्धले दाजु-बहिनीको पवित्र नातामा रहेको कुरा यम बहिनी यमीलाई सम्झाँउछ। "*ऋग्वेद*मा रहेको यम-यमी संवादले प्राचीन वैदिक कालमा 'युथ' विवाह हुने चलनबारे जानकारी गराए तापनि दाजु-बहिनीकाबिच यौन सम्बन्ध निषेध रहेको जानकारी पाइन्छ।

---

[19] बह्मानन्द त्रिपाठी, सन् 2000, *कालिदास ग्रन्थावली*, वाराणासी : चौखम्बा सुरभारती प्रकाशन, पृष्ठ 3।

*ऋग्वेद*मा चर्चा गरिएको पुरूरवा र उर्वशीको सम्बन्ध पनि यस प्रसङ्गमा उल्लेखनीय मानिन्छ। इन्द्र, कुबेर, अर्जुन आदिको ओजस्वी रूप देखेर आकर्षित भएकी स्वर्गकी अति सुन्दरी अप्सरा उर्वशी पुरूरवासँग बिहे गर्छिन् तर पुरूरवासँग वैवाहिक सम्बन्ध स्थापित भए तापनि अन्तमा उनी पुरूरवासँग सम्बन्ध विच्छेद गरी स्वतन्त्र जीवन बाँच्ने इच्छा व्यक्त गरेको वर्णन पाइन्छ।[20]

विश्वको आदिकाव्य *रामायण*मा नारी-पुरुषका सम्बन्ध विभिन्न रूपले विकसित भएको पाइन्छ। प्राचीन समयमा राजा-महाराजाहरूको शासनकालमा बहुविवाहको प्रचलन रहेको पाइन्छ। *रामायण*मा पनि राजा दशरथका तीन महारानी थिए। उनका प्रत्येक पुत्रहरू एक पत्नीव्रत रहेका पाइन्छन्। *रामायण*को अर्को पात्र रावण मन्दोदरीसँग विवाहित हुँदा-हुँदै पनि परस्त्री सीतासँग मोहित भएर उनको अपहरण समेत गर्न पुग्छ। यसरी नै बाली र सुग्रीव दाजु-भाई रहेर पनि बालीले सुग्रीवकी पत्नी अर्थात् भाउजु तारालाई हरण गरी आफ्नी पत्नीको रूपमा राखेको वर्णन पाइन्छ।

वनवासको यात्रामा लक्ष्मणको शौर्य र ओज देखेर मोहित बनेकी सुर्पनखाको प्रेमभावना अस्वीकार गर्न पुगेका लक्ष्मण उसका नाक-कान काटेर बुच्ची बनाउँछन्। लक्ष्मणलाई प्राप्त गर्ने सुर्पनखाको चाहनाको विपरित उसले विरूप बन्नु परेको देखिन्छ। यसप्रकार *रामायण*भित्र पनि नारी-पुरुषकाबिच विभिन्न प्रकारका सकारात्मक-नकारात्मक सम्बन्धहरू देख्न पाइन्छ।[21]

यसरी नै *महाभारत*को मुख्य पात्र श्रीकृष्णको जन्मपूर्व नै उनकी आमालाई बन्दीगृहभित्र थुनिएको पाइन्छ। बालक जन्मिसकेपछि आफ्नी आमा चिन्न अघि नै

---

[20] तिलकप्रसाद लुइटेल, (अनु.), सन् 2063, *ऋग्वेद*, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार, भोटाहिटी, पृष्ठ 55-95।

[21] पशुपतिनाथ दाहाल, सन् 2013, *रामायण*, सिलगढी : श्री गणेश पुस्तक भण्डार, पृष्ठ 66-99।

अर्की नारी यशोदा कहाँ पुऱ्याएको पाइन्छ। यशोदा देवकीद्वारा जन्माइएका बालककी आमा हुन पुग्छिन्। यहाँ सन्तानलाई जन्म नदिइ जननी बनेकी यशोदा र कृष्णको अनौठो सम्बन्ध रहेको पाइन्छ।

यसरी नै अविवाहित अवस्थामा नै कुन्तीले सूर्यको प्रार्थना गरी कर्णको जन्म भएको प्रसङ्ग *महाभारत*मा पाइन्छ। कर्णको पालन-पोषण चाँहि माझीकी पत्नीद्वारा गरिएको पाइन्छ। पाञ्चाली (द्रौपदी) *महाभारत*की अर्की एक विशिष्ट पात्र हुन्। एकै चोटी पाँचजना पति वरण गर्ने तथा पाँचै पुरुषहरूले पत्नीको रूपमा स्वीकारेकी पत्नीको रूपमा उनी रहेकी छन्। पाञ्चाली र उनका पाँच पतिबिचको सम्बन्ध सम्भवत: अहिलेसम्म लेखिएका काव्यमा उल्लेखित नारी-पुरुष सम्बन्धको प्रथम दृष्टान्त हुन सक्छ। पाञ्चालीसँग पाँच पाण्डवहरूको वैवाहिक सम्बन्ध रहे तापनि प्रत्येक पाण्डवका आ-आफ्ना पत्नीहरू पनि रहेका थिए। द्रौपदीसँग सम्बन्ध हुँदा-हुँदै पाँचैजनाका आ-आफ्ना पत्नीहरूसँग पनि सम्बन्धहरू रहेका पाइन्छन्।

*महाभारत*की अर्की पात्र दमयन्ती रानी र नल राजाको गृहस्थ सम्बन्धको प्रसङ्ग रोचक रहेको देखिन्छ। जुवामा आफ्नो राज्य र श्रीसम्पति गुमाएर वनवास लागेका नल राजाले वनैमा रानी दमयन्तीलाई छोडेर भागेका भए तापनि प्रबल व्यवहारिकता, पति प्रेम, कर्तव्यबोध र कुशल गृहिणी दमयन्ती रानीले अन्तमा आफ्नो पतिलाई पुन: प्राप्त गरेर पतिव्रता स्त्रीको शक्ति सामर्थ्यको परिचय दिएकी चर्चा पाइन्छ।[22]

*महाभारत*को सन्दर्भमा हेर्दा गान्धारीले दृष्टि क्षमता भएका आफ्ना आँखामा पट्टी बाँधेर अन्धा पति धृतराष्टको अनुशरण गर्नु यी दुईका बिचको भावनात्मक सम्बन्ध हो भन्न सकिन्छ। सोही प्रकारले *महाभारत*-को मुख्य पात्र कृष्णको चरित्र

---

[22] लेखक अज्ञात, सन् 2006, *महाभारत,* वाराणसी : दुर्गा साहित्य भण्डार, पृष्ठ 33-199।

विचित्रको देखिन्छ। कृष्णले बहुपत्नी विवाह गरेको देखिन्छ भने बहुपत्नीहरूसँग कृष्णको शारीरिक सम्बन्ध भने रहेको थिएन भन्ने प्रमाणको रूपमा उनको शिरमा रहेको मजुरको प्वाँखले दिएको छ भन्ने कुरा जान्न सकिन्छ। मजुरका भाले–पोथीको सम्बन्ध अरू पक्षीहरूको जस्तो हुँदैन। अरू पक्षी झै पोथी मयूरले भाले मयूरसँग संसर्ग गरी गर्भिणी नबन्ने जनश्रुतिअनुरूप कृष्णको पनि ती विभिन्न नारीहरूसँग शारीरिक सम्बन्ध थिएन भन्ने कथन पाइन्छ। यद्यपि कृष्णका सोह्र हजार एकसय आठ गोपीनिहरूमध्ये आठजनालाई पटरानी र अन्यलाई कृष्णका पत्नीहरू हुन् भन्नु अर्थ स्पष्ट हुँदैन। सोह्र हजार एकसय आठ गोपीनिहरू र कृष्णको सम्बन्ध एक उल्लेखनीय र अध्ययनशील विषय रहेको देखिन्छ।

यसरी नै गुप्तवासको समय राजा विराटको घरमा रानीकी सेविका बनेर बसेकी सैरन्ध्री नाम गरेकी द्रौपदीप्रति रानीको भाइ किचक मोहित बन्छ। द्रौपदीले किचकलाई तिरस्कार गरे पनि किचकले जबर्जस्ती सम्बन्ध स्थापित गर्न खोजेको पाइन्छ। यस्तै पाँचजना पाण्डवकी पत्नी द्रौपदी दुर्योधन र उसका भाइहरूका निम्ति भाउजु हुँदा–हुँदै दुस्सासनले राजसभामा ऋतुकालीन अवस्थामा चीर हरण गर्नु र आफ्नी आमा समान भाउजुको अपमान गर्नुले विद्वेषपूर्ण सम्बन्ध स्थापित गरेको पाइन्छ।

पूर्वीय वाङ्मयमा श्रेष्ठ मानिएका यी दुवै ग्रन्थहरूमा नारी–पुरुषका सम्बन्धबारे विभिन्न स्वरूप देख्न पाइन्छ। जसभित्र एकपत्नी, बहुपत्नी, बहुपुरुषकी एक पत्नी, एक नारीका बहुपति (द्रौपदी र कुन्ती), शत्रु–मित्र सम्बन्ध, मातृ–पुत्र सम्बन्ध, दास–दासी सम्बन्ध, मालिक–दास सम्बन्ध आदि अनेकौं सम्बन्धहरू *रामायण* र *महाभारत*का प्रत्येक मण्डल अर्थात् पर्वहरूमा पाइन्छ।

सृष्टिक्रमदेखि नै मानव जगत्मा स्त्री–पुरुष सम्बन्ध निरन्तर रहँदै आएको पाइन्छ। सृष्टिक्रमलाई निरन्तरता दिन नारी–पुरुष दुवैको सहभागिता उत्तिकै आवश्यक हुँदछ। पौराणिक आख्यान, आध्यात्मिक चिन्तनपरक ग्रन्थहरूमा उल्लेखित र चर्चित नारी–पुरुषका सम्बन्धहरूबाट थाह लाग्दछ, ती सम्बन्धहरू विभिन्न साइनो सम्बन्धीका रूपमा बाँधिएको थियो। आज पनि मानव समाज सञ्चालनका लागि नारी–पुरुष सम्बन्ध उत्तिकै आवश्यक रहेको देखिन्छ। पौराणिक सम्बन्धहरू यस प्रकारका पौराणिक ग्रन्थहरूमा सीमित रहेकाले नारी–पुरुषका सम्बन्धका पक्षहरूलाई केवल पुराण परायण र धार्मिक व्याख्याहरूमा बाँधेर राखिएकाले नारी–पुरुषका बिचमा रहने आजको जस्तो सम्बन्ध त्यसबेला थिएन भन्न सकिन्छ।

### 2.2.3 ***मनुस्मृति*मा नारी–पुरुष उत्पत्तिको अवधारणा**

*मनुस्मृति*मा वर्णित कथा अनुसार "यो सृष्टि सर्वप्रथम तम (अन्धकार रूप) प्रकृतिले घेरिएको थियो। संसारको रूप र आकार प्रत्यक्ष बुझ्न सकिँदैनथ्यो, अनुमान गर्न सकिने योग्य कुनै वस्तु थिएन। चारैतिर अन्धकारमय कहाली लाग्दो सन्नाटा जस्तो सबै कुरा अज्ञात स्थितिमा थियो। यसपछि प्रलयावस्थालाई नाश गर्ने लक्ष्य र सृष्टि गर्न सक्ने सामर्थ्यबाट युक्त अव्यक्त स्वयंभू ब्रह्म महाभूतादि पञ्चतत्वलाई प्रकाश गर्दै स्वयम् उत्पन्न हुनुभयो। त्यसपछि ब्रह्मले अनेक प्राणीहरू सृष्टि गर्ने इच्छाले आफ्नो शरीरबाट जल उत्पन्न गरेर त्यसमा बीज उत्पन्न गर्नुभयो। त्यो बीज सूर्यको समान तेजस्वी सूनको अण्डा भयो। वर्षौंभरि त्यो अण्डाभित्र ब्रह्म रहनु भई स्वयम् आफ्ना ध्यानले त्यो अण्डालाई दुई खण्डमा विभाजन गर्नुभयो। ब्रह्मजीले ती दुवै खण्डबाट क्रमैसित आकाश, पृथ्वी र मध्यमा स्वर्ग, आठ दिशा र आठ समुद्रजलको स्थापना गर्नुभयो। त्यसपछि ब्रह्मजीले आत्मस्वरूपलाई जान्न सक्ने बुद्धि, तीनै गुण (सत्त्व, रज र तम), चारवटा वेद,

पञ्चतत्व, समयको विभाजन गर्न दिन, महिना र वर्ष, ग्रह, नक्षत्र, नदी, समुद्र, पर्वत, समतल, भूमि, धर्म, अधर्म, हिंसा र अहिंसा, मृदु र क्रूर, सत्य र असत्य साथै संसारको वृद्धिका लागि ब्रह्मजीले आफ्ना मुख, बाहु, तिघ्रा र चरणबाट क्रमशः ब्राह्मण, क्षत्रिय, वैश्य र शूद्र उत्पन्न गरेको वर्णन पाइन्छ।

त्यसपछि ब्रह्मले आफ्नो शरीरलाई दुई भाग गरेर मैथुम कर्मबाट स्त्री र पुरुषको सृष्टि गरेको पाइन्छ।"[23] *मनुस्मृति*अनुसार मनु र सतरूपा सृष्टिका आदि नारी र आदि पुरुष हुन्। यस व्याख्यान अनुसार नारी-पुरुष सृष्टिकर्ता ब्रह्मको शरीरको समान दुई भागबाट उत्पत्ति भएका देखिन्छन्। नारी-पुरुष दुवै एक वा अर्कोभन्दा ठुलो वा सानो छैनन्। दुवै एक समान हुन् भन्ने कुरा सृष्टिको उत्पत्तिदेखि रहिआएको छ भन्ने तथ्यको प्रमाण *मनुस्मृतिले* दिएको पाइन्छ।

### 2.2.4 ***बाइबल*मा नारी-पुरुष उत्पत्तिको अवधारणा**

*पवित्र बाइबल*अनुसार परमेश्वरले संसारको सिर्जना गरेको छैटौं दिनमा आफ्नै स्वरूपमा नर र नारीको सृष्टि गरेका हुन्। परमप्रभु परमेश्वरले भूमिको माटोबाट मानिस बनाएपछि तिनको नाकमा जीवनको सास फुकिदिनुभयो, मानिस जीवित प्राणी भयो। त्यसपछि परमेश्वरले पूर्वतिर अदनमा एउटा बगैँचा लगाउनुभयो र उहाँले बनाउनु भएको मानिसलाई त्यही राख्नुभयो। अदनको बगैंचामा धेरै राम्रा-राम्रा फल, फूलहरूबिचमा जीवनको रूख औँ असल र खराबको ज्ञान दिने रूख पनि थियो। परमेश्वरले मानिसलाई बगैँचाको हेरचार गर्ने साथै "त्यहाँ सबै रूखका फल खाए

[23] तुलसी आचार्य, वि. सं 2073, *मनुस्मृति* (नेपाली भाषा टिका), वाराणसी : श्री दुर्गा साहित्य भण्डार, पृष्ठ 33-38।

तापनि असल र खराबको ज्ञान दिने फल तैले नखानू, किनभने जुन दिन तैले त्यो फल खान्छस् त्यसै दिन तँ मर्नेछस्"[24] भन्ने आदेश दिएको चित्रण पाइन्छ।

परमप्रभु परमेश्वरले मानिस एक्लो रहन असल छैन, म त्यसको निम्ति त्यसलाई सुहाउने एउटा सहयोगी बनाउनेछु भनेर आदमलाई मस्त निद्रामा पार्नुभयो र उसको एउटा करङ्ग निकालेर त्यसबाट स्त्री बनाउनु भयो। परमेश्वरले आदमको हाड र मासुबाट हव्वाको सिर्जना गरेपछि तिनीहरूलाई आशिष दिँदै यसो भनेको पाइन्छ – "फल्दै-फुल्दै, बृद्धि हुँदै पृथ्वीमा भरिँदै र त्यसलाई आफ्नो वशमा पार्दै जाओ, औ समुद्रका माछाहरू आकाशका पक्षी तथा पृथ्वीका सबै जीवित प्राणीहरूमाथि अधिकार गर।"[25] *बाइबल*-मा वर्णन गरिएको उत्पत्ति कथाअनुसार मनुष्य सम्पूर्ण जगतको एक्लो मालिक हो। सम्पूर्ण संसारमाथि मनुष्यको अधिकार सृष्टिसम्मत छ, जो परम परमेश्वरले नै प्रदान गरेका हुन्। *बाइबल*ले मानिस (पुरुष)-लाई संसारको उच्च, सर्वश्रेष्ठ र केन्द्रीय अधिपति घोषित गरेको पाइन्छ।

*बाइबल*अनुसार परमेश्वरले सृष्टि गरेका मानिस (आदम) र तिनकी पत्नीले ईश्वरले नखानु र नछुनु भनि आदेश गरेको रूखको फल खाइसकेपछि मात्र उनीहरूमा ज्ञान पलायो। तर परम परम्श्वरले जब मनुष्य अथवा आदम र हव्वाले ज्ञानको फल खाएर उनीहरूमा चेतना पलाएको थाह पाए त्यो परम्श्वरको निम्ति आज्ञाको उलङ्घन र अपराध ठहरियो। मनुष्य पापमा लिप्त भएको पापी घोषित भयो। उनले फल खान उक्साउने साँप र फल खाने आदम र हव्वा तीनैजनालाई सजायका रूपमा श्राप दिएको घटना *बाइबल*-मा वर्णन गरिएको पाइन्छ।

[24] लेखक अज्ञात, सन् अज्ञात, *पवित्र बाइबल* (पुरानो नियम, उत्पत्तिको पुस्तक), पृष्ठ 3।
[25] लेखक अज्ञात, सन् अज्ञात, *पवित्र बाइबल*, पूर्ववत्, पृष्ठ 2।

*बाइबल*अनुसार सृष्टिको आरम्भ मनुष्यको पाप तथा ईश्वरको आज्ञा उलङ्घन गर्ने अपराधबाट भएको पाइन्छ। मानिसको जीवन पापद्वारा सुरु भएको कारण यो जीवन ईश्वरद्वारा दिइएको अभिश्राप हो। मानिसको पतनको आरम्भ उसको जन्मदेखि तुरून्त सुरु भई हाल्छ। *बाइबल*-को मतानुसार मानिसले संसारमा जन्म लिनु नै ईश्वरको श्राप हो। जुन मानिसले संसारमा जन्म लिएपछि परमेश्वरको शरण पर्छ उसले यो पापबाट मुक्ति पाउँछ र यो संसारमा फेरि जन्म लिनु पर्नेछैन भन्ने मान्यता इसाई धर्मावलम्बीहरूको पाइन्छ।

### 2.2.5 लेप्चा जातिमा प्रचलित नारी-पुरुष उत्पत्तिको अवधारणा

लेप्चा समुदायका मानिस आफुलाई 'रोङ' भनेर चिनाउँछन्। "रूम अर्थात् ईश्वर, हिमाल तथा उच्च स्थानमा बास गर्छन् भन्ने लेप्चा जातिको मिथ ग्रीक, रोमन, हिन्दू तथा अन्य मिथहरूसँग मिल्दो-जुल्दो छ।"[26] लेप्चाहरूको उत्पत्ति कथा अनुसार " 'ईत्बु-दे-बु-रूम' अर्थात् सृष्टिकर्ता एवम् संहारकर्ता ईश्वरले सर्वप्रथम आकाश, घाम, जुन, तारामण्डल, समूद्र अनि त्यसपछि पृथ्वी, माछा, चराचुरूङ्गी पशुपंक्षी, उद्भिद बनाए। त्यसपछि ईत्बु-दे-बु-रूमले समृद्धशाली अनि उर्वर 'मयेल ल्याङ' अर्थात् संसारको सृष्टि गरे। ईत्बु-दे-बु-रूमले 'मयेल ल्याङ'-मा सर्वप्रथम 'कोङ च्योन-काओङ लाओ' अर्थात् हिमाल अनि 'चू-बी' अर्थात् पर्वतहरूलाई पुरुषको रूपमा अनि 'दा:' अर्थात्ताललाई नारीको रूपमा सिर्जना गरे। ईश्वरले यसरी 'मयेल ल्याङ'-को सिर्जना गरिसकेपछि यस संसारमा केही कुराको कमी रहेको अनुभव गरे र उनले 'किन्-सुम-जाओङ-बू-चू' अर्थात् कञ्चनजङ्घाको एक मुठी पवित्र हिउँद्वारा "टक्बु थिङ-फुदोङ थिङ" अर्थात् शक्तिशाली मानिस र अर्को मुठी हिउँद्वारा "नू-जोङ-न्यू" अर्थात् सर्वसौभाग्यवती स्त्रीको सिर्जना गरे। एउटै

[26] पासोङ नामग्याल, 'लेप्चा संस्कृति र परम्परा', अप्रेल, सन् 1999, पवन चामलिङ 'किरण', (सम्पा.), *निर्माण* (संस्कृति विशेषाङ्क), निर्माण प्रकाशन : घुर्पिसे नाम्ची, पृष्ठ 659।

हिमालको हिउँद्वारा सिर्जना गरिएको कारण फुदोङ थिङ र नू-जोङ-न्यू दाजु-बहिनी हुन्।"[27] पासोङ नामग्यालको यसै 'लेप्चा संस्कृति र परम्परा' लेखमा ईत्बु-दे-बु-रूमले फुदोङ थिङ र नू-जोङ-न्यूको सिर्जना गरेपछि उनीहरूलाई बास गर्नका निम्ति क्रमैले 'टाङ-सेड-नारीनचू' र 'नाहो-नाथर' ताल दिएको वर्णन पाइन्छ।

समय बित्दै जाँदा एकाकी जीवन यापनका कारण दाजु-बहिनी फुदोङ थिङ र नू-जोङ-न्यूकाबिच पति-पत्नीको सम्बन्ध कायम भयो। उनीहरूका सन्तानहरू पनि जन्मिए तर ईत्बु-दे-बु-रूमको आदेश उल्लङ्घन गरेको अपराधबोध र पश्चतापले नू-जोङ-न्यू आफ्ना सातजना शिशुहरूलाई स्तनपान पनि नगराई जंगलमा फ्याक्न बाध्य भइन्। नू-जुङ-न्यूले आठौं शिशुलाई जन्म दिइसकेपछि मातृत्वको भावले ओतप्रोत भएकी हुँदा आफ्नो नवजात शिशुलाई परित्याग गर्न सकिनन्। फुदोङ थिङले पनि आफ्नो सन्तानलाई स्वीकार गरे। पछि ईत्बु-दे-बु-रूमले पनि दुई दाजु-बहिनीकामाझ पति-पत्नीको सम्बन्ध स्थापित भएको कुरालाई स्वाभाविक मानेर दुवैलाई दम्पतिको रूपमा स्वीकार गरेको पाइन्छ। उनीहरूलाई प्रशस्त सजाय दिइसकेको अनुभव गरेर आठौँ शिशु पछिका सन्तानहरूलाई पवित्र सन्तान मानिलिएको कथा 'लेप्चा संस्कृति र परम्परा' लेखमा पाइन्छ। यसरी फुदोङ थिङ र नू-जोङ-न्यू रोङ अर्थात् हिमाच्छादित टाकुराको सन्तानका पूर्खा साथै आदि नारी र आदि पुरुष बनेका देखिन्छन्।[28]

लेप्चा मिथअनुसार दाजु-बहिनीको सहवासका कारण लेप्चा जातिको उत्पत्ति भएको वर्णन पाइन्छ। रोङहरूको उत्पत्तिमा दाजु-बहिनीमा स्थापित भएको पति-पत्नी सम्बन्धद्वारा भएको पाइए तापनि वास्तवमा दाजु-बहिनीको सम्बन्ध एउटा पवित्र सम्बन्ध हो। यो सम्बन्ध रक्त सम्बन्ध मात्र नभएर पति-पत्नीको सम्बन्ध भन्दा

---

[27] पासोङ नामग्याल, 'लेप्चा संस्कृति र परम्परा', अप्रेल, सन् 1999, पूर्ववत्, पृष्ठ 660।
[28] पासोङ नामग्याल, 'लेप्चा संस्कृति र परम्परा', अप्रेल, सन् 1999, पूर्ववत्, पृष्ठ 660।

अलग एउटा छुट्टै महत्त्व भएको सम्बन्ध हो भन्ने सर्वमान्य मान्यता आजका रोङहरूको पनि रहेको पाइन्छ।

वर्तमानमा रोङ वा लेप्चाहरूमा दाजु बहिनीबिच विवाह निषेध रहेको पाइए तापनि यस जातिमा आज पनि दाजु-भाइबिचमा एक पत्नी विवाह संस्कार मान्य रहेको पाइन्छ। एकै परिवारका एक आँचका दाजु-भाइबिच यदि दाजुको मृत्यु भएमा भाउजुलाई देवरले विवाह गर्न सक्ने र दाजु-भाइ परस्परमा सुझ-बुझ मिले एउटी नारीलाई दाजु भाइ दुवैले पत्नी वरण गर्न सक्ने मान्यता, प्रावधान र संस्कार रहेको पाइन्छ। यो संस्कार हिन्दू अथवा आर्य जाति वा सम्भवत: नेपाली समाजका अन्य जात-गोष्ठी र धार्मिक मान्यतामा नरहेको पाइन्छ।

### 2.2.6 लिम्बू जातिमा प्रचलित नारी-पुरुष उत्पत्तिको अवधारणा

*चइत् मुन्धुम* अर्थात् सृष्टिको मुन्धुम अनुसार ब्रह्माण्डको सृष्टि हुनुभन्दा अघि संसार स्वरूपविहीन थियो। महारिक्तता र शून्य मात्र थियो। त्यही महाशून्यबाट सर्वशक्तिमान ईश्वर तागेरानिङ्वीफुमा आफ्नै इच्छाले प्रकट भए। तागेरानिङ्वीफुमाले आफ्नो इच्छा र ज्ञानले सिमिकलुङ अर्थात् विश्वब्रह्माण्ड र चराचर जगत्को सिर्जना गरे। पशुपक्षी, फुलपात, जलथल सबै सृष्टि गरे तापनि मानिसबिना संसार सुहाएन। तब तागेरानिङ्वीफुमाले आफ्नो मानसपुत्र पोरोक्मी यम्भामिबालाई मानिस बनाउने आदेश दिए। पोरोक्मी यम्भामिबाले तागेरानिङ्वीफुमाको आदेश अनुसार सुन र चाँदीको मूर्ति बनाएर सेतो र कालो चमरले हम्काउँदै चन्द्रमा र सूर्यझैँ अटल हुनु ए हौ भन्दै बोलाए तर मूर्ति नबोल्दा पोरोक्मी यम्भामिबाको चित बुझेन र उनले मूर्ति फ्याँकिदिए। पछि त्यही मूर्ति देहधारी अनेक देवी-देवता भएर उत्पन्न भएको वर्णन पाइन्छ।

संसार भोग गर्ने मानिस नभएका कारण पोरोक्मी यम्भामिबाले फेरि माटो मुच्छेर मनुष्यको आकृति बनाए तर त्यो संसार भोग गर्नसक्ने मानिस बनेन। उनले तिनीहरूलाई धरतीभित्र भासिने गरि फ्याँकीदिए। तिनीहरू धरतीका मालिक देव बनेर बसे। अन्त्यमा पोरोक्मी यम्भामिबाले लेकको जङ्गलमा चट्याङ खसेर जलेको मालिङ्गो र देवनिङ्गालोको खरानी र डाँफे अनि मुनाल पक्षीको बिष्टीसँग खरमाथि जमेको पानी मुछेर मानिसको प्रतिकृति बनाए। त्यसपछि कालो रिङ्घाका आँखामा लालगेडीको दाना रानी बनाएर हालिदिए, आँन्द्रेझार लहराका आन्द्रा, माछाको जिब्रो र दलसिङ ढुङ्गाका दाँत बनाइदिए। पाङ्ग्राको कान र रूखका हाँगोको पाखुरा र ढुङ्गाका तिघ्राहरू बनाइदिए र स्वास हालीदिएपछि संसार भोग गर्ने मेरो मानसपुत्र ए हौ मनुष्य भनेर बोलाए। मनुष्य बोल्यो। पोरोक्मी यम्भामिबाले उक्त मनुष्यलाई सुहाउने तरूणी युवतीको सिर्जना गरे। उनीहरूलाई ढुङ्गाको टोड्कामा जमिएको पानीमा औषधीरूपी मर्चा फिटेर पियाएपछि फुलमा फुल, वैंशमा वैंश मिलेर दुवैको जीवन एक भयो। यस प्रकार संसारमा मानिसको सन्तान फैलिएर गएको वर्णन लिम्बू जातिमा प्रचलित उत्पत्ति कथामा पाइन्छ। "किरात लिम्बू मुन्धुममा आदि मानस पुरुषको नाउँ उल्लेख भएको पाइदैंन भने आदि मानसस्त्रीको नाम 'मुजिङना खियोङना' भनिएको पाइन्छ।"[29]

### 2.2.7 **राई जातिमा प्रचलित नारी-पुरुष उत्पत्तिको अवधारणा**

"राई जातिलाई किरात खम्बू जाति पनि भनिएको पाइन्छ। राई जातिमा प्रचलित मानव उत्पत्तिको कथामा सुम्निमा र पारूहाङको चर्चा रहेको पाइन्छ।"[30]

---

[29] रेमिका थापा, सन् 2018, *हायमानदास राई 'किरात'-का कथामा चित्रित नर-नारी सम्बन्ध : एक विवेचनात्मक अध्ययन* (शोधग्रन्थ), सिलगढी : उत्तर बङ्ग विश्वविद्यालय, नेपाली विभाग, पृष्ठ 14।

[30] देव किरात राई, सन् 2013, *किरात खम्बू जातिको साकेला, संस्कृति र सभ्यता*, काठमाडौं : पोली अफसेट प्रेस, पृष्ठ 6-22।

"किरात खम्बूहरूले सुम्निमा र पारूहाङलाई सृष्टिकर्ता मानेको पाइन्छ। सुम्निमालाई नायिमा पनि भनिन्छ।"[31] राई मुन्धुमअनुसार तागेरा निङमाभूमाङ अर्थात् परमेश्वरले ब्रह्माण्डको संरचना गरेपछि पारूहाङ र सुम्निमले सृष्टिकर्ताको रूपमा विभिन्न प्राणी तथा जीवहरू पनि सृष्टि गर्दै लैजाने काम गरे। सुम्निमा र पारूहाङ सुरुमा अपरिचित अवस्थामा थिए। पछि दुवैको भेटघाट भयो अनि विस्तारै दुई प्रेम सम्बन्धमा बाधिए। सुम्निमा र पारूहाङबिच आत्मीयता र मायाप्रेमको भावना एवम् जीवनको आरोह–अवरोहहरूमा एका–अर्कालाई सहायता र सहयोग गर्ने, संसारमा प्राणी जीवनको सिर्जना अनि संरक्षण गर्ने दायित्वलाई पालन गर्ने बाचा गरेको पाइन्छ। सुम्निमा र पारूहाङले एका–अर्काको सहयात्री बनेर सहअस्तित्व कायम गर्ने क्रमसँगै संसारमा जीवनको संरचना आरम्भ गरेको कथा प्रचलित पाइन्छ।[32]

यस प्रकार *मनुस्मृति* र *श्रीमदभगवत् गीता*मा वर्णित नारी–पुरुष उत्पत्तिको कथामा नारी र पुरुष सृष्टिकर्ता ब्रह्मको एउटा सिङ्गो शरीरको दुई समान भागमा विभाजन भएर एउटा भागबाट नारी र अर्को भागबाट पुरुषको उत्पत्ति भएको पाइन्छ। यस वर्णनअनुसार नारी र पुरुषको स्थान एकसमानको छ, जो सृष्टिसम्मत हो। *मनुस्मृति र श्रीमदभगवत् गीता*को यस व्याख्याले नारी–पुरुषबिचको लिङ्गसम्मत र लैङ्गिकताको असन्तुलित पक्ष र अन्तरद्वन्द्वलाई अध्ययन गर्ने कार्यमा एउटा नयाँ, नवीन आधार दिन सक्ने अनुमान लगाउन सकिन्छ।

*बाइबल*को वर्णन र व्याख्याअनुसार नारी–पुरुषमाझ प्रशस्त भेदहरू रहेका छन्। परमेश्वरले आदमको करङ्ग निकालेर त्यसबाट स्त्रीको सिर्जना गरेर जब आदमसमक्ष ल्याउछन् तब आदमले यसो भनेको पाइन्छ – "यो त मेरै हाडको हाड

---

[31] देव किरात राई, सन् 2013, पूर्ववत्, पृष्ठ 24।

[32] देव किरात राई, सन् 2013, *किरात खम्बू जातिको साकेला, संस्कृति र सभ्यता*, पूर्ववत्, पृष्ठ 24।

र मासुको मासु हो। उसलाई स्त्री भनिने छ। किनभने तिनी पुरुषबाट निकालिएकी हुन्।"[33] यस कथनद्वारा बाइबलले पुरुषलाई प्राथमिक र नारीलाई दोस्रो दर्जाकी मानेको देखिन्छ। पुरुष सम्पूर्ण छ भने नारीलाई पुरुषको एकअङ्ग मात्र हो भनिएको पाइन्छ। आदमलाई ईश्वरको आज्ञा उलङ्घन गर्न उक्साउने नारी हव्वा चञ्चल, पापी र घोर अपराधीका रूपमा दण्डित रहेकी देखिन्छ भने आदम अथवा पुरुष स्थिर र स्वतन्त्र रहेको देखिन्छ।

*चड्त मन्धुम*को सृष्टि वर्णनअनुसार पुरुष ईश्वरको पहिलो सिर्जना हो। तागेरानिङ्वाफुमाले प्रथम आफ्नो मानसपुत्र पोरोक्मी यम्फामिबालाई उत्पन्न गरे र उसलाई संसारमा मानिस सिर्जना गर्ने आज्ञा दिए। पोरोक्मी यम्फामिबाले संसारमा सर्वप्रथम पुरुषको सिर्जना गरे। त्सयपछि पुरुषको अपूर्णतालाई पूर्ण गर्न र संसार भोग गरेर सन्तान फैलाउनका निम्ति दोस्रो दर्जामा नारीको सिर्जना गरेको देखिन्छ। मुन्धुमको सृष्टि वर्णन अनुसार "नारी र पुरुष एका-अर्काका अन्तरङ्ग मित्र हुन। यी दुईको बन्धुत्व, प्रेम अनुराग र दाम्पत्य ईश्वरीय वरदान हो।"[34]

यस प्रकार विभिन्न धर्म ग्रन्थ तथा नेपाली समाजका विभिन्न जात-गोष्ठीहरूमा नारी-पुरुषको उत्पत्ति सम्बन्धी आ-आफ्नै मत-भिन्नता, सामाजिक र स्थानगत विविधता, असमानता र अन्तर्विरोधात्मक अवधारणाहरू रहेका देखिन्छन्। लेप्चा मिथ अनुसार नारी-पुरुष एउटै हिमालका पवित्र हिउँद्वारा उत्पन्न गरिएको हुँदा दुई एकसमान हुन् भन्ने मान्यता र अवधारणा रहेको छ।

---

[33] लेखक अज्ञात, सन् अज्ञात, *पवित्र बाइबल* (पुरानो नियम, उत्पत्तिको पुस्तक), पूर्ववत्, पृष्ठ 3।

[34] लेखक अज्ञात, सन् 2060, *चड़्त मुन्धुम*, काठमाडौं : लिम्बू साहित्य विकास संस्थान, पृष्ठ 108-109।

वर्तमान समयमा पनि लेप्चा परिवारमा नारीको स्थान परिवारका अन्य सदस्यको समान रहिआएको देखिन्छ। लेप्चा परिवारमा त अझ आमा घरकी मुखिया हुन्छे। मातृसत्तात्मक पारिवारिक संरचना लेप्चा जातिको एउटा विशेषता रहेको मान्न सकिन्छ।।

## 2.3 लैङ्गिकताको अवधारणा

"लैङ्गिकता अङ्ग्रेजी शब्द 'जेन्डर'-को नेपाली रूपान्तरण हो। ल्याटिन भाषाको 'जेनस' र फ्रेन्च भाषाको 'जेन्ड्रे' शब्दबाट अङ्ग्रेजी भाषामा 'जेन्डर' शब्द बनेको हो। 'जेनस' र 'जेन्ड्रे' शब्दको शाब्दिक अर्थ 'काइन्ड', 'टाइप' वा 'सर्ट' भन्ने हुँदछ। 'जेन्डर' शब्दको मूल स्रोत प्रोटो–इन्डो–युरोपियन भाषाको 'जेन' भन्ने शब्द हो। 'जेन' शब्दको अर्थ 'किन', 'काइन्ड' र 'किङ्ग' हुँदछ। मूलत: यी सबै शब्दले मानिसमा हुने जैविक र प्राकृतिक गुणहरू साथै सामाजिक विशेषतामा हुने भिन्नतालाई चित्रण गर्दछ। यस शब्दले मुख्य रूपमा स्त्रीत्व र पुरुषत्वलाई बुझाउँछ।"[35]

"लैङ्गिकता कुनै पनि समाजको लैङ्गिक तथा सांस्कृतिक वस्तुस्थितिको अध्ययन गर्दा प्रयोगमा आउने एउटा त्यस्तो शब्द हो जसले मानिसमा हुने जैविक भिन्नतालाई नभई सामाजिक भिन्नतालाई जनाउँछ। लैङ्गिकता वा लैङ्गिक पहिचानलाई विभिन्न ढङ्गले परिभाषित गरिएको पाइन्छ।"[36] "जेन्डर शब्दले पुरुष र

---

[35] प्रेम आर भारद्वाज, सन् 2013, *जेन्डर डिसक्रिमिनेसन, पोसिटिक्स अफ वुमन*, नयाँ दिल्ली : अनामिका प्रब्लिसरस् एन्ड डिस्ट्रब्युटर प्रा.लि. पृष्ठ 10।

[36] ज्ञानु पाण्डे, वि.सं 2069, *नेपाली उपन्यासमा लैङ्गिकता*, काठमाडौ : नेपाल प्रज्ञा प्रतिष्ठान, पृष्ठ 2।

महिलाको समान विकासको तात्पर्य बोध गर्ने हुँदा यसलाई नेपालीमा लैङ्गिक समविकास पनि भन्न सकिन्छ।"[37]

"जेन्डर आर्जित व्यवहार हो जो बहुआयामिक, बहुपारिभाषिक र परिवर्तनशील छ। जेन्डर नर-नारीको सामाजिक भूमिका र उत्तरदायित्वको समाजकृत व्यवस्था हो अनि नर-नारीले समाजबाट प्राप्त गरेको विशिष्ट वैभिन्यसम्मत व्यवहार हो। जेन्डर नर-नारीबिचको अवस्थान, भूमिका र सम्बन्ध बुझाउने धारणा विशेष हो। यो एकातिर नर-नारीबिच रहेको भिन्नताहरूलाई बुझ्ने दिशामा गर्न सकिने पहल विशेष हो भने अर्कातिर नर र नारीका अवस्थान, भूमिका र समस्याहरूलाई अध्ययन गर्ने तुलनात्मक परिप्रेक्ष्य पनि हो।"[38]

चन्द्रा भद्राद्वारा सम्पादित *लैङ्गिक अध्ययन* पुस्तकमा जेन्डर र सामाजिक लिङ्गको अवधारणा अनुसार नारी-पुरुषको विशेषताहरूलाई यसप्रकार देखाइएको पाइन्छ [39]–

**पुरुषत्व र नारीत्वको सामाजिक छवि**

| **पुरुषत्व** | **नारीत्व** |
|---|---|
| बलियो | कमजोर |
| आत्मनिर्भर | परनिर्भर |
| तर्कयुक्त | संवेदनशील, भावावेगशील |

[37] रमेशप्रसाद भट्टराई, वि.सं 2038, 'लैङ्गिक समालोचना', राजेन्द्र सुवेदी र लक्ष्मणप्रसाद गौतम, (सम्पा.), *रत्न बृहत समालोचना*, (सैद्धान्तिक), काठमाडौं : रत्न पुस्तक भण्डार, पृष्ठ 260।

[38] रेमिका थापा, सन् 2018, *हायमानदास राई 'किरात'-का कथामा चित्रित नर-नारी सम्बन्ध : एक विवेचनात्मक अध्ययन* (शोधग्रन्थ), पूर्ववत्, पृष्ठ 295।

[39] चन्द्रा भद्रा, (सम्पा.), वि.सं 2070, *लैङ्गिक अध्ययन*, काठमाडौं : अक्सफोर्ड इन्टरनेसनल पब्लिकेसन प्रा.लि, पृष्ठ. 9।

| | |
|---|---|
| आक्रामक | सहनशील |
| कमाउने व्यक्ति | कमाएर ल्याइदिएको व्यवस्थापन गर्ने व्यक्ति |
| रक्षक | अरूले रक्षा गरिदिनुपर्ने |
| निर्णय कर्ता | निर्णय ग्राही |

यस प्रकार पुरुषप्रधान समाजमा पुरुषलाई उत्कृष्टताको प्रतीक मानिएको पाइन्छ अनि नारीलाई निकृष्टताको प्रतीक मानिएको पाइन्छ। नारीलाई पुरुषभन्दा निम्न स्तरमा राखिएको पाइन्छ भने पुरुषलाई असाधारण स्थानमा राखिएको पाइन्छ। नारी र पुरुषलाई भिन्न-भिन्न स्तरमा राखेर पुरुषलाई सदैव नारीभन्दा माथिल्लो स्थानमा राखिएको देखिन्छ। नारीमा हुने गुण जस्तै सहनशीलता, संवेदनशीलता र भावावेगशीलतालाई कमजोरीका रूपमा प्रस्तुत गरिएको देखिन्छ। पुरुषप्रधान समाजमा नारीहरूलाई जैविक रूपमा नारी भएकै कारणले विभेद र भेदभाव गरिएको देखिन्छ। व्यक्तिको शारीरिक बनावटको आधारमा गरिने सामाजिक भेदभावले नारीप्रति गरिने हिंसा, अन्याय र नारी दमनलाई अझ प्रोत्साहन दिएको पाइन्छ। नारी-पुरुषको सामाजिक अवस्थामा भएको भिन्नता प्राकृतिक विभेद नभएर सामाजिक विभेद हो भन्न सकिन्छ।

*लैङ्गिक अध्ययन* पुस्तकमा लिङ्ग र लैङ्गिकताबिचको भिन्नतालाई आरेखमा यस प्रकार देखाइएको पाइन्छ[40]-

| **लिङ्ग** | **लैङ्गिकता** |
|---|---|
| प्राकृतिक | सामाजिक |

[40] चन्द्रा भद्रा, (सम्पा.), वि.सं 2070, *लैङ्गिक अध्ययन*, पूर्ववत्, पृष्ठ 10।

| | |
|---|---|
| सबै काल, स्थान, परिस्थितिमा एकसमान (सामान्य अवस्थामा) | देश, काल, परिस्थिति अनुसार फरक–फरक |
| विवादरहित | विवादास्पद |
| अपरिवर्तनीय (साधारणतया) | परिवर्तनीय |
| महिला र पुरुषबिच एकाअर्कासँग साटासाट गर्न नसकिने | महिला र पुरुषबिच एकाअर्कासँग साटासाट गर्न सकिने |

यस प्रकार एकातिर समाजमा नारी–पुरुषको सम्बन्ध र भिन्नताको अध्ययन र चिन्तन गरिएको पाइन्छ भने अर्कातिर कतिपय विद्वान्, अध्येताहरूले नारी र पुरुष भिन्न नभएर एउटै स्वरूप हुन् भन्ने धारणा र मान्यताहरू प्रस्तुत गर्नका साथै नारीलाई पुरुषको अर्धाङ्गिनी भनिएको पाइन्छ। *ऋग्वेद*का ऋचाहरूमा नारी–पुरुषको सम्बन्धबारे यसो भनिएको छ –

"जो म हूँ, त्यही तिमी हौं,

जो तिमी हौं त्यही म हूँ,

तिमी गीत हौं म सङ्गीत हूँ

तिमी पृथ्वी हौं म आकाश हूँ। (1)

त्यो तिम्रो मुटु मेरो मुटु बनोस्,

यो मेरो मुटु तिम्रो मुटु बनोस्।। (2)"[41]

[41] मोदनाथ प्रश्रित, वि.सं 1990, *नारी बन्धन र मुक्ति*, वाराणसी : कलिपवृक्ष प्रकाशन, पृष्ठ 18।

यस उदाहरणद्वारा नारी र पुरुष भिन्न नभएर एउटै हुन् भन्ने मत राखिएको पाइन्छ। यसरी नै नारी पुरुषको एउटै स्वरूप अर्धनारीश्वरको आधारमा पुरुषमा नारी तत्वहरू र नारीका गुणहरू त्यसरी नै विद्यमान रहेका हुन्छन् जसरी नारीमा पुरुषतत्व रहेको हुन्छ भनिएको पाइन्छ। टुटुन मुखर्जी र निलाद्री आर च्याटर्जीद्वारा सम्पादित *एन्ड्रोगोनी एन्ड इम्परसोनेसन इन इण्डिया नारी भव* पुस्तकमा संसारभरिका विभिन्न जातगोष्ठी र धर्ममा प्रचलित धर्मग्रन्थ, मिथ, दन्त्यकथा र परम्परागत संस्कृतिमा आधारित मान्यताको व्यापक अध्ययन अनुसन्धान गरिएको पाइन्छ।[42] “वास्तवमा जेन्डर नर र नारीलाई सामाजिक जीवनयापनका निम्ति दिइएको आचारसंहिता हो जसभित्र नर र नारीको कर्तव्य र अधिकारहरूको सीमा तय गरिएका हुन्छन्।”[43] लैङ्गिकता सम्बन्धमाथि उल्लेखित विभिन्न विद्वान्हरूको मान्यता र धारणाहरूबाट नारी पुरुषबिच रहेको लैङ्गिक भिन्नता प्राकृतिक नभएर समाजद्वारा निर्मित रहेको देखिन्छ। समाजद्वारा निर्मित भएको हुनाले यसलाई मानिसले आफ्नो इच्छा र आवश्यक्ताअनुसार जुनै बेला पनि परिवर्तन गर्न सक्ने देखिन्छ।

समग्र भन्नपर्दा नारी-पुरुषले भिन्न-भिन्न भएर कार्य गर्नुभन्दा एका-अर्काका सम्पूरक भएर कार्य गर्न आवश्यक रहेको देखिन्छ। नारी-पुरुषबिच रहेको असामञ्जस्यपूर्ण विभेद प्राकृतिक होइन तर यो पुरुषप्रधान समाजले निर्माण गरेको एकपक्षीय र भ्रमपूर्ण धारणा मात्र हो। लैङ्गिकता मानव निर्मित भएको हुनाले यसलाई परिवर्तन गर्न सकिन्छ अथवा परिवर्तन गर्न आवश्यक रहेको देखिन्छ। नारी पुरुषको सम्बन्ध प्राकृतिक रूपले आवश्यक रहेको छ। नारी पुरुषबिचको सम्बन्ध

---

[42] टुटुन मुखर्जी र निलाद्री आर च्याटर्जी, (सम्पा.), सन् 2016, *एन्ड्रोगोनी एन्ड इम्परसोनेसन इन इण्डिया नारी भव,* नयाँ दिल्ली : नियोगी बुक्स, पृष्ठ 45-60।

[43] रेमिका थापा, सन् 2018, *हायमानदास राई ‘किरात’-का कथामा चित्रित नर-नारी सम्बन्ध : एक विवेचनात्मक अध्ययन* (शोधग्रन्थ), पूर्ववत्, पृष्ठ 11।

सामाजिक सरोकारको विषय पनि हो। नारी पुरुषबिच परस्परमा प्रेम-प्रणय, हार्दिकता, सौहार्दता, बन्धुत्व, सहयोग, भावनात्मक सरोकार जस्ता आत्मिक कुराहरूद्वारा सम्बन्ध स्थापित गरिनुपर्ने आवश्कताबोध गरिन्छ। यसका साथै यौन, सामाजिक क्रियाकलाप र गतिविधिहरूको सहपरिचालनको दायित्वले पनि नारी पुरुषबिच सम्बन्ध स्थापित गरिनुपर्ने आग्रह लैङ्गिकताको अवधारणाभित्र पर्छ भन्न सकिन्छ।

## 2.4 पारिवारिक सम्बन्ध

परिवारलाई समाजको आधारभूत एकाइ मानिन्छ। "सरल भाषा भन्नुपर्दा परिवार भनेको वैवाहिक सम्बन्ध, रक्त सम्बन्ध र पालन-पोषणको सम्बन्ध भएका मानिसहरूको समूह हो।"[44] "परिवार सांस्कृतिक मूल्य र मान्यताको सृजना गर्ने साझा निवास भएका पारिवारिक सदस्यहरूको समूह हो भने तिनीहरूको समस्त आवश्यक्ताहरू पूरा गर्ने एक यन्त्रको रूपमा हेर्दा यो संस्था हो। आर्थिक दृष्टिकोणबाट हेर्दा उत्पादनको एकाइ, शैक्षिक दृष्टिकोणबाट हेर्दा प्रथम पाठशाला एवम् समाजशास्त्रीय दृष्टिकोणबाट हेर्दा दुई वा दुईभन्दा बढी व्यक्तिहरूको अन्तर्सम्बन्ध हो।"[45]

परिवारलाई परिभाषित गर्दै बर्ग्रेस भन्छन् - "परिवार साझा संस्कृति सिर्जना गर्ने श्रीमान-श्रीमति, आमा-बाबु, छोरा-छोरी, दिदी-बहिनी, दाजु-भाइ आदिले अपेक्षित सामाजिक भूमिका अनुसार एका-अर्कामा अन्तरसम्प्रेषण र

---

[44] गणेश अधिकारी, वि.सं 2054, *समाजशास्त्र तथा मानवशास्त्र : एक परिचय*, काठमाडौं :रत्न पुस्तक भण्डार, पृष्ठ 120।

[45] कमलराज शर्मा, वि.सं 2066, *आधारभूत समाजशास्त्र र मानवशास्त्र*, काठमाडौं: ग्लोबल पब्लिकेसन प्रा.लि भोटाहिटी, पृष्ठ 119।

अन्तरक्रिया गर्दै एक सिङ्गो गृहस्थ निर्माण गर्ने विवाह र रगतको सम्बन्धद्वारा एकीकृत व्यक्तिहरूको समूह हो।"[46]

राम आहुजा अनुसार " प्रजनन या जैविक एकाइको रूपमा परिवार यस्तो समूह हो जसमा स्त्री र पुरुषलाई यौन सम्बन्धको स्थापना र सन्तान उत्पन्न गर्नका निम्ति समाजको स्वीकृति प्राप्त भएको हुँदछ।"[47] यस प्रकार विभिन्न विद्वानहरूले विभिन्न प्रकारले परिवारलाई परिभाषित गरेको पाइन्छ।

विभिन्न पुस्तकहरूमा परिवारका विभिन्न विशेषता र प्रकारहरूको चर्चा गरिएको पाइन्छ। गणेश अधिकारीको *समाजशास्त्र तथा मानवशास्त्र : एक परिचय* पुस्तकमा परिवारका विशेषताहरूमा यौन आवश्यक्ताको पूर्ति, सन्तानोत्पादन, सामाजिकीकरण, सामाजिक-संवेगात्मक संभार र सामाजिक उपाधिको प्रसारण अनि परिवारको प्रकारमा सानो परिवार र संयुक्त परिवारको चर्चा गरिएको पाइन्छ। यसरी नै परिवारका विशेषताहरूमा "सर्वव्यापकता, विवाह र रक्तसम्बन्ध, भावनात्मक सम्बन्ध, व्यक्तित्व निर्माणको केन्द्र अथवा नियोग, सामाजिक संरचनाको केन्द्र, सामाजिक नियन्त्रणको साधन, वंशको निर्धारक र सार्वभौमिक सामाजिक संस्था र परिवारका रूप तथा प्रकारलाई सदस्य संख्याको आधारमा एकल अथवा केन्द्रीय परिवार, मिश्रित, मिलित अथवा संयुक्त परिवार र विस्तृत वा विस्तारित[48] गरी तीन प्रकारको देखाइएको पाइन्छ।

यसरी नै निवास तथा स्थानीयताको आधारमा पितृस्थानीय परिवार र मातृस्थानीय परिवार गरी दुई प्रकारको पारिवारिक स्वरूप देखाइएको पाइन्छ।

---

[46] अगस्त कोम्टे, सन् 1995, *फन्डामेन्टस् अफ सोस्योलजी*, पूर्ववत्, पृष्ठ 111।

[47] राम आहुजा, सन् 2015, *भारतीय सामाजिक व्यवस्था*, जयपुर : रावत पब्लिकेशन्स्, पृष्ठ 20-21।

[48] अगस्त कोम्टे, सन् 1995, *फन्डामेन्टल्स् अफ सोस्योलजी*, पूर्ववत्, पृष्ठ 114।

पारिवारिक संरचनाकै रूपमा वंश समूहका आधारमा पितृवंशीय परिवार र मातृवंशीय परिवार गरी दुई वर्गमा राखिएको पाइन्छ। प्रस्तुत पुस्तकमा विवाहको रूप तथा प्रकारका आधारमा एक विवाही परिवार र बहुविवाही परिवार गरी दुई वर्गमा विभाजन गरिएको पाइन्छ भने अधिकारको प्रकृतिका आधारमा मातृसत्तात्मक वा मातृप्रधान परिवार र पितृसत्तात्मक परिवार गरी दुई प्रकारका परिवारको चर्चा गरिएको पाइन्छ।[49]

कुनै पनि समाजको निर्माणमा विभिन्न घटकहरू हुन्छन्। एउटा सिङ्गो समाजभित्र विभिन्न सामाजिक उपकरणहरू रहेका हुन्छन्। ती उपकरणहरूको सञ्जालबाट समाज निर्माण हुँदछ। समाजमा परिवार, साइनो सम्बन्ध, धर्म-आस्था, सामाजिक नियम आदि कुराहरू प्रमुख हुन्छन्। समाज निर्माणको गणितमा साना-मसिना समीकरणहरू महत्त्वपूर्ण हुन्छन्। नेपाली समाज पनि यस्तै समीकरणहरूद्वारा निर्मित समाज हो। नेपाली समाजमा विभिन्न उपजातिहरू छन्, जसमा खस, किरात र अन्य पर्छन्। आ-आफ्ना संस्कार नियमअनुसार यिनीहरूको संरचना भए तापनि समग्रमा यो नेपाली समाज हो। भाषिक विविधता रहे तापनि नेपाली भाषा नै यस समाजलाई जोड्ने मुख्य उपकरण हो। नेपाली समाजमा नारी अनि पुरुषको सम्बन्धको अध्ययन विभिन्न दृष्टिकोणद्वारा गर्न सकिन्छ। मानिस काल अनि परिस्थितिअनुरूप आफ्नो स्थितिलाई परिवर्तन गर्नसक्छ। उसको आन्तरिक र बाह्य रूप भिन्न हुन्छ। परिवारमा देखिएको एउटा सम्बन्ध बाहिर अर्कै हुन सक्छ।

एउटा समाजको निर्माणका लागि परिवार आधारको रूपमा रहेको हुन्छ। परिवारमा सम्बन्ध प्रमुख हुन्छ। सम्बन्धको सन्तुलनले परिवार सन्तुलित हुन्छ। परिवारको सन्तुलनले समाज स्थिर बन्छ। नेपाली समाजभित्रको पारिवारिक सम्बन्ध

[49] कमलराज शर्मा, वि.सं 2066, *आधारभूत समाजशास्त्र र मानवशास्त्र*, पूर्ववत्, पृष्ठ 115।

प्रगाड प्रेम, सद्भावना, सम्मान र इमान्दारीले बनिएको देखिन्छ। अपवाद स्वरूप कतिपय सम्बन्धहरू यसका विपरित हुन्छन्। एउटा परिवारमा आमा र बाबुको सम्बन्ध प्रमुख हुन्छ। यदि घरमा बूढा–पाका छन् भने आमै–बाबैको सम्बन्ध प्रमुख मानिन्छ। यसमध्ये पनि नेपाली समाज खस अनि किरात संस्कृतिद्वारा बनिएको हुनाले खस परिवार पुरुषप्रधान रहेको देखिन्छ भने किरात परिवारमा नारीको प्रभुत्व रहेको देखिन्छ। सबै परिवारमा नारी सुरक्षालाई प्रमुखता दिइन्छ। जसका लागि पुरुषहरू तत्पर रहन्छन्। परिवारमा नारी अनि पुरुष दुवै समान हुन्छन् भन्ने धारणा नेपाली समाजमा पाइन्छ। वर्तमान समयमा नेपाली परिवारमा विधवा विवाह, बहु–विवाह आदिलाई स्वीकार गरिएको देखिन्छ। व्यवहारमा नारी अनि पुरुषबिचको सम्बन्धमा कुनै प्रकारको भेदभाव देखिदैँन भन्न सकिन्छ। एका–अर्कामा मान–सम्मान र मर्यादाको निर्वाह गरिएको देखिन्छ। नेपाली समाज भारतीय अन्य जातिको समाजभन्दा यस कारणले फरक छ। यहाँ नारी अनि पुरुषबिच कुनै भेदभाव नराखी खुल्ला स्वतन्त्र परिवेश सिर्जना गरिएको पाइन्छ। यसका साथै पुरुषले नारीलाई स्वनिर्भर बनाउने कार्य गरेका प्रशस्त उदाहरणहरू पनि देख्न पाइन्छ।

परिवार बाह्य अनि आन्तरिक गरी मुख्यतः दुई पक्षद्वारा निर्माण भएको हुन्छ। बाह्य पक्षअन्तर्गत स्वजातीय र अन्तर्जातीय विवाहद्वारा निर्मित परिवार र आन्तरिक पक्षमा भाव–संवेदनाद्वारा निर्मित परिवार पर्दछ। स्वजातीय विवाहद्वारा निर्मित परिवारमा एउटै संस्कार रहेको हुनाले नारी–पुरुषबिच पनि उस्तै तालमेल र संस्कार निर्माण हुन्छ। दुईबिचको सम्बन्धमा संस्कार बाधा बन्दैन। अन्तर्जातीय विवाहद्वारा निर्मित परिवारमा दुवैको संस्कार, रीति–रिवाज, कुनै समय भाषा पनि अलग रहने हुनाले दुवैलाई धेरै ठाउँ असुविधा हुँदछ। नेपाली समाजमा नारी–पुरुषको पारिवारिक सम्बन्धबारे चर्चा गर्दा दुईजनाले एक–अर्कालाई दिने मान–सम्मान दुवैको विचार बारे अध्ययन गर्न आवश्यक छ। यसमा शिक्षाको पनि मुख्य भूमिका रहन्छ।

वर्तमान नेपाली समाजमा नारी अनि पुरुष उत्तरसंस्कृतिमा ढल्किएको हुनाले अबका नारी अनि पुरुषबिच संवेदनात्मक, भावनात्मक सम्बन्ध भन्दा कृत्रिम सम्बन्धको मात्रा धेर देखिन्छ। यद्यपि मूलतः नेपाली समाजले नारी अनि पुरुषबिचको सम्बन्धलाई सन्तुलित परिवारको सूत्रमा लिएको छ। मानव सभ्यता र संस्कृतिको विकासमा पारिवारिक संस्था अत्यन्त पुरानो संस्था मानिएको पाइन्छ। नेपाली समाजमा विशेष गरेर ब्राह्मण अनि क्षत्रीय परिवारमा पितृसत्तात्मक र लिम्बू-तामङ परिवारमा मातृसत्तात्मक परिवार व्यवस्था रहेको देखिन्छ।

## 2.5 वैवाहिक सम्बन्ध

नारी र पुरुषबिचको औपचारिक सम्बन्धको स्थापना विवाहद्वारा भएको पाइन्छ। "विवाहलाई एउटा सार्वभौमिक सामाजिक संस्था मानिएको पाइन्छ।"[50] राधाकृष्णन्अनुसार "विवाह एउटा परम्परा मात्र नभएर यो मानवसमाजद्वारा निर्धारित गरिएको एउटा विशेष अवस्था हो। विवाह दुई विपरीत लिङ्गी व्यक्तिहरूबिचको मिलन हो, जसले दुई व्यक्तिको जैविक र प्राकृतिक उद्देश्य अनि सामाजिक उद्देश्य पूर्ति गर्दछ। विवाह एउटा यस्तो संस्था हो जसले दुई विपरीत लिङ्गी मानिसबिचमा हार्दिक प्रेमको सम्बन्धलाई स्थापित र विस्तारित गर्दछ।"[51]

चन्द्रदेव सिंहले *शब्दकल्पद्रुम*को उल्लेख गर्दै "विवाह शब्दको अर्थ विशिष्ट रूपले वरण गर्नु अथवा वधूलाई विधिगत रूपले ससमान पिताको घरदेखि पतिको घरमा लिएर जानु हो। विवाहद्वारा नारी-पुरुषको सम्बन्ध निर्धारण गरिन्छ तथा

---

[50] सि एन शङ्कर राव, सन् 2004, *सोस्योलजी अफ इन्डिन सोसाइटी*, नयाँ दिल्ली : एस चन्द एन्ड कम्पनी लिम्टेड, पृष्ठ 101।

[51] बि के नागला, सन् 2005, *इन्डिन सोस्योलजिकल थटस्*, नयाँ दिल्ली : रावत पब्लिकेसन, पृष्ठ 104।

सन्तान र उसको स्थितिको पनि निर्धारण हुँदछ"[52] भनेको पाइन्छ। "विवाह समाजमा पुरुष र नारीबिचको यौन सम्पर्कलाई सामाजिक मान्यता प्रदान गर्ने संस्था हो। यौन सम्बन्धलाई वैधानिकता प्रदान गर्ने एक सार्वभौमिक सामाजिक संस्था हो।"[53] "आर्य ग्रन्थहरूमा विवाहलाई एउटा उच्च पवित्र धर्मानुकूल संस्कार र सामाजिक कर्तव्य मानिएको पाइन्छ।"[54] "परम्परागत भारतीय परिवेशमा विशेष रूपले हिन्दू धर्मले विवाहलाई संस्कारको रूपमा मान्यता दिएको छ। विवाह एउटा यस्तो संस्कार हो जसलाई दुईवटा परिवारलाई जोड्ने, स्त्री-पुरुषको सम्बन्धलाई मान्यता प्रदान गर्ने, गृहस्थाश्रममा प्रवेशको निम्ति स्त्री-पुरुषको सहचर्या र सहधर्माचरणको भूमिका तयार गर्ने श्रेय प्राप्त रहेको छ।"[55] "इसाई र मुस्लिम विश्वासअनुसार विवाह एउटा अनुबन्ध हो। यस प्रकार जुनै व्याख्याले पनि विवाहलाई नर-नारी सम्बन्धको, सहचर्याको तथा सहजीवन आचरणको औपचारिक प्रणाली स्वीकार गरेको देखिन्छ।"[56]

विवाहलाई नारी-पुरुषको सहजीवन यापन, हार्दिक प्रेम, त्याग सहचर्या, सरोकार, जैविक, प्राकृतिक तथा सामाजिक मान्यता प्रदान गर्ने संस्कार, संस्था वा आधारशिलाका रूपमा लिन सकिन्छ। यस प्रकार विभिन्न विद्वान्हरूले विवाहको भिन्न भिन्न अर्थ र परिभाषाहरू दिएको पाइन्छ। यी परिभाषाहरू मानिसद्वारा नै निर्मित सामाजिक व्यवस्था हो भन्ने स्पष्ट हुँदछ। "मानव समाजमा विवाह संस्थाको प्रमुख प्रकार्य नै यौन सम्बन्ध तथा यौन स्वच्छन्दतालाई नियन्त्रण गर्नु हो।

---

[52] चन्द्रदेव सिंह, सन् 1987, *प्राचीन भारतीय समाज और चिन्तन*, वाराणसी : विश्वविद्यालय प्रकाशन, पृष्ठ 11।

[53] कमलराज शर्मा, वि सं 2066, *आधारभूत समाजशास्त्र र मानवशास्त्र*, पूर्ववत्, पृष्ठ 143।

[54] जोन स्टुअर्ट मिल, सन् 2016, *स्त्रीयों की पराधीनता*, प्रगति सक्सेना (अनु.), नयाँ दिल्ली : राजकमल प्रकाशन, पृष्ठ 27।

[55] विद्या निवास मिश्र, सन् 1998, *हिन्दू धर्मजीवन में सनातन की खोज*, नयाँ दिल्ली : राधाकृष्णन् प्रकाशन, पृष्ठ 43।

[56] रेमिका थापा, सन् 2013, *पठन-विपठन*, दार्जिलिङ :गामा प्रकाशन, पृष्ठ 33।

समाजमा आवश्यक हुने विपरीत लिङ्गीहरूबिचको यौन सम्बन्धलाई वैधानिकता दिनु वा मान्य बनाउनु हो। मानव समाजको व्यवस्थित गठन प्रमुख आधार विवाह हो।"[57]

*मनुस्मृति*मा विवाहको लागि नारी–पुरुषको उमेर र योग्यताबारे चर्चा गरिएको पाइन्छ। विवाहपूर्व पुरुषले आफ्नो व्यक्तित्वको विकास गर्न आवश्यक मानिएको पाइन्छ। "अखण्ड ब्रह्मचर्य व्रतको पालन गर्दै क्रमैसित तीन वेद वा दुई वेद वा एउटा वेद पढेर ब्राह्मणले विवाह गरी गृहस्थाश्रममा प्रवेश गरुन्"[58] –भन्ने कुराको उल्लेख गरिएको पाइन्छ। यसरी नै मनुले "विवाहको लागि नारीलाई पूर्ण यौन प्राप्त गर्नुपर्ने कुरामा जोड दिएका छन् र रजस्वलालाई कन्यादानको वयस्यकताको अन्तिम सीमा मानिएको देखिन्छ। रजस्वला सुरु भएको तीन वर्षभित्रमा कन्यादान गर्नुपर्ने विधान रहेको कुरा उल्लेख गरिएको छ। यदि यस्तो नभएको खण्डमा रजस्वला भएको तीन वर्षको अवधिपछि कन्याले आफ्नो इच्छाद्वारा आफू सुहाउँदो पति वरण गर्न सक्ने तथा यसबाट वर–वधू कसैलाई पनि दोष लाग्ने छैन"[59] भन्ने कुरा *मनुस्मृति*को आचार संहिता रहेको पाइन्छ।

आधुनिक कालमा बाल विवाहको विरोधमा विभिन्न कानुनहरू बनिएका पाइन्छन्। बाल विवाह विरूद्धमा धेरै समाज सुधारकहरूले व्यापक अभियानहरू पनि चलाएको देखिन्छ। राजाराम मोहन राय, ईश्वरचन्द्र विद्यासागर आदिको सक्रियतामा

---

[57] कमलराज शर्मा, वि सं 2066, पृष्ठ 143।

[58] तुलसी आचार्य, वि.सं 2073, *मनुस्मृति* (नेपाली भाषा टीका), वाराणसी : दुर्गा साहित्य भण्डार, पृष्ठ 88।
वेदानधीत्य वेदौ वा वेदं वाऽपि यथाक्रमम्।
अविप्लुतब्रह्मचर्यो गृहस्थाश्रममा वेसत्।।2।।

[59] तुलसी आचार्य, वि.सं 2073, *मनुस्मृति,* पूर्ववत्, पृष्ठ 24।
त्रीणि वर्षाण्युदीक्षेत कुमार्यतुमती सती।
अध्र्व तु कालादेतमाद्विन्देत सदृशं पतिम।।9।।

सन् 1843-मा कानुन आयोगले दस वर्षभन्दा कम उमेर भएका पत्नीहरूसँग यौन आचार गर्नु कानुनी रूपमा वर्जित छ भन्ने प्रस्तावना राखिएको पाइन्छ। धेरै समयको सामाजिक सङ्घर्ष र कानुनी उतार चढाउपछि सन् 1976-को कानुनी संशोधनले विवाहमा वधूका निम्ति अठार वर्ष र वरका लागि एकाइस वर्ष विवाह योग्यको उमेर भनी निश्चित गरेको पाइन्छ भन्ने कुराको उल्लेख रेमिका थापाको शोध ग्रन्थमा गरिएको पाइन्छ।[60]

विभिन्न पुस्तकहरूमा विद्वान्हरूद्वारा मानिसमा विवाहप्रति अभिरूचि उत्पन्न गर्ने प्रेरक तत्वहरू के कस्ता रहेका छन् त्यसबारे व्यापक चर्चा-परिचर्चा गरिएको पाइन्छ। हिन्दू धर्मावलम्बीहरूमा "धर्म (धर्मद्वारा मोक्षको प्राप्ति), प्रजा (सन्तान उत्पति र बृद्धि) र रति (शारीरिक तृप्ति)"[61] लाई विवाहको प्रेरक तत्व मानिएको पाइन्छ भने मुस्लिम समुदायमा यौन सुख र सन्तान प्राप्तिको वैधानिकतालाई विवाहको प्रेरक तत्व मानिएको पाइन्छ। मुस्लिम समुदायले विवाहलाई "धार्मिक कर्तव्य-"[62] का रूपमा मानेको पाइन्छ भने इसाई धर्मावलम्बीहरूका निम्ति "शारीरिक तृप्ति, परिवारको स्थापना, सम्बन्धको स्थायित्व र परस्परमा माया प्रेम र सहकारिता"[63] आदिलाई विवाहको प्रेरक तत्व मानिएको पाइन्छ।

*मनुस्मृति*मा "यस लोक र परलोकमा ब्राह्मण, क्षत्रीय, शुद्र र वैश्य चारै वर्णका हित र कल्याणका निम्ति ब्राह्म विवाह, दैव विवाह, आर्ष विवाह, प्रजापत्य विवाह, आसुर विवाह, गान्धर्व विवाह, राक्षस विवाह र पैशाच विवाह"[64] गरी आठ

---

[60] रेमिका थापा, सन् 2018, *हायमानदास राई 'किरात'-का कथामा चित्रित नर-नारी सम्बन्ध : एक विवेचनात्मक अध्ययन* (शोधग्रन्थ), पूर्ववत्, पृष्ठ 35।

[61] सि एन शङ्कर राव, सन् 2004, *सोस्योलजी अफ इन्डिन सोसाइटी*, पूर्ववत्, पृष्ठ 111-112।

[62] बि के नागला, सन् 2005, *इन्डिन सोस्योलजिकल थटस्*, पूर्ववत्, पृष्ठ 231।

[63] सि एन शङ्कर राव, सन् 2004, *सोस्योलजी अफ इन्डिन सोसाइटी*, पूर्ववत्, पृष्ठ 126-127।

[64] तुलसी आचार्य, वि.सं 2073, *मनुस्मृति*, पूर्ववत्, पृष्ठ 91।

प्रकारका विवाहको चर्चा गरिएको पाइन्छ। सम्भवतः विवाहलाई नारी–पुरुषबिच जन्मजन्मान्तरको बन्धन मानिएको छ। सि एन शङ्कर रावले *सोस्योलजी अफ इन्डियन सोसाइटी* पुस्तकमा विवाहका प्रकारको चर्चा गर्दै “अन्तः जातीय विवाह, अन्तरजातीय विवाह, एकविवाह, बहुविवाह, बहुपत्नी विवाह, बहुपति विवाह, समूह विवाह, अनुलोम विवाह, प्रतिलोम विवाह, सपिण्डीय र सगोत्रीय विवाह, जारी विवाह”[65] आदि विभिन्न प्रकारको विवाहको चर्चा गरेका छन्।

वर्तमान समयमा विवाह, विवाहको प्रयोजन र स्वरूपमा परम्परागत सामाजिक संरचना र मान्यताका तुलनामा व्यापक परिवर्तन आएको पाइन्छ। आजको परिवेशमा मानिसले विवाहप्रतिको धारणा र मान्यतामा परिवर्तित र भिन्न मान्यता राखेको पाइन्छ। मानिसको परिवर्तित जीवनशैली र विवाहप्रतिको भिन्न मत र धारणाले समाजका स्थूल अनि सूक्ष्म आधारलाई व्यापक रूपले प्रभाव पारेको छ। वर्तमानमा विवाह र परिवारका आधारभूत संरचना ढाँचा र मान्यताहरू परिवर्तनशील बनेको देखिन्छ। समाजको औधोगीकरण, सहरीकरण, शिक्षामा बृद्धि, विवाहको स्थायित्व र विवाह विच्छेदका निम्ति विभिन्न कानुन र ऐनको निर्माण आदिका कारण विवाहप्रतिको परम्परागत मान्यतामा द्वैत परिवर्तन देखा परेको छ भन्न सकिन्छ। विवाहसम्बन्धी प्रावधान, धारणा र नियमहरूको संशोधन, उच्च शिक्षा आदिका कारण नारीले विवाह भन्दा स्वनिर्भरता, करिअर, उत्पादनशीलता, आयस्रोत्रको अवसर आदिलाई महत्त्व दिएका कारणले नारीका निम्ति विवाह अब जन्मजन्मान्तरको सम्बन्ध नभएको अनि अनावश्यक, अनमेल वा असमाञ्जस्यपूर्ण विवाहलाई विच्छेदको निर्णय नारीले गर्न सक्ने देखिन्छ।

## 2.6 धार्मिक सम्बन्ध

---

[65] सि एन शङ्कर राव, सन् 2004, *सोस्योलजी अफ इन्डिन सोसाइटी*, पूर्ववत्, पृष्ठ 104–129।

मानिस सामाजिक प्राणी हो तर मानिसमा विभिन्न गुण–ज्ञान, प्रेम, धर्म, करूणा, सहयोग आदि मानवीय गुण भएकाले ऊ आध्यात्मिक प्राणी पनि हो। धर्मसँग सम्बन्धित संस्कार, विधिविधान, नियम आदिलाई साधारणतः धार्मिक अर्थमा लिने गरिन्छ। धर्म के हो ? भन्ने विषयमा विद्वान्हरूको अनेक मत पाइन्छ। यस संसार र मानिसहरूलाई सुव्यवस्थित ढङ्गमा चलाउने कुनै अलौकिक शक्ति छ भन्ने मानेर त्यस शक्तिसँग सम्बन्ध स्थापित गर्ने विचार वा प्रक्रियालाई सम्भवतः धर्म मान्न सकिन्छ। विभिन्न विद्वान्हरूको धर्मको सन्दर्भमा विभिन्न मतमतान्तरहरू रहेको पाइन्छ – जेम्स फाजरअनुसार "धर्म मानिस भन्दामाथि रहने शक्तिप्रतिको विश्वास हो, जसले मानवीय जीनव, प्राकृतिक घटनाहरूलाई नियन्त्रण र निर्देशत गर्दछ भन्ने विश्वास गरिन्छ।"[66] "आदिकालीन मानवको दार्शनिक कल्पनाको परिणाम नै धर्म हो वा आध्यात्मिक सत्तामा विश्वास राख्नु नै धर्म हो।"[67] जनकलाल शर्माको विचारमा "धर्मकाअन्तर्गत ती समस्त कुरा पनि आउँछन् जुन कुराद्वारा आफ्नो दैनिक जीवनमा आइपरेका समस्त अज्ञात बाधा र अवाञ्छित तत्वलाई हटाएर मानव भयरहित हुन्छ। जुन समय धर्म उत्पन्न भयो त्यस समय त्यो धर्म आशा र आकाङ्क्षाको परिणाम नभएर मानवका भय वा डरको कारणबाट उत्पन्न भएको थियो।"[68]

"धर्म उपरी मानव शक्तिप्रतिको दृष्टिकोण हो"[69] भन्ने ओग्बर्नको भनाइलाई कमलराज शर्माले *आधारभूत समाजशास्त्र र मानवशास्त्र* नामक पुस्तकमा उल्लेख गरेको पाइन्छ। मम्याक्इभर र प्लेजले "धर्म भनेको त्यस्तो सम्बन्ध हो जुन

---

[66] कमलराज शर्मा, वि.सं 2066, *आधारभूत समाजशास्त्र र मावनशास्त्र*, पूर्ववत्, पृष्ठ 147।

[67] जनकलाल शर्मा, वि.सं 2058, *हाम्रो समाज : एक अध्ययन*, पूर्ववत्, पृष्ठ 100।

[68] जनकलाल शर्मा, वि.सं 2058, पूर्ववत्, पृष्ठ 100।

[69] कमलराज शर्मा, वि.सं 2066, पूर्ववत्, पृष्ठ 147।

मानव–मानवबिचको सम्बन्ध नभई मानव र उपरीशक्तिबिचको सम्बन्ध हो"[70] भन्ने कुरालाई अघि सारेका छन्। यस सन्दर्भमा फेड्रिक एङ्गल्सले पनि "कुनै पनि धर्म मानिसहरूको मस्तिष्कमा ती बाह्य शक्तिहरूको कपोलकल्पित प्रतिबिम्ब सिवाय अरू केही होइन जसले मानिसहरूको दैनिक जीवनमा उनीहरूमाथि प्रभुत्त्व जमाएका हुन्छन्। यस्तो प्रतिबिम्बमा पार्थिव शक्तिहरूले नै अपर्थिव रूप लिन पुग्दछन्"[71] भन्ने विचार प्रतिपादन गरेका छन्। "धर्म सामाजिक संसारभित्र घट्ने एक सामाजिक घटना हो। यो मानव समाज व्यवस्था गठनको प्रारम्भदेखि नै धर्म अभिन्न सङ्घठक अङ्गको रूपमा रहँदै आएको छ। जसरी मानव शरीरमा विभिन्न अङ्गहरू हुन्छन् त्यसरी नै समाजका पनि विभिन्न अङ्गहरू हुन्छन्। धर्म पनि शरीररूपी समाजको एक अङ्ग हो। सामाजिक व्यवस्थाको एक अङ्गको रूपमा धर्मले मानिसको व्यवहारलाई प्रभावकारी ढङ्गले पथ प्रदर्शन गर्दछ। व्यक्तिका व्यवहारदेखि लिएर सामाजिक सङ्गठनको स्वरूप, मानिसको सांस्कृतिक प्रणाली र जीवन शैलीलाई प्रभाव पारेको हुन्छ। यसैले समाज व्यवस्थाको गठनमा थुप्रै संस्थाहरूमध्ये धार्मिक संस्था पनि एक महत्त्वपूर्ण संस्था हो।"[72] धर्म सम्बन्धी माथि चर्चा गरिएका कथनहरूबाट एउटा निष्कर्ष निकाल्न सकिन्छ – सम्पूर्ण ब्रह्माण्डको संञ्चालन संसारदेखि भिन्न कुनै परालौकिक वा आध्यात्मिक शक्तिले गर्दछ भनेर विश्वास गर्नु धर्म पालन गर्नु हो। वर्तमान मानव समाजमा भिन्न सम्प्रदायको भिन्नै धर्म र यसका शाखा, प्राशाखाहरूमा विभाजन भएको देखिन्छ।

विवाहलाई एउटा धार्मिक अनुष्ठान मानिएको पाइन्छ। "हिन्दू आस्था अनुसार विवाह एउटा धार्मिक संस्कार हो। हिन्दू विधिविधानहरूले विवाहलाई एउटा धार्मिक

---

70 कमलराज शर्मा, वि.सं 2066, पूर्ववत्, पृष्ठ 147।

71 फेड्रिक एङ्गल्स, सन् 1989, *द अरिजिन अफ फ्यामेलि, प्राइभेट प्रपर्टी एन्ड द स्टेट*, अमेरिका : क्यामब्रीज विश्वविद्यालय प्रकाशन, पृष्ठ 147।

72 कमलराज शर्मा, वि.सं 2066, *आधारभूत समाजशास्त्र र मानवशास्त्र*, पूर्ववत्, पृष्ठ 146।

कर्तव्यको रूपमा संस्थित गरेको हुनाले यस संस्थामा नर-नारीको सहजीवन यापनमा धार्मिक आचरणको व्यापक आयाम छ।"[73] *मनुस्मृति*-मा मानव जीवनको सर्वोच्च अभीष्ट "धर्म, अर्थ, काम र मोक्ष यी चार पुरुषार्थको प्राप्ति हो। यी चार अभीष्ट प्राप्त गर्ने निश्चित आश्रम छन् तर गृहस्थाश्रम नै एक मात्र संस्था हो, जहाँ व्यक्तिले धर्म, अर्थ, काम र मोक्षको प्राप्ति एकैसाथ गर्न सक्छन्"[74] भनिएको पाइन्छ। "पति पत्निबिचको धार्मिक सहर्चयाले नै गृहस्थाश्रम सबै आश्रमका मानिसहरूको निम्ति आश्रय स्थल बनेको देखिन्छ। गृहस्थाश्रममा धर्मसम्मत सेवा सबैलाई प्राप्त हुनाले यस आश्रमलाई प्राणदायी वायुसँग तुलना गरिएको पाइन्छ।"[75] समाजले विवाहित नारी-पुरुषका निम्ति दाम्पत्य धर्मको निर्धारण गर्ने क्रममा दुई दम्पतिले परस्परको सहयोग र सहचर्यामा सुख-दुख, पीडा-मर्का, समस्या, अनुभव साथै चिरकालसम्म एकबद्ध भएर सहजीवन यापन गर्नु नै गृहस्थको प्रथम धर्म हो भन्ने मत रहेको पाइन्छ।

धार्मिक आचरणले गर्दा परिवारमा पति पत्नीमाझको सम्बन्ध सहयोगी, शिष्टता र मर्यादापूर्ण हुने सम्भावना देखिन्छ भन्ने मत रेमिका थापाको रहेको छ।[76] "हिन्दू धर्म र नेपाली समाजमा मानिसको जन्मदेखि मृत्युसम्म धार्मिक संस्कारहरू पालन गरिन्छ। पाणिग्रहणदेखि सहवास र गर्भाधानदेखि प्रजनन आदि सबै अवसरहरू धार्मिक दर्शन र कर्मविधानले नै सुनिश्चित गरिएका पाइन्छन्।"[77] हिन्दू धर्मअनुसार वैदिक रीति-रिवाजबाट वर र वधूको जन्मकुण्डली हेरेर सम्पूर्ण गुण-

---

[73] रेमिका थापा, सन् 2018, *हायमानदास राई 'किरात'-का कथामा चित्रित नर-नारी सम्बन्ध : एक विवेचनात्मक अध्ययन* (शोधग्रन्थ), पूर्ववत्, पृष्ठ 75।

[74] तुलसी आचार्य, वि.सं 2015, *मनुस्मृति*, पूर्ववत्, पृष्ठ 9-102।

[75] तुलसी आचार्य, वि.सं 2015, *मनुस्मृति*, पूर्ववत्, पृष्ठ 3-77।

[76] रेमिका थापा, सन् 2018, *हायमानदास राई 'किरात'-का कथामा चित्रित नर-नारी सम्बन्ध : एक विवेचनात्मक अध्ययन* (शोधग्रन्थ), पूर्ववत्, पृष्ठ 78।

[77] जगदीशचन्द्र मिश्र, सन् 2015, *पारस्कर गृह्यसूत्रम्*, वाराणसी : चौखम्बा सुरभारती प्रकाशन, पृष्ठ 67-148।

दोषहरू मिलाएर लगन जुराएर सम्पन्न गरिएको विवाहद्वारा बनिएका पति–पत्नीको जोडीलाई धर्मपति र धर्मपत्नी भनिन्छ। धार्मिक अनुष्ठानद्वारा विवाहित नारीलाई धर्मपत्नी वा सहधार्मिणी पनि भनिएको पाइन्छ। यसरी नै अन्य कसैको सन्तानलाई आफ्नो सन्तान मानेर पालन–पोषण गरी उसलाई आफ्नै वशं मानेर आफ्नो सन्तानले उपयोग गर्ने सम्पूर्ण हक, अधिकार पनि दिइन्छ भने त्यो सन्तानलाई धर्मपुत्र वा धर्मपुत्री अनि त्यो हक प्रदान गर्ने मानिसलाई धर्म पिता अनि आमा भनेर सम्बोधन गरिन्छ।

यस बाहेक हिन्दू धर्म पालन गर्ने मानिसहरूले छोराहरूको कर्म–काण्ड चलाउन व्रतबन्ध (उपनयन संस्कार) गरिने चलन छ। व्रतबन्ध गर्दा पुरोहितले उनीहरूलाई विभिन्न धार्मिक, आध्यात्मिक, व्यावहारिक नियमहरूबारे अवगत गराएर गुरुमन्त्र पनि दिन्छन्। त्यस्तो मन्त्रलाई गायत्री मन्त्र भनिन्छ। गायत्री मन्त्रसँग गुरुमन्त्र दिने पुरोहितलाई गुरु र उनकी धर्मपत्नीलाई गुरुमाता भनिन्छ। यी दुईबिच गुरु र शिष्यको सम्बन्ध स्थापित हुन्छ, जसलाई धार्मिक सम्बन्ध भन्न उचित ठहर्दछ।

विभिन्न जात गोष्ठीहरूद्वारा सिङ्गो नेपाली समुदायको निर्माण हुन गएको चर्चा माथि गरी सकिएको छ। यी विभिन्न जात गोष्ठीका मानिसहरूका आ–आफ्नै संस्कार र नीति–नियमअनुसार धार्मिक अनुष्ठान र क्रियाकलापहरू हुन्छन्। विभिन्न अनुष्ठानहरू आ–आफ्नै जात, धर्म, जाति, गोत्र अनुसार क्रमशः पुरोहित, लामा, धामी–झाँक्री, बिजुवा, फेदाङ्बा, मोन, बुङ्थिङ, पाद्री आदिको सहायताले गरिन्छ। यसरी विभिन्न अनुष्ठानहरू सम्पन्न गराउने यजमान र पुरोहितबिचको सम्बन्धलाई धार्मिक क्रियाकलाप सम्बन्धी सम्बन्ध भन्न सकिन्छ।

वर्तमान समयमा बहुल धार्मिक विश्वासद्वारा संरचित समाजको स्थापना भएको पाइन्छ। आजको समयमा धर्मसम्बन्धी मानिसको विश्वास र आस्थाहरूमा विविधता रहेको पाइन्छ। यद्यपि धार्मिक आस्था र विश्वासमा भिन्नता रहे पनि यसले समाज व्यवस्था र संरचनामा महत्त्वपूर्ण भूमिका निर्वाह गरिरहको पाइन्छ। "धर्मले समाजका विभिन्न समूह, व्यक्ति र संस्थाहरूलाई जोड्ने साथै मानिसको भावना, सामाजिक सम्बन्ध, सामाजिक व्यवस्थाको समन्वय, एकबद्धता, एकीकरण, अधिकार, संस्कारगत नियमन र निरन्तरता कायम गर्ने कार्य गर्दछ"[78] भन्ने विचार समाजशास्त्री इमाईल दुर्खिमको रहेको छ। पति पत्नीको सम्बन्धमा स्थायित्व, हार्दिकता, भावनात्मक एकबद्धता, निरन्तरता जीवन्त राख्नमा धार्मिक सहिष्णुता र उदारताले महत्त्वपूर्ण भूमिका निर्वाह गरेको पाइन्छ। शिक्षाको विकास र विस्तार एवम् संस्कार र संस्कृतिप्रतिको आधुनिक परिपक्व चेतना, अन्तर्जातीय र अन्तरधर्मीय विवाह आदि कारणले धार्मिक कट्टरपन्थी विचार र वैभिन्यता जस्ता समस्या र सङ्कटबाट समाजलाई मुक्त गर्नमा ठुलो सहयोग गरिरहेको मान्न सकिन्छ।

## 2.7 आर्थिक सम्बन्ध

धन, सम्पति, पूँजी अथवा अर्थले व्यक्तिको स्थितिलाई निर्धारण गरेको पाइन्छ। समाजशास्त्री म्याक्स वैबर र काल मार्क्सले "आर्थिक तत्वले सामाजिक स्तरीकरणलाई निर्धारण गर्दछ"[79] भनेको पाइन्छ। *चाणक्य नीति*मा "धर्म, अर्थ, काम, मोक्ष यी चारमध्ये कुनै एउटा पुरुषार्थ पनि छैन भने अनेकौँ पल्ट जन्म

---

[78] इमाईल दुर्खिम, सन् 1994, *सोस्योलजी एन्ड फिलोसफी*, डि. एफ, पोकोक, (अनु.), अमेरिका:रौटलेज पब्लिकेसन, पृष्ठ 35-63।

[79] म्याक्स विबर, सन् 2009, *फर्म म्याक्स विबर : एसे इन सोस्योलजी*, एच.एच ग्रेथ र सी रिड्ग मिल्स, (अनु.), अमेरिका:रौटलेज पब्लिकेसन, पृष्ठ 61।

लिँदा पनि त्यस मानिसको जन्म निष्फल हुन्छ"[80] भनिएको पाइन्छ। "ऋग्दवैदिक समाजमा पति–पत्नीलाई दम्पति भनिएको हुँदा घर–परिवारमा दुवैको समान स्वामित्व"[81] रहेको चर्चा *प्राचीन भारतीय समाज और चिन्तन* पुस्तकमा गरिएको पाइन्छ। "समान स्वामित्वबाट समान दायित्वबोध पनि अनिवार्य हुन्छ। यसै आधारमा वैद्धिक युगीन परिवारमा नर–नारीबिच अर्थगत सम्बन्ध समान भएको स्पष्ट हुन्छ।"[82]

उत्तरवैदिक कालमा पितृसत्तात्मक समाज व्यवस्थाको स्थापना भए पछि सम्पतिको अधिकार र सम्पूर्ण श्रमव्यवस्था र अर्थस्रोतमा पुरुषको अधिनमा रहन गएको पाइन्छ। जीववैज्ञानिक रूपले नारी–पुरुष दुई भिन्न प्राणी भएको हुँदा दुईको भिन्न सामाजिक र शारीरिक स्थिति रहेको पाइन्छ। नारीको जैविक भिन्नताको स्थितिले नारीलाई सामाजिक र आर्थिक हैसियतमा दोस्रो दर्जा र अधिनस्थको भूमिकामा आरोपित गर्ने कारकतत्वको काम गरेको देखिन्छ। परम्परागत पारिवारिक संस्कार र समाजीकरणको प्रक्रियामा छोरालाई सानै उमेरदेखि सबलता र आत्मनिर्भरताको संस्कार दिइएको पाइन्छ भने छोरीलाई सुकोमलता, सहनशीलता र समाज निर्भरताको संस्कारकासाथ पालन–पोषण गरिएको पाइन्छ। पितृप्रधान सामाजिक संरचनाका कारणले सत्ता, आयस्रोत र पैतृक सम्पतिका उत्तराधिकारीको दावीबाट अधिकारविहीन नारीलाई केवल पराश्रित व्यक्तिका रूपमा सीमित गराइएको देखिन्छ। "यसरी समाजको मेरूदण्ड मानिने अर्थनीतिबाट नारीलाई हटाउने प्रक्रिया

---

[80] मदन प्रसाद अर्याल र माधवी अर्याल, वि.सं 2066, *चाणक्य नीति*, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार, पृष्ठ 353।
धर्मार्थकामोक्षणं यस्यैकोपि न विद्यते।
जन्मजन्मनि मर्त्येषु मरण तस्य केवलम्।।

[81] चन्द्रदेव सिंह, सन् 1987, *प्राचीन भारतीय समाज और चिन्तन*, वाराणसी : विश्वविद्यालय प्रकाशन, पृष्ठ 29।

[82] रेमिका थापा, सन् 2018, *हायमानदास राई 'किरात'-का कथामा चित्रित नर–नारी सम्बन्ध : एक विवेचनात्मक अध्ययन* (शोधग्रन्थ), पूर्ववत्, पृष्ठ 88।

चलाइएकाले पुरुषतन्त्री समाजको व्यवस्थाको जड अझ बलियो भएको बुझिन्छ। पारिवारिक दायित्वमा पनि विभिन्नता रहेको देखिन्छ। आर्थिक प्रधानताको कारण पतिलाई परिवारमा प्रथम स्थान प्राप्त गराइएको पाइन्छ भने पत्नीलाई दोस्रो स्थान प्राप्त गराइएको पाइन्छ। यस आधारमा दुईको सम्बन्ध शासक र शासितका रूपमा परिणत हुँदै गएको कुरालाई जोन स्टुअर्ट मिलले उल्लेख गरेका छन्।"[83]

*द सबजेक्नस अफ वुमन* पुस्तकमा जोन स्टुअर्ट मिलले "परिवार निजी सम्पति, वर्ग विभाजनद्वारा संरचित समाज व्यवस्था, राजसत्ताको उद्‌भव र विकासमा नारीहरूको सहभागितालाई वञ्चित गरिनु, नारीलाई दोस्रो दर्जाको नागरिक मानिनु र पुरुषको तुलनामा शारीरिक दुर्बलताका कारण नारी स्वत: पुरुषको अधिनस्थ हुन पुगेकी देखिन्छ[84]" भनेको पाइन्छ। पुरुषप्रधान समाजमा घरेलू श्रमबाट उत्पादित आयस्रोत नगण्य ठानिएको छ। यस्तो घरेलू श्रममा भने नारीलाई मात्र सीमित राखिएको पाइन्छ। यसैले फेड्रिक एङ्गल्सले "जब सम्म नारीलाई सामाजिक उत्पादनमूलक र आयस्रोतका कामदेखि अलग अनुर्वर, अनुत्पादक र अबौद्धिक मानिएका कार्यहरूमा मात्र सीमित राखिन्छ तबसम्म नारीलाई आर्थिक स्वतन्त्रता प्राप्त गर्न र पुरुषसमान बराबरीको हक र अवस्थान पाउन असम्भव हुन्छ अनि भविष्यमा पनि असम्भव रहिरहन्छ"[85] भनेको पाइन्छ। "आर्थिक आत्मानिर्भरता नभएको र सम्पत्तिको उत्तराधिकारी पनि नभएको हुनाले नारीको आर्थिक सबलताको एकमात्र विकल्प विवाह रह्यो। विवाहको विकल्पलाई नारीले बाध्यतावश आफ्नो भविष्य निर्माण, जीवन निर्वाहन र अस्तित्व निर्माणका रूपमा स्वीकार गर्नु कर

---

[83] जोन स्टुअर्ट मिल, सन् 1996, *द सबजेक्नस अफ वुमन*, लण्डन : लगम्यानस्, ग्रीन रिडस् एन्ड डायर, पृष्ठ 27।

[84] जोन स्टुअर्ट मिल, सन् 1996, *द सबजेक्नस अफ वुमन*, पूर्ववत्, पृष्ठ 26।

[85] फेड्रिक एङ्गल्स, सन् 1989, *द अरिजिन अफ फ्यामेलि, प्राइभेट प्रपर्टी एन्ड द स्टेट*, पूर्ववत्, पृष्ठ 46।

परेको देखिन्छ। यस प्रकार नारीका निम्ति विवाह बाध्यता विकल्प मात्र नभएर नियति नै रहेको बुझिन्छ।"[86] सिमोन वुभाले पनि "विवाहलाई एउटा आर्थिक अनुबन्ध मानेकी छन्, जसमा पत्नीले पतिलाई शारीरिक सुख उपलब्ध गराएको साटोमा पतिले पत्नीलाई भौतिक सुख सुविधा र आर्थिक निर्भरता प्रदान गर्छ।"[87] यी विभिन्न विद्वान्, अध्येताहरूको मान्यताको आधारमा पति पत्नीका रूपमा नारी–पुरुषको सम्बन्ध आर्थिक सम्झौता, परिस्थिति र शर्त अनुसार पनि परिचालित भएको बुझ्न सकिन्छ।

लैङ्गिक आधारमा श्रमको विभाजन गरिएको हुनाले अर्थसँग सोझो सम्बन्ध राख्ने घरबाहिरका श्रमहरू पुरुषका निम्ति अनि घरभित्रका घरेलू र अर्थरहित मानिएका वा कम वेतनका कामहरू नारीका निम्ति तय गरिएको पाइन्छ, जो न्यायोचित देखिदैँन। यस किसिमको श्रम विभाजनले नारी आर्थिक दृष्टिले सदैव पुरुषप्रति निर्भर रहनुपर्ने स्थितिको सिर्जना भएको पाइन्छ। पुरुषको श्रम शक्तिलाई उच्च महत्त्वको अनि नारीद्वारा गरिने घरेलू कामकाजलाई निम्न महत्त्व र दोस्रो दर्जाको मानिएको पाइन्छ। सिमोन वुभाको भनाइमा "यस्तो निम्न महत्त्वको अवस्थानदेखि मुक्ति पाउनकै निम्ति नारीहरूले आर्थिक स्वतन्त्रताप्रति अभिरूचि राख्न थाले जसबाट कमाउ अथवा कामकाजी नारीहरूको स्वरूप तयार भएको देखिन्छ।"[88]

नारी शिक्षाको प्रचार प्रसार, पारिवारिक रूढीवादी मान्यतादेखि नारीहरूलाई पुरुषसरह रोजगारको क्षेत्रका सहभागिताको अवसर, विवाहलाई नोकरीको विकल्प मान्ने धारणाको संशोधन, राज्य तथा राष्ट्रीय सरोकारका विषयमा नारीहरूको सक्रिय

---

[86] रेखा कस्तावार, सन् 2016, *स्त्री चिन्तन की चुनौतीयाँ*, नयाँ दिल्ली : राजकमल प्रकाशन, पृष्ठ 47।

[87] सिमोन वुभा, सन् 2011, *द सेकेन्ड सेक्स*, कन्सटेन्स् बोर्ड र शीला मालोभनि चेभलियर, (अनु) लण्डन : भिन्टेज बुकस्, पृष्ठ 194।

[88] सिमोन वुभा, सन् 2011, *द सेकेन्ड सेक्स*, पूर्ववत्, पृष्ठ 89।

सहभागिता, नारीवादी आन्दोलनको प्रार्दुभाव र व्यापकता, भारतीय संविधानद्वारा "समान नागरिक संहिताका आधारमा जाति, लिङ्ग, धर्म र जन्म स्थानको आधारामा कसैलाई भेदभाव गरिनु निषेध गरिएको कानुन र ऐन लागू गरिनाका साथै विभिन्न कानुनहरू हिन्दू विवाह अधिनियम (सन् 1955), हिन्दू उत्तराधिकारी अधिनियम (सन् 1956), हिन्दू दत्तक र भरण-पोषण अधिनियम (सन् 1956), हिन्दू अप्राप्तवयता र संरक्षकता अधिनियम (सन् 1956), दहेज र बलात्कार विरूद्ध कानुन"[89] आदि जस्ता कार्यहरूले समाजमा नारीका स्थितिलाई सुधार गर्न सहयोग गरेको पाइन्छ। वर्तमान स्थितिमा नारीहरू आर्थिक रूपले स्वनिर्भर, आत्मविश्वास र अधिकारले सम्पन्न बनेका देखिन्छन्।

### 2.8 साइनो सम्बन्ध

"समाजद्वारा मान्यता प्राप्त वैवाहिक सम्बन्ध वा प्रथाद्वारा, जन्म, हाडनाता तथा रगतको आधारमा स्थापित हुने परस्पर सम्बन्धलाई नाता सम्बन्ध वा साइनो सम्बन्ध"[90] भनिएको पाइन्छ। समाजका हरेक व्यक्ति विवाह, परिवार वा जन्मको आधारमा एका-अर्कासँग साइनो लगाउन वा सम्बन्धित बन्न पुगेको देखिन्छ। *इन्डियन सोसियल सिस्टम* पुस्तकमा परिवारलाई एउटा संस्थाका रूपमा मानेर यस संस्थामा पति-पत्नीमाझ यौन संसर्गको वैधता सन्तान प्राप्त गर्ने उद्देश्यमा केन्द्रित रहेको मानिएको पाइन्छ।[91] हिन्दू सनातन धर्म र *मनुस्मृति*-मा विवाहको प्रेरकतत्वका रूपमा धर्म, प्रजा र रतिलाई मानिएको पाइन्छ।[92] विवाहको विभिन्न उद्देश्यमध्ये मुख्य रूपमा धर्म पालन, शारीरिक तृप्ति साथै प्रजा अर्थात् सन्तान

---

[89] रेखा कस्तावार, सन् 2016, *स्त्री चिन्तन की चुनौतीयाँ*, पूर्ववत्, पृष्ठ 113।

[90] कमलराज शर्मा, वि.सं 2066, *आधारभूत समाजशास्त्र र मानवशास्त्र*, पूर्ववत्, पृष्ठ 119।

[91] राम आहुजा, सन् 1993, *इन्डियन सोसियल सिस्टम,* नयाँ दिल्ली : रावत पब्लिकेसन, पृष्ठ 199।

[92] तुलसी आचार्य, वि.सं 2015, *मनुस्मृति,* पूर्ववत्, पृष्ठ 208।

उत्पत्तिलाई मानिएको पाइन्छ। "सनातन शास्त्रहरूमा पति-पत्नीमाझ हुने प्रणय र सहवास सम्बन्धको आधिकारिक मान्यता सन्तान प्राप्तिको उद्देश्य हासिल गर्नका निम्ति नै स्थापित भएको पाइन्छ।"[93] साइनो सम्बन्ध र "नातेदारी व्यवस्थाको प्रमुख रूप भनेको परिवार हो। परिवारको उत्पत्ति बिन्दु भनेको विवाह हो। यसर्थ नाता सम्बन्ध समाजले मान्यता दिएको विवाह प्रथा र जन्मद्वारा स्थापित हुने व्यक्तिहरूको सम्बन्ध हो। समाजमा नाता व्यवस्थाको प्रमुख आधार नै विवाह हो र हरेक व्यक्ति विवाह र जन्मको माध्यमबाट नै साइनो सम्बन्धी र नाता-गोताको श्रेणीमा आउँछन्।"[94] यसरी नै पति पत्नीको सहवास सम्बन्ध दैहिक सुखभन्दा धेर सन्तानसुख हो भन्ने शास्त्रसम्मत धारणा सर्वोपरी रहेको पाइन्छ। सन्तान प्राप्तिले पति-पत्नीको सम्बन्धलाई एक सिर्जनात्मक मर्यादा दिन्छ। सन्तान प्राप्ति देह सुखको सामाजिक र कानुनी विधिदेखि माथि रचनाशील सामाजिक दायित्वपूर्ण कर्तव्य बन्दछ। सन्तान प्राप्तिले पति-पत्नीलाई माता-पिताको दर्जा प्राप्त हुन्छ, जसद्वारा अन्य सामाजिक सम्बन्धहरूको क्षेत्र विकास हुँदै जान्छ भन्ने मान्यता रेमिका थापाको रहेको पाइन्छ।

पितृप्रधान सामाजिक संरचनाको प्रार्दुभाव पश्चात् सत्ता, सम्पति, आयश्रोतका सम्पूर्ण अवसर र अन्य सामाजिक उत्पादनको क्षेत्रमा पुरुषको वर्चस्व कायम हुनका साथै सन्तान उत्पत्तिमा नारीको भूमिका पोषकसम्म मात्र सीमित गरिएको बुझिन्छ। सन्तान उत्पादन कार्यमा नारीलाई धरती र पुरुषलाई बीज रूप मानिन्छ। "बीज र क्षेत्रमा कुन श्रेष्ठ हो भन्ने तर्कमा *मनुस्मृति* बीजलाई श्रेष्ठ मान्दछ, किनभने सबै प्राणीहरूको उत्पति बीजको लक्ष्ण अनुसार हुन्छ"[95] भनिएको पाइन्छ। क्षेत्र रूप

---

[93] रेमिका थापा, सन् 2018, *हायमानदास राई 'किरात'-का कथामा चित्रित नर-नारी सम्बन्ध : एक विवेचनात्मक अध्ययन* (शोधग्रन्थ), पूर्ववत्, पृष्ठ 92।

[94] कमलराज शर्मा, वि.सं 2066, *आधारभूत समाजशास्त्र र मानवशास्त्र*, पूर्ववत्, पृष्ठ 126।

[95] तुलसी आचार्य, वि.सं 2015, *मनुस्मृति*, पूर्ववत्, पृष्ठ 316।

मानिएकी नारीको अस्तित्व पुरुष बीजअघि नगन्य ठानिएको पाइन्छ। विभिन्न शास्त्रहरूले पनि सन्तान उत्पत्तिमा नारीको धरती रूपभन्दा पुरुषको बीज रूपलाई सर्वोपरि, सर्वोच्च र प्रधान मानेको देखिन्छ। पुरुष यसरी उत्पादक शक्तिको प्रतीक बन्न पुगेको देखिन्छ। "गर्भधारण, मातृत्व र प्रजनन क्षमताको जुन शक्तिले नारीको शक्ति, उर्जा र सम्मानपूर्ण स्थान बनाएको थियो त्यो सत्ता पुरुष वीर्यको सर्वोच्चता र प्रधानताको अघि कम मूल्यको अथवा नगण्य ठानिन थालेको स्थिति अवस्थितिलाई एङ्गल्सले *द अरिजिन अफ फ्यामेलि, प्राइभेट प्रपर्टी एन्ड द स्टेट* पुस्तकमा विस्तृत रूपमा चर्चा गरेको पाइन्छ। "पितृसत्तामक व्यवस्थामा नारीलाई दोस्रो दर्जाका नागरिकको रूपमा स्थापित गरिनु, घरेलू श्रममा मात्र सीमित राखिनु, घरेलू श्रमलाई अनुत्पादक र नगण्य ठानिनु, नारीलाई कम वेतन दिनु, कामकाजी नारीहरूप्रति हेय एवम् निम्न दृष्टि राखिनु, नारी कामकाजी भए तापनि उसको मूल कार्य घर–गृहस्थी सञ्चालन गर्नु हो भन्ने प्रवृत्ति राख्नु, कमाउ नारीप्रति दोहोरो श्रमको भार, पति–पत्नीमाझ भावनात्मक पारस्पारिकता र संवेदनशील अन्तरङ्गको अभाव तथा सन्तानमाथि पनि पुरुषको एकलौटी अधिकार रहनुले नारीको कोख र प्रजनन क्षमतालाई एउटा यन्त्र वा एउटा वस्तुको अर्थमा मात्र सीमित" गरिएको छ भन्ने विचार रेखा कस्तावारको रहेको पाइन्छ।

वर्तमान समयमा उच्च शिक्षा, उत्पादनमूलक श्रमहरूमा नारीहरूको उचित सहभागिता, आर्थिक स्वनिर्भरता, शारीरिक स्वास्थ्य, स्वतन्त्रता, स्वअस्तित्व, नारी अस्मिता र सहुलियतप्रति नारीहरू सचेत रहेको पाइन्छ। तथापि "गर्भ निरोधकको साधन, गर्भपात, गर्भस्थापना, कृत्रिम गर्भधान, सरोगेसी संस्कृति

आदिले आधुनिक कालमा नारीको कोखलाई यान्त्रिक प्रयोगशालामा परिणत गरिन थालिएको हुनाले नारी–पुरुषको सम्बन्ध कृत्रिम र जटिल हुन पुगेको देखिन्छ।"[96]

एउटा परिवार निर्माण हुनका निम्ति त्यस परिवारभित्र विभिन्न साइनो–सम्बन्धीहरूको मेल भएको हुन्छ। कुनै पनि परिवारको मुखियाको रूपमा बाबु र आमा रहेका हुन्छन्। ती बाबु र आमा (स्त्री–पुरुष)–सँग सम्बन्धित अन्य नाता–गोताको समूहद्वारा एउटा परिवार निर्मित हुन्छ। साइनो र सम्बन्धमा नेपाली समुदाय धेरै धनी छ। प्रत्येक सम्बन्धलाई निश्चित रूपले जनाउने र चिनाउने ठिक सम्बन्धात्मक शब्दहरू नेपाली समुदायमा पाइन्छन्।

पारिवारिक साइनो र सम्बन्धलाई जनाउने शब्दहरूलाई देखाउन निम्नलिखित तालिकाको सहयोग लिइएको छ –

**आमा/बाबु, (स्त्री–पुरुष)**

| **मातृपक्ष** | **स्व–परिवार** | **पितृपक्ष** |
|---|---|---|
| ज्यामै/जीबा (सासू/ससुरा, सम्धीनि/सम्धी) | आमा, (सैतेनीआमा)/बाबु) (झड्केलो बाबु) (सासू/ससूरा) (सम्धीनि/सम्धी) | हजुरआमा, आमै. जीबा/हजुरबा, बाबै, (सासू/ससुरा) (सम्धीनि/सम्धी) |
| माइजू/मामा | बुहारी/छोरा, झड्केलो छोरा | बढीआमा/बढाबाबु |
| ठुलीआमा/ठुलाबाबु | छोरी, झड्केलो छोरी, /ज्वाई | काका/काकी |
| सानीमा/सानाबा | दाजु/ भाउजू | फूपु/फूपाजु |
| मावली भाउजु/मावली दाजु | दिदी/भिनाजु | दाजु/ भाउजु |
| मावलीबुहारी/मावलीभाइ/झोलीको देवता/बाहुन | बहिनी/ज्वाई | दिदी/भिनाजु |

[96]. रेखा कस्तावार, सन् 2016, *स्त्री चिन्तन की चुनौतीयाँ*, पूर्ववत्, पृष्ठ 38।

| | | |
|---|---|---|
| दाजु/बाहुन भाइ | | |
| दिदी/भिनाजु | भाइ/बुहारी | बहिनी/ज्वाई |
| बहिनी/ज्वाई | भतिजो/भतिजी बुहारी | भाइ/बुहारी |
| भतिजी बुहारी/भतिजो | भतिजी/ज्वाई | आमाजू/आमाजू दाजु |
| भतिजी/ज्वाई | नाति/नातिनी बुहारी | नन्द/नन्दे भाइ |
| | नातिनी/ज्वाई (नातिने ज्वाई) | भदो/बुहारी (भदा बुहारी) |
| | पनाति/पनातिनी बुहारी | भदै/ज्वाई |
| | पनातिनी/ज्वाई | साली/भेना (भिनाजु) |
| | जनाति/ जनातिनी | |
| | खनाति/खनातिनी बुहारी | सोल्टी/सोल्टिनी |
| | खनातिनी/ज्वाई | |

नेपाली जाति साइनो सम्बन्धका लागि समृद्ध मानिन्छ। नेपाली समुदायमा साइनो सम्बन्ध जनाउने शब्दहरू धेरै पाइन्छन्। यी साइनोहरू पुस्तौंदेखि प्रचलित रहँदै आएको पाइन्छ र पुस्तौंसम्म पनि यसको क्रम निरन्तर रहन्छ। छोरा, नाति, पनाति, जनाति, खनातिसम्म भन्ने गरिन्छ। सोहि प्रकारले छोरा-छोरीहरूमा पनि उनीहरूको जन्मको क्रम अनुसार जेठो, माइलो, साइलो, ठाइलो, काइलो, राइलो, अन्तरे, जन्तरे, मन्तरे, खन्तरे, लखन्तरे, ठुलो कान्छो, सानो कान्छो र यसरी नै छोरीहरूमा पनि जेठी, माइली, साइली, ठाइली, काइली, राइली, अन्तरी, जन्तरी, मन्तरी, लखन्तरी, ठुली कान्छी र कान्छी भनेर सम्बोधन गरिन्छ।

मानिसको जन्मदेखि नै साइनो र सम्बन्धहरूसँग उसको संलग्नता हुनजान्छ। एउटा मानिसले उसको बालक अवस्थामा चेतनाको विकास पूर्व जानेको सम्बन्ध आमा-बाबुको हो। आमा/बाबुदेखि आफ्ना कुटुम्बेली परिवारका क्रमशः ज्यामै/जीबा, दाजु/भाउजू, दिदी/भिनाजु, भाइ/बुहारी, बहिनी/ज्वाई, बढाबाबु/बढीआमा, काका/काकी, फूपु/फूपाजु, भदो/बुहारी, भदैनी/ज्वाइ, नाति/नातिनी बुहारी,

नातिनी/ज्वाई, पनाति/पनातिनी बुहारी, पनातिनी/ज्वाई, खनाति/खनातिनी बुहारी, खनातिनी/ज्वाई आदि।

यसरी नै मावली पक्षका सम्बन्धहरूमा जीबा/ज्यामै, मामा/माइजू, ठुलाबा/ठुलीआमा, सानाबा/सानीमा, मावली दाजु/मावली भाउजु, मावली भाइ/मावली बुहारी, झोलीको देवता, बाहुन दाजु/बाहुन भाइ, दिदी/भिनाजु, बहिनी/ज्वाई, भतिजो/भतिजी बुहारी, भतिजी/ज्वाई, नन्द/नन्दे भाइ, आमाजू/आमाजू दाजु आदि पर्छन्।

यसप्रकार परिवारभित्र आफ्नो सम्बन्धलाई हेरेर साइनोमा सम्बोधन गरिन्छ। पुस्तौ पुस्ता सम्म पनि साइनो हराएर जादैन। नेपाली समुदायमा तीन पुस्तासम्म आफ्नो साइनो सम्बन्ध पर्ने तथा आफ्नो गोत्र र आमा र ज्यामैको गोत्रमा पर्ने बुढामावली, मावली साइनो सम्बन्धीहरूसँग पनि वैवाहिक सम्बन्ध स्थापित गर्नु हुँदैन भन्ने मान्यता रहिआएको पाइन्छ।

## 2.9 मनोवैज्ञानिक सम्बन्ध

मनोविज्ञानलाई दर्शनशास्त्रको एउटा शाखा पनि मानिएको पाइन्छ। मनोविज्ञानलाई साधारण अर्थमा मनको विज्ञान भनिएको पाइन्छ। "मनोविज्ञान यस्तो शैक्षिक र अनुप्रयोगात्मक विधा हो जसले प्राणीको मानसिक प्रक्रियाहरू, अनुभवहरू तथा व्यक्त र अव्यक्त दुवै प्रकारका व्यवहारहरूको क्रमबद्ध तथा वैज्ञानिक अध्ययन गर्दछ। दोस्रो शब्दमा भन्न पर्दा मनोविज्ञान एउटा यस्तो विज्ञान हो जसले क्रमबद्ध रूपमा, प्रेक्षणीय व्यवहारको अध्ययन गर्दछ साथै प्राणीको मानसिक एवम् दैहिक (शारीरिक) प्रक्रियाहरू जस्तै- चिन्तन, भाव आदि साथै वातावरणमा घटित घटनाहरूसँग प्राणीको सम्बन्धलाई जोडेर अध्ययन गरेको पाइन्छ। यसै सन्दर्भमा मनोविज्ञानलाई व्यवहार र मानसिक प्रक्रियाहरूको अध्ययनको विज्ञान भनिएको हो।

'व्यवहार'-अन्तर्गत मानव व्यवहार तथा पशु व्यवहार दुवैको अध्ययन तथा मानसिक प्रक्रियाहरूमा सम्वेदना, अवधान, प्रत्यक्षण वा धारणा, चिन्तन आदि पर्दछन्। मनोविज्ञान अनुभवहरूको विज्ञान भएकोले यसको उद्देश्य चेतनावस्थामा गरिएका प्रक्रियाको तत्वहरूको विश्लेषण, ती तत्वहरूको परस्पर सम्बन्ध र स्वरूप तथा ती तत्वहरूलाई निर्धारित गर्ने नियमहरू खुट्ट्याउनु आदि रहेको पाइन्छ।"[97]

विभिन्न विद्वानहरूले मनोविज्ञानको परिभाषा यस प्रकार दिएको पाइन्छ - वाटसन "मनोविज्ञानलाई व्यवहारको निश्चित वा शुद्ध विज्ञान मान्दछन्" भने मैक्ड्रगल "मनोविज्ञानलाई आचरण एवम् व्यवहारहरूको यथार्थ विज्ञान मान्दछन्।" वुडवर्थका दृष्टिमा "मनोविज्ञान, वातावरणको सम्पर्कमा भएका मानव व्यवहारको विज्ञान भन्ने कुरालाई समर्थन गर्दछन्।" क्रो एन्ड क्रोका विचारमा "मनोविज्ञान,मानव-व्यवहार र मानव सम्बन्धहरूको अध्ययन हो।" स्क्नर अनुसार "मनोविज्ञान, व्यवहार र अनुभवहरूको विज्ञान हो।"[98]

सन् 1912-मा मनोविज्ञानको विभिन्न सम्प्रदायको विकास भएको पाइन्छ। जसमध्ये सिग्मन्ड फ्रायडद्वारा पक्षपोषित मनोविश्लेषण (सन् 1896) एउटा मुख्य शाखा रहेको देखिन्छ। "मानिसको व्यवहारहरूको वैज्ञानिक अध्ययन मनोविज्ञानको मुख्य आधार मानिएको छ। यसै सन्दर्भमा फ्रायडले मनोविश्लेषणवादको स्थापनाद्वारा मानिसले गरेका विभिन्न व्यवहारहरूको अधिकांश कारण अचेतन मनको

[97] कृष्णहरि बराल, वि.सं 2072, *मनोविश्लेषण र साहित्य*, काठमाडौं : अक्सफोर्ड इन्टरनेसनल एकेडेमी, पृष्ठ 44 ।

[98] सिग्मन्ड फ्रायड, सन् 2013, *ए जेनरल इन्ट्रोडक्सन टु साइकोएनालिसिस्*, जी. स्ट्यानले हल (अनु.) लण्डन : क्लाक विश्वविद्यालय, पृष्ठ 2।

प्रक्रियाहरूद्वारा निर्धारित भएको हुन्छ भन्ने तथ्यलाई बताउने प्रयास गरेको देखिन्छ।"[99]

यस "मनोवैज्ञानिक सम्बन्ध" उपशीर्षकअन्तर्गत मुख्य रूपले नारी–पुरुषबिचको यौनमनोवैज्ञानिक सम्बन्ध र प्रेम सम्बन्धको अध्ययन गर्ने प्रयास गरिएको छ। मानव जीवनमा यौन सम्बन्धको महत्त्वपूर्ण भूमिका रहेको पाइन्छ। फ्रायडले "मानिसको जीवनमा आनन्दको चाहना गराउने र अन्य कार्यहरूका लागि प्रेरकको भूमिका बहन गर्ने शक्ति र उर्जा यौन प्रचालक वा कामवृत्ति हो भनेको पाइन्छ।"[100] यसरी कामवृत्ति अथवा यौन सम्बन्धलाई जीवनका यावत कुराहरू गराउने प्रेरणाको मूल स्रोत मान्ने सिग्मन्ड फ्रायडले मानिसको मनको प्रकारात्मक वर्गीकरण र मनको गत्यात्मक पक्ष गरी दुई वर्गमा विभाजन गरेको पाइन्छ। मनको प्रकारात्मक वर्गीकरणमा अचेतन मन, अर्द्ध चेतन मन र चेतन मन गरी तीन भागमा बाडेर अचेतनमनअन्तर्गत अनैतिक अनतः प्रेरणा, भय, स्वार्थ, दमित विचार, मूर्ख व्यवहार, स्मृति, अनुभव, शिक्षा, यौनेच्छा, मनोद्वन्द्व आदिको शक्तिशाली पुञ्ज मानेको पाइन्छ। "हरेक प्राणीका लागि यौन एक आधारभूत एवम् अनिवार्य जैविक आवश्यक्ता हो। यौन सम्बन्धबिना प्राणीको सृष्टिको निरन्तरता सम्भव छैन।"[101] सनातन धर्म, विभिन्न धर्म शास्त्र, *मनुस्मृति* तथा विभिन्न विद्वान् अध्येताहरूले विवाहलाई नारी–पुरुषबिच यौन सम्बन्धलाई वैधता प्रदान गर्ने स्थायी संस्था मानेको पाइन्छ। "प्रत्येक प्राणीका निम्ति यौन एक आधारभूत एवम् अनिवार्य जैविक आवश्यक्ता हो, जसलाई सुव्यवस्थित एवम् नियन्त्रित ढङ्गबाट पूरा गर्नका निम्ति मानव समाजले विवाहद्वारा वैधानिक प्रचलन ग्रहण गरेको छ। प्राचीन

---

[99] सिग्मन्ड फ्रायड, सन् 2013, पूर्ववत्, पृष्ठ 45 ।

[100] सिग्मन्ड फ्रायड, सन् 2016, *थ्रि कनट्रिब्युसनस् टु द थ्योरी अफ सेक्स*, ए.ए ब्रिल, (अनु.), बोस्टन : एरिडिक इबुक, पृष्ठ 50।

[101] सिग्मन्ड फ्रायड, सन् 2013, *ए जेनरल इन्ट्रोडक्सन टु साइकोएनालिसिस्*, पूर्ववत्, पृष्ठ 95।

सनातन शास्त्रमा विवाहका आधारभूत प्रेरक तत्त्वहरूमध्ये रति तथा यौनलाई मुख्य मानिएको पाइन्छ।"[102]

*मनुस्मृति*मा मानिसको जीवनलाई ब्रह्मचार्य आश्रम, गृहस्थ आश्रम, वानप्रस्थ आश्रम र सन्यास आश्रम गरी चारवटा आश्रममा विभाजन गरिएको पाइन्छ।[103] तीमध्ये विद्वानहरूले गृहस्थाश्रमलाई अरू तीन आश्रमहरूभन्दा श्रेष्ठ रहेको बताएका छन्। मानिसको आयुको विभाजन गरी जन्मदेखि पच्चिस वर्षको अवधिलाई ब्रह्मचार्य आश्रम, छब्बिसदेखि पचास वर्षसम्मको अवधिलाई गृहस्थ आश्रम, एकाउन्न वर्षदेखि पचहत्तर वर्षसम्म वानप्रस्थ आश्रम र छ्यात्तर वर्षदेखि सय वर्षसम्म सन्यास आश्रम मानेको पाइन्छ। छब्बिसदेखि पचास वर्षसम्म विषयभोगका लागि विभाजन गरिएको पाइन्छ। "*मनुस्मृति*-को तेस्रो अध्यायमा विवाह र सहवासका आचार संहिता र विधि-विधानहरूका साथै दाम्पत्य जीवनमा यौनको अनिवार्यता र महत्त्वलाई स्पष्ट गरिएको पाइन्छ। यसका साथै सफल दाम्पत्य जीवनको निम्ति यौनको औचित्यलाई पनि चित्रण गरिएको पाइन्छ। विवाहित नारी-पुरुषको यौन समागम गर्दा ऋतुकालको सोह्र रात्रीहरूमा पहिलो, चार रात, एघारौँ र तेह्रौँ रातलाई छोडेर अन्य बाँकी दस रातमा यौन सम्पर्क निन्दित छैनन् भनेको पाइन्छ। यी दस रातभित्र यदि कुनै पतिले पत्नीसँग यौन सम्पर्क नगरे उसका सबै पितृहरू पत्नीको रजमा सुतेका हुनेछन्"[104] भन्ने कुराको उल्लेख गरिएको पाइन्छ। यस प्रकार नारी-पुरुषको सम्बन्धलाई विस्तारित र स्थायित्व प्रदान गर्ने विभिन्न कारण र कारकहरूमध्ये एउटा मुख्य कारणका रूपमा यौन सम्बन्धलाई लिन सकिन्छ।

---

[102] रेमिका थापा, सन् 2018, *हायमानदास राई 'किरात'-का कथामा चित्रित नर-नारी सम्बन्ध : एक* विवेचनात्मक *अध्ययन* (शोधग्रन्थ), पूर्ववत्, पृष्ठ 95।

[103] तुलसी आचार्य, वि.सं 2015, *मनुस्मृति*, पूर्ववत्, पृष्ठ 108।

[104] तुलसी आचार्य, वि.सं 2015, *मनुस्मृति*, पूर्ववत्, पृष्ठ 95।

"प्रेम नर-नारीमाझ आन्तरिक एकात्म्य र पारस्परिक सौहार्दतालाई विकास गर्ने र आपसी बुझाइलाई विस्तृत गर्ने शक्ति हो।"[105] *स्त्री चिन्तन की चुनौतियाँ* पुस्तकमा रेखा कस्तावारले प्रेम र यौनबिच एउटा झिनो भिन्नता मात्र रहेको बताएकी छन्। प्रेमको विशिष्ट स्वरूपबाट नै रतिराग उत्पन्न हुने कारणले पति-पत्नीमाझ भावनात्मक सम्बन्ध हुन आवश्यक रहेको छ। किनभने पति प्रेमिको सम्पूरक त हुन सक्छ तर उ प्रेमी पुरुष नहुन पनि सक्छ भनेकी छन्। नारी-पुरुषबिच विवाह र प्रेमको सम्बन्धमा सिमोन वुभाले "विवाहको मुख्य उद्देश्य समाजको स्वार्थपूर्ति हेतु नारी-पुरुषबिचको यौन तथा आर्थिक गठबन्धन मात्र हो, जो प्रेममा आधारित हुनुपर्छ भन्ने अनिवार्यता छैन। किनभने विवाह प्रेममा आधारित हुँदैन। प्रेम र विवाहको यो अन्तर आकस्मिक होइन तर विवाहको संस्थामा निहित विरोधाभास हो। वुभा अझ भन्छिन् विवाहको परम्परागत स्वरूपले नारीलाई अधिनस्थको रूपमा स्वीकार गरेको हुँदा उसको इच्छा र चाहनालाई नगण्य ठानिएको पाइन्छ। किनभने परम्परागत रूपमा विवाहको मुख्य उद्देश्य सन्तानोत्पति, सन्तानको पालन पोषण, घरको आर्थिक व्यवस्था सुधार एवम् पत्नीमाथि पुरुषको एकाधिकार भएको पाइन्छ। यसैले प्रेम जस्तो संवेदना र भावनालाई दोस्रो स्थानमा राखिन्छ अथवा कतिपय स्थतिमा प्रेमलाई नगण्य स्थान दिइएको पाइन्छ। यसैले नारी वा पत्नीका निम्ति यौन सम्बन्ध कहिले काही बलात्कारको अनुभवभन्दा कम त्रासद हुँदैन।[106]

नारीहरूको सत्ता, व्यक्तिगत कामना र इच्छाको दमन र तिरस्कारले गर्दा पति-पत्नीका स्वरूपमा नारी-पुरुषको यौन समागम अत्यन्त कृत्रिम र असहजपूर्ण

---

105 रेमिका थापा, सन् 2018, *हायमानदास राई 'किरात'-का कथामा चित्रित नर-नारी सम्बन्ध : एक विवेचनात्मक अध्ययन* (शोधग्रन्थ), पूर्ववत्, पृष्ठ 100।

106 सिमोन वुभा, सन् 2011, *द सेकेन्ड सेक्स*, पूर्ववत्, पृष्ठ 192-200।

रहेको देखिन्छ। नारी–पुरुषमाझ प्रेम, स्नेह, भावनात्मकता, हार्दिकता, सामञ्जस्यता र आत्मीयता बिना गरिएको यौन संसर्ग एउटा निर्मम बलात्कार जस्तो मात्र हुन पुग्छ भन्न सकिन्छ। "नारीको देह मात्र यस्तो कुञ्जी मानिएको छ, जसका कारण उसलाई एउटा परिवारमा आर्थिक र सामाजिक संरक्षण प्राप्त हुँदछ, जसको साटोमा उसले पुरुषलाई पूर्ण इमान्दारीकासाथ यौन सेवा उपलब्ध गराउने आग्रह राखिएको हुन्छ।"[107] यस्तो स्थितिमा पुरुषद्वारा नारीले प्रेम जस्तो आत्मिक र आन्तरिक संवेदना र भावनात्मकताको अपेक्षा राख्नु अवाञ्छनीय देखिन्छ।

वर्तमान समयमा उच्च शिक्षा, कानुन व्यवस्थामा संशोधन, पुरातनपन्थी सोच र मान्यतामा परिवर्तन, परम्परागत वैवाहिक मान्यताहरूमा आएको परिवर्तन, आधुनिकताको प्रवेश, नारीहरूमा स्वअस्तित्व, हक, अधिकारप्रति सचेतना आदिका कारणले नारी–पुरुषमाझ हार्दिकता, समान व्यवहार, स्नेहको विकास भएको पाइन्छ। विवाह, यौन संसर्ग, प्रेम जस्ता संवेदनाहरूद्वारा नारी–पुरुषबिच एका–अर्कामा समानतामूलक सम्बन्ध स्थापित हुन पुगेको देखिन्छ। नारी–पुरुषबिचको सम्बन्ध केवल यौन अथवा शारीरिक तृप्ति मात्र होइन तर परस्परमा उदारता, आत्मिक संसर्ग र भावनात्मक तादाम्यत्मकताजस्ता कुराहरू हुन आवश्यक रहेको देखिन्छ।

## 2.10 **सामाजिक सम्बन्ध**

"समाजमा कुनै पनि व्यक्ति आफैमा पूर्ण हुँदैनन्। समाज भनेको विभिन्न व्यक्तिहरूबिचको कुनै न कुनै रूपबाट एक आपसमा अन्तरक्रियाको माध्यमबाट बन्ने सम्बन्धको जालो हो। समाजमा कुनै रूपमा एक–अर्कासँग सम्बन्धित बाँच्न नसक्ने

[107] सिमोन वुभा, सन् 2011, पूर्ववत्, पृष्ठ 139।

भएको कारणले कुनै न कुनै रूपमा एका-अर्कासँग सम्बन्धित हुन्छन्।"[108] यस्ता सम्बन्धहरूलाई सामाजिक सम्बन्ध भनिएको पाइन्छ। "मानव-मानवबिचमा व्यवहारहरूको आदान-प्रदान, पारस्पारिक सहयोग र सम्बन्धहरूका कारण मानव समाज अस्तित्वमा आउँछ। त्यसैले निरन्तर र परिवर्तनशील, गतिशील र चलायमान भौतिक तथा सामाजिक-सांस्कृतिक दुनियाँमा आफ्ना बहुमुखी आवश्यक्ताहरूको परिपूर्ति र अनुकूलता प्राप्त गर्नका लागि मानवले समूहमा बसेर सम्बन्ध गासेर नमरून्जेल विविधतापूर्ण कुराहरूको सिर्जना गर्नुपर्दछ। फलस्वरूप मानव व्यक्तिहरूको समूह निमार्ण हुन्छ। व्यक्ति र समूहहरूबिच सम्बन्ध स्थापित हुन्छ। यही व्यक्तिहरूको आपसी व्यवहार तथा क्रियाकलापबाट बन्न जाने अन्तरक्रियात्मक सम्बन्धलाई सामाजिक सम्बन्ध मान्न सकिन्छ।"[109] सामाजिक सहयोगको रूपमा रहेको व्यक्तिहरूका सामाजिक आवश्यक्ता र सामाजिक व्यवहारलाई नियमित, नियन्त्रित, निर्देशित, सङ्गठित एवम् एकीकृत गर्न व्यक्ति-व्यक्तिबिच सामाजिक सम्बन्धको स्थापना भएको पाइन्छ।

समाजलाई एउटा संस्थाको रूपमा मान्न सकिन्छ। यसकारण सामाजिक भन्नु नै मानवीय आवश्यकतालाई पूरा गर्ने, व्यक्तिका व्यवहारलाई पथ प्रदर्शन गर्ने आधारभूत एकाइ हो। सामाजिक सम्बन्धलाई व्यक्तिको सामाजिक जीवनको बहुआयामिक पक्षलाई विस्तारित गर्ने महत्त्वपूर्ण भूमिका निर्वाह गरेको पाइन्छ। मानिस सामाजिक प्राणी भएको नाताले ऊ समाजका हरेक क्रियाकलापसँग जोडिएको हुन्छ। साइनो सम्बन्धको विषयमा एउटा उल्लेखनीय विषय के छ भने नेपाली समाजमा कुनै पनि व्यक्ति जात, उमेर, पेशा, ओहोदा आदिमा जतिनै ठुलो वा सानो भए तापनि परस्परमा साइनो लगाएर सम्बोधन गर्ने गरिन्छ। गाउँ-घर र

---

[108] कमलराज शर्मा, वि.सं 2066, *आधारभूत समाजशास्त्र र मानवशास्त्र*, पूर्ववत्, पृष्ठ 119।

[109] कमलराज शर्मा, वि.सं 2066, पूर्ववत्, पृष्ठ 1।

छर-छिमेकमा आ-आफ्नो उमेर हेरेर अथवा सम्बोधन गरिने व्यक्तिको उमेर हेरेर बाज/बोजू वा हजुर बा/हजुर आमा, काका/काकी, बढा/बढी, दाजु/ भाइ, दिदी/बहिनी आदि साइनोले बोलाइन्छ।

नेपाली समाजमा मित लगाएर पनि साइनो गाँस्ने चलन छ। मित लगाएका जोडीले एका-अर्कालाई मित र मितिनी भनेर बोलाउँछन्। मितका छोरा छोरीलाई पुत्ले छोरा र पुत्ले छोरी भनिन्छ। अन्य साइनोहरूमा मित शब्द जोडिन्छ- मिताआमा/मितबाबु, मितछोरा/मितछोरी, मितदाजु/मितभाउजु, मितदिदी/मितभिनाजु, मितभाइ/मित-बुहारी आदि।

यस बाहेक समाजमा बसोवास गर्दा वा दैनिक क्रियाकलापलाई हेरेर त्यससँग सम्बन्धित सम्बन्धहरूलाई पनि सामाजिक सम्बन्धको आधारमा विभिन्न प्रकारले छुट्याउन सकिन्छ। जस्तै क्रेता-विक्रेता, चालक-यात्री, नेता-जनता, डाक्टर-रोगी, मालिक-नोकर, दास-दासी, दाता-ग्रहिता, अग्रज-अनुज आदि।

समाजमा नारी-पुरुषबिच केवल वैवाहिक सम्बन्ध, पारिवारिक सम्बन्ध, साइनो सम्बन्धहरू मात्र नभएर समाजका अन्य व्यक्तिहरूसँग पनि विभिन्न सामाजिक सम्बन्धहरू रहेको पाइन्छ। रेमिका थापाको भनाइमा समाज विविध सम्बन्धहरूको व्यवस्थित रूप हो। वास्तवमा समाज एउटा अमूर्त अवधारणा हो, जहाँ अनेक व्यक्तिहरू पारस्परिक सहयोगितामा बाँचेका हुन्छन्। प्रत्येक मानिस समाज निर्माणको आधारभूत घटक हो, जसलाई व्यक्तिका रूपमा व्याख्या गरिन्छ। यद्यपि समाज, व्यक्तिहरूको समुच्चा मात्र होइन तर अनेक व्यक्तिमाझ हुने अन्तर्सम्बन्ध, अन्तरक्रिया र अन्तर्निर्भरशिलता परिभाषित हुने अवधारणा हो।

### 2.11 राजनैतिक सम्बन्ध

"मानिस धार्मिक, आर्थिक, सांस्कृतिक प्राणी मात्र नभई एक राजनीतिक प्राणी पनि हो। मानिसका यावत आश्यकता पूरा गर्न समाजमा आम मानिसको साझा सहमति चाहिन्छ। विभिन्न कुराहरूको निर्णय गर्ने र त्यसको जिम्मेवारी र जोखिम उठाउने काम समाजमा हुनेगर्दछ। यसको लागि शक्ति, अधिकार र हक सहितको नेतृत्वको आवश्यकता पर्दछ। यही निर्णय र नेतृत्वको लागि गरिने क्रियाकलापहरूको समुच्चा प्रणाली नै राजनीति हो। यसले अतीतमा मानव जीवन, समाज र राज्य कस्तो थियो भन्ने ऐतिहासिक अन्वेषण, राज्य वर्तमानमा के हो भन्ने विश्लेषण र भविष्यमा राज्य कस्तो हुनुपर्दछ भन्ने नीतिगत छलफल गर्नसक्ने क्षमता र अन्तरदृष्टि प्रदान गर्दछ। त्यसैले राजनीति राजनीतिक रूपले सङ्गठित मानिसहरूलाई सचेत र क्रियाशील गराउने संस्था हो। राजनीति नागरिक हित र संरक्षणको लागि निर्णय निर्माण गर्ने राज्य र सरकारको प्रतिनिधि संस्था हो।"[110] यसप्रकार राजनीतिलाई एउटा संस्थाका रूपमा प्रस्तुत गरिएको पाइन्छ।

कुनै देश अथवा राज्यको आर्थिक शक्ति, ऐन, कानुन, न्याय-दण्ड, संविधान, कुटनीतिक व्यवस्था आदि उपसंस्थानहरूको समुच्चा रूप राजनीतिक संस्था हो भन्न सकिन्छ। यही राजनीतिक संस्थामार्फत समाज, परिवार, समुदाय, राष्ट्रभित्र औपचारिक अथवा अनौपचारिक दुवै तवरले नीति-नियम, ऐन-कानुन, मूल्य-मान्यता, संविधान आदि निर्मित भएको हुँदछ। "राजनीतिले सामाजिक व्यवस्थाको संरचना र निर्माणमा एउटा महत्वपूर्ण अङ्गको भूमिका निर्वाह गरेको पाइन्छ। तसर्थ राजनीति समाज व्यवस्थाभित्र सम्बद्ध विभिन्न तत्वहरूमध्ये एउटा निर्णायक, प्रभावकारी र अन्तिम संस्थागत प्रक्रिया हो।"[111] आशाराम र पन्नालाल श्रीवास्तव अनुसार "राजनीति सुसङ्गठित मानव समाज र मानव जीवनको एक

---

[110] कमलराज शर्मा, वि.सं 2066, *आधारभूत समाजशास्त्र र मानवशास्त्र*, पूर्ववत्, पृष्ठ 132।

[111] कमलराज शर्मा, वि.सं 2066, *आधारभूत समाजशास्त्र र मानवशास्त्र*, पूर्ववत्, पृष्ठ 132।

विशिष्ट अध्ययन हो। यसको उद्देश्य राज्यको प्रकृतिको अध्ययन गर्नु नागरिक जीवनको सिद्धान्तलाई निर्धारित गर्नु, राज्यका नागरिक तथा अन्य राज्यको सम्बन्धको अध्ययन, शासन सत्ता र त्यसको सङ्गठनबारे अध्ययन आदि रहेको हुन्छ।"[112]

*आधारभूत समाजशास्त्र तथा मानवशास्त्र* पुस्तकमा समाज, राज्य र देश निर्माणमा राजनीतिक क्रियाकलापको भूमिका उद्देश्य र महत्त्वबारे व्यापक चर्चा गरिएको पाइन्छ। यस पुस्तकका आधारमा समाजमा राजनीतिको हस्तक्षेपलाई यसरी देखाइएको पाइन्छ–

1 "राजनीतिक संस्था कुनै पनि समाज तथा राष्ट्रमा अधिकार, शक्ति र सामर्थ्यको अभ्यास, अवसर र नेतृत्वको बाँडफाँडसँग सम्बन्धित छ। त्यसैले राजनीति शक्ति, अधिकार, हकको सम्बन्धमा निर्णय निरूपण गर्ने प्रक्रियाको प्रस्थान बिन्दु हो।

2 राजनीति मानिसको सम्बन्ध, मूल्यमान्यता, संस्कृति, सामाजिक संरचना, व्यवस्था, परिवार एवम् विवाह जस्ता सामाजिक संस्था र यसका नियम, यस भित्रका अंश अङ्गहरू र व्यवहारलाई नियन्त्रण गर्ने साधन हो।

3 राजनीति समाज, परिवार, राष्ट्र, समूह तथा विश्व जुनसुकै स्तरमा भए पनि स्थापित नियम, कानुन, मूल्य, मान्यता तथा अधिकारको निरूपण गर्ने र त्यसलाई कार्यान्वयन गर्नु अर्थात् समाजका मानिसहरूको व्यवहारलाई कानुनी रूपमा नियन्त्रण गर्न गरिने निर्णयसँग सम्बन्धित छ।

---

[112] आशाराम र पन्नालाल श्रीवास्तव, सन् 1985, *राजनीति विज्ञान*, कलकत्ता : जनवाणी प्रिण्टर्स एण्ड पब्लिकेशन्, पृष्ठ 1–3।

4 राजनीतिले समाजमा शान्ति र सुरक्षा कायम गर्ने कार्य गर्दछ। सामाजिक व्यवस्था तथा  संरचनालाई सन्तुलित गर्नु, कानुन, राज्य व्यवस्था र प्रशासनलाई नियमित एवम् व्यवस्थित ढङ्गले संचालन र कार्यान्वयन गराउनु जस्ता कार्य राजनीतिक व्यवस्थाले गरेको पाइन्छ।

5 राजनीतिको महत्त्वपूर्ण पक्ष भनेको कुनै पनि कार्यलाई बाह्य आक्रमणबाट सुरक्षा गर्नु र आन्तरिक सुव्यवस्था तथा सुरक्षा कायम गर्नका साथै समाजमा वाञ्छित सामाजिक मूल्य तथा मान्यता अनुसार समाजभित्र व्यक्ति परिवार, समुदाय, समूह सङ्घ–सङ्गठनका व्यवहारलाई नियमित र निर्देशित एवम् नियन्त्रण गर्नु रहेको पाइन्छ।"[113]

राजनीतिले एउटा समाज, परिवार, समुदाय, राज्य र देशभित्र बसोबास गर्ने नागरिकको जीवन स्तर र जीविकोपार्जन साथै समाजका अन्य सम्पूर्ण तत्वहरू शिक्षा, प्रशासन व्यवस्था, संस्कृति, कानुन व्यवस्था, पेसा, बजार व्यवस्था, लगानी, वितरण, विनियम, आर्थिक–भौतिक उत्पादनको स्वरूप, उद्योग, सम्पतिको सुरक्षा, कल–कारखाना आदिमा प्रत्यक्ष प्रभाव पारेको हुनाले राजनीतिसँग मानिसको सम्बन्ध अखण्डनीय रहेको पाइन्छ। यी यावत पक्षका आधारमा मानिसको सम्बन्ध विस्तारित भएको हुँदछ जसलाई एकमुष्ठ रूपमा मानिसबिचको राजनीतिक सम्बन्ध मान्न सकिन्छ।

---

[113] कमलराज शर्मा, वि.सं 2066, *आधारभूत समाजशास्त्र र मानवशास्त्र*, पूर्ववत्, पृष्ठ 133।

# तेस्रो अध्याय

## 3 उपन्यासकारका रूपमा भीम दाहाल

यस उपशीर्षकअन्तर्गत भीम दाहालको परिचय, साहित्यकारका रूपमा भीम दाहाल, राजनीतिज्ञका रूपमा भीम दाहाल, उपन्यासकारका रूपमा भीम दाहाल, उपन्यासका तत्वहरूको आधारमा भीम दाहालका उपन्यासहरूको परिचय आदि विषयहरूको अध्ययन गरिएको छ।

### 3.1 भीम दाहालको परिचय

भीम दाहाल सिक्किमको नेपाली साहित्य क्षेत्रमा देखापरेका एकजना वरिष्ठ साहित्यकार हुन्। भीम दाहालको जन्म पश्चिम सिक्किमको टिम्बुरबुङ गाउँमा सन् १९५४ मा माता स्व तेमलकुमारी दाहाल र पिता स्व पुण्यप्रसाद दाहालका ज्येष्ठ सुपुत्रको रूपमा भएको थियो।उनले प्राथमिक शिक्षा टिम्बुरबुङ पाठशालामा लिएका हुन्। यसरी नै माध्यमिक शिक्षा सोरेङ पाठशालाबाट, उच्चमाध्यमिक शिक्षा कालेबुङको कुमुदिनी होम्सबाट तथा स्तानक तहको अध्ययन दार्जिलिङ सरकारी महाविद्यालयबाट प्राप्त गरेका हुन्। सन् १९७७ सालदेखि सरकारी जागिरसँगै उनले 'इन्डियन इन्सटिच्युट अफ् मास कम्युनिकेसन', नयाँ दिल्लीबाट सन् १९८९ सालमा पत्रकारितामा 'डिप्लोमा' गरेका हुन।

सन् १९७७ सालदेखि भीम दाहालले सिक्किम सरकारको सूचना तथा जनसम्पर्क विभागमा कार्यरत रहेको देखिन्छ। त्यसपछि जिल्ला सूचना अधिकारीका रूपमा कार्यभार सम्हालेको पाइन्छ। सन् १९९३ सालसम्म उनी महकुमा म्याजिस्ट्रेटका रूपमा कार्यरत रहेको देखिन्छ। यसै सालको अक्टोबर महिनामा

राजनीतिमा सामेल भई आफ्नो जागिरे जीवनबाट स्वेच्छाले अवकास लिएको देखिन्छ।

### ३.२ राजनीतिज्ञका रूपमा भीम दाहाल

साहित्यकार साथै सिक्किमको राजनीतिमा सक्रिय सहभागिता राख्ने भीम दाहाल एकजना प्रखर राजनीतिज्ञका रूपमा परिचित रहेका छन्। बहुप्रतिभासम्पन्न व्यक्तित्वका धनी दाहालले आफ्नो साहित्यिक अनि राजनीतिक दुवै पक्षलाई समान रूपले अघि बढाएको देखिन्छ। उनले आफ्ना कृतिहरूमा सिक्किमका सामाजिक, आर्थिक, राजनीतिक, शैक्षिक आदि परिवेशलाई लेखनको विषयवस्तु बनाएका छन्।

"सामाजिक, साहित्यिक एवम् राजनीतिक गतिविधिहरूलाई नजिकबाट बुझेका दाहालले सिक्किम डेमोक्रेटिक फ्रन्ट (एस डी एफ) पार्टीको स्थापना भएपछि त्यस पार्टीमा आफू पनि संलग्न हुने विचार बनाएको देखिन्छ। सिक्किम डेमोक्रेटिक फ्रन्ट पार्टीको स्थापना 4 मार्च सन् 1993-को दिन नाम्चीमा भएको थियो। यसै समयमा भीम दाहाल पनि सरकारी जागिरलाई तिलाञ्जली दिएर सिक्किम डेमोक्रेटिक फ्रन्ट पार्टीमा सामेल भएको देखिन्छ। एस डी एफ पार्टीका अध्यक्ष साथै सिक्किमका भूतपूर्व मुख्यमन्त्री पवन चामलिङलाई उनले त्यस समय लेखेको पत्र उदाहरणस्वरूप यहाँ प्रस्तुत गरिन्छ –

राबोङ्ला 8 जुन, 1993

आदरणीय चामलिङ साहब,

नमस्कार।

तपाईँको प्रयास प्रशंसनीय छ। आफू पनि अशंग्रहण गर्ने मन बनाइरहेछु। यति लामो नोकरी छोड्नअघि कुरा गर्नुपर्ने हुन्छ। तपाईँ एकपल्ट राबोङ मेरो घरमा आउनुभए

म, मेरो निर्णयमा मेरी श्रीमती कला दाहालको पनि उपस्थिति भएकोमा अझ उत्तम ठान्ने थिए।

यहाँको शुभचिन्तक
भीम दाहाल
महकुमा म्याजिस्ट्रेट
राबोङ्ला।"[1]

यसरी ४ मार्च सन् 1993 मा एस डी एफ पार्टीको स्थापना भए पश्चात् भीम दाहाल पनि आफ्नो सरकारी सेवा छोडेर एस डी एफ पार्टीमा अंशग्रहण गर्ने मन बनाइरहेका थिए भन्ने कुरालाई यस पत्रले प्रष्ट पार्दछ। उक्त पत्र लेखेको केही महिना बितेपछि उनी 18 अक्टोबर सन् 1993–को दिन एस डी एफ पार्टीको टिकटमा उम्मेद्वारका रूपमा सन् 1996 देखि सन् 2004 सालसम्म तीनपटक भारतको तल्लो सदन लोकसभाको सम्मानित सदस्यको रूपमा निर्वाचित भएर सिक्किम राज्यको प्रतिनिधित्व गरेको पाइन्छ। उनी एक प्रतिभासम्पन्न साहित्यिक व्यक्तित्व हुनका साथै प्रखर राजनीतिज्ञका रूपमा पनि परिचित छन्। आजपर्यन्त उनी एस डी एफ पार्टीका केन्द्रीय समितिका सदस्य हुनका साथै एस. डी. एफ पार्टीका प्रेस सल्लाहकार र प्रवक्ताका रूपमा कार्यरत छन्।

### 3.3 साहित्यकारका रूपमा भीम दाहाल

साहित्यका विभिन्न विधाहरूमा बराबर कलम चलाउने साहित्यकार दाहालको विशेष रूचि उपन्यास लेखनमा रहेको पाइन्छ। उनको पहिलो कविता 'कञ्चन सत्य सिकाउँछ' (सन् १९५७) सिक्किमबाट प्रकाशित पत्रिका *कञ्चनजङ्घा*मा छापिएको थियो। यसरी विद्यार्थी जीवनदेखि नै साहित्य पठन र लेखनमा रूचि राख्ने भीम दाहालका हालसम्म *अभीष्टको खोज* (सन् १९९३), *द्रोह* (सन् २००२) र *विद्रोह* (सन् २००५) गरी तीनवटा उपन्यासहरू प्रकाशित छन्। यसरी नै *समृद्ध व्यथा :*

[1] भीम दाहाल र सी.बी कार्की, सन् 1996, *विचार क्रान्ति र परिवर्तन*, सिलगढी : दीपक दास प्रकाशन, पृष्ठ 120।

*कंगाल अभिव्यक्ति* (सन् १९९५), *रगतको हस्ताक्षर* (सन् २००१) र *तेस्रो पहर* (सन् 2010) गरी तीनवटा कविता सङ्ग्रह, *मेरो मनको साइनो तिम्रो मनलाई* (सन् १९९२, कथा सङ्ग्रह), *विचार, क्रान्ति, परिवर्तन* (सन् १९९३, सहलेखन सी बी कार्की), र *भीम दाहालका समसामयिक लेखहरू* (सन् २००८) गरी दुईवटा लेख सङ्ग्रहहरू प्रकाशित पाइन्छन्। यसरी नै *सिक्किम हेराल्ड* (साप्ताहिक), *परिवर्तन* (मासिक) र *जनवाद* (मासिक) जस्ता पत्रिकाहरूका सम्पादन कार्य गरेर नेपाली पत्रकारिताको विकासमा विशेष योगदान दिएको पाइन्छ। यसका अतिरिक्त *स्रष्टा, प्रक्रिया, निर्माण* आदि पत्रिकाहरूमा दाहालका रचनाहरू निरन्तर रूपमा प्रकाशित हुँदै आएको पाइन्छ।

### 3.4 उपन्यासकारको रूपमा भीम दाहाल

भारतीय नेपाली साहित्यको विकासमा सिक्किम क्षेत्रबाट उपन्यास लेखनमा सशक्त कलम चलाउने साहित्यकारका रूपमा भीम दाहालको योगदान उल्लेखनीय मानिन्छ। उपन्यास लेखनका अतिरिक्त कविता, कथा, लेख सम्पादन कार्य जस्ता विभिन्न विधाहरूमा कलम चलाउने दाहाल एकजना बहुप्रतिभाशाली व्यक्तित्वका रूपमा प्रतिष्ठित छन्। उनका हालसम्म तीनवटा उपन्यासहरू प्रकाशित पाइन्छन् – *अभीष्टको खोज* (सन् 1993), *द्रोह* (सन् 2002) र *विद्रोह* (सन् 2005)। भीम दाहाल एकजना चेतनशील एवम् संवेदनशील साहित्यकार मात्र नभएर उनी एकजना वरिष्ठ राजनीतिक नेता पनि हुन्। उनले साहित्य सिर्जनासँगसँगै विविध पत्र–पत्रिका, दैनिक खबर पत्रिकाहरूमा राजनीतिक लेखहरू पनि निरन्तर रूपमा प्रकाशन गर्दै आएका छन्।

भीम दाहालले आफ्ना उपन्यासहरूमा विशेषत: निम्नवर्ग र निम्नमध्यमवर्गका मानिसहरूको जीवनलाई सूक्ष्म रूपमा अध्ययन गरेर उनीहरूले

जीवनमा भोगेका विकट आर्थिक समस्या, अपुग आवश्यकता, जीवन सङ्कट, सङ्घर्ष, वेदना र आक्रोशहरूलाई स्वाभाविक रूपमा चित्रण गरेका छन्। उपन्यासकार आफैले जीवनका विभिन्न क्षण स्थिति–परिस्थिति, परिवेश, सम्बन्ध, अनुभूतिहरूबाट ग्रहण गरेका अनुभवहरूलाई आर्थिक, सामाजिक प्रशासनिक एवम् राजनीतिक विकृति आदिसँग जोडेर उपन्यासको निर्माण गरेको देखिन्छ।

मानिसको सामाजिक जीवनको गहन अध्ययन गरी उनीहरूको जीवनको विविध पक्षहरूलाई अतिसूक्ष्म रूपमा तथा विभिन्न दृष्टिकोणले नियाल्दै समाजको वास्तविक चित्र पाठकका समक्ष प्रस्तुत गरेको पाइन्छ। उनका उपन्यासमा समाजमा रूढ भइसकेको कुप्रथा, रूढी अन्धविश्वास, परम्परावादी मान्यता, सङ्कीर्णता आदिको चित्रण साथै प्रत्येक व्यक्तिको सामाजिक दायित्व र कर्तव्य, व्यक्तिगत स्वभाव र परिस्थितिहरूसित बदलिँदै जाने मानिसको स्वभाव र स्वरूपको सजीव चित्रण गरिएको पाइन्छ। उनी साहित्यका गहन अध्येता तथा चिन्तक भएका हुँदा उनको अध्ययनशीलताको स्पष्ट छाप उनका उपन्यासहरूमा पाइन्छ। भीम दाहालका उपन्यासहरूमा मूल रूपमा प्रगतिवादी चेतना पाइन्छ। उनका उपन्यासहरू मार्क्सवादी विचारधारा एवम् वर्ग सङ्घर्षको प्रभावले प्रेरित रहेको देखिन्छ। यसका साथै उपन्यासहरूले गतिशील विचारधारालाई पनि आत्मसात गरेको देखिन्छ। उदाहरणका निम्ति यिनको *द्रोह* (सन् 2000) र *विद्रोह* (सन् 2005) उपन्यासलाई लिन सकिन्छ।

दाहालका उपन्यासहरूमा मिथकहरूको सशक्त प्रयोग भएको पाइन्छ। लोक साहित्यका विविध विधाबाट प्राप्त लोक मिथक, ऐतिहासिक व्यक्तित्व, जननायक अथवा लोकनायकका रूपमा परिचित व्यक्तित्व, विभिन्न धार्मिक ग्रन्थका पात्रहरू तथा विशेष रूपमा पूर्वीय अनि पाश्चात्य जगतका ऐतिहासिक, पौराणिक,

राजनीतिक, सामाजिक अनि धार्मिक कथनबाट लिइएका मिथक प्रतीक र बिम्बहरूको सशक्त प्रयोगले उपन्यासमा अर्थको विशिष्ट र बौद्धिक अभिव्यक्ति प्रदान गर्न थप सहायता गरेको पाइन्छ।

दाहालका उपन्यासको भाषा विशिष्ट अनि बौद्धिक रहनका साथै आञ्चलिक भाषाको प्रयोगले भाषाशैली अत्यन्त तीव्र प्रभावकारी रहेको पाइन्छ। उनको लेखनमा ठेट नेपाली शब्दहरूको प्रयोग र अङ्ग्रेजी एवम् हिन्दी शब्दहरूको प्रयोग पनि धेरै मात्रामा गरिएको पाइन्छ। उपन्यासमा कही कही त सम्पूर्ण वाक्य नै अङ्ग्रेजी तथा हिन्दीमा लेखिएको पाइने हुनाले उपन्यासको चरित्र अनुसारको भाषाको प्रयोग गरेर स्वाभाविकता दिने सक्षमता देखाएका छन् भन्न सकिन्छ।

उपन्यासका बिच-बिचमा प्रसङ्गवश विभिन्न साहित्यकारहरूमध्ये पारिजात, अगमसिंह गिरी, बालकृष्ण सम, देवकोटा, देवीलाल धिताल, विश्वेश्वरप्रसाद कोइराला, अर्नेस्टो, चे ग्वेभारा, मिर्जा गालिब, पवन चामलिङ 'किरण', मत्स्येन्द्र प्रधान, गोपालप्रसाद रिमाल, प्रेमचन्द्र आदिका कविता, आख्यान, गीत साथै यी साहित्यकारहरूका कृतिहरूबाट पङ्क्तिहरू उद्धृत गरिएको पाइन्छ। यसैले उपन्यासको आन्तरिक बुनोट र बाह्य रूप, दुवै स्वाभाविक, बोधगम्य, सम्प्रेषणीय र प्रभावकारी बनेका छन्।

### 3.5 उपन्यासका तत्त्वहरूको आधारमा भीम दाहालका उपन्यासको परिचय

भीम दाहालका *अभीष्टको खोज* (सन् 1993), *द्रोह* (सन् 2002) र *विद्रोह* (सन् 2005) गरी जम्मा तीनवटा उपन्यासहरू प्रकाशित छन्। यी तीनवटा उपन्यासहरूको विस्तृत परिचय निम्न प्रकारले प्रस्तुत गरिन्छ।

#### 3.5.1 *अभीष्टको खोज*

सिक्किमको प्रजातन्त्रपूर्व तथा प्रजातन्त्रोत्तर इतिहासलाई समेटेर लेखिएको भीम दाहालको *अभीष्टको खोज* उपन्यास सन् 1993 सालमा प्रकाशित भएको पाइन्छ। सिक्किमको राजनीतिक गतिविधि, सिक्किमको ग्रामीण समाज तथा परिवेशको यथार्थ चित्रण प्रस्तुत गरिएको यस उपन्यासमा नायिका शान्तिको माध्यमद्वारा राजतन्त्रकालीन र प्रजातन्त्रकालीन सिक्किमको सामाजिक, आर्थिक, शैक्षिक आदि स्थितिको चित्रण गरिएको पाइन्छ।

**क. कथानक/ (कथावस्तु)**

*अभीष्टको खोज* उपन्यासको कथानकलाई खट्ट्याउनु अघि आख्यानमा कथानक भन्नाले के बुझिन्छ त्यो बुझ्न आवश्यक छ। "कथानक कथावस्तुको प्रस्तुतिको क्रममा देखा पर्ने घटनाक्रमहरूको योजनाबद्ध र व्यवस्थित प्रस्तुति हो, यो एउटा कार्यव्यापार हो। यथार्थतः कथानक कथावस्तुको सन्दर्भमा आउने आकस्मिक घटनाहरूको अनुक्रमात्मक व्यवस्थापन हो। यो चरित्र र उद्देश्यसित घनिष्ट रूपमा गाँसिएको हुन्छ।"[2] *अभीष्को खोज* उपन्यासको कथावस्तुको बुनोट, कथाको घटनाक्रम, चरित्र र उद्देश्यसँग खुबै मिलेको पाइने हुनाले उनको उपन्यासको कथावस्तु स्वाभाविक ढङ्गले प्रस्तुत भएको छ भन्न सकिन्छ।

पश्चिम सिक्किमको टिम्बुरबोङ गाउँलाई मुख्य केन्द्र बनाई रचना गरिएको यस उपन्यासमा घटनाहरूलाई विकसित गर्न विभिन्न पात्रहरूको निर्माण गरिएको छ। उपन्यासको कथानकलाई सुचारू रूप दिन प्रमुख पात्र तथा सहायक पात्रको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ। प्रस्तुत उपन्यासको प्रमुख नारी चरित्रको रूपमा शान्ति देखा परेकी छे भने सहायक पात्रहरूका रूपमा धनमाया, लीलाराम

---

[2] ऋषिराज बराल, वि सं 1999, *उपन्यासको सौन्दर्यशास्त्र*, ललितपुर : साझा प्रकाशन, पुलचोक, पृष्ठ 28।

कँडरिया, नेत्रप्रसाद बस्नेत, सिक्टेरी कान्छा, लीलारामकी आमा, ललित सर, रत्नलाल, पदमे, काजीमान साहब, शर्मा बाबु, ड्राइबर दाजु, सानुभाइ, थापा बाबु, बैदार बाबु, आग्या साइला, मञ्जुर भाइ, फूलमति, दिलु भाइ, इन्द्रकमल थपलिया आदि रहेका छन्।

*अभीष्टको खोज* उपन्यासमा कथानकको बुनोट विभिन्न घटनाहरूका संयोजनद्वारा भएको पाइन्छ, जो उपन्यासको मूल कथानक र उपन्यासकी नायिका शान्तिसँग सम्बन्धित छ। उपन्यासको थालनी शान्तिको जन्मदेखि भएको पाइन्छ। शान्तिको जन्म भन्दा अघि नै उसको बाबु विष्णुप्रसाद बास्कोटाको मृत्यु भएको छ। शान्ति एउटी गर्भे टुहुरी शिशुको रूपमा जन्मेकी देखिन्छ। शान्तिकी आमा धनमायाले शान्ति तथा उसकी दिदीलाई कठिन संकट र समस्याबिच अत्यन्त सङ्घर्ष गरेर हुर्काएकी देखिन्छ। आर्थिक अवस्थाको मारमा उनीहरू हुर्किएका छन्। गरिबी, भोक, रोग, शोक, अपुग आवश्कता आदि कारणले दुई-तीन वर्षको उमेरमा निमोनिया भएर शान्तिकी दिदीको मृत्यु भएको उल्लेख छ। धनमायाले छोरीलाई औषधीमूलोको अभावमा गुमाउनु परेको अत्यन्त मर्मस्पर्शी घटना घटेको छ। अत्यन्त कठिन आर्थिक स्थितिको चपेटमा परेकी धनमायाको दुःखमा सहयोगी पात्र बनेर लीलाराम कँडरिया आइपुगेको देखिन्छ। दुईवटी स्वास्नी गुमाइसकेको लीलारामले धनमायासँग विवाह गर्नु, धनमाया विधवा भएकोले उनीहरूको विवाहलाई लीलारामको बाबु सिक्टेरी कान्छाले अस्वीकार गर्नु तथा लीलाराम आफ्नो घर छोडेर धनमायाकै घरमा आश्रय लिन पुग्नु जस्ता घटनाहरू उपन्यासका महत्त्वपूर्ण घटनाहरू हुन्। यस्ता घटनाहरूले उपन्यासमा अन्य अप्रिय घटनाहरू घटाउन पूर्ण सहयोग पुऱ्याएको छ। साठ्ठी वर्ष उमेर पुगेकी लीलारामकी बृद्ध आमा सिक्टेरनी कान्छीले आत्महत्या गर्नु यसकै प्रतिफल मानिएको छ। यसप्रकार औपन्यासिक श्रृङ्खला अगाडि बढेको छ।

प्रस्तुत उपन्यासको कथानकमा घटनाहरूको श्रृङ्खला हेर्दा लीलारामले विधवा धनमायासँग विवाह गर्दा आफ्ना बाबु सिक्टेरी कान्छाले त्यो विवाह अस्वीकार गरेपछि घर त्यागेर धनमायाकै घरमा आश्रय लिनु तथा धनमायाकी छोरी शान्तिलाई आफ्नै सन्तान सम्झेर उचित शिक्षाको व्यवस्था मिलाउन परिश्रम गर्नु महत्त्वपूर्ण घटना श्रृङ्खला हो। यसरी उपन्यासमा लीलारामका माध्यमद्वारा पुरातन सामाजिक परिपाटी, परम्परा, रूढी मान्यता आदि तोडेर परिवर्तनको चेत दिलाउने प्रयास गरिएको मान्न सकिन्छ। उपन्यासमा विधवा विवाह मान्य रहेको देखिन्छ तथा परम्परागत रूढी मान्यताबाट मुक्ति चाहने उदार र उदात्त चरित्रका मानिसहरूद्वारा मात्र समाजको प्रगति र विकास गर्न सकिने सोच रहेको पाइन्छ।

यस प्रकारले शान्तिले बाह्रौ श्रेणी उतीर्ण गरेपछि नोकरीमा लाग्नका निम्ति गान्तोक आउने निर्णय लिनु औपन्यासिक सङ्घर्षको विकास हो। नोकरी खोज्न गान्तोक आएपछि काका–काकीको घरमा आश्रय लिनु तथा काकीको पेशा र चरित्रमा शङ्का गर्नु, नोकरीमा लाग्न सानोभाइ नामक पात्रले सहयोग गर्नका पछि उसको आफूप्रति कुदृष्टि रहेको ज्ञात हुनु आदिलाई उपन्यास घटनात्मक उत्कर्षतिर विकसित रहेको सङ्केत मान्न सकिन्छ। उपन्यासमा तत्कालीन समयमा समाजमा स्त्री शिक्षाको प्रावधान रहेको देखाइएको पाइन्छ। शिक्षित भएपनि सचेतताको कमीले नारी समाजमा विभिन्न समस्या, सङ्घर्ष र चुनौती भोग्न बाध्य रहेको सत्य तथ्यलाई उपन्यासले खुट्याउन सकेको छ। उपन्यासमा नारीहरू शिक्षित रहेका कारण आर्थिक स्वतन्त्रताको चाहनाले प्रेरित भएर रोजगारको खोजी गर्न सहर पसेका देखिन्छन्। तर अस्तित्वसचेतता कमीका कारणले विभिन्न संकट, समस्या र छलमा पर्नु परेको यथार्थ पनि त्यतिकै देखिएको छ। शिक्षित हुँदा–हुँदै पनि ग्रामीण, स्वच्छन्द, निच्छल, वातावरणमा हुर्केका नारीहरू सानोभाइ र नेत्रप्रसाद जस्ता अवसरवादी, पाखण्डी, नीच मानसिकता भएका पुरुषहरूका षड्यन्त्रमा

परेर आफ्नो सर्वस्व गुमाउन पुगेका देखिन्छन्। नागरीय सभ्यतामा हुर्केका यस्ता पुरुषहरूका कुप्रवृत्तिले समाजमा ल्याएको विसङ्गति, खलल, कुप्रभाव आदिको यथार्थ चित्रण उपन्यासमा पाइन्छ। त्यसैले उपन्यासले फेला पारेको अत्यन्त यथार्थ कुरो हो शिक्षाले मात्र नारीलाई सामाजिक न्याय प्राप्त हुँदैन जबसम्म ऊ शिक्षितसँगै सचेत बन्न सक्दिन भने त्यो शिक्षा अपूर्ण नै रहन्छ।

यसरी नै शान्ति अफिसमा केवल एक महिना मात्र जागिरे हुँदा आफ्नै हाकिम नेत्रप्रसादको षड्यन्त्रमा परेर बलात्कृत हुनु, बलात्कारपछि गर्भवती हुनु तथा नेत्रप्रसादले शान्तिलाई त्यागेर अर्की नारीसँग विवाह गर्नु उपन्यासको सबैभन्दा ठूलो समस्या रहेको छ। प्रस्तुत उपन्यासको घटना-श्रृङ्खलाको चरम उत्कर्ष पनि यही हो। यही चरम स्थितिमा पुगेर घटनाको श्रृङ्खला प्रतिफलन तर्फ लाग्छ। यसरी जीवनको प्रत्येक कठिन परिस्थितिहरूसँग सङ्घर्ष गर्दै आएकी शान्ति अनेक चुनौतीहरूसँग लड्दै-भिड्दै पनि आफ्नो अस्तित्व मूल्यका लागि सङ्घर्षरत देखिन्छे। अन्तमा अनेक गोता खाएर पाकेकी शान्ति आफ्नी आमासँग विवाह नगर्ने अनि पुरुषको साथमा जीवन नबिताउने निर्णायक फैसला सुनाउन सफल रहन्छे, जसलाई कथानकको अभीष्ट मान्न सकिन्छ।

### ख. आयाम एवम् संरचना

भीम दाहालद्वारा रचित *अभीष्टको खोज* उपन्यासमा सन् 1993 सालमा जनपक्ष प्रकाशन गान्तोक, सिक्किमद्वारा प्रकाशित भएको पाइन्छ। यस उपन्यासको प्रथम संस्करण एक हजार प्रति रहेको थियो। यसको मुद्रण कमलनाथ मौर्य, जय भारत प्रिटिंग प्रेस, सूरजकुण्ड, वाराणसीद्वारा गरिएको पाइन्छ। यस उपन्यासको आवरण चित्रमा मानिसको अनुहार र शिरमा हिमालय रहेको छ, जो कालो अनि सेतो रङ्गले पोतिएको छ। उपन्यासको शीर्षक चाहिँ रातो रङ्गले

लेखिएको छ। यस उपन्यासको मूल्य 20 रूपियाँ रहेको छ। तृतीय पुरुष दृष्टिबिन्दुमा रचना गरिएको यस उपन्यासको सम्पूर्ण घटनाक्रमहरू उपन्यासकार उपन्यासदेखि बाहिर रहेर वर्णन गरेको पाइन्छ।

मझौलो आकारको उपन्यास *अभीष्टको खोज*मा जम्मा 140 पृष्ठमा संरचित छ। अघिल्लो पृष्ठ 1 देखि 4 सम्म प्रकाशक र मुद्रकको सम्पूर्ण जानकारी, उपन्यासकारको आफ्ना कुरा आदि रहेका छन्। पृष्ठ सङ्ख्या 5 देखि उपन्यास आरम्भ हुन्छ। उपन्यास जम्मा 9 खण्डहरूमा संरचित रहेको छ तर ती खण्ड थालनी गर्दा सोही पृष्ठमा माथिको भागको केही स्थान छोडिएको पाइन्छ। यी खण्डहरू 9 देखि 29 पृष्ठसम्म रहेका छन्। सबैभन्दा लघु आयाम भएको खण्ड 5 र खण्ड 7 रहेका छन्, जसमा 11-11 वटा पृष्ठहरू रहेका छन् भने अन्य मझौला आयामका खण्डहरू रहेका छन्। ती खण्डहरूमा, खण्ड 1, खण्ड 6 र खण्ड 8 रहेका छन् जसका पृष्ठहरूको संरचना क्रमैले 16, 15 र 29 रहेको पाइन्छ।

उपन्यासको पहिलो खण्डमा शान्तिको जन्म र उसकी आमा धनमाया र लीलारामको पुनर्विवाहको प्रसङ्ग, विधवा धनमायासँग विवाह गरे पश्चात् लीलारामले घर छोडेर उसैको घरमा आश्रय लिएको, लीलारामकी आमाको आत्माहत्या आदि घटनाहरूको वर्णन पाइन्छ। दोस्रो खण्डमा सोरेङ बजार तथा बस्तीको संक्षिप्त वर्णन गरिएको पाइन्छ। ललित सर, रत्नलाल र पदमेको परिचय अनि लीलाराम र धनमायाको सुखद गृहस्थ जीवनको प्रसङ्ग, छोरी शान्ति नोकरी खोज्न गान्तोक जाने प्रस्तावको चर्चा पाइन्छ। यसरी नै तेस्रो खण्डमा सानुभाइ, आग्या साईला आदिको परिचय, शान्तिका काका-काकीका पेशा र सहरिया परिवेशको चित्रण रहेको छ। चौथो खण्डमा नोकरीको खोजीमा गान्तोकको प्रत्येक अफिसहरूको ढोका ढकढकाउँने शान्तिको दिनचर्याको वर्णन साथै सानुभाइको

सहायता र काजीमानको सिफारिसद्वारा अफिसमा एल डी सीको पदमा नोकरी पाएको वर्णन पाइन्छ।

यस्तै प्रकारले उपन्यासको पाँचौ खण्डमा शान्तिले काका–काकीको घर छोड्ने निर्णय लिएर सानुभाइको डेरामा पुगेकी प्रसङ्ग छ। त्यहाँ पुगेपछि सानुभाइकी स्वास्नी र छोरा–छोरी भएको कुरा शान्तिले थाहा पाउँछे। गान्तोक अफिसमा पदमे र रत्नलालसँगको भेट आदि वर्णनसँगै यो खण्ड समाप्त भएको पाइन्छ।

छैटौं खण्डमा शान्ति आफ्नै अफिसको हाकिम नेत्रप्रसादद्वारा बलात्कृत हुनपुगेकी छे र शान्तिको काका शर्मा बाबुको मृत्यु भएको चित्रण पाइन्छ।

यसरी नै उपन्यासको सातौं खण्डमा नेत्रप्रसादले अर्की नारीसँग विवाह गरेको र शान्तिलाई धोका दिएको खबर सुनेर शान्ति स्तब्ध भएकी देखिन्छे। हाकिम नेत्रप्रसादद्वारा बलात्कार भएपछि आफू गर्भिणी भएको कुरा शान्तिलाई थाह लाग्छ र ऊ काकीको सहायताद्वारा गर्भपात गर्न बाध्य बनेकी देखिन्छे। नेत्रप्रसादसँग उसैको तरिकाले बदला लिने निर्णय गरेकी शान्तिले गर्भको साटो एक लाख रूपैँयाको माग गरेकी छे र उसको त्यस मागलाई नेत्रप्रसादले पुरा पनि गरिदिएको उल्लेख उपन्यासमा पाइन्छ।

उपन्यासको आठौं खण्डमा शान्ति नोकरी छोडेर आफ्नो गाउँ फर्किएकी छे। गाउँमा पुगेर सचेत, शिक्षित युवाहरूद्वारा गठन गरिएको ‘जन कल्याण समिति’ नामक संस्थाको प्रमुख संचालिकाको रूपमा आफ्नो कार्यभार सम्हाल्ने अग्रसरता शान्तिले लिएकी छे। त्यस जन कल्याण समितिलाई विपक्षी राजनीतिक दलको आरोप लाग्छ र शान्ति तथा त्यस समितिको सदस्य इन्द्रकमल थपलिया पुलिसको थुनुवामा परेका छन्। पछि काकी फूलमतिको सहायतामा उनीहरू पुलिसको हातबाट छुटेको चित्रणसँगै यस खण्ड समाप्त भएको छ।

उपन्यासको अन्तिम तथा नवौं खण्डमा शान्ति र इन्द्रकमल थपलियाको सम्बन्ध प्रेमीप्रेमिकाका रूपमा रहेको वर्णन र शान्तिको आफ्नै गाउँ फर्कने फैसला आदिको चित्रण रहेको छ। थपलियाको मृत्युसँगै उनीहरूको सम्बन्ध पनि अधुरो रहेको देखिन्छ। यसै खण्डमा शान्तिको विवाह गर्ने चाहना पनि मरेर गएको वर्णन पाइन्छ। आमा–बाबुले विवाहको सल्लाह दिए तापनि शान्तिले अब उपरान्त विवाह नगर्ने तथा स्वतन्त्र जीवन निर्वाह गर्ने महत्त्वपूर्ण निर्णय लिएकी छे। यसरी सम्पूर्ण उपन्यास नवौं खण्डमा आएर समाप्त भएको छ।

**ग. चरित्र चित्रण**

"आख्यानमा जुन तत्वका माध्यमद्वारा घटनाहरू घट्छन् र विकसित बन्दछन् त्यस तत्त्वलाई पात्र भनिएको छ। पात्रका हाउ–भाउ, आनीबानी, आचरण वा कार्यशैली आदिलाई चरित्र भनिन्छ।"[3] *अभीष्टको खोज* उपन्यास बहुल पात्र भएको उपन्यास हो। ग्रामीण जीवनको हुबहू चित्र तथा ग्राम्य जीवनका विविध पक्ष उद्घाटन गर्ने यस उपन्यासमा अधिकांश निम्नवर्गीय नेपाली जीवनबाट चरित्रहरू वा पात्रहरू छनौट गरिएका छन्। शान्ति यस उपन्यासकी प्रमुख पात्र हो भने धनमाया, लीलारामकी आमा, सानुभाइ, फूलमती, लीलाराम कँडरीया, नेत्रप्रसाद बस्नेत, सिक्टेरी कान्छा, रत्नलाल, पदमे, लीलारामकी जेठी स्वास्नी, लीलारामकी कान्छी स्वास्नी, धर्मदास (लीलारामको हजुरबा), ऋतु सर, जङबीर सर, अगमदास विश्वकर्मा, भूजेल कान्छो, नेवार बूढो, मण्डल जेठो, माइलो, कान्छो, चन्द्रमान हवल्दार, दर्जी जेठो, भट्टराई जेठो, सेवासिहं सुनुवार (फौदसिहं उर्फ फोटोवाला कामी), लालधोज, ओङ्देन भूटिया, रविरत्न प्रधान, चम्पाताल, कमलसिहं तामाङ, भट्टराई कान्छो, रामबहादुर लिम्बु, फूलबारे,

[3] घनश्याम नेपाल, सन् 2005, *आख्यानका कुरा*, सिलगढी : एकता बुक हाउस प्रा.लि, पृष्ठ 51।

काइँलो, एल पी सर, आर पी सर, ओमहवल्दार बाबु, प्रधानबाबु, जेरुङ लामा, कृष्णकान्त प्रसाद, सी.बी. छेत्री, दाहाल बुढा, सुबेदार साहब, पुरोहित बा, कान्छो भाइ, अनि उसकी पत्नी, भोटिनी, दधीराम, फिस्चू, रवि अंगद, प्रणिता, काइँलो लिम्बू, कान्छो भूजेल रामराज, धिताल बूढा आदि उपन्यासका गौण पात्र हुन्।

नेत्रप्रसाद र सानुभाइ उपन्यासमा अवसरवादी, यौन पिपासु र खलपात्रका रूपमा उपस्थित रहेका छन्। रत्नलाल, पदमे र काजीमान राजनीतिलाई केवल आफ्नो निम्ति स्वार्थको रूपमा प्रयोग गर्ने व्यक्तिहरू हुन्। उपन्यासका केही महत्त्वपूर्ण पात्रहरूका चरित्रचित्रण तल गरिएको छ।

**शान्ति**

टिम्बुरबुङ गाउँको स्वच्छ वातावरणमा हुर्केकी निश्चल ग्रामीण बाला शान्ति यस उपन्यासकी नायिका हो। छल–कपट, षड्यन्त्रदेखि टाडा रहेकी शान्ति यौन पिपासु नेत्रप्रसादबाट बलात्कृत हुन पुगेकी देखिन्छे। निम्नवर्गीय परिवारमा हुर्केकी शान्ति आत्मनिर्भर र स्वावलम्बी नारी हो। शान्ति शिक्षित तथा सचेत रहेकी हुनाले अनेक प्रतिकूल परिस्थिति र सङ्घर्षहरूसँग जुझ्न समर्थ रहेकी देखिन्छे तथापि कतिपय अवस्थामा उसले विपरित स्थिति सामू लाचार बनेर घूँढा टेक्न परेको देखिन्छ। ऊ नोकरीको खोजीमा सहर पसेकी छे। त्यहाँ विभिन्न छल, षड्यन्त्र र घटनाको सिकार पनि बनेकी छे, जसले उसको जीवन विश्रृङ्खलित बनेको छ। विभिन्न प्रतिकूल घटनाहरूसँग सङ्घर्ष गर्दै अघि बढेकी शान्तिमा सचेतनाको विकास हुँदै गएको देखिन्छ। ऊ शिक्षित भएकीले केही बौद्धिक अनि तार्किक पनि देखिन्छे।

उपन्यासको पहिलो खण्डमा शान्तिलाई निम्नवर्गीय ग्राम्य जीवनको सरल तथा निश्चल प्रवृतिको प्रतिनिधित्व गर्ने वर्गीय पात्रका रूपमा लिन सकिन्छ। तर उपन्यासको कथानक विकसित हुँदै जाँदा उसको स्वभावमा पनि विस्तारै परिवर्तन हुँदै गएको पाइन्छ। ऊ क्रमशः निर्भीक, आत्मसचेत, स्वाभिमानी र सक्षम बन्दै गएकी छे। यसैले उसलाई गोला र गतिशील पात्र भन्न सकिन्छ। बाह्रौ श्रेणी उतीर्ण गरे पश्चात् उसले नोकरी गर्ने चाह राखेकी छ। यसरी गाउँ छोडेर सहर बस्ने निर्णय पनि लिएकी छ। त्यसैले शान्तिलाई सामर्थ्यवान, आँटिली तथा भविष्यप्रति आशावादी रहने जिम्मेवार र कर्तव्यनिष्ठ चरित्रकी पात्र हो भन्न सकिन्छ। नारीमाथि कुदृष्टि राख्ने यौन पिपासु पुरुष नेत्रप्रसादले प्रेमको नाममा शान्तिमाथि दुष्कर्म गरेको छ। पछि उच्च घरानाकी अर्कै स्त्रीसित वैवाहिक जीवन आरम्भ गरेको छ। शान्तिलाई उसले केवल भोग्या र यौन सन्तुष्ट गर्ने वस्तुको रूपमा मात्र प्रयोग गरेको देखिन्छ। यस घटनाद्वारा एकातिर पुरुष अत्याचार र अर्कातिर नारी अस्तित्वमाथि खेलवाड गरेको अनुभव गर्न सकिन्छ। यसरी उपन्यासमा कारूणिकताको स्थिति पनि सिर्जना भएको देखिन्छ। शान्ति आफ्नो पीडालाई शान्त गराउन मदिराको सहायता लिन पुगेकीले शान्तिलाई बहिर्मुखी पात्र पनि भन्न सकिन्छ। आफू बलात्कृत बनेको तथा त्यस बलात्कारबाट रहेको गर्भको सुरक्षा नगर्ने फैसला ऊ काकीलाई सुनाउन अग्रसर बनेकी छे। बलात्कारी नेत्रप्रसादलाई गर्भको साटो पैसा चुकाउने प्रस्ताव पनि राखेकी छे। उसले आफ्नो बलात्कारको सम्झौता अर्थसँग गरेकी छे, जो आजको सन्दर्भमा अर्थहीन लाग्छ।

नोकरीको खोजीमा गान्तोक सहर आएपछि काकीको मदिरा व्यापार र परपुरुषसँगका सम्बन्ध रहेको ज्ञात हुनु, सानुभाइको कामुक र मौकाबाज प्रवृत्तिबारे अवगत हुनु, प्रेमको नाममा ठगिनु र बलात्कृत बन्नु, पछि त्यही पुरुषद्वारा अवहेलित बन्नु आदि घटनाहरूले शान्तिको जीवन असन्तुलित बनाएको

छ तथापि ऊ जीवनप्रति आशावादी रहेकी देखिन्छे। इन्द्रकमल थपलियाससँग उसको प्रेम सम्बन्ध कायम हुन्छ अनि उसले विव ाह गर्ने इच्छा पनि गर्छे तर उसको प्रेमी थपलियाको मृत्यु हुन्छ। त्यसपछि शान्तिले स्वतन्त्र जीवन बिताउने निर्णय लिन्छे। स्वतन्त्रलाई नै आफ्नो जीवनको अभीष्ट ठान ेकीले शान्ति स्वनिर्भर, स्वावलम्बी रहेकी देखिन्छ े।

**धनमाया**

धनमाया यस उपन्यासकी अर्क ी नारी पात्र हो। शान्तिकी आमाकी रूपमा चित्रित धनमायाले परम्परावादी तथा रूढीवादी समाजमा विधवा नारीहरूले भोग्न परेको अत्यन्त कष्टकर जीवनको यथार्थ प्रस्तुत गरेकी छ े। धनमाया उपन्यासकी सहायक पात्र हो। ऊ निम्नवर्गीय, शोषित, पीडित र दमित निर्बल नारीको प्रतिनिधि पात्र हो। आफ्न ो सन्तान शान्ति गर्भमा हुँदा विधवा बनेकी धनमाया ‘विष्णेकी बुढी’ नामले चिनिन्छे। समाजमा धनमाया कुनै मूल्य नरहेकी नामहीन नारीको रूममा रहेकी भान हुन्छ। प्रथम त धनमायाको वैधव्य जीवन, त्यसमाथि पनि गरिबीको मारले थिचिएर दोहोरो पीडाको सिकार बनेकी छे। लीलाराम कँडरियासँग दोस्रो विवाह गरे पश्चात् उसको आर्थिक स्थितिमा केही सुधार आएको देखिए तापनि उसको जीवन सङ्घर्षपूर्ण रहेको देखिन्छ। धनमाया रूढी मान्यतालाई प्राथमिकता दिने परम्परागत समाज र आधुनिक विचारप्रधान समाज अर्थात् विचार र मान्यतापोषक समाज अनि नयाँ वैचारिकता रहेको नयाँ समाजको बिचमा उभिनु परेको देखिन्छ।  उसले लीलाराम र शान्तिको म ाध्यमद्वारा पुरानो पुस्ता र नयाँ पुस्ताको माझमा सम्बन्ध विस्तारित गराउन सहायता पुर्‍याएक ी देखिन्छ े। धनमायालाई निम्नमध्यम वर्गकी पात्रको रूपमा हेर्न सकिन्छ।

दुईजना स्वास्नी गुमाइसकेको साथै “बाबुबाट त्यागिएको लोग्नेसित बिहे गरेर पनि पारिवारिक सन्तुलन कायम गराउँदै परिश्रमको बलमा शान्तिलाई बाह्रौं श्रेणीसम्म पढाउन सक्नु धनमायाको चारित्रिक विशेषता तथा परिश्रमको फल हो।”[4] सिक्टेरी कान्छा अथवा लीलारामको बाबुले विधवा धनमायासँग विवाहलाई अस्वीकार गरेको दृष्टान्त उपन्यासमा पाइन्छ। धनमाया दासत्व र परम्परागत सोचदेखि उन्मुक्त रहेकी देखिन्छे।

**लीलाराम**

लीलाराम *अभीष्टको खोज* उपन्यासको सहायक पात्र भए तापनि उसको उपस्थिति उपन्यासमा महत्त्वपूर्ण रहेको देखिन्छ। ऊ एक आदर्श, प्रगतिवादी चेत र उदार मनोवृत्ति भएको पात्र हो। गरिब, असहाय तथा विधवा धनमाया र उसकी छोरी शान्तिलाई स्वीकार गरेर, परिश्रमको भरमा दुवैलाई पोषण, संरक्षण र सुरक्षा प्रदान गरी उसले आफ्नो उदारताको परिचय दिएको छ। परम्परागत रूढी विचार, नारीमाथि कुदृष्टि र संकुचित विचार राख्ने समाजमा लीलाराम सहृदयी, नारीको पक्षधर साथै नारीहरूका निम्ति अनुकूल वातावरण सिर्जना गरिदिने एकजना मानवतावादी चरित्रको प्रतिनिधि पात्रको रूपमा उपस्थित रहेको देखिन्छ।

झडकेली छोरी शान्तिलाई आफ्नो सन्तानभन्दा धेर माया-स्नेह प्रदान गर्दै, शिक्षाको उचित व्यवस्था पनि गरेको छ। शान्तिलाई सक्षम र क्षमतावान् बनाउन ऊ दिन-रात मेहनत गर्छ। लीलाराम शान्तिलाई नोकरी गरेर आर्थिक रूपमा स्वतन्त्र बन्ने सल्लाह पनि उसले दिएको छ। लीलाराम अनुकूल र गतिशील पात्र हो। ऊ

[4] पारसमणि शम, ‘समकालीन सिक्किमेली उपन्यासका केही नारी चरित्र’, सन् २००९, *सृजनसमय,* सुवास दीपक (सम्पा.), गान्तोक : सिक्किम अकादेमी, पृष्ठ ११२।

आशावादी चरित्रको रूपमा उपस्थित छ। उसका व्यवहार सजिलोसँग बुझ्नसकिने भएकोले लीलाराम च्याप्टा पात्र हो।

**लीलारामकी आमा/सिक्टेरनी कान्छी**

लीलारामकी आमा अर्थात् सिक्टेरनी कान्छीले उपन्यासमा सहायक पात्रको भूमिका निर्वाह गरेकी छन्। लीलारामकी आमा परम्परावादी तथा रूढीवादी पतिको प्रताडना सहन गर्दै समाजद्वारा पनि पीडित, दमित बनेकी पात्रका रूपमा देखिन्छिन्। "पुरुषप्रधान समाजको स्त्री दलाहा संस्कारबाट पीडित बनेकी लीलारामकी आमा छोरोलाई साथ दिन नसक्ने अनि आँखाबाट आँशु झारेर रून नसक्ने चरित्रका रूपमा देखा परेकी छन्।"[5] सिक्टेरनी कान्छीले निम्नवर्गीय पुरुषवादी हैकम र सोचद्वारा शोषित नारीको प्रतिनिधित्व गरेकी देखिन्छिन। समाजका निरीह निम्नवर्गीय स्वास्नी मानिसका पीडा, बाध्यता, असचेतना, आक्रान्तित एवम् प्रताडित जीवन चित्रण गर्ने वर्गीय चरित्र हुन्। उपन्यासमा सिक्टेरी कान्छीले सहायक पात्रको भूमिका वहन गरेकी छन्। सरल व्यवहार भएकाले तथा चरित्रमा परिवर्तन आएकोले उनी क्रमशः च्याप्टा र गतिहीन पात्र बनेकी छन्।

**शर्माबाबु**

शर्माबाबु लीलाराम कँडरियाको माइला भाइ हुन्। शर्माबाबुले आफू दशौं श्रेणीमा पढ्दा आफ्नो वास्तविक नाम रामप्रसाद कँडरिया मन नपरेका कारण कचहरीमा गएर राजेश शर्मा बनाएको उल्लेख उपन्यासमा पाइन्छ। गान्तोक सहरको तादोङमा बसोवास गर्ने शर्माबाबु आर्थिक सुधार विभागमा हेड एसिस्टेन्टको रूपमा

---

[5] पारसमणि शम, 'समकालीन सिक्किमेली उपन्यासका केही नारी चरित्र', सन् २००९, पूर्ववत्, पृष्ठ ११२।

कार्यरत छन्। राजनीतिक चर्चा-परिचर्चा गर्न चासो राख्ने शर्माबाबु मुलुक मासिएर गएकोमा दु:ख व्यक्त गर्छन्। शर्माबाबुले रक्सी पीएपछि सरकार र प्रशासन व्यवस्थाप्रति आक्रोश व्यक्त गर्दै प्रजातन्त्रको नाममा राजनीतिक नेता भनाउँदाहरूको शोषण-दमन, प्रशासन पक्षको लापरवाह कार्यनीति, ठेकेदार र दलालहरूको मनमानी आदिप्रति अस्वीकृतिका आवाजहरू उकेल्ने गरेको दखिन्छ। रक्सीको मात लागेपछि शर्माबाबु समाज, देश, प्रजातन्त्र, अस्तित्व, विद्रोह, आक्रोश आदि जस्ता कुरा गर्छन्।

शर्माबाबु सिक्किममा प्रजातन्त्र आएपछि सिक्किमबाहिरका मदेशवासी अफिसरहरूको अधिनस्थ काम गर्नुपर्दा साथै सरकारी कार्यालयहरूमा पदमे, रत्नलाल, सानुभाइ जस्ता फटाहा, दलपाटे, मौकाबाज, बदमास, जँड्याहा 'युथ'-हरूको मनमानी चलेको देखेर आक्रोशित बनेका देखिन्छन् – "यस मुलुकमा अब हाँस्न बोल्न पनि फाइल चलाएर अनुमति/एप्रुभल माग्नु पर्ला जस्तो भो। अब मान्छेले सास फेर्न पनि हावा किन्नुपर्ला जस्तो भो; मधिसेका दोकानबाट। अब मागेको माग पाए जनताले। अब प्रजातन्त्रको लाठी पाए इडियटहरूले।"[6] शर्माबाबु प्रजातन्त्र वास्तविक उपभोग पनि पदमे, रत्नलाल, सानुभाइ जस्ता धूर्त मानिसहरूले चलाखी अनि षड्यन्त्रपूर्ण ढङ्गले गरिरहेको देखेर आक्रोसित बनेको पाइन्छ। शर्माबाबु सिक्किमका खाटी जनमानसले आफ्नै देश र मुलुक र समाजमा नोकर सरह जीवन बिताउनु परेको अनुभव गरेर दुखित बनेको देखिन्छ – "कुनै कान्छा, बहादुर र लार्बागे स्याप्ची जस्तो भइयो। अब मधिसेका गोडा मोलेर बाँच्ने समय आयो-अब आफ्नो भात खान अर्काको स्वीकृति चाहिने भयो, अब आफ्नो देशमा

[6] भीम दाहाल, सन् 1993, *अभीष्टको खोज,* सिक्किम : जनपक्ष प्रकाशन, गान्तोक, पृष्ठ 39।

परदेशी भइयो"[7] भन्ने शर्माबाबुमा देशप्रेमको भावना रहेको देखिन्छ। मानिसले शोषण अन्याय, दमनबाट मुक्त भई स्वतन्त्र जीवन बाँच्न पाउनु भन्ने सोच राखेको पाइन्छ। शर्माबाबु गतिशील पात्रका रूपमा देखिन्छन्।

## फूलमति

शान्तिकी काकी फूलमति यस उपन्यासकी अर्की सहायक पात्र हो। गान्तोकमा सरकारी नोकरी गर्ने शान्तिका काका शर्मा बाबुकी स्वास्नी फूलमति लोग्नेको वेतनले घर खर्च चलाउन नसकेपछि जाँड-रक्सी बेच्न र अन्य पुरुषहरूसँग यौन व्यापार गर्न बाध्य बनेकी छे। फूलमतिले यौन तृप्तिलाई अर्थसँग सम्झौता गर्नुपरेको देखिन्छ। जीवनका विभिन्न कठिनाइ र परिस्थितिले उसलाई धेरै अनुभवी र सचेत पनि बनाएको छ।

आफ्नो पतिको मृत्यु साथै शान्ति बलात्कृत तथा उपेक्षित बनेको थाह पाएपछि नागरी सभ्यताले व्याप्त समाजमा माया, प्रेम, विवाह तथा मूल रूपमा जीवनको कुनै मूल्य नै नरहेको तथ्य, आधुनिक समाजको तिक्त यथार्थ र मानवीय मूल्यको ह्रास जस्ता स्थितिप्रति शान्तिलाई अवगत गराउने र सचेत बनाउने कार्य फूलमतिले गरेकी छे। फूलमति वर्गीय चरित्रको रूपमा पनि देखिएकी छे। उसलाई परिस्थितिले कठोर, स्वार्थी र प्रतिकूल बनाएको छ तथापि ऊ आफ्ना परिवारको लालन-पोषण गर्नका निम्ति कर्तव्यपरायण बनेकी देखिन्छे। जीवनप्रति आशावादी रहेकी फूलमति क्रमशः गोला र गतिशील पात्र हो।

## सानुभाइ

---

[7] भीम दाहाल, सन् 1993, पूर्ववत्, पृष्ठ 40।

यस उपन्यासमा सानुभाइ मौकाबाज चरित्रको रूपमा देखापरेको छ। नोकरीको खोजीमा गाउँबाट सहर पसेका चेलीबेटीहरूको जीवन बर्वाद गर्न ऊ रत्तिभर पनि ग्लानिबोध गर्दैन। शान्तिलाई नोकरी दिलाउन सहायता गर्ने ढोङ् सानुभाइले गरेको छ। सहायक पात्रको रूपमा अघि आएर शान्तिको मद्दत गर्ने देखावटी गर्छ वास्तवमा ऊ शान्तिको यौनसँग खेल्न चाहन्छ। तर उसको झूटो र कृत्रिम स्वभाव शान्तिले समय रहँदै थाहा पाउँछे अनि ऊ सानुभाइको दुष्ट र घातक पञ्जाबाट बाँच्न सफल हुन्छे।

भँवरा चरित्रको प्रतिनिधि पात्र सानुभाइ नारीलाई केवल भोग्य वस्तुको रूपमा हेर्ने गर्छ। सानुभाइ घरकी स्वास्नी र छोराछोरीलाई छोडेर शान्ति र सुमित्रा जस्ता नारीहरूलाई प्रेमको बहना बनाई शरीर भोग्न चाहन्छ। ऊ वैवाहिक जीवनको जिम्मेवारी बहन गर्न चाहिँ पछि हट्छ तर परस्त्रीसँग यौन सम्बन्ध चाहिँ राख्न चाहन्छ। उपन्यासमा सानुभाइ मौकाबाज, यौनपिपाशु र कुपात्रको रूपमा देखापरेको छ।

**नेत्रप्रसाद**

शान्ति र गंगाको हाकिम नेत्रप्रसाद यस उपन्यासमा खलपात्रको रूपमा उपस्थित रहेको अपराधी, पाखण्डी मानिस हो। ऊ आफ्नो उच्च ओहोदा र पेसाको गलत फायदा उठाउँदै शान्ति र गंगा दुवैको बलात्कार गर्छ। आफ्नो अधिनस्थ पदमा रहेका नारीहरूको यौन शोषण गर्ने आँट नेत्रप्रसादले आफ्नो उच्च पद र पेसाको आडमा गरेको छ। आफ्नै कार्यक्षेत्रमा भोग्नु परेको शोषण र उत्पीडन नारीको निम्ति गम्भीर, त्रासदपूर्ण र आतङ्ककारी यथार्थ हो। वर्तमान स्थितिमा पनि नारीहरू यस प्रकारका उत्पीडनका सिकार भईरहेका छन्। जसलाई उपन्यासमा खुबै

स्वाभाविक ढङ्गमा चित्रण गरिएको छ। नेत्रप्रसादले आफ्नो पद र प्रतिष्ठानको गरिमालाई ख्यालै नगरी शान्ति र गंगाको यौन शोषण गरेको छ।

नेत्रप्रसाद यौन शोषक, मानवताहीन, कामुक व्यक्तित्वको नमुना पात्र हो। ऊ असत्, छल, खल साथै पुँजीवादी समाजको शोषक वर्गको प्रतिनिधि चरित्र पनि हो। महत्त्वकांक्षी भएकाले नेत्रप्रसाद प्रतिकूल पात्र हो। षडयन्त्र, घुसखोरी, कुटनीतिले भरिएको उसको प्रवृतिमा जटिलता देखिएको हुनाले उसलाई गोला पात्र मान्न सकिन्छ।

उपन्यासमा नेत्रप्रसादले पितृसत्तात्मक मूल्य मान्यताको जगेरा गरेको छ, साथै उसमा भँवरा प्रवृत्तिको चरित्र रहेको पाइन्छ। उसले नारीलाई केवल भोग्य वस्तुको रूपमा हेरेको छ। उसमा देखिएको स्वभाव वास्तवमा पितृसत्तात्मक मूल्य र मान्यताको प्रभाव स्वरूप चित्रित छ।

**घ. देशकाल र वातावरण**

परिवेशमूलक स्थानको दृष्टिले प्रस्तुत उपन्यास भारतको सिक्किम राज्यअन्तर्गत पर्ने पश्चिम सिक्किमको सोरेङ र टिम्बुरबुङ गाउँ र सिक्किमको राजधानी गान्तोकको सेरोफेरोमा घुमेको छ। प्रजातन्त्रपूर्व र प्रजातन्त्रोत्तर सिक्किमको स्थिति अथवा इतिहासलाई समेटेर लेखिएको प्रस्तुत उपन्यासमा सिक्किमको राजनीतिक परिवेशको चित्रण गरिएको पाइन्छ। मुख्य रूपमा सिक्किमको ग्रामीण समाजको यथार्थ चित्रण गरिएको प्रस्तुत उपन्यास सिक्किमको भौगोलिक, शैक्षिक, सामाजिक, राजनीतिक परिवेश र सिक्किमको जीवनशैलीलाई विभिन्न सन्दर्भबाट चित्रण गर्नु यस उपन्यासको विशेषता रहेको छ। प्रस्तुत उपन्यासमा सिक्किमको राजतन्त्रको अन्तिम समय तथा प्रजातन्त्र स्थापनाको प्रारम्भिक चरणको समयावधिलाई समेटिएको पाइन्छ।

सिक्किमको विभिन्न स्थान र अञ्चलहरूको यथार्थ वर्णन गरिएको यस उपन्यासलाई आञ्चलिक उपन्यासको रूपमा पनि लिन सकिन्छ। प्रस्तुत उपन्यासमा सिक्किममा प्रजातन्त्र आएपछि सरकार र प्रशासन पक्षका ओहोदाधारी व्यक्तिहरूबाट भएको शोषण, अन्याय र दमननीति र निम्नवर्गीय नेपालीहरूको स्थितिप्रति पाठक, अध्येताहरूलाई साक्षात्कार गराइएको पाइन्छ। सिक्किमको ग्राम्य र आञ्चलिक परिवेशलाई आधारभूमि बनाई रचना गरिएको प्रस्तुत उपन्यासमा पश्चिम सिक्किमको टिम्बुरबोङ गाउँ, सोरेङ बजार र सोरेङ गाउँ, गान्तोक सहर आदिको प्राकृतिक वर्णन र त्यहाँ बसोबास गर्ने नेपालीहरूको जनजीवन साथै नागरीय सभ्यता र त्यसले ल्याएको विकृति, विसङ्गति, असन्तुलन आदिको सविस्तार वर्णन पाइन्छ। स्थानीय रङ्ग र आञ्चलिक परिवेशको वर्णनले उपन्यासलाई स्वाभाविक बनाएको पाइन्छ।

यस उपन्यासमा नेपाली समाजको चित्रणलाई बढी प्राथमिकता दिइएकाले नेपालीहरूका धार्मिक, सांस्कृतिक परिवेश पनि चित्रित रहेको छ। उपन्यासमा हिन्दू संस्कारद्वारा गरिने श्राद्ध, विवाह, पूजा-आजा साथै मन्त्र आदिको पनि प्रसङ्गवश वर्णन यत्रतत्र पाइन्छन्। समाजमा विधमान अन्धविश्वास, धर्म-अधर्म, पाप-पुण्य, सामाजिक लोकविश्वासका कुराहरू पनि यस उपन्यायमा चित्रित रहेका छन्। उपन्यासमा एकातिर ग्राम्य, उदार र सरल जीवन पद्धतिका झल्कोहरू पाइन्छन् भने अर्कोतिर सहरिया वातावरणमा मद-मदिरा सेवन, भोग-विलास, विकृति र विसङ्गति आदिले भ्रष्ट पारेको असन्तुलित सामाजिक व्यवस्थाको चित्रण पाइन्छ। सेवाभाव र विवेकशीलताको विपरीत आक्रोश, ईर्ष्या, अहम्, स्वार्थ, महत्त्वाकांक्षाबाट सञ्चालित कार्यले समाजमा ल्याएको नकारात्मक प्रभाव र स्थिति देखाउँदै सिक्किमको स्थानीय र आञ्चलिक रङ्गलाई विशेष प्रभावयुक्त पारिएको छ। प्रजातन्त्रोत्तर सिक्किमको यथार्थ चित्र उतार्न सक्षम रहेको

यस उपन्यासमा प्रजातन्त्रको नाममा आम जनमानस तथा तृणमूल स्तरमा रहेका मानिसहरू नोकरशाह, ठेकेदार, राजनीतिज्ञ र ठगहरूबाट शोषित अनि पीडित बन्न पुगेको तथ्यको उद्घाटन पनि गरिएको पाइन्छ।

**ङ. दृष्टिबिन्दु**

*अभीष्टको खोज* उपन्यासमा घटित सम्पूर्ण घटना, क्रिया र द्वन्द्वलाई उपन्यासकारले उपन्यासदेखि बाहिर वर्णन गरेका छन्। उपन्यासकारले उपन्यासदेखि अलग बसेर, कुनै पक्षमा केन्द्रित नभई सबै घटना, प्रकृतिचित्रण, विभिन्न चरित्रहरूको क्रियाकलाप, पात्रहरूकाबिचको संवाद, विचार, अनुभूति, क्रिया-प्रतिक्रिया तथा पात्रका मानसिक द्वन्द्व र उथलपुथल आदिलाई चित्रण गरेका छन्। यसैले उपन्यासमा तृतीय पुरुष दृष्टिबिन्दुअन्तर्गत सर्वदर्शी वा सर्वज्ञ दृष्टिबिन्दु रहेको छ।

**च. भाषाशैली**

यस उपन्यासमा सिक्किमको निम्न र निम्नमध्यम वर्गीय नेपालीहरूको सामाजिक-राजनीतिक जीवनको चित्रण गरिएको हुनाले यसमा सरल, सहज, सुबोध्य, स्वाभाविक र ठेट नेपाली भाषा तथा ग्रामीण भाषाको प्रयोग गरिएको छ। उपन्यासमा पात्रहरू छोटा, सरल र रोचक वाक्यद्वारा संवाद गर्छन्। यस उपन्यासमा सामान्यतः सरल र बोधगम्य दुवै प्रकारका भाषा-शैलीको प्रयोग भएको पाइन्छ तथापि उपन्यासमा धेरै ठाउँहरूमा विशिष्ट अनि बौद्धिक भाषाको पनि प्रयोग गरिएको देखिन्छ। शान्ति बाह्र कक्षा मात्र उत्तीर्ण गरेकी पात्र हो यद्यपि ऊ शिष्ट भाषामा जीवन अनि प्रेमबारे अत्यन्त तार्किक एवम् दार्शनिक विचार व्यक्त

गर्छ। उपन्यासको सहायक पात्र इन्द्रकमल थपलिया र शान्तिकी काकीले बोलेको भाषा पनि बौद्धिक रहेको देखिन्छ।

टिम्बुरबुङ निवासी शान्तिकी आमा धनमाया र बाबु लीलाराम तथा त्यहाँका मानिसहरूले बोलेको भाषामा विशिष्टता झल्किए पनि स्थानीय रङ्ग मिसिएको पाइन्छ। उदाहरणार्थ - "कता हौ ठूल्दाइ? कहिल्यै नआउने मान्छे। बसौं बसौं। हाम्रो 'मिटिन' (मिटिङ) चल्दैछ।"[8]

अर्को उदाहरण यस्तो छ – "खान र पिउनमा धर्म छ भने एक छाक, एक गास खान नपाउनेको धर्म के हो? दिनरात हलोकोदालो र अर्काको आसे–गाँसे गोठालो र पाखुरे गर्दा पनि मकैको च्याँख्लो र दुई बटुको गुन्द्रुक नसीब नहुने गरिब र निमुखाको धर्म के हो? कहाँ छ त्यो देवता जसले धर्मको परिभाषा मात्र दियो तर बाँच्ने साधन दिएन; बिमारी मात्र दियो, औषधी दिएन, धर्म मात्र पढायो तर कर्म दिएन।"[9]

–"भाई तिम्रा कुरामा सुधारको आशाभन्दा विग्रहको/विनाशको अफसोस् गन्हाउँछ। तिमीले सुस्केराबाट कुरा थाल्यौ। क्रान्ति, बुलन्द आवाजबाट शुरू हुन्छ, सुस्केराबाट होइन।"[10] आदि।

यसका साथै यस उपन्यासमा अङ्ग्रेजी र हिन्दी जस्ता आगन्तुक शब्द अनि वाक्यहरूको पनि प्रयोग पाइन्छ। जस्तै -

–"प्लिज एप्वाइन्ट इन भेकेन्ट पोष्ट।"[11]

---

[8] भीम दाहाल, सन् 1993, *अभीष्टको खोज*, पूर्ववत्, पृष्ठ 30।

[9] भीम दाहाल, सन् 1993, पूर्ववत्, पृष्ठ 31-32।

[10] भीम दाहाल, सन् 1993, पूर्ववत्, पृष्ठ 109।

[11] भीम दाहाल, सन् 1993, पूर्ववत्, पृष्ठ 56।

–“कैसे हैं? ”[12]

–“आइ टोल्ड यू! काजीमान्स् पपूलरेटी इज रिसिडिङ। यू सी! दिस न्यू फेनमेनन हेज सेकन् द होल एडमिनिस्ट्रेसन्! वी नेभर हेड ए हिन्ट फ्रम स्पेसन ब्रान्च। इट इज डन इन सचए क्लेन्डस्टीम वे।”[13]

–“टूलिड विथ ए स्ट्रङ सेन्सर टू पुलिस।” [14]

यसरी नै उपन्यासमा कतिपय स्थानहरूमा आवश्यकता अनुरूप पौराणिक, ऐतिहासिक र बिम्वात्मक प्रयोगले भाषालाई आलङ्कारिक पनि बनाइएको पाइन्छ। उदाहरण-

–“कसरी लुटियो कर्णको कवच !

कसरी छिन्यो द्रोणाचार्यको शीर !

कसरी भनिदिए युधिष्ठिरले ‘नरो वा कुन्जरो, अस्वस्थामा हतोहत’!”[15] आदि।

**छ. मिथक, प्रतीक एवम् बिम्ब प्रयोग**

*अभीष्टको खोज* उपन्यासमा आंशिक रूपमा भए पनि प्रतीकहरूको प्रयोग गरेर घटना र क्रियाकलापलाई अभिव्यन्जना प्रदान गरिएको पाइन्छ। शब्दबिम्बको अत्यन्त सशक्त र भावानुकूल प्रयोग यस उपन्यासको महत्त्वपूर्ण प्राप्ति मान्न सकिन्छ। यस उपन्यासमा मिथकको राम्रो प्रयोग गरिएको पाइन्छ। मिथकका अतिरिक्त बिम्बको प्रयोग पनि यत्रतत्र पाइन्छ। विभिन्न देश तथा स्थानहरूमा जननायक तथा प्रचलित व्यक्तित्वहरूको प्रसङ्ग; नेपाली साहित्यका विशिष्ठ

---

[12] भीम दाहाल, सन् 1993, पूर्ववत्, पृष्ठ 56।

[13] भीम दाहाल, सन् 1993, पूर्ववत्, पृष्ठ 114।

[14] भीम दाहाल, सन् 1993, पूर्ववत्, पृष्ठ 118।

[15] भीम दाहाल, सन् 1993, पूर्ववत्, पृष्ठ 99।

साहित्यकारहरू, नेपाली प्रचलित उपन्यासहरू, नेपालीका गीतहरू साथै हिन्दू धर्मका मन्त्रहरूलाई पनि समावेश गरिएको पाइन्छ। जस्तै –

–"त्यो कुनै अतीव सुन्दरी दमयन्तीको वरमाला थाप्न हिंडेका दुष्यन्त झै बढ्दै गयो।"[16]

–"प्रत्येक अन्तहीन लाग्ने सुखको पछि कुनै पनि दुर्योधनको प्रलोभन, कुनै पनि रावणको घमण्ड, कुनै पनि दुर्वासाको आक्रोश, कुनै पनि मनुको स्मृति लाग्नसक्छ।"[17]

शान्तिको प्रसङ्गमा लीलारामको सपनाको संसार बढो अनौठो रहेको देखिन्छ। लीलारामले छोरी शान्तिलाई संसासभरिको सुख दिन चाहेको कुरा निम्न उदाहरणद्वारा प्रष्ट हुन्छ -

–"त्यसभित्र सीता, सावित्री, दमयन्ती, तारा, मन्दोदरा र भृकुटीका सबै आदर्शहरू समावेश गरेर त्यसलाई संसारकी सबभन्दा सुशील औरत बनाउने धोको लीलारामले :

प्रत्येक गाँसका भारीसँग बोक्यो।"[18] यसप्रकार प्रस्तुत उपन्यासमा मिथकको सुन्दर प्रयोग गरिएको पाइन्छ।

*अभीष्टको खोज* उपन्यासमा *महाभारत र रामायण*का विभिन्न चरित्रहरूका समाख्यानमा वर्तमान मानवीय सम्बन्धलाई मिथकीय बिम्बबाट उपस्थित गरिएको पाइन्छ। पूर्वीय मिथकको सबल स्रोतका रूपमा *महाभारत र रामायण*को युद्धको प्रसङ्ग, चरित्र र परिवेशलाई उपन्यासको ठाउँ–ठाउँमा साभार गरिएको

[16] भीम दाहाल, सन् 1993, पूर्ववत्, पृष्ठ 10।

[17] भीम दाहाल, सन् 1993, पूर्ववत्, पृष्ठ 12।

[18] भीम दाहाल, सन् 1993, पूर्ववत्, पृष्ठ 27।

पाइन्छ। प्रस्तुत उपन्यासमा समकालीन सामाजिक–राजनीतिक स्थिति र त्यसले जन्माएको परिवेश *महाभारत र रामायणको* घटनाभन्दा भिन्न पृष्ठभूमिमा भए तापनि त्यसले दिने प्रभाव वर्तमान समयमा पनि समान प्रकट भएको अनुभव गर्न सकिन्छ। उपन्यासमा अभिजात्यपनको आडम्बर बोक्नेहरू वर्तमानमा पनि दुर्योधनका नयाँ पिँढीका रूपमा रहेका विचार उपन्यासकारको रहेको देखिन्छ।

यस्तै प्रकारले उपन्यासमा विभिन्न देश–विदेशका जननायक, प्रचलित व्यक्ितित्व, साहित्यका स्रष्टा एवम् साहित्यिक कृतिको प्रसङ्गवश चर्चा पनि उपन्यासकारले यत्रतत्र गरेका छन् -

–"दा भिन्सीको 'मोनालिजा'–को नेपाली नकल, एम. एफ. हुसैनका चित्र, जोन एफ. केनेडी, नेहरू, गान्धी र बिचमा लक्ष्मीप्रसाद देवकोटाको चित्र पनि।"[19]

–"विश्वेशवर प्रसाद कोइरालाको *कर्णेलको घोडा नामक* कथा र *तीन घुम्ती* उपन्यास, के केमा लगेर काकीलाई उभ्याई .....।"[20]

– "शान्तिले स्वाभिमानलाई आफूले पढ्दै गरेको मत्स्येन्द्र प्रधानको अकादमी पुरस्कार प्राप्त पुस्तक*नीलकण्ठ*–सँग घोप्ट्याएर पलङमा राखी र ओठलाई नाटकीय मुस्कान दिई।"[21]

यस्तै प्रकारले उपन्यासमा सन्दर्भ अनुरूप हिन्दू धर्मका मन्त्र र गीतहरू पनि समावेश गरिएका छन् -

**मन्त्र**

---

[19] भीम दाहाल, सन् 1993, पूर्ववत्, पृष्ठ 96।

[20] भीम दाहाल, सन् 1993, पूर्ववत्, पृष्ठ 4।

[21] भीम दाहाल, सन् 1993, पूर्ववत्, पृष्ठ 52।

–“गोपीका नन्दन, रामनारायणं तनभजे....

नागेन्द्र हाराय त्रिलोचनाय, भष्मांगराय महेश्वराय, नित्याय शुद्धाय दिगम्बराय, तस्मै नकाराय नमः शिवाय।”[22]

**गीत**

- “घाम, जुन पञ्च है राखी बाचा मनमा मन लिई मन दिई...।” [23] आदि।

प्रस्तुत उपन्यासमा घटनाहरूको प्रवाहसँगै नायिका शान्तिका प्रवृत्तिहरूमा बदलाव देखापर्छ। घटनाक्रम सँगसँगै उसको चरित्रमा पनि परिवर्तन हुँदै गएको देखिन्छ। उपन्यासमा शान्तिका अन्तर्द्वन्द, कुण्ठा उसका दमित इच्छा, अवचेतन मनका चाहना, स्वभाव र क्रियाकलापमा पनि क्रमशः अनौठो परिवर्तन हुँदै गएका घटनाहरूलाई प्रतीकात्मक रूपमा अभिव्यक्त गरिएको पाइन्छ। नेत्रप्रसादद्वारा बलात्कृत तथा उपेक्षित बनेकी शान्तिले नोकरी छोडनु, मानसिक पीडा कम गर्न मदिरा सेवन गर्नु, मञ्जुरभाइ नामक पात्रसँग शारीरिक सम्पर्क राख्न अग्रसर हुनु, सपनामा कुनै युवकसँग आफ्नो विवाह भएको देख्नु, ऊ आफू स्वयमलाई आफ्नो पति जस्तो बनेर त्यस काल्पनिक पुरुषसँग साउती मार्नु, राती निद्रा नलाग्नु र मन बाँधेर आफ्नो गुप्त अङ्गका निम्ति आफ्नै हातलाई पुरुष बनाईदिने जस्ता काम गर्नु, स्वप्नपुरुषसँग संभोगमग्न हुनु आदि उसका अतृप्त यौनेच्छाका प्रतीकात्मक अभिव्यक्ति हुन्। यस प्रकारले हेर्दा शान्ति यौन मनोविकृत पात्रको रूपमा पनि देखिन्छे भन्न सकिन्छ।

---

22 भीम दाहाल, सन् 1993, पूर्ववत्, पृष्ठ 72।

23 भीम दाहाल, सन् 1993, पूर्ववत्, पृष्ठ 22।

यसरी नै सानुभाइ नामक पात्रले शान्तिमाथि कुदृष्टि राखी आफ्नो यौन इच्छा पूरा गर्न खोज्नु, नेत्रप्रसादले शान्तिलाई प्रेमको नाममा बलात्कार गर्नु आदि घटना विध्वंसात्मकताका प्रतीक हुन्।

### ज. गति र लय

*अभीष्टको खोज* उपन्यासमा तृतीयपुरुष वा सर्वज्ञ दृष्टिबिन्दुमा लेखिएको उपन्यास भएकोले यसमा गतिको निर्वाह उपन्यासकारका इच्छा अनुरूप भएको छ। यस उपन्यासको सुरूमा विस्तारपूर्वक पात्र-पात्राहरूको परिचय, स्वभाव र प्रवृत्तिको वर्णन साथै पश्चिम सिक्किमको सोरेङ बजार र बस्तीको प्राकृतिक वर्णन गरिएको पाइन्छ। यसरी स्वाभाविक गति र लयमा उपन्यास अघि बढेको छ। तथापि उपन्यासका कतिपय स्थानहरूमा धेरै वर्षको अवधिलाई एउटै वाक्यले जनाएको पनि देखिन्छ। जसले गर्दा उपन्यासको गति अत्यन्त तीव्र भएको भान हुन्छ। उपन्यासमा केन्द्रिय पक्षको उद्घाटनका क्रममा दृश्यात्मक पद्दतिको प्रयोग भएको पाइन्छ, यसले उपन्यासको गतिमा विघटन ल्याएको पाइन्छ।

प्रस्तुत उपन्यासमा बिम्बात्मक प्रयोगले आन्तरिक लयको मोहकता सिर्जन गरिएको छ भने भाषागत मिठास अनि ध्वनिगत लय सिर्जना भएको पाइन्छ। उपन्यासका बिच-बिचमा गीतको प्रयोग तथा कतिपय पङक्तिहरू-कवितात्मक रूपमा लेखिएका हुनाले उपन्यासमा काव्यात्मक रङ्ग साथै भावको प्रबलता तथा लयको सञ्चार सुन्दर रूपमा भएको पाइन्छ।

### झ. शीर्षक सार्थकता

जीवन भोगाइका क्रममा मानिसका क्रियाकलाप, स्वभाव, स्थिति–परिस्थिति, अवस्था र आवश्यकता आदि पनि परिवर्तन हुँदै गएको देखिन्छ। मानिसका यस्ता बदलिँदा गतिविधि, परिवेश र आवश्यकता अनुरूप जीवनका लक्ष्य र अभीष्टहरू पनि परिवर्तन हुँदै जान्छन्। *अभीष्टको खोज* उपन्यास समाजमा विद्यमान उतारचढाव र कष्टपूर्ण जीवन बचाँइका क्रममा नायिका शान्तिको माध्यमद्वारा मानिसका जीवनका बदलिँदा अभीष्टहरूको यथार्थ अङ्कन गर्न सफल बनेको छ। यस दृष्टिले उपन्यासको शीर्षक अभिधात्मक रहेको छ भन्न सकिन्छ।

उपन्यासको सुरुमा लीलाराम र धनमायाले शान्तिलाई उचित शिक्षा प्रदान गरी आत्मनिर्भर, क्षमतावान्, सक्षम, सबल र आदर्श बनाउने अभीष्ट राखेका छन्। शान्तिले बाह्रौ कक्षा उतीर्ण गरे पछि नोकरी गरेर आमा–बाबुलाई आर्थिक रूपले मद्दत गर्ने साथै आफू पनि आर्थिक स्वतन्त्रतामा रमाउने अभीष्ट राखेकी छो। तर नोकरीको खोजीमा गाउँदेखि सहर पसेकी शान्तिले विभिन्न प्रतिकूल र कठिन परिस्थितिहरूको सामना गर्न परेको देखिन्छ। यस्ता परिवर्तित परिस्थितिहरूका कारण उसको जीवनको अभीष्टहरू क्रमशः नोकरी, प्रेम, यौन तृप्ति, विवाह आदि विभिन्न क्रियाप्रतिक्रियासँग सिंगौरी खेल्दै अघि बढेको देखिन्छ।

उपन्यासको अन्तमा शान्तिले आफ्नो सत्ताको खोज गर्दै उन्मुक्तिको चाहना राखेकी छो। यही चाह नै उसको जीवनको अभीष्ट बनेको देखिन्छ। जीवनका अप्ठ्यारा अनि कठिन परिस्थितहरूसँग जुझ्दै, विभिन्न चुनौतिहरूसँग भिड्दै जीवन बिताइरहेकी शान्ति विवाह नगर्ने अनि पुरुषको साथमा जीवन नबिताउने निर्णायक फैसला लिन पुग्छे। विवाहप्रति यस्तो वितृष्णाको कारण शान्तिको स्वअस्तित्व र स्वतन्त्रताचेत हो। ऊ स्वसत्ताको विसर्जनलाई एउटा निर्लज

आत्मसमर्पण भन्दा अधिक ठान्दिन। ऊ आफ्नो "स्व"-प्रतिको दायित्वको संरक्षणमा नै आत्मतृप्ति अनुभव गर्छ। यस प्रकार मानिसका जीवनमा घटेका विभिन्न घटना, क्रिया र परिवेश, अभाव, पीडा, असन्तुष्टि, मानसिक द्वन्द्व आदिले फरक वा भिन्न हुँदै गएका अभीष्टहरूको यथार्थ चित्रण यस उपन्यासमा भएको पाइन्छ। मानिसले सोचेको आदर्श र भोगेको यथार्थहरूमा ठूलो भेद रहन्छ र यही अभीष्टको कारण मानिसको जीवन एकनास नरहेर विभिन्न किसिमका बदलावमा जीवन बित्छ। यस दृष्टिले हेर्दा प्रस्तुत उपन्यासको शीर्षक सार्थक रहेको छ भन्न सकिन्छ।

### 3.5.2 *द्रोह*

सन् 2006-मा साहित्य अकादमी पुरस्कारद्वारा पुरस्कृत तथा सिक्किमको सामाजिक-राजनीतिक परिवेशलाई प्रखर रूपमा उजागर गर्ने भीम दाहालको *द्रोह* उपन्यास सन् 2002 सालमा प्रकाशित भएको हो। जम्मा 26 वटा उपशीर्षकहरूमा विभाजन गरिएको यस उपन्यासमा सिक्किमका स्थानीय ठाउँहरूको वर्णन गरिएको पाइन्छ। यस उपन्यासमा पश्चिम सिक्किमको रिधाङ-बोजेक नामक गाउँका सचेत नागरिकहरूका माध्यमद्वारा सिक्किमको सामाजिक एवम् राजनीतिक परिवेशको चित्रण गरिएको पाइन्छ।

#### क. कथावस्तु

बहुलपात्र अथवा बहुलनायक रहेको सिक्किमको सामाजिक, राजनीतिक तथा आञ्चलिक परिवेशमा केन्द्रित यस उपन्यासको थालनी विचारलाल धिताल नामक पात्र विधायक पदमा नियुक्त भएपछि गरिएको छ। रिधाङ-बोजेक गाउँको एक मध्यम वर्गीय पात्र विचारलाल विधायक हुनुभन्दा अघि गाउँमा पुरेत्याँई गरी हिँडने अनि केही पैसा हातमा परे मुन्ना नामक युवतिको दोकानमा रक्सी पिएर घर-संसार नै बिर्सने किसिमको हुन्छ। तथापि पार्टीको टिकट पाएर ऊ विधायक

बनेपछि नेतागिरी गर्दै ऊ गाउँका कसैलाई गन्ती नलाउने भएको हुन्छ। गाउँका सोझा, गरिब साथीहरूलाई चिन्नै छोड्छ। ऊ आफ्नी जेठी स्वास्नी, दुई छोरा अनि गाउँका शोषित जनसमूहलाई बिर्सिन्छ तथा कान्छी स्वास्नी लिएर गान्तोक सहर मै बस्न थाल्छ। गान्तोकमा बसोबास गरे तापनि गाउँको चियो गर्नु, गाउँले साथी-भाइलाई सहायता गर्नका साटो अनेक षड्यन्त्र गरेर दुःख सास्ती दिनु उसको दिनचर्या हुन थाल्छ।

गाउँमा व्याप्त शोषण, गरिबमारा नीतिका कारण गाँउलेहरूमा पर्न गएको अन्यायको विरोधमा उठेर शोषकहरूलाई निर्मूल पार्न विधायक बनेको विचारलाल वास्तवमा रिधाङ गाउँको नयाँ शोषकको रूपमा अवतरित हुँदै गइरहेको देखिन्छ। ऊ गाँउले चेली-बेटी, दिदी-बहिनी तथा नारीहरूप्रति वासनाको दृष्टि राख्न हिचकिचाउँदैन। गाउँको अत्यन्त दुराचारी, छली, षड्यन्त्रकारी शोषक कैजरबहादुर सुतार र उसैको चम्चागिरी गर्ने धूलपूजे सुब्बालाई उसले आफ्नो सहायक बनाउँछ। यी दुईको साथ पाएर विचारलाल गाउँका सोझा-निमुखा, गरिबहरूमाथि अन्याय र अत्याचार गर्न कुनै कस्सर राख्दैन। *द्रोह* उपन्यासबारे लीला लुइटेलको भनाइ यस्तो छ - "यस उपन्यासमा सुङ्गुर र गोरुको सुकुटी खाने र घरमा सत्यनारायणको पाठ लगाउने तथा समाजवादी दलमा लागेर देवीदेवता पुकार्ने विचारलाल, प्रेमिका मनीषाको काखमा सुतेर जेठी स्वास्नी गुलबदनको नाम जप्ने मानक मनीष हेडमास्टर, घरमा पालेका नोकर्नीहरूका साथै आफ्नै बुहारी पनि बाँकी नराख्ने कैजरे, साधुका पछि लागरे हिँड्ने कैजरेकी बुहारी, प्रशासनिक कर्मचारी एवं

पुलिसका दुराचार आदि सबका माध्यमबाट विसङ्गतिलाई चिरफार गरेर देखाउने प्रयास गरिएको छ।”[24]

गाउँका प्रत्येक छोरी–चेलीमाथि अनिष्ठ चिताउने, राजनीतिज्ञहरूको चापलुसी गरी आफ्नो स्वार्थ पूरा गर्ने कैजरबहादुर सुतार उर्फ कैजरे उपन्यासको शोषक पात्र हो। ऊ विचारलालको सहायक भएपछि उसको प्रवृतिमा अझ धेर क्रूरता देखिन थाल्छ। यसैबिच कैजरेका घरमा काम गर्न सघाउने चौध–पन्ध्र वर्षका किशोरीहरू कैजरेद्वारा बलात्कृत बन्छन् र गर्भवती बनेका किशोरीहरूले आत्महत्या गरेको हल्ला फिजाए तापनि वास्तवमा ती किशोरीहरूको हत्या गरिएको हुन्छ। गाउँका सबै मानिसहरूलाई यौन अपराधी कैजरे र उसको छोरा रणदीपेन्द्र रहेको ज्ञात भए तापनि सरकार, कानुन तथा पुलिस प्रशासनलाई आफ्नो ठेकेदार बनाएकोले कैजरेका विरूद्ध कसैले पनि आवाज उठाउने साहस गर्दैनन्। तर उपन्यासका सचेत नारी पात्रहरूका रूपमा मुन्ना र सुबेदार्नी आमाले भने सहासपूर्ण कदम उठाएर यसको विरोध गरेका छन्। गाउँमा निमुखा जनताको लागि भनेर मिलन समाज खोलिएको देखिन्छ। यसमा केशरे दमाई र राममाया बाहुनीको भावी सन्तानलाई समाजद्वारा स्वीकार गर्ने घोषणा गरेर जातीभेदका विरूद्धमा एक पाइलो अघि बढाएर जातीय सद्भावनालाई महत्व दिइएको पाइन्छ।

मुन्नाको सचेत प्रयासले गाउँका शोषित मानिसहरूलाई एकसूत्रमा बाँधेर एउटा समूहमा राख्ने जस्तो अत्यन्त महत्त्वपूर्ण काम गरेको छ। मुन्नाकै प्रयासले सबै गाउँलेहरूमा अन्याय, अत्याचार र दमननीतिको विरूद्धमा लड्ने सोच विकसित भएको पाइन्छ। सबै गाउँलेहरू एकत्रित भई शोषक र शोषण व्यवस्थालाई निर्मूल

---

[24] लीला लुइटेल ‘भीम दाहालका औपन्यासिक प्रवृत्ति’, वि.सं २०६७, *भृकुटी’ (समालोचना एवम् अनुसन्धानात्मक साहित्यिक–सांस्कृतिक त्रैमासिक,* पूर्णाङ्क 9), मोदनाथ प्रश्रित (प्र.सम्पा), काठमाडौँ: भृकुटी एकेडेमिक पब्लिकेसन्स्, पृष्ठ ५१।

पार्न र दमनबाट मुक्ति चाहने जनसमुदायको द्वन्द्वको फलस्वरूप 'मिलन समाज' नामक प्रगतिशील सङ्गठनको स्थापना भएको पाइन्छ। फलत: गाउँका सचेत नागरिकहरूद्वारा विचारलाल र कैजरे जस्ता पाखण्डीहरूको अत्याचारलाई तीव्र विरोध गरिएको पाइन्छ। 'मिलन समाज'-को स्थापना भएपछि शोषित समुदायमा एउटा उत्साह छाएको देखिन्छ। उनीहरू जीवनप्रति आशावादी तथा समाजको परिवर्तन, विकास र प्रगतिका निम्ति आग्रही देखिन्छन्। यसै समाजको प्रयासद्वारा नै उपन्यासको अन्तमा शोषणको पनि अन्त भएको छ। विचारलालले धैरै प्रयास गरेपछि पनि पार्टीको टिकट पाउन सक्दैन उसको साटो कैजरेले चुनावको टिकट पाएर विधायक बन्ने कुरा निश्चित भइसकेको हुन्छ। यसैबिच सरकार र प्रशासनप्रति शोषित, आक्रोशित जनमानसले कैजरेलाई रूखमा झुन्ड्याएर मृत्युदण्ड दिएको त्रासदीय घटना पनि घटेको पाइन्छ। चुनावको समय भएको हुनाले सरकारले त्यस घटनाको छान-बिन नगरी कैजरेको हत्यालाई आत्महत्या गरेको घोषणा गर्दछ। यसै घटनाको वर्णन पछि उपन्यासको पनि अन्त भएको छ। यसरी प्रस्तुत उपन्यासमा विचारलाल, कैजरे जस्ता शोषकहरू र सोझा निमुखा गाउँलेहरूकाबिचको द्वन्द्वलाई मूल समस्याको केन्द्रबिन्दु बनाएको पाइन्छ। शोषक र शोषितबिचको वर्गीय द्वन्द्वमा शोषकको विरूद्ध शोषितहरूको जीत भएको निचोड उपन्यासले निकालेको पाइन्छ।

यस उपन्यासमा कथानकको विन्यास र घटनाहरूको श्रृङ्खला हेर्दा विचारलाल विधायक बन्नु तथा कैजरेलाई शोषक बनाई गाउँमा अन्याय र अत्याचारलाई पराकाष्ठामा पुऱ्याउन खोज्नु घटनाक्रमको पहिलो श्रृङ्खला हो भने दुई निर्दोष नोकर्नीहरूको गर्भवती अवस्थामा हत्या गरिनु तथा त्यस हत्यालाई आत्महत्या घोषित गरिनु उपन्यासको अर्को घटना हो। यसै घटनाबाट जन्मेको द्वन्द्वबाट शोषित जनमानस सङ्घठित भई मिलन समाजको स्थापना हुन्छ।

शोषक र शोषण व्यवस्थालाई निर्मूल पार्न मिलन समाजको स्थापना हुनु उपन्यासको सबैभन्दा महत्त्वपूर्ण घटना र यो कथानकको चरमउत्कर्ष पनि हो। यसपछि घटना श्रृङ्खलाको विस्तारै अवरोह हुन्छ। कैजरेलाई पुलिस प्रशासनले कार्यवाही गर्नु, उसैको सहायक धूलपूजे सुब्बालाई पुलिसले पक्रिनु, विचारलालले पुनः पार्टीको विधायक बन्न नपाउनु सङ्घर्षह्रास हो भने शोषित जनमानसले कैजरेलाई रूखमा झुन्ड्याएर हत्या गर्नु सुरक्षा व्यवस्था नमानेर कानुनलाई आफ्नो हातमा लिएर कानुनविरोधी काम गरेको देखिन्छ। तथापि सरकार पक्षले त्यस हत्यालाई आत्महत्या घोषित गर्न बाध्य बन्नु परेको घटना कथानकको उपसंहार हो।

**ख. आयाम एवम् संरचना**

सन् 2002-मा प्रकाशित *द्रोह* उपन्यासमा जम्मा छब्बिसवटा उपशीर्षकहरू रहेका छन्। 220 पृष्ठमा आबद्ध यस उपन्यासमा प्रत्येक परिच्छेदलाई बेग्लाबेग्लै शीर्षकहरू दिइएको छ। ती यस प्रकार रहेका छन् - प्रवेश, प्राथमिकी, सुबेदारनी आमा, कैजरबहादुर सुतार, मुन्नाको अव्यक्त वेदना, द्रोह, सुबेदार, लेखलाल र जिल्लारामलाई आलुदम पूरी, मानक चन्द मनीष : मनीषा गुरूमा, रामलाल भट्टराईको 'हाउस एरेस्ट', विचारलालको विद्रोह, कहिले लेला, कहिले देला कानुनले, काँचो रगत, एक अञ्जुली माटो, एल बी, केसी राई, रूपान्तरण, नम्बर एकाउन्नको भाउन्न, डेमोक्रेसी, मुसदन्डे र गुलबदन, प्रतिभा, मिलन समाजको नानी, मानक मनीषको दुःखान्त, सङ्घर्ष र द्रोहको बन्धन, ढकालको घटमा नारायण, धर्मसमाजलाई नम्बर 17 लाग्यो, विचारलालले थाल जस्तो टाइ लाउन नपाउने भयो, कैजरबहादुरको आत्महत्या आदि।

दास प्रिन्टर्स, विधान रोड सिलगढीद्वारा मुद्रित तथा श्रीमती प्रतिभा दाहालद्वारा प्रकाशित यस उपन्यासको मूल्य भा. रू. 50/- साथै ने.रू. 80/- रहेको छ। यसको प्रथम संस्करण 1000/- प्रति रहेको छ। यस उपन्यासको आवरणमा कुनै पनि चित्र राखिएको छैन। हरियो रङ्गले पोतिएको पृष्ठमा रातो रङ्गले *द्रोह* (सामाजिक उपन्यास) लेखिएको छ।

माथि उल्लेखित गरिएको छब्बीसवटा उपशीर्षकहरूमध्ये धेरजसो उपशीर्षकहरू उपन्यासमा सहयोगीका रूपमा रहेका पात्रहरूको नामसँग सम्बद्ध रहेका छन्। ती उपशीर्षकहरूबाटै सम्बन्धित खण्डमा चित्रित घटना वा कथ्यको सजिलै अनुमान लगाउन सकिने आधारहरू पाइन्छन्। उपन्यासलाई छब्बीसवटा उपशीर्षक र खण्डमा छुट्टाइएको भए तापनि ती खण्डहरू कथानकको क्रमिकताका साथ प्रस्तुत गरिएका छन्। कथावस्तुको क्रममा पनि कुनै अवरोध छैन र यसको क्रम निरन्तर रूपमा अघि बढेको छ। उपन्यासका सबै उपशीर्षकहरू परम्परामा अविच्छिन्न रूपले गाँसिएका छन्।

उपन्यासमा विभिन्न प्रसङ्ग वा स्थितिको परिवर्तन गर्दा कुनै पनि किसिमको चिन्ह वा सङ्केत प्रयोग गरिएको छैन केवल अनुच्छेद मात्र परिवर्तन गरिएको छ। यसप्रकार भिन्न-भिन्नै उपशीर्षकहरू दिइए तापनि कथाको क्रम भङ्ग नगरी एउटै सूत्रमा बाधेर क्रमिकताका साथ प्रस्तुत गर्दै औपन्यासिक स्वरूपमा ढाल्नु उपन्यासकार भीम दाहालमा पाइने शिल्प संरचनागत वैशिष्ट्य हो।

**ग. चरित्र चित्रण**

बहुलपात्र र बहुलनायकको प्रयोग गरिएको प्रस्तुत उपन्यासमा पश्चिम सिक्किमको रिधाङ बोजेक गाउँमा बसोबास गर्ने विभिन्न उमेर, जाति, वर्ग र स्तरका पात्रहरूलाई समावेश गरिएको छ। उपन्यासका प्रमुख नारी पात्रहरू मुन्ना र

सुबेदारनी आमा हुन् भने सहायक नारी पात्रहरू रुक्मणि, मनीषा गुरुमा र प्रतिभा रहेका छन्। गौण नारी पात्रहरूमा विचारलालकी जेठी स्वास्नी र कान्छी स्वास्नी, मगरनी र भूजेल्नी केटी, मसिनी माईली, राममाया, मरियम र कैजरेको बुहारी रहेका छन्। यसरी नै पुरुष पात्रहरूमा कुलुङ सुबेदार, केशरे दमाई, लेखलाल भट्टराई, जिल्लाराम घिमिरे, विचारलाल धिताल, कैजरबहादुर सुतार, रविरत्न कुलुङ, सुकराज सुब्बा उर्फ धूलपूजे, एल बी सर, एल एम बि के, मानक चन्द मनीष, रणदीपेन्द्र सुतार, रामलाल भट्टराई, एल एम केसी राई आदि। यसरी नै गौण पुरुष पात्रहरू काइला लिम्बू, आबकारी सर, टिम्बुरे, एक्ले लिम्बू, जे बी सर, एस डी सर, नरे कामी भैरवबहादुर सुतार, छविलाल सिवाकोटी, मिङमा आदि। यीमध्ये उपन्यासका प्रमुख चरित्रहरूको चित्रण निम्नप्रकारले गरिन्छ –

**मुन्ना**

*द्रोह* उपन्यासमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने मुन्ना दार्जिलिङमा जन्मिएकी साधारण घरकी छोरी हो। आठौं कक्षासम्म शिक्षा आर्जन गरेकी मुन्ना पश्चिम सिक्किमको रिधाङ गाउँको घुम्ती घरमा दोकान गरी राशिनसँगै रक्सी पनि बेचेर जीविका चलाउँछे। नाबालिग अवस्था (चौध–पन्द्र वर्ष)–को उमेरमा बलात्कृत बनेकी ऊ आफ्नो पीडा–वेदना बाह्य रूपमा कसैसँग पनि प्रकट गर्दिन र हँसिली भएर सबैसँग राम्रो सम्बन्ध राख्न सिपालु देखिन्छे। सरकारी सहुलियतहरूबाट बञ्चित रहेकी मुन्ना अरूको दुःखलाई आफ्नै सम्झने, भावुक र संवेदनशील हुँदाहुँदै पनि अन्याय–अत्याचार सहन नसक्ने, विद्रोही तथा साहसी नारी हो। ऊ शोषण दमनको विरोध गर्ने क्रान्तिकारी र विद्रोहात्मक चरित्रको रूपमा उभिएकी छे।

उपन्यासमा बलात्कार गरिएका दुई मूक तथा शोषित नारीहरूको पक्षमा आवाज उठाउने अनि उनीहरूप्रति भएको शोषण र अत्याचारको तीव्र विरोध गर्ने साहस मुन्नाले गरेकी छे। यति मात्र होइन समाजका असचेत र गतिहीन पात्रहरूलाई सचेत र जागरूक बनाउने, दमन–शोषण विरूद्ध द्रोह गर्न सक्ने चेतना दिलाउँदै मिलन समाज नामक प्रगतिशील संस्थान गठन गर्नमा मुन्नाले महत्त्वपूर्ण भूमिका निर्वाह गरेकी छे। परिस्थितिसँग जुझ्नसक्ने क्षमता भएकी मुन्ना व्यङ्ग्य प्रहार गर्न पनि निकै सिपालु देखिन्छे। मिलन समाजकी सक्रिय सदस्य मुन्ना जातीय प्रथाको विरोधमा आवाज बुलन्द गर्छे। केशरे दमाई र राममाया बाहुनीबाट जन्मने सन्तानलाई मिलन समाजले संरक्षण गर्ने कुरामा पनि ऊ सबैलाई विश्वास दिलाउँछे। समग्रमा भन्नुपर्दा मुन्ना अनुकूल, स्थिर र वर्गीय पात्र हो। ऊ क्रान्तिकारी, प्रगतिशील, सचेत, सामर्थ्यवान एवम् स्वाभिमानी नारीको प्रतिनिधिको रूपमा चिनिन्छे।

**सुबेदारनी आमा**

मुन्नाकै समकक्षमा उभिएकी सुबेदारनी आमा यस उपन्यासकी अर्की सशक्त नारी पात्र हुन्। समाजमा धनीवर्गद्वारा गरिबमारा नीति, सोझाहरूमाथि भएको अन्याय, अत्याचार, शोषण र दमनको विरूद्ध खडा भई सदैव उनीहरूका आवाज बन्न तत्पर रहने सचेत नारी पात्रका रूपमा उनी चित्रित भएकी छन्। नारीको यौन शोषण गर्ने, गरिब निमुखाहरूको जमीन हडप गर्ने, आर्थिक साथै मानसिक शोषण गरी सोझा गाउँलेहरूका अस्तित्व नै सङ्कटमा पार्ने शोषक कैजरबहादुरलाई कुच्चोले प्रहार गर्न पनि उनी पछि परेकी छैनन्। सुबेदारनी आमा कैजरबहादुरका विरूद्ध एउटा दृढ प्रतिद्वन्द्वीका रूपमा खडा भएकी छिन्। उनीभित्र शोषणको

एकतन्त्रीय व्यवस्थासँग लड्ने क्रान्तिकारी र प्रगतिवादी सोच विधमान रहेको छ। प्रतिकूल परिस्थितिमा पनि पीडित नारी तथा निम्नवर्गीय इमान्दार मानिसहरूको पक्षमा उभिने क्षमता र सामर्थ्य उनमा रहको देख्न सकिन्छ। अनुकूल, स्थिर र असल स्वभाव भएकी सुबेदारनी आमा उपन्यासमा वर्गीय पात्रको रूपमा पनि उभिएकी छन्।

**विचारलाल धिताल**

अशिक्षित साथै धूर्त र मूर्ख प्रवृत्तिको पात्र विचारलाल उपन्यासको अर्को सहायक पात्र हो। ऊ विधायक बन्न अघि पुरेत्याँई गरी आफ्नो जीविका चलाउथ्यो। विचारलाल गाउँबाट शोषण व्यवस्था हटाई समाजको उद्धार गर्न आफू विधायक बनेको फ्वाँक देखाउँछ तर वास्तवमा ऊ केवल आफ्नो स्वार्थ पूरा गर्न र कैजरेलाई साथमा लिएर गरिबहरूको शोषण गर्न मात्र नेता बनेको छ भन्ने स्पष्ट देखिन्छ। उसले सोझा र सरल गाउँलेहरूलाई सताउने कुनै मौका छोडेको छैन। गाउँलेहरूलाई उनीहरूका हक र अधिकारबाट किनारीकृत गर्न, उनीहरूलाई विभिन्न षड्यन्त्रमा फसाउन र केवल आफूले चाहेको काम मात्र गर्नु जस्ता धुत्याँई उसको पाखण्डी चरित्रको परिचय हो।

आफू सत्तामा टिकिरहन जस्तै नीच काम गर्नु पनि पछि नहट्ने सत्तालोलुप, हैकमवादी सोच र शोषक प्रवृत्तिद्वारा प्रेरित पात्रको प्रतिनिधित्व विचारलाल धितालले गरेको छ। दोधारे कुरा गर्नमा सिपालु विचारलाल आफूलाई जानकारी नभएका विषयहरूको विशेषज्ञ र ज्ञाता भए जस्तो अभिनय गरी सबैका सामु आफ्नो इज्जतमाथि आफै प्रश्नचिन्ह खडा गरेको पनि थाह नपाउने मूर्ख साथै आडम्बरी प्रवृत्तिको छ। खल, प्रतिकूल, गतिहीन तथा ढिट चरित्रको विचारलाल बुद्धि-विवेक र मानवीय संवेदना नभएको अनुशासनहीन र दुष्ट पात्र पनि हो। वर्गीय

पात्रका रूपमा देखा परेको विचारलालको चरित्रमा शोषक प्रवृत्ति आउनका मूल कारणको रूपमा सत्ता र शक्तिलाई मान्न सकिन्छ।

**कैजरे**

बोल्दा सर्पजस्तो स्याँकस्याँक गर्ने र हाँस्दा रोएजस्तो देखिने कैजरेको पूरा नाम कैजरबहादुर सुतार हो। कैजरे शोषक, कामुक, सामन्ती विचार राख्ने बलात्कारी र खल पात्र हो। गाउँका प्रत्येक नारीमाथि कुदृष्टि राख्नु, सोझा निमुखाहरूको जमिन-जेथा हडप गर्नु, राजनीतिज्ञ र सरकार प्रशासनको चापलुसी गरी आफ्नो स्वार्थ पूरा गर्नु जस्ता कुकृत्यहरू यसका उदाहरण हुन्। अर्काको दुःखमा रमाउने परपीडक प्रवृत्तिको कैजरे दुष्ट, ईर्ष्यालु व्यक्तित्वको प्रतिनिधित्व गर्ने वर्गीय पात्रको रूपमा उपस्थित छ। उसका प्रवृत्ति र स्वभाव अपरिवर्तित रहेकाले ऊ गतिहीन र च्याप्टो पात्र हो।

बोलेको कुरा कहिल्यै पूरा नगर्ने र गरेको काम कसैलाई नभन्ने प्रवृत्तिको कैजरे सामन्ती-शोषकका साथै नरभक्षी पनि हो। आफूले राखेको गोठालाहरूलाई तलब दिने समयमा ऊ कुटेर खेद्छ। ऊ घरमा स्वास्नी हुँदाहुँदै गरिबका चेलीबेटीलाई बलात्कार गर्ने तथा आफ्नै बुहारीलाई पनि यौनको सिकार बनाउने अधम पात्र हो। घरमा राखेका नोकर्नीहरू गर्भवती भएपछि तिनलाई रूखमा झुण्ड्याउन पनि ऊ पछि पर्दैन। "ऊ मान्छेलाई मात्र नभएर पशुलाई समेत बलात्कार गर्न पछि नहट्ने नरपशु हो। *महाभारत*को शकुनि जस्तो कैजरे राजनीतिमा पनि सक्रिय छ।"[25] पाप पाखण्डमा लिप्त कैजरेको मृत्यु पनि अत्यन्त अनौठो ढङ्गले भएको देखिइएको छ। उसको अपराधले सीमा नाघेपछि उसको अपराधको दण्ड

---

[25] लीला लुइटेल 'भीम दाहालका औपन्यासिक प्रवृत्ति', वि.सं २०६७, *भृकुटी (समालोचना एवम् अनुसन्धानात्मक साहित्यिक-सांस्कृतिक त्रैमासिक,* पूर्णाङ्क ९), पूर्ववत्, पृष्ठ ५२।

स्वरूप गाँउका मानिसहरूले रूखमा झुण्ड्याएर  हत्या गरिदिन्छन्, जसलाई सरकार र कानुनले आत्महत्या ठहऱ्याएको छ। समग्रमा भन्नपर्दा कैजरे पापी, पाखण्डी, यौनविकृत, प्रतिकूल, स्थिर, गतिहीन तथा वर्गीय पात्र हो।

**कुलुङ सुबेदार**

कुलुङ सुबेदार उपन्यासमा सहायक प ात्रको रूपमा देखा परेको छ। सुबेदारको पदमा पल्टनदेखि सेवा निवृत भएको कुलुङ सुबेदार उपन्यासको शुरूमा आफ्नो निष्कपट र इमान्दार स्वास्नीको आँखा छली मुन्नाको दोकानमा रक्सी पिउने, मुन्ना जस्ता तरूणी स्त्रीहरूका साथ रूचाउने, उमेर धेरै भएर मुखका सम्पूर्ण दाँत झरे पनि नयाँ दाँत लगाएर आफूलाई कसैले बुढो भनेर सम्बोधन गरे त्यस व्यक्तिलाई कुट–पिट समेत गर्न पछि नपर्ने तथा तरूणीहरूसँग जिस्कन रूचाउने पात्रको रूपमा देखापर्छ।

उपन्यासको पूर्वार्द्धमा कुलुङ सुबेदार स्वच्छन्द प्रवृत्तिको रहेको देखिन्छ भने उपन्यासको उत्तरार्द्धमा आदर्शवादी चरित्रको रूपमा परिवर्तित भएको पाइन्छ। कैजरेको शोषणले पराकाष्ठा नाघ्न थालेको देख्दा, निर्दोष गाउँलेहरू शोषणको सिकार भएको देख्दा, मुन्नाको क्रान्तिकारी र विद्रोही स्वभावद्‌वारा प्रेरित भएर सम्पूर्ण जनमानसलाई एकत्रित गर्ने तथा शोषण दमनको विरूद्‌ध आवाज उठाउने कार्यमा ऊ सङ्लग्न भएको देखिन्छ। मिलन समाज नामक प्रगतिशील संस्थाको स्थापना गरी त्यसको दिशा निर्देश गर्ने काम पनि उसले गरेको छ। यसरी हेर्दा कुलुङ सुबेदार अनुकूल, गतिशील र वर्गीय पात्रको रूपमा देखा पर्छ। उपन्यासमा ऊ सहयोगी र अर्काको दुःख बुझेर काम गर्ने विवेकशील पात्रको रूपमा देखिन्छ। उसका व्यवहारमा कुनै जटिलता नभएकोले ऊ च्याप्ट ा पात्र हो।

**घ. देशकाल र वातावरण**

यस उपन्यासमा सिक्किमको सामाजिक–राजनीतिक परिवेशलाई प्रखर रूपमा उजागर गरिएको पाइन्छ। पश्चिम सिक्किममा पर्ने रिधाङ–बोजेक गाउँको सेरोफेरोमा घुमेको पाइए तापनि पश्चिम बङ्गाल, बिहार, नेपालसम्म पनि उपन्यासको समाज फैलिएको छ। उपन्यासमा त्यहाँको जनमानसको जीवनशैली, प्राकृतिक, आञ्चलिक, आर्थिक, शैक्षिक आदि पक्षको पनि विस्तृत चित्रण पाइन्छ। सिक्किम, दार्जिलिङ, सिलगढी र बिहार राज्यअन्तर्गत पर्ने वैशाली जिल्लाको सामाजिक राजनैतिक तथा आर्थिक परिवेशलाई पनि उपन्यासमा समेटिएको पाइन्छ। यी क्षेत्रहरूमा हुने गरेका शोषण, अत्याचार, दमन आदिको चित्रण कलात्मक ढङ्गले गरिएको पाइन्छ। प्रस्तुत उपन्यासमा नेपालको झापा क्षेत्रको सामाजिक, सांस्कृतिक परिवेशलाई पनि समेट्ने प्रयास गरिएको छ। यस प्रकार व्यापक परिवेशको चित्रण पाइने यस उपन्यासमा मुख्य रूपमा सिक्किमको गणतान्त्रिक स्थिति र अवस्थितिको चित्रण पाइन्छ।

उपन्यासमा मूलतः शोषक र शोषित माझको सङ्घर्ष र द्वन्द्व, रिधाङ गाउँमा सरकारी नेता वा राजनीतिज्ञहरूबाट भइरहेको अन्याय, अत्याचार र शोषण अनि त्यस शोषणको विरूद्ध त्यसै गाउँका जागरूक मानिसहरू सङ्घठित भएर आफ्ना हक, अधिकारको माग गर्दै क्रान्तिकारी र विद्रोही आवाज उठाई शोषकहरूलाई उनीहरूकै तरिका अप्नाएर दण्ड दिएको घटना–स्थिति वर्णन पनि पाइने हुनाले प्रस्तुत उपन्यास नकारात्मक गतिविधिलाई सकारात्मक गतिविधिद्वारा परिवर्तित गरेर एउटा नयाँ समाज निर्माणतिर झुकेको देखिन्छ।

**ङ. दृष्टिबिन्दु**

*द्रोह* उपन्यास तृतीय पुरुष वा सर्वज्ञ दृष्टिबिन्दुमा संरचना गरिएको छ। उपन्यासकारले उपन्यासदेखि बाहिरै रहेर विश्वासनीय तरिकाले सम्पूर्ण घटनाक्रमलाई

प्रस्तुत गरेका छन्। उपन्यासको बिच-बिचमा प्रसङ्गवश वा आवश्यक ठानिएका स्थानहरूमा विभिन्न विषयहरू माथि पात्रका माध्यमद्वारा आफ्ना विचार प्रसारित गरेका छन्। यसका लागि उपन्यासकार आफू तटस्थ रही पात्रहरूका स्थिति-परिस्थिति, विचार, भावना, अनुभव, अनुभूति, द्वन्द्व-अन्तर्द्वन्द्व, क्रिया-प्रतिक्रिया आदि विभिन्न घटनाको विवरण एवम् विश्लेषण गरेका छन्।

**च. भाषाशैली**

भीम दाहालको *द्रोह* उपन्यास सिक्किमको परिवेशलाई आधार गरी रचना गरिएको हुनाले उपन्यासमा विशेष गरी सिक्किमको ग्रामीण क्षेत्रमा बोलिने सरल, सहज र बोधगम्य नेपाली भाषाको प्रयोग पाइन्छ। ग्रामीण क्षेत्रमा प्रचलित भाषाको प्रयोग हुँदाहुँदै पनि उपन्यासमा मानक नेपाली भाषाका शब्दहरू पनि प्रयोग गरिएका छन्। कक्षा आठ मात्र पढेकी मुन्नाले आफू साथै गाउँले सम्पूर्ण मानिसहरू कैजरे र विचारलाल जस्ता सामन्तीहरूद्वारा दमित बनेको थाह पाएपछि गाउँलेहरूलाई जागरूक बनाउन विद्रोही आवाज उठाउँछे। उसले बोलेको वाक्यहरू यस्ता छन् –

–"धिकार छ तिमीहरूलाई! वाह रिधाङ वाह! वाह देश घुमेको मेजर साहब वाह! क्या न्याय छ यहाँ? क्या इन्साफ छ? क्या इज्जत र मान छ तिमीहरूको !"[26]

उपन्यासमा अनेपाली भाषीहरूले नेपाली भाषाको प्रयोग गर्दा तिनीहरूका आफ्ना भाषाका उच्चारण र शब्दहरूको प्रभाव पनि देखाइएको पाइन्छ। जसले उपन्यासको भाषाशैलीलाई स्वाभाविक रङ्ग दिइएको पाइन्छ। उदाहरणार्थ –

– "रिसायत होइन सो तो याद छो, तर जसको रियासत उसले नै कर्नु आदेश दियो। म तो बाबा सरकारी हुकम सर-आँखो पर।"[27] यसप्रकार उपन्यासकारको भाषा

---

[26] भीम दाहाल, सन् 2002, *द्रोह*, प्रतिभा दाहाल : निमटार पूर्व सिक्किम, पृष्ठ 37।

प्रयोग स्वाभाविक, जीवन्त र विश्वासिलो भएको छ। यसका साथै यसमा बिरमाइलो, नेतानी, भनभान, खेतीहार, उखोपात, बेनिसाफ, नठीक, खोकाउलु, आदि जस्ता शब्दहरूको प्रयोग गरिएको पाइन्छ।

प्रस्तुत उपन्यासमा अनुकरणात्मक शब्द, उखान–तुक्का, बाग्धारा, ठेट नेपाली शब्द, आगन्तुक शब्द आदि शब्दको प्रयोग गरिएको पाइन्छ–

–"पारीपट्टि भित्तामा एक हूल स्यालले 'मिले सुर मेरा तुम्हारा'–को लयमा एउटा नयाँ सिनोको खोजखबर गरे। छेवैको गौचरनमा हाप्सिलो पनि कराइरह्यो। मुन्नाको प्यारो डिक्सन भन्ने अर्ध–सामन्ती, अर्ध–ग्रामीण गरिब कुकुर केमा मन दुखाएर हो कुन्नि रोइरह्यो।"[28]

उपन्यासका ठाउँ–ठाउँमा पात्रहरूका संवादसँगसँगै उपन्यासकारले विभिन्न विषयमाथि टिप्पणी र मूल्याङ्कन पनि प्रस्तुत गरेका छन्। जसले कथानकलाई अघि बढाउँदै चरित्रको अङ्कन गर्न सहयोग पुऱ्याएको छ। समग्रमा हेर्दा *द्रोह*को भाषाले समाजकै यथार्थलाई टिपेर पात्र अनुकूल बनाएको देखिन्छ।

**छ. मिथक, प्रतीक एवम् बिम्ब प्रयोग**

*द्रोह* उपन्यासमा प्रतीक र बिम्बहरूको प्रयोग पनि पाइन्छ। विभिन्न मिथक, प्रतीक एवम् बिम्बका प्रयोगले उपन्यासको घटना र वस्तुस्थितिलाई कलात्मकता र सम्प्रेषणात्मकता प्रदान गरेको पाइन्छ। पूर्वीय हिन्दू धर्मशास्त्रका सुरसा, दुर्वासा, नारद, सूर्यपुत्र कर्ण, धृतराष्ट्र, सञ्जय, हनुमान आदि पात्रहरूद्वारा पौराणिक तथा

---

[27] भीम दाहाल, सन् 2002, *द्रोह*, पूर्ववत्, पृष्ठ 15।

[28] भीम दाहाल सन्, 2002, *द्रोह*, पूर्ववत्, पृष्ठ 20।

ऐतिहासिक बिम्बको प्रयोगले घटना-स्थितिलाई सम्प्रेषणात्मक बनाएको पाइन्छ। यी बिम्बहरूद्वारा असत्य, काल्पनिक वा अतिशयोक्तिपूर्ण र भ्रमात्मक रहस्य, रोमाञ्चक विषय, षड्यन्त्र, छल-कपट, सत्तालोलुपता आदिको प्रतीकात्मक स्वरूपद्वारा उपन्यासमा चित्रित विषय, पात्र र परिवेशमा सादृश्यको भावआरोपण गरिएको पाइन्छ - "भगवान श्रीकृष्णले विपत्ती र विपरीत अवस्थामा जनम लिए। पछिबाट पापको सर्वनाश गरेर धर्मको स्थापना गरे। यस घरमा जन्मिएको कृष्ण पनि विपरीत स्थितिमा जन्मेर अहिले एक-से-एक कंशहरूलाई ठीक पार्नथाले।"[29]

यसरी नै उपन्यासमा मिलन समाजको स्थापना भए पछि यसै संस्थाका सक्रिय सदस्यहरूद्वारा रिधाङ बोजेक गाउँका शोषक र शोषण व्यवस्थाको अन्त गरिएको देखाइएको छ। यस मिलन समाजलाई प्रगतिशीलता र शोषणमुक्त समाजको प्रतीक मान्न सकिन्छ। मिलन समाज वास्तवमा एउटा प्रगतिवादी र क्रान्तिकारी सोच हो। अन्याय-अत्याचारदेखि मुक्तिको चाहना स्वतन्त्र, उज्जवल अनि सुन्दर भविष्यको परिकल्पना हो। यस सोचको मूल उद्देश्य समाजमा विद्यमान शोषण, दमन, उत्पीडन, असमानता, विकृति, नश्लवादी प्रवृत्ति आदिको अन्त गर्नु रहेको मान्न सकिन्छ।

### ज. गति र लय

यस उपन्यासको संरचना 26 वटा विभिन्न खण्डहरूमा गरिएको छ, साथै ती खण्डहरूमा भिन्न-भिन्नै उपशीर्षकहरू पनि दिइएको छ। तथापि घटना र

---

[29] भीम दाहाल, सन् 2002, *द्रोह*, पूर्ववत्, पृष्ठ 147।

कथावस्तुको श्रृङ्खलामा क्रमभङ्गता आएको छैन। उपन्यासका प्रत्येक खण्डहरू परस्परमा गाँसिएका छन्। उपन्यासको गति निरन्तर रूपमा अगि बढ्दै गएको छ।

*द्रोह* उपन्यास ग्राम्य परिवेशमा आधारित रहेको छ। गाउँ-बस्तीकै सरल र सोझा पात्रहरूले बोलेका गाउँले भाषाका सरलतामा पनि आलङ्कारिक अभिव्यक्तिले गर्दा भाषा लयात्मक हुन पुगेको देखिन्छ। यसै लयात्मकताले पाठकलाई एकोहोरोपन र पट्यार लाग्दो स्थितिदेखि मुक्त गर्न सहयोग पुऱ्याएको छ। नेपाली उखान-तुक्काको प्रयोगले पनि स्वाभाविकता, जीवन्तता तथा लयात्मकताको भूमिका निर्वाह गरेको पाइन्छ।

**झ. शीर्षक सार्थकता**

सिक्किममा राजतन्त्रको अन्त्य भएर प्रजातन्त्र आएपछि यहाँको सामाजिक-राजनीतिक स्थिति साथै यसले ल्याएको विसङ्गति र विकृतिको विस्तृत र सर्वाङ्ग चित्रण गरिएको यस उपन्यासमा मूलतः शोषक र शोषित माझको सङ्घर्ष र द्वन्द्व, राजनीतिज्ञहरूमा रहेको सत्तालोलुपता, व्यक्तिगत महत्त्वकांक्षा र स्वार्थी स्वभाव, मानवीय मूल्यहरूको ह्रासोन्मुख स्थिति आदिले ल्याएको जनक्रान्ति, सामाजिक अन्याय, नारी-पुरुष माझ विस्तारित विभिन्न सम्बन्ध आदि विषयमाथि केन्द्रित रहेको छ।

यस उपन्यासको शीर्षकले शोषणको विरूद्ध प्रतिहिंसा भन्ने अर्थ बुझाउँछ। अन्याय-अत्याचारले पराकाष्ठा नाघेपछि जनमानसमा प्रतिवाद र प्रतिहिंसाको भावना उत्पन्न हुन्छ। यस उपन्यासमा पनि शोषित जनसमुदायले आफ्नो हक र अधिकार खोस्ने, दमन र शोषण नीति अप्नाउने खल, शोषक, सामन्ती र प्रतिकूल पात्रहरू विचारलाल र कैजरेको अत्याचार सहन नसके पछि द्रोह गर्दै प्रतिहिंसामा उत्रिन्छन्

र कैजरेलाई मृत्युदण्ड दिन्छन्। यसरी द्रोहद्वारा उपन्यासको अन्त्य गरिएको प्रस्तुत उपन्यासको शीर्षक सार्थक, औचित्यपूर्ण र समयानुकूल रहेको देखिन्छ।

यसका साथै यस उपन्यासमा व्यक्तिगत स्वार्थदेखि माथि उठेर सङ्घठित रूपमा समाजका विश्रृङ्खलित पक्षहरू, समस्या र कठिनाइहरू, शोषण, दमन र अन्यायको विरूद्ध सामुहिक आवाज उठाउनु पर्ने तथा त्यसैमा दृढतापूर्वक स्थिर रहेर उचित कार्यहरू गर्नुपर्ने सङ्केत पनि पाइन्छ। अबका जनमानसले सहनशील मात्र भएर हुँदैन, कठोर र जुझारू पनि बन्नुपर्छ। परम्परागत रूढि, सामाजिक मूल्य मान्यता, शोषण व्यवस्थाहरूको विघटन गर्न त्यसलाई निर्मूल पार्न क्रान्तिकारी र विद्रोहात्मक स्वर उठाउनु पर्ने आवश्यक्ता बोध उपन्यासमा गरिएको पाइन्छ।

### 3.5.3 *विद्रोह*

भीम दाहालको पूर्व प्रकाशित *द्रोह* उपन्यास झैं *विद्रोह* उपन्यास पनि सिक्किमको सामाजिक-राजनीतिक परिवेशमा केन्द्रित रहेको छ। सन् 2005 सालमा प्रकाशित भएको यस उपन्यासमा बहुपात्र र बहुनायक रहेका छन्। सिक्किमको सामाजिक, आर्थिक, शैक्षिक, राजनीतिक र प्रशासनिक संस्कार र विकृतिलाई उजागर गर्ने प्रस्तुत उपन्यास पूर्णरूपले सिक्किमको आञ्चलिक परिवेशमा केन्द्रित रहेको छ।

**क. कथावस्तु**

*विद्रोह* उपन्यास भीम दाहालको तेस्रो उपन्यास हो। प्रस्तुत उपन्यासले मार्क्सवादको वर्ग सङ्घर्षको भावले प्रेरित तथा प्रगतिशील विचारधारालाई आत्मसात गरेको देखिन्छ। यस उपन्यासमा उपन्यासकार आफैले जीवनका क्षण, स्थिति,

परिस्थिति, परिवेश, सम्बन्ध, अनुभूतिहरूबाट ग्रहण गरेका अनुभवहरूलाई आर्थिक, प्रशासनिक, संस्कार, सामाजिक एवं राजनीतिक विकृति आदिसँग जोडेर यस उपन्यासको घटनाक्रम बुनिएको पाइन्छ।

उपन्यासमा चुम्बुङ गाउँभित्र पर्ने घायल कोलोनी नामक स्थानका मानिसहरूका मनभित्र दबिएर बसेको घाउलाई क्रान्ति तथा विद्रोहको रूपमा जगाउने काम थानवीर कटुवालले गरेको देखिन्छ। ऊ दशनामी देशबाट देश निकाला गरिएको नेपाली हो। उसमाथि गरिएको अभद्र व्यवहार र शोषणको वर्णनले आहत, व्यथित तथा आक्रोशित बनेका पापाराई, रविरत्न, जेम्स जयदीप, रून्ना, नोरमोती आदि पात्रहरूको विद्रोह उपन्यासमा पाइन्छ। थानवीर कटुवालले भोगेको शोषणको चर्चासँगै यी पात्रहरूले पनि आफ्ना देशमा भोगेको अनेकौं समस्या, शोषण तथा दमनको सिकार हुन परेको चित्रण पाइन्छ।

प्रस्तुत उपन्यासमा माथि चित्रित पात्रहरूसँगै आफ्नो आदिम र मौलिक अधिकार सुरक्षित राख्न चाहने सिक्किमका जनमानसको हक, अधिकारलाई दबाउन तथा आफूले गर्न चाहेको काम गर्न दलबलहरूसित पुलिस अधिकारहरूलाई खटाउने, राजनीतिलाई ठेकेदारीको रूपमा मात्र लिने, आफू सत्तामा टिकिरहन जस्तै नीच अनि घृणित कार्य गर्न नचुक्ने सत्तालोलुप हैकमवादी सोच र शोषण व्यवस्थाबाट मुक्ति चाहने जनसमुदायको विद्रोही द्वन्द्वका स्वरूपलाई सजीव रूपमा चित्रण गरिएको पाइन्छ।

*विद्रोह* उपन्यासमा मूलरूपमा रणबहादुर राई उर्फ पापाराई एक चिन्तनशील, विवेकपूर्ण र मार्क्सवादी चिन्तनधाराबाट प्रेरित पात्र रहेका छन्। यिनकै मार्गदर्शन तथा प्रेरणाबाट नै प्रगतिवादी समाजको स्थापना भएको छ। तर अचानक उच्च रक्तचापका कारण पापाराईको मृत्यु भएको छ। पापाराईको मृत्युपछि दशनामी

देशबाट पलायन भई घायल कोलोनीमा शरण लिन आईपुगेको थानवीर कटुवाललाई त्यस गाउँबाट पनि निकाला गरिनुपर्ने आदेश सरकारले जारी गरेको देखिन्छ। जसका कारण गाउँका मानिसहरू सरकारप्रति रूष्ट बनेर विद्रोही बनेका छन्। फलतः प्रगतिवादी समाज अझ विस्तृत रूपमा फैलिदै गएको देखिन्छ।

प्रगतिवादी समाजमा पापाराई, रविरत्न, जेम्स जयदीप, मंगलवीर, राजकुमार, लछिमन, रकमलाल धर्मछाडा, रून्ना, नोरमोती, रेखारानी, कान्छी राईनी, अमलेनी विधवी, नाछिरिङ लेप्चा आदि जस्ता सदस्यहरूले कर्मठ बनेर सिक्किमका विभिन्न गाउँ- जुम, नयाँ बजार, दरमदेन, कैंजले, माबोङ, मंगलबारे, टिम्बुरे गाउँ, गोम, किताम, लुङन्चोक, बर्मेक, बरफोङ, जोरथाङ, दलपचन्द, गेरेथाङ, कपूथाङ, रेसी, सुभानेलाखा, आदि स्थानतिर रहेका तिनताक सरकार र कानुन व्यवस्थाद्वारा ठगिएर शोषित दमित बनेका जनसमुदायहरूको हक, अधिकारको वकालत गर्न थालेका छन्। स्थानीय लाटा-सोझा, निमुखा, गरिब जनसमुदायहरूलाई सचेत तथा चेतनशील बनाउन प्रगतिवादी समाजका कार्यकर्ताहरूद्वारा सकेसम्म पहल गरेको पाइन्छ। फलतः सिक्किमका विभिन्न गाउँ तथा स्थानहरूमा जनचेतना र जनसचेतता फैलिन्छ। यूनारायण, प्रगतप्रसाद, खूकुमार दाहाल, धनकबहादुर संजेल जस्ता शोषकहरूको रहस्यपूर्ण हत्या आदिले कालिकाप्रसाद स्याङदेनको भ्रष्ट र शोषणकारी सरकार भित्र-भित्रै खोक्रो बन्न पुग्छ तथा त्यस सरकारको धरातल नै झुटो र आडम्बरी भएकोले जनसमुदासको आन्दोलन र क्रान्ति समक्ष टिकिरहन सक्दैन। यसरी उपन्यासको अन्त भएको छ।

**ख. आयाम एवम् संरचना**

भ ीम दाहालकृत *विद्रोह* उपन्यास अक्टोबर सन् 2005 सालमा प्रकाशित भएको हो। प्रतिमा दाहाल, निमटारद्वारा प्रकाशित यस उपन्यासको प्रथम संस्करणमा 1000/- प्रति प्रकाशन गरिएको थियो। यस उपन्यासको मूल्य 200/- रूपियाँ रहेको छ। 329 पृष्ठमा रचिएको यस उपन्यासको प्रथम पृष्ठ रिक्त छोडिएको छ। दोस्रो पृष्ठमा उपन्यासको श ीर्षक र उपन्यासक ारको नाउँ राखिएको छ। यसरी नै तेस्रो पृष्ठमा क्रान्तिको आदर्श र मार्तण्ड पुरुष अर्नेष्टो चे-ग्वेभाराको चित्र राखिएको छ र उपन्यास पनि उनलाई नै समर्पित गरिएको छ। चौथो पृष्ठमा मिर्जा गालिब र नोर्जाङ स्याङ्देनका कविताका दुई-दुई पङ्क्ति उद्धृत गरिएको छ। पाँचौ पृष्ठ देखि एघारौं पृष्ठसम्म विजयकुमार सुब्बाले 'विद्रोहको घोषणा र यसको मेनिफेस्टो' शीर्षकमा भूमिका लेखेका छन्। बाह्रौ पृष्ठदेखि चौधौं पृष् ठसम्म उपन्यासकार भीम दाहालले प्रतिवेदन प्रस्तुतिकरण लेखेका छन् भने उपन्यासको पन्ध्रौं पृष्ठमा घोषणा लेखिएको छ। यसपछि मात्र उपन्यासको लेखन सुर ु गरिएको छ। उपन्यास स ुर ु गर्दा पृष्ठको माथि पट्टिको केही भाग छोडेर मात्र लेखिन थालिएको छ। उपन्यास निरन्तर अघि बढेको छ यसलाई विभिन्न खण्डहरूमा विभाजन गरिए तापनि ती खण्डहरूका उपशीर्षक भने दिइएको छैन। खण्ड छुट्टाउँदा (****) चिन्हको प्रयोग गरिएको छ। यस उपन्यासलाई मझौला आकारको उपन्यास मान्न सकिन्छ।

**ग. चरित्र चित्रण**

प्रस्तुत उपन्यासमा समावेश गरिएका प्रमुख पात्रहरूको चरित्र चित्रण यस प्रकार रहेको छ।

**पापाराई**

पापाराईको वास्तविक नाम रणबहादुर राई हो। उनी यस उपन्यासमा एक महत्त्वपूर्ण पात्रको रूपमा देखिएका छन्। मार्क्सवादी चिन्तनधाराका पोषक पापाराई प्रगतिवादी सोच र विचारधाराद्वारा प्रेरित रहेका छन्। उपन्यासमा उनको परिचय यसरी दिइएको पाइन्छ–

–"पापाराई चुम्बुङका भुक्तभोगी विद्वान् हुन्।

एक सफल नाटककार हुन्।

1917–18 सालतिर जवान थिए भने लेनिनले ठाउँ छोडनु पर्थ्यो, त्यति प्रचण्ड वक्ता।

हास्य कलाकार।

साहित्यप्रेमी, सङ्गित प्रेमी।

एउटा गरिब तर स्वाभिमानी परिवारका मालिक।

कसरी भन्ने घायल, पापाराईलाई।"[30]

उपन्यासका केही हरफहरूमा पापाराईलाई यसरी पनि चिनाइएको पाइन्छ – "पापाराई छन् बाबै ! तर उनी आधा आन्दोलन र आधा शान्ति जस्तो, आधा अर्जुन र आधा कर्ण जस्तो छन्। आधा बादल र आधा घाम जस्तो। तर एउटा गुण निश्चय छ उनमा कि एउटा ठूलो वरको रूखजस्तो छन्। उनी काग, कोइली, लाहाँचे सबैको आश्रय हुनसक्छन्। उनी समाजका 'फस्ट एड हुन्', पूरा औषधी होइनन्।"[31]

---

[30] भीम दाहाल, सन् 2005, *विद्रोह*, पूर्ववत्, पृष्ठ 4।
[31] भीम दाहाल, सन् 2005, *विद्रोह*, पूर्ववत्, पृष्ठ 8।

पापाराई चुम्बुङ गाउँबाट शोषक सामन्ती व्यवस्थालाई हटाएर त्यँहाका मानिसहरूलाई सम्पूर्ण तौरले सक्षम बनाउन चाहने एकजना प्रगतिशील विचारधाराका व्यक्ति हुन्। उनी घायल कोलनीका  एकजना सचेत अनि प्रगतिवादी नागरिक हुन्। उनी त्यस गाउँका हरेक जनमानसका आस्थाका केन्द्र पनि बनेका छन्। शोषण व्यवस्थालाई जरैदेखि उखेलेर फ्याक्न साथै प्रत्येक नागरिकलाई सचेत बनाउन उनी प्रगतिवादी समाजको स्थापना गर्छन्। आर्थिक अभावहरूले ग्रस्त पापाराई विचार र मनले धनी छन्। अन्याय, अत्याचार र दमनका सिकार भएका आश्रयविहीन मानिसहरूलाई पापाराईले आश्रय दिएका छन्। उनी उदार र अनुकूल पात्र हुन्। उनी एक बौद्धिक पात्रका रूपमा अघि आएका छन्। गतिशील पात्रको रूपमा देखा परेका पापाराई एक असल विचार भएका गरिब दु:खीको सहायता गर्न सदैव तत्पर रहने असल र विनयशील पनि देखिन्छन्। उनलाई निम्नमध्यमवर्गीय जीवनको प्रतिनिधि पात्र मान्न सकिन्छ। उनी अध्ययनशील छन् साथै आर्थिक परिस्थितिको चपेटमा परेका भए तापनि हार्दिकताका प्रतिमूर्ति झै देखिन्छन्। उनी जीवनलाई सामान्य र सरल ढङ्गमा जीउन चाहन्छन्। हृदयघातका कारण उपन्यासको मध्य भागमा नै पापाराईको मृत्यु भएको छ। उनी गोला र आदर्श पात्र रहेका देखिन्छन्।

**रविरत्न कुलुङ**

रविरत्न कुलुङ यस उपन्यासको अर्को सशक्त पात्र हो। उपन्यासमा रविरत्नको परिचय यस प्रकार दिइएको छ – “स्नातक पार अध्ययन र स्वअध्ययनबाट निक्कै खारिएको रविरत्न इतिहासको मेहनती पाठक थियो। कविता र गीतहरूले पनि उसको जवान मनलाई छुन्थ्यो। युग–युगान्तर मान्छे र मान्छेबीच माटो, पत्थर, घृणा, नक्लवाद र नचाहिँदा ईखहरूले ल्याएको झगडा, द्वन्द्व, हत्या–प्रतिहत्या र महायुद्धहरू केलाउँथ्यो ऊ। उसलाई लाग्दथ्यो युद्ध, आन्दोलन र क्रान्ति त हुनुपर्छ नै भने आम

मानिसहरूको सुख, शान्ति र समृद्धिको निम्ति पो हुनुपर्दछ। मान्छेको चरम आनन्द र शान्तिको निम्ति हुनुपर्ने विचारको युद्ध।"[32] रविरत्न र जेम्स जयदीपको विचार अनुसार "हिंसा र प्रतिहिंसा क्रान्ति होइन। क्रान्ति त चेतनाको उच्चतम पहाड हो। चेतनाको पहाड चढनलाई अध्ययनको सातु–चामल चाहिन्छ अनि त्यो सातु–चामल कुनै शोषकले जुटाइ दिएर हुँदैन। कदापि हुँदैन।" [33]

रविरत्न साम्यवादी समाज व्यवस्थाको इच्छा राख्ने तथा समाजमा व्याप्त रहेको अन्याय अत्याचार गरिबी, अभाव, शोषण–दमन र नक्सलवादी प्रवृत्तिको विरूद्धमा आवाज उठाई विद्रोह समेत गर्न सक्ने सामर्थ्य भएको सहासी पात्र हो। उसले पापाराई कै मार्क्सवादी विचारधारालाई आत्मसात गरेको छ। उपन्यासका केही पंक्तिहरू यस्ता छन् – "रविरत्न एउटा विध्वंसात्मकता, सृजनात्मकताको मानवताको साँचो प्रतिमूर्ति थियो। त्यो संसारलाई कब्जा गर्न जन्मे झैं कुनै अलेक्जान्डर र नेपोलियन जस्तो थियो। पूरै चट्टान।"[34] गाउँ समाज सुधार गर्ने प्रवृत्ति भएको रविरत्न उत्साही र विचारमा दृढ रहने, परिश्रमी र सहयोगी पात्र हो। रविरत्नले रून्ना नामक पात्रसँग विवाह गरेको छ। विवाहपछि ऊ अझ गतिशील बनेको छ। ऊ यथासक्य गरिबको सहायता गर्न लागिपरेको देखिन्छ। रविरत्न निम्नमध्यम वर्गमा पर्ने गोला, गतिशील र अनुकूल पात्र हो।

**जेम्स जयदीप**

जेम्स जयदीप रविरत्न कुलुङको समकक्षमा रहेको पात्र हो। ऊ प्रगतिशील र सशक्त पात्रको रूपमा देखिन्छ। जेम्स जयदीप, रविरत्न कुलुङ र पापाराई जस्तै मार्क्सवादी सिद्धान्तद्वारा प्रभावित चेतनशील पात्र रहेको देखिन्छ। उपन्यासको

---

[32] भीम दाहाल, सन् 2005, पूर्ववत्, पृष्ठ 7।

[33] भीम दाहाल, सन् 2005, पूर्ववत्, पृष्ठ 253।

[34] भीम दाहाल, सन् 2005, पूर्ववत्, पृष्ठ 128।

पूर्वाद्धमा तीनवटी पत्नीहरूसँग पारपाचुके भई सकेपछि आफ्ना पूर्वपत्नीहरूबारे अपशब्द बोल्ने र लाञ्छना लगाउने जेम्स जयदीपको चरित्रमा चौथो पत्नी मैतासँग विवाह गरेपछि सकारात्मक प्रवृत्ति देखा परेको पाइन्छ।

पापाराईको मृत्युपछि जेम्स जयदीपले प्रगतिवादी समाजको प्रमुख संचालकको रूपमा कार्यभार सम्हालेको देखिन्छ। उपन्यासको उत्तरार्द्धमा जेम्स जयदीपले प्रगतिवादी समाजको माध्यमद्वारा सामन्ती व्यवस्था र शोषकहरूको अन्याय, अत्याचार. शोषण, दमन र समाजमा व्याप्त आर्थिक विषमता आदिप्रति तीव्र विद्रोह प्रकट गरेको पाइन्छ। हिंसाले क्रान्ति होइन तर प्रतिहिंसा र अशान्ति मात्र फैलाउँछ। वास्तविक क्रान्ति भनेको हिंसा होइन तर सामन्तवादी, वर्चस्ववादी, हैकमवादी सोच र प्रवृत्तिमा परिवर्तन ल्याउनु हो भन्ने विचार राख्ने जेम्स जयदीपलाई अनुकूल र गतिशील पात्र मान्न सकिन्छ।

**थानवीर कटुवाल**

दशनामी देशबाट अन्याय र अत्याचारको सिकार भई आफ्नो सर्वस्व गुमाएपछि देश निकाला गरिएको शोषित पात्र थानवीर कटुवाल आफ्नो घरपरिवार, जमीन-जेथा, नाता-गोता सम्पूर्णलाई गुमाएर सहाराविहीन हुनपुगेको देखिन्छ। थानवीरलाई घायल कोलनीमा पापराईले आश्रय दिएका छन्। दशनामी देशमा थानवीर जस्ता जनमानसहरू पारिवारिक, सामाजिक, आर्थिक, शैक्षिक, राजनीतिक आदि सम्पूर्ण तौरले शोषणको पराकाष्ठाको स्थितिमा पुगेको कुरा ज्ञात भएपछि पापाराई, रविरत्न, रून्ना आदि पात्रहरू अझ सचेत भएका छन्। उनीहरूले आफू पनि आफ्ना स्थानमा शोषित बनेको अनुभव गर्छन् र त्यसको विरूद्ध सामूहिक क्रान्तिद्वारा विद्रोह गर्ने जमर्को गर्छन्। थानवीर कटुवाललाई घायल कोलनीमा बसोवास गर्ने जनमानसमा क्रान्ति र विद्रोह जगाउने कारक तत्वका रूपमा लिन

सकिन्छ। उसले निम्नवर्गीय गरिब, शोषित नेपालीहरूको प्रतिनिधित्व गरेको देखिन्छ। ऊ स्वयं पनि बहिर्मुखी र विवश बन्न पुगेको शोषित पात्र हो। शोषित बनेर देश निकाला गरिएपछि घायल कोलनीमा आश्रय लिन थानवीर आफ्ना पीडा त्यहाँका मानिसहरूसित पोख्छ। यसरी त्यस कोलनीका सचेत पात्रहरू पापाराई, रविरत्न, रून्ना, नोरमोती, रेखारानी आदिमा विस्तारै चेतना र सचेतता आएको देखिन्छ।

**रून्ना**

रून्ना यस उपन्यासकी सचेत नारी पात्र हो। प्रगतिशील समाजकी संस्थापक सदस्य तथा सह-सचिवको भार लिएकी रून्ना घायल कोलनीमा दोकान गरी आफ्नो जीविका चलाउँछे। रून्ना रविरत्न कुलुङसित विवाह गरेकी एकजना प्रगतिशील र क्रान्तिकारी पात्र हो। विद्रोहात्मक स्वभाव भएकी रून्ना अन्याय-अत्याचारको विरूद्धमा खडा भएकी छ। भीम दाहालको अघिल्लो उपन्यास *द्रोह*की चरित्र मुन्ना कै समकक्षमा रहेकी रून्ना जीवन र समाजप्रति आशावादी देखिन्छे। रून्ना आफु 33 वर्ष पुगे पनि 26 वर्षको रविरत्नसँग विवाहको प्रस्ताव घायल कोलनीका अन्य मानिसहरू समक्ष सार्वजनिक रूपमा राख्ने एकजना स्पष्ट विचार भएकी पात्र हो। ऊ आफूमाथि कसैले नचाहिँदो आरोप लगाएमा वा शोषण गर्न खोजेमा त्यसको विरूद्धमा आवाज उठाउन सक्षम देखिन्छे। आफ्नो कुरालाई स्पष्टसँग राख्न सक्ने, क्रान्तिकारी, विद्रोहात्मक र प्रगतिवादी सोच राख्ने नारी प्रतिनिधिका रूपमा रून्नालाई लिन सकिन्छ। रून्नाले समाज परिवर्तनको चाह राखेकी छ। उसलाई गतिशील र गोला पात्रको संज्ञा दिन सकिन्छ।

**नोरमोती**

नोरमोती उपन्यासकी अर्की सशक्त पात्रा हो। नोरमोती शोषण र दमनप्रति आक्रोश व्यक्त गर्दै क्रान्तिको पथमा अग्रसर हुने साहसी र जुझारू पात्र हो। ऊ रून्ना झै प्रगतिशील र क्रान्तिकारी चरित्रको रूपमा पनि देखिन्छे। नोरमोती र रेखारानी जस्ता पात्रहरूबारे उपन्यासकार यसो भन्छन् – "रेखारानी र नोरमोती उग्र विचार पन्थीय हुन्। उनीहरू तर्कलाई भन्दा पनि तत्काल कार्यवाहीलाई आवश्यक ठान्दछन्।"[35] नोरमोतीको परिचय उपन्यासकारले यस प्रकार दिएका छन् – "नोरमोती प्रगतिशील समाजका नियमहरूको एक सह–निर्मात्री हो।.....ऊ आफ्नो नामकोपछि नोरमोती लिम्बू, सुब्बा वा खेवा लेख्दिनथी। उसमा जातले नश्लीय चिन्तन बढाउँछ भन्ने आफ्नै किसिमको ढिपी थियो।"[36]

नोरमोती बैद्धिक र तर्कपूर्ण कुरा गर्छे साथै ऊ प्रगतिशील समाजकी सशक्त सदस्य भएकीले विभिन्न मानिसहरूसँग भेट्नु, कार्यक्रमहरू आयोजना गर्नु प्रगतिशील समाजको निम्ति नाराहरू लेख्न सधैँ अग्रपंक्तिमा हुन्छे। ऊ चेतनशील साथै अध्ययनशील पनि देखिन्छे। उसका तर्क र विचारहरू यस्ता छन् – "मानवीय प्रवृत्ति र शारीरिक आवश्यक्ताहरूभन्दा बाहिर बाँच्ने कोही नहोला। जो साधु महाराज र शाध्वीहरू विभिन्न किसिमले शारीरिक यौन–सम्पर्कको विरोधमा र त्यसबाट अलग्ग रहेर समाधीस्थ हुने कुरा गर्छन्, त्यो छलावा हो। झुठ हो।"[37]

नोरमोती जीवनप्रति सकारात्मक देखिन्छे। समाजमा सुधार ल्याएर प्रगतिशील विचार र चेतको प्रतिस्थापन गर्न ऊ कर्मठ देखिएकी छे। विभिन्न गम्भीर र जटील विषयहरूमा अरूसँग तर्क–वितर्क गर्न सक्षम नोरमोती फर्साइली देखिन्छे। ऊ गतिशील, गोला र मुक्त पात्रा मान्न सकिन्छ।

---

[35] भीम दाहाल, सन् 2005, पूर्ववत् पृष्ठ 238।

[36] भीम दाहाल, सन् 2005, पूर्ववत् पृष्ठ 142।

[37] भीम दाहाल, सन् 2005, पूर्ववत् पृष्ठ 231।

**रेखारानी**

रेखारानी यस उपन्यासकी अर्की नारी पात्रा हो। ऊ प्रगतिशील विचार राख्ने गतिशील नारी हो। रून्ना, नोरमोती र रेखारानी एकै विचार भएका समकक्षीय पात्रहरू हुन्। रून्ना र नोरमोती झैं रेखारानी पनि क्रान्तिकारी देखिन्छे। प्रगतिवादी समाजको हरेक कार्यक्रम तथा नीति निर्माणमा उसको सक्रिय सहभागिता रहेको पाइन्छ। ऊ अर्नेष्टो चे ग्वेभारा र रोजा लक्समवर्गका सिद्धान्तबाट प्रेरित छे। प्रगतिवादी समाजले गर्नुपर्ने भावी क्रियाकलापहरूबारे उसको भनाइ र अडानहरू यस प्रकार रहेका छन्– "प्रगतिवादी समाजले राज्यव्यापी रूपमा संगठनको विस्तार गर्नमा ढिलाइ गरिरहेछ। राज्यव्यापी रूपमा साम्राज्यवादी, आर्थिक घाँटी निमोठाइ अनि मिथ्या–कृपावादको व्यवस्थालाई नाङ्गो बनाउनुपर्ने। राज्यको आफ्नो खुट्टा नभइकन अरूको उधारो काठको खुट्टामा उभिने र त्यसलाई आधारभूत विकास भन्ने गलत प्रचारलाई रोक्न सानोतिनो संघर्ष र प्रचारले सम्भव हुँदैन।"[38] रेखारानीलाई गतिशील र गोला पात्र मान्न सकिन्छ।

**फगतप्रसाद**

फगतप्रसाद उपन्यासको खल पात्र हो। उपन्यासकारले उसको परिचय यसरी दिएका छन् – "फगतप्रसाद अत्यन्त शातिर दिमाग भएको शोषक थियो। शोषक शब्द पनि फगतप्रसादको निम्ति कमजोड हुनजान्छ। यसभन्दा पावरवाला शब्द पाइएन।"[39] यसरी उपन्यासकार स्वंयको शब्दद्वारा थाहा पाइन्छ कि फगतप्रसाद अत्यन्त अत्याचारी, शोषक थियो। ऊ गरिब सोझा जनतालाई लुटपात गरी

---

[38] भीम दाहाल, सन् 2005, पूर्ववत्, पृष्ठ 231।

[39] भीम दाहाल, सन् 2005, पूर्ववत्, पृष्ठ 130।

उनीहरूको आर्थिक शोषण गर्न खपिप्स थियो। ऊ अर्काकी छोरी-चेलीहरूमाथि कुदृष्टि राख्थ्यो साथै उसले रमकलाल धर्मछाडा नामक पात्रको स्वास्नीलाई भगाएको थियो। यति मात्र होइन उसका कुकृत्यहरूलाई उपन्यासमा यसरी वर्णन गरिएको पाइन्छ - "फगतप्रसाद आफ्नी पत्नीलाई सीता नाम दिएर ऊचाँहि रावणजस्तो अर्काकी स्वास्नी उठाएर अलैंची भट्टीमा लंका नगरी खडा गर्दथ्यो। एउटा अभयारण्यको रतिसोख, अलैंचीमा संपत्तिसंग्रह दुवै काम आफ्नो गतिमा चल्दथे।"[40] फगतप्रसादलाई उपन्यासमा 'जाली र सुदखोर' (*विद्रोह*, पृष्ठ 133) जस्ता उपनामहरू दिइएको छ। ऊ अत्याचारी त थियो नै साथै प्रगतिशील समाजको विद्रोही पनि थियो। प्रगतिशील समाजले गरेका सुधारवादी कामहरूको विरोध गर्नु तथा त्यसमा बाधा पुऱ्याउनु ऊ आफ्नो कर्तव्य नै ठान्थ्यो। ऊ विभिन्न षड्यन्त्रहरू गरेर अन्य नेताहरूका कुकर्महरूमा सहायक भएर आफू पनि शोषक बनेको देखिन्छ। उसका अत्याचारहरूले पराकाष्ठा नाघ्न थालेपछि एकदिन कसैले उसैको अलैंची भट्टीमाथि जलाएर उसको मृत्यु हुन्छ। फगतप्रसाद उपन्यासमा यौनपिपासु, गतिहीन र खल चरित्रको रूपमा देखा परेको छ।

**युनारायण**

युनारायण प्रस्तुत उपन्यासमा खल पात्रको रूपमा चित्रित छ। ऊ समाजलाई भोक-विलास र हैकमको साम्राज्य बनाउन चाहन्छ। ऊ बलात्कारी र हत्यारा पनि हो। उसले कति बलात्कार र कति हत्या गर्‍यो त्यसको कुनै लेखा-जोखा छैन। उसले नाबालिग किशोरीसँग दोस्रो विवाह गरेको हल्ला चल्दा आफ्नो ससुरा सुबेडी बुढाको हत्या गरी सालिम्बोघारीमा फ्याँक्छ। ऊ षड्यन्त्रकारी साथै यौन-पिपासु पनि बनेको

[40] भीम दाहाल, सन् 2005, पूर्ववत्, पृष्ठ 148।

छ। युनारायणका निम्ति बलात्कार गर्नु, हत्या गर्नु, शोषण, अन्याय र अत्याचार गर्नु, षड्यन्त्र गरेर गाउँलेहरूको जमिन-जेथा हडप गर्नु कुनै ठूलो कुरा होइन। ऊ सोझा गरिब गाउँलेहरूलाई ऋण दिन्छ र केही समयपछि ऋण नतिरेको खण्डमा पञ्चायत र कारबारीलाई आफ्नो हातमा लिएर गाउँलेको जमिन आफ्नो नाममा सार्छ। यूनारायण गरिबहरूको रगत र पसिनाको कमाइ सित्तैमा खाने शोषक सामन्तीको रूपमा देखिएको छ।

यस उपन्यासमा उपन्यासकारले गरिबीलाई 'एनिमिया' र सामन्ती व्यवस्थालाई 'कोलोस्ट्रोल' सित तुलना गरेका छन्। कोलोस्ट्रोलले मुटुलाई हानी पुराए झै युनारायण जस्ता सामन्तीहरूले समाजका निमुखा जनतालाई बाँच्न नसक्ने स्थिति सिर्जना गरेको देखिन्छ। यस उपन्यासमा युनारायण षड्यन्त्रकारी गरिबहरूको महामारी र असत् र कुपात्रको चरम नमुनाको रूपमा रहेको छ। गरिबहरूका अनिश्चित र अन्धकारमय भविष्यको मूल कारक बनेको युनारायणलाई उसका कुकृत्यहरूको दण्ड स्वरूप हत्या गरिन्छ। युनारायण गरिबहरूको जमिन आफ्नो कब्जामा पारी पूँजीपति बन्नपुगेको सामन्ती र शोषक वर्गको प्रतिनिधि चरित्र हो।

ऊ महत्त्वाकाङ्क्षी र प्रतिकूल पात्र पनि हो। उसका प्रवृत्तिमा कुनै परिवर्तन नआएकाले ऊ गतिहीन पात्र बनेको छ। कुटनीतिले भरिएको उसको चरित्रमा जटिलता देखिएको हुनाले उसलाई गोला पात्र मान्न सकिन्छ।

**कालिकाप्रसाद स्याङ्देन**

कालिकाप्रसाद स्याङ्देन सत्ताधारी पार्टीको अध्यक्ष र शासन प्रमुख रहेको छ। फगतप्रसाद, धनकबहादुर संजेल, भयनाथ जस्ता सामन्ती शोषकहरू उसका सहयोगी साथै पार्टीका विधायकहरू हुन्। उपन्यासमा कालिकाप्रसाद स्याङ्देनको परिचय यस प्रकार दिइएको पाइन्छ - "एउटा अर्को नेतालाई जनताको समक्ष

नांगोझार बनाएर सत्तासीन भएका कालिकाप्रसाद स्याङ्देन कम बुद्धिमान र चतुर थिए भन्न सकिंदैन। चाणक्य नीति शेष बनाएका थिए–मुखाग्र।"[41] राजनीतिमा प्रत्येक कार्य आफ्नो हितमा गर्न र सबैलाई आफ्नै हातमा राख्नको निम्ति उनी कुनै कसर बाकी नराख्ने प्रवृत्तिका थिए। "राजनीतिमा आवश्यक परे विषको प्रयोग गर्नुपर्छ। यो खेल नै यस्तै हो। यसमा गोहीको आँशु रून्नुपर्छ"[42] –भन्ने विचार राख्ने स्याङ्देन आफू सत्तामा टिकी रहन विभिन्न षड्यन्त्रहरू पनि गर्न पछि नपर्ने व्यक्ति हो। कालिकाप्रसाद स्याङ्देनलाई गतिहिन पात्र मान्न सकिन्छ।

**धनकबहादुर संजेल**

धनकबहादुर संजेल, खूकुमार दाहाल र कालिकाप्रसाद स्याङ्देनको सहायक हो। ऊ सुरुमा ठेकेदारीको काम गर्छ। पछि ऊ स्याङ्देनको पार्टीमा पैसा सघाएर नेता बनेको छ। प्रत्येक नारीमाथि वासनाको दृष्टि राख्ने धनकबहादुर कालिकाप्रसाद र उसका अन्य सहायकहरूको कुकृत्याईमा समान भागीदार रहेको हुन्छ। उपन्यासमा उसको कामवासनायुक्त प्रवृत्ति र चरित्रको वर्णन यसरी गरिएको पाइन्छ– "आफ्नो आँखालाई रमाइलो लागेपछि धनकबहादुर पछि फर्किएर आफ्नो उमेर र परिवार हेर्ने स्वभावको थिएन। पान–सुपारीदेखि सुरू गरेर गहनापात र फ्ल्याट (Flat) सम्मको लालचमा पनि अलिकति कमजोड नियत भएको सैरन्ध्रीहरूलाई यो नयाँ जमानाको किचक धनकबहादुर हत्याउन सफल हुन्थ्यो।"[43]

"मानिस जीववैज्ञानिक प्राणी भएकोले र उसको जन्म नै वासनाको आवेगबाट आरम्भ भएर भएकोले कति मानिसहरू यसलाई बिलकूल आलू–प्याज र जीरा–

[41] भीम दाहाल, सन् 2005, पूर्ववत्, पृष्ठ 135।

[42] भीम दाहाल, सन् 2005, पूर्ववत्, पृष्ठ 172।

[43] भीम दाहाल, सन् 2005, पूर्ववत्, पृष्ठ 178।

धनिया किनेको स्तरमा हेर्छन्'[44] भन्ने उपन्यासकारको भनाइ जस्तै ठिक धनकबहादुर संजेलपनि यस्तै सोच भएको कामपिपाशु व्यक्ति रहेको देखिन्छ। उपन्यासकी नारी पात्रा भिक्टोरिया मिसलाई उसले आफ्नो ओहोदाको गलत फायदा उठाउँदै आफ्ना पाल्तु गुण्डा मस्तानहरूको समक्षमा नै वासनायुक्त दृष्टिले हेर्दै आफ्नो गोप्य अङ्गमा हात पुराएर तिम्रो स्कूललाई एक लाख रूपियाँको डोनेसन दिन्छु राजधानी आऊ भन्दै बेइज्जत गरेको घटनाले उसको कुचरित्रको प्रमाण पुष्टि हुँदछ। यसरी नै धनकबहादुरले अन्तरी दमिनी नामक पात्रालाई प्रेमको बहाना बनाई बलात्कार गरी गर्भवती अवस्थामा हत्या गरेको हुनाले उसलाई बलात्कारी र हत्यारा पात्र भनेर चिनिन्छ। धनकबहादुर एक साँझ पसिना निकाल्नलाई वाक (Evening Walk)-मा गएको समय बाटैमा उसको हत्या हुन्छ र केही दिनपछि उसको मृत शरीर फेला पर्छ। उसको हत्याराको पत्तो पुलिस प्रशासनले पनि लगाउन सक्दैन। उसको चरित्रलाई हेँर्दा उसको क्रियाकलापमा कुनै परिवर्तन नआएकोले ऊ गतिहीन र प्रतिकूल पात्र हो।

**घ. देशकाल र वातावरण**

यस उपन्यासको मुख्य कार्यस्थल पश्चिम सिक्किमको जुम, सोरेङ र चुम्बुङ गाउँ हो। उपन्यासमा चुम्बुङ गाउँका सचेत र प्रगतिवादी सोच रहेका युवाहरूले सामुहिक क्रान्तिका माध्यमद्वारा सरकार पक्षको विरूद्ध आवाज उठाएका छन्। चुम्बुङ गाउँमा स्थापित भएको 'प्रगतिवादी समाज'-लाई राज्यव्यापी बनाउनका

[44] भीम दाहाल, सन् 2005, पूर्ववत्, पृष्ठ 178।

निम्ति सिक्किमको विभिन्न गाउँहरू जुम बस्ती, नयाँ बजार, दरमदेन, अम्बोटे, बुदाङ, बोजेक, तीनधुरे गाउँ, लेगसेप, कैंजले, खानीसेरबोङ, माबोङ, सिङ्गेल, मंगलबारे, हुरगाउँ, जोरथाङ, कटहरबोटे, टिम्बुरे गाउँ, बर्मेक, सोमबारे, गेजिङ, लिङचोम, तारेगाउँ, गोम, किताम, हिङदाम, मार्ताम, भालू डाडा, बरफोक, गेरेथाङ, चोङरोङ, बासीलाखा, बर्फोक, पाण्डाम, तार्कूथाङ, भष्मे-कमेरे, दलपचन्द, ओखरबोटे, बरबोटे. रंगेली, रिनाक, पाक्योङ, रेसी, सुभानेलाखा, नेजी, ब्रीङथाङ, अम्बके, भालूगाउँ, स्यालगाउँ, कपूथाङ, पक्कीगाउँ, मालीदाङ, गान्तोक आदि विभिन्न स्थानहरूमा गएर प्रत्येक घरका सदस्यलाई सचेत र जागरूक गराउने प्रयास गरेको देछिन्छ।

प्रस्तुत उपन्यासमा जूम-चुम्बुङ गाउँमा भएको शोषणको चित्रण गर्दै दशनामी देशमा नेपालीहरू जमीन हडप गर्ने, बलात्कार र हत्या जस्तो चरम शोषणको सिकार भई देश निकाला गरिएका छन् भन्ने कुराको मार्मिक चित्रण गरिएको छ। यसरी नै उपन्यासमा दार्जिलिङको यथास्थितिलाई पनि आंशिक रूपमा दर्शाइएको पाइन्छ। उपन्यासकारले दार्जिलिङको सामाजिक, आर्थिक, शैक्षिक अनि राजनीतिक परिवेशलाई उपन्यासमा यसरी वर्णन गरेका छन् - "दार्जिलिङको प्रत्येक इलाकालाई पश्चिम बंगालले क्षेत्र चाँहि आफ्नो तर मान्छे चाँहि पराया जस्तो व्यवहार गरेकोले दार्जिलिङमा गोर्खाहरूले धैरै पहिल्यैदेखि आफ्नो अस्मिता र आत्मसम्मान अनि सरकारी मातहतमा आफ्नो हकको निम्ति लडे भनिन्छ।"[45]

उपन्यासकार अझ भन्छन् - "...दार्जिलिङको जनभावनामा उतारचढाव ल्याउन सक्ने वक्ताहरू निर्वाक भए। हुन सक्छ त्यहाँको गरिबी र उजाड मानवता पहाडको राता गाला भएका जनताभन्दा मायालाग्दो देखे। अथवा राजनीतिमा हुने

[45] भीम दाहाल, सन् 2005, पूर्ववत्, पृष्ठ 71।

सयौं चाणक्य सूत्रहरूबाट उनीहरू पनि अल्मलिए, भन्न सकिएन। दार्जिलिङलाई अन्याय भएको कुरा कलकत्ताको विधानसभा भवनमा गड्किएन, कति नाटकीय र विस्तृत विवरण पेश भए तर त्यसबाट कलकत्ता हल्लिएन।"[46]

प्रजातन्त्रको पहिलो डाकसम्म सिक्किम यसरी नै दार्जिलिङ, दशनामी देश आदि स्थानहरूमा नेपाली जनसमुदायले भोग्नु परेको कष्ट, पीडालाई उपन्यासकारले खुबै यथार्थ ढङ्गमा चित्रण गरेका छन्। आर्थिक, सामाजिक, राजनीतिक शोषणबाट नेपालीहरू कही पनि मुक्त नरहेको सङ्केत उपन्यासमा पाइन्छ।

सिक्किम, दार्जिलिङ, कालिम्पोङ, सिलगढी बाहेक विश्वका अन्य देशहरू र त्यहाँका स्थानहरू आयरल्याण्ड, बेलायत, नेपाल, अमेरिका, इज्राइल, इटली, बर्लिन, हवाना, सेन्ट पिटर्सवर्ग, अफ्रिका, मस्को, फ्रान्स, जर्मनी, स्वीटजरल्याण्ड, क्यालिफोनिया, पेरिस, रोम, दिल्ली, कलकत्ता आदिको सन्दर्भ अनुसार उल्लेख साथै आंशिक रूपमा यी स्थानहरूको आर्थिक, सामाजिक, राजनीतिक र प्राकृतिक वर्णनलाई पनि उपन्यासमा साक्षात्कार गराइएको पाइन्छ। उदहारणार्थ – "साठी लाख यहूदीहरू ज्यूँदै मारेर गाड्ने हिटलर, अमेरिका र बेलायतमा अझै कालो रंगका मानिसहरूको दुर्गन्धमय बस्ती, दक्षिण अफ्रिकामा माचिसको खोलजस्तो घरमा काला मजदूर राखेर त्यहाँको हिराको खानी समाप्त पार्ने प्रत्येक घरमा नीलो पौरी खेल्ने पानीको कुवा भएका शोषकहरू, दक्षिण अमेरिकालाई टाउको उठाउन नदिएर कलकारखाना र खनिजहरू सबै मियामीको बलुवामा उतार्ने सेता राक्षसी साहूहरू।"[47]

---

[46] भीम दाहाल, सन् 2005, पूर्ववत्, पृष्ठ 71-72।

[47] भीम दाहाल, सन् 2005, पूर्ववत्, पृष्ठ 35।

*विद्रोह* उपन्यासको वातावरण कारूणिक साथै असन्तुलित देखिन्छ। समाजमा सामन्ती व्यवस्थाको वर्चस्व बढी रहेको पाइन्छ। शोषक र शोषितबिचको सङ्घर्ष र द्वन्द्वमा अन्तमा शोषितहरूले शोषकवर्गद्वारा निर्मित सरकार र प्रशासनलाई सामुहिक क्रान्ति र प्रतिहिंसाद्वारा साम्य पार्न सफल भएका छन्, तर त्यो साम्य स्थिति निश्चित समयसम्मको निम्ति मात्र हो भन्ने अडकल सजिलै काट्न सकिन्छ। उपन्यासको एउटा वाक्य यस्तो छ – "....शोषणको अनन्त सिलसिला र दमनको क्रम चलिरहनेछ। आज यापासाब शोषणको सूत्रधार हो भने भोली अर्को साहब खडा हुनेछ र भन्नेछ– यी सबै गरिबहरूको विजेता म हूँ। म सर्वज्ञ र सर्वशक्तिसम्पन्न महामानव हूँ। भन्नेछ– कोही छ बाबुको छोरो ? म बाहेक कोही छ ?"[48]

दशनामी देशमा थानवीर कटुवाल (नेपालीहरू) प्रति गरिएको हिंसक र अमानवीय व्यवहारको चित्रणले पाठकलाई नेपालीहरूको अनिश्चित भविष्यको कल्पना र करूणाले मर्माहत पार्दछ। उपन्यासमा दशनामी देशबाट गाँस–बास र कपास साथै आफ्न्तहरू पनि खोसिएर खेदिएको थानवीर कटुवाल चुम्बुङ गाउँको घायल कोलनीमा आश्रय लिन पुगेको, पछि सरकारको आदेश अनुसार त्यहाँ पनि बस्न नपाउनु आदि स्थितिको चित्रण कारूणिक ढङ्गमा गरिएको छ। उपन्यासको अन्तमा अनभिज्ञ मानिसहरूद्वारा शोषकहरूको एक–एकगरी हत्या गर्नु र कालिकाप्रसाद स्याङ्देनको भ्रष्टाचार र शोषणमूलक सरकारको विघटन भएको हुँदा उपन्यासमा सुखान्त वातावरण व्याप्त भएको सङ्केत पाइन्छ।

**ङ. दृष्टिबिन्दु**

*विद्रोह* उपन्यास तृतीय पुरुष दृष्टिबिन्दु अप्नाएर रचना गरिएको छ। कुनै पात्रमा केन्द्रित नभई सम्पूर्ण घटना, क्रियाकलाप, संवाद, प्रकृतिचित्रण तथा

[48] भीम दाहाल, सन् 2005, पूर्ववत्, पृष्ठ 256।

पात्रका मानसिक उथलपुथल आदि उपन्यासदेखि बाहिर बसेर वर्णन गरिएको छ। उपन्यासकारले आवश्यक्ता अनुसार उपन्यासको यथास्थानमा कतिपय घटनाहरूका टिप्पणी तथा विश्लेषण पनि गरेका छन्। उपन्यासको सुरूमा उपन्यासकारले जुम गाउँको स्थिति यस प्रकारले वर्णन गर्छन् – "यसपाली रोथक खोला बौल्हायो। बलौटिनी माटोमा साग–पात, दाल–मस्याम र अदुवा उमार्ने जुमेलीहरू हताश भएनन्। यो उनीहरूले एकपल्ट मात्र भोगेको प्रकोप होइन। प्रत्येक दुई–चार सालमा बाल्टीले खन्याएजस्तो घनघोर वर्षा भइदिन्छ र जुम गाउँलाई अर्को अभाव, अनिकाल र बेसाहा खोज्ने अवस्थामा पुऱ्याइदिन्छ।"[49]

त्यसैगरी उपन्यासको अन्त्यमा पनि चुम्बुङ गाउँको अवस्थालाई उपन्यासकारले यसरी वर्णन गरेका छन् – "चुम्बुङ डाँडाको घायल कोलनीबाट हातमा मसाल र टर्च लाइटहरू लिएर पूरै जमात नयाँबजारतिर लाग्यो।"[50] यी टिप्पणीबाट उपन्यासकार उपन्यासबाट बाहिर बसे पनि कथायिताको वर्णन र विश्लेषणमा जोड दिएको स्पष्ट हुन्छ।

**च. भाषाशैली**

*विद्रोह* उपन्यासमा निम्नमध्यमवर्गीय नेपालीहरूको सामाजिक जीवनको यथार्थ चित्रण गरिएको हुनाले उपन्यासमा सरल, स्वाभाविक र आकर्षक भाषाको प्रयोग गरिएको छ। पश्चिम सिक्किमको जुम–चुम्बुङ गाउँमा बसोवास गर्ने गाउँले जीवनका विभिन्न पक्षलाई प्रस्तुत गरिएको हुनाले भाषा पनि लोकजीवनबाटै टिपिएको हुनुपर्छ भन्ने मान्यता अनुरूप उपन्यासमा सामाजिक धरातलमा आधारित विश्वासिलो र स्पष्ट भाषाको प्रयोग उपन्यासकार दाहालले गरेका छन्। तथापि

---

[49] भीम दाहाल, सन् 2005, पूर्ववत्, पृष्ठ 1।

[50] भीम दाहाल, सन् 2005, पूर्ववत्, पृष्ठ 329।

उपन्यासमा कतै-कतै साधारण पाठकले बुझ्न कठिन पर्ने वाक्यहरू अनि उपन्यासकारका विचार, मान्यता र आग्रहहरू पनि यदाकदा रहेका पाइन्छन्।

प्रस्तुत उपन्यासको भाषा शिल्प र शैलीपक्षको विशेष महत्त्व रहेको छ भन्न सकिन्छ। उपन्यासको भाषा सरल र सहज हुँदा-हुँदै पनि विशिष्ट अनि बौद्धिक छ। उदाहरणार्थ - "क्रान्ति चिठ्ठी होइन। टेलिग्रामजस्तो छोटो र अर्थपूर्ण चीज हो। रेखारानी।"[51] उपन्यासको अर्को वाक्य यस्तो छ- "किन सोचदैनन् मानिसहरू कि मर्नु त 39 वर्षे अर्नेष्टो चे ग्वेभारा झैं, क्रीस हानी झैं, रोजा लक्जमवर्ग झैं। गोली खाएर मर्न डराउने कायरहरू पनि त अमर छैनन्। मर्ने हुन् उनीहरू पनि जहीं मत्था टेके पनि, जुनै भाकल गरे पनि।"[52]

उपन्याससमा अङ्ग्रेजी शब्दहरूको प्रयोग धेरै मात्रामा गरिएका छन्। कतै कतै त पूरा वाक्यहरू नै अङ्ग्रेजीमा भनिएका पाइन्छन्। यस्तै हिन्दी शब्द अनि वाक्यहरू पनि भेटिन्छन्। दृष्टान्त -बोन्साई, डिटरजेन्ट, मेमेन्टो, फर्स्ट एड, इबी, इगो, फ्यान्टेसी, सोसलिस्ट, डायलग, एजुकेसन यू. एस, मनीटर, प्लेकार्ड, ह्याङओभर, कस्मेटिक, सेन्टर, पोकेट मनी, पावरफुल आदि र अङ्ग्रेजी वाक्यहरू निम्न रहेका छन् -

- "यू आर एडुकेटेड लुकिङ ब्यूटिफूल लेडिज।"[53]

-"आसेस् टू आसेस्, डस्ट टू डस्ट।"[54]

-"हाउ डू यू डू, हाई ब्र कता ।"[55]

---

[51] भीम दाहाल, सन् 2005, पूर्ववत्, पृष्ठ 231।

[52] भीम दाहाल, सन् 2005, पूर्ववत्, पृष्ठ 296।

[53] भीम दाहाल, सन् 2005, पूर्ववत्, पृष्ठ 220।

[54] भीम दाहाल, सन् 2005, पूर्ववत्, पृष्ठ 17।

-"मिस्टर एफ पी शर्मा। आई हेट टू सी योर हिसिङ फेस ! यू आर अ वूल्फ ! अ स्नेक ! अ लिच।"[56]

यसरी नै चिल्लाना, सातिर, चिँटी, दोनो, गुटरगू, साथ में, जिगरी, चाची, बिल्ला, चच्चू, टूटे, सुहागरात, नूर, शर्त, खूसट, मत्था, दगा, गिरफ्तार, सबूत आदि जस्ता हिन्दी भाषाका शब्दहरूको प्रयोगका साथै हिन्दीका वाक्यहरूको प्रयोग पाइन्छ। जस्तै -

-"जो है सो है।"[57]

-"भूराबालको समाप्त करो।"[58] आदि।

यस्तै उपन्याससको बिच-बिचमा प्रसङ्गवश विभिन्न साहित्यकारहरूमध्ये- अर्नेष्टो चे ग्वेभारा, सिमोन वूभा, मिर्जा गालिब, देवकोटा, पारिजात, अगमसिंह गिरी, बालकृष्ण सम, विश्वेश्वरप्रसाद कोइराला, पवन चामलिङ 'किरण', देवीलाल धिताल आदिका कविता आख्यान, गीत, पुस्तकहरूबाट लिइएका पंक्तिहरू साभार गरिएको पाइन्छ। जसले गर्दा उपन्यासको बाह्य रूप र आन्तरिक बुनोट दुवै बोधगम्य, सम्प्रेषणीय र प्रभावात्मक बनेका छन्। उदाहरणार्थ - "रंगो में दौडने फिरने के हम नहीं कायल,

जो आँख ही से न टपके तो फिर लहू क्या हैं।" [59] -मिर्जा गालिब

-"मानिस ठूलो दिलले हुन्छ जातले हुँदैन।" [60]

---

[55] भीम दाहाल, सन् 2005, पूर्ववत्, पृष्ठ 72।
[56] भीम दाहाल, सन् 2005, पूर्ववत्, पृष्ठ 124।
[57] भीम दाहाल, सन् 2005, पूर्ववत्, पृष्ठ 70।
[58] भीम दाहाल, सन् 2005, पूर्ववत्, पृष्ठ 69।
[59] भीम दाहाल, सन् 2005, पूर्ववत्, पृष्ठ 29।

–"आज क्यान लूनी रानी, आज क्यान लूनी, आधा कुरा सुन्न छोड्यौ. आधा कुरा सुनी।"[61] – देवकोटा

–"पर्ख ! हामीलाई परिवर्तनले टिप्छ

युगले टिप्छ

हामीलाई युद्धले टिप्छ।"[62]

–"माटो मेरो बन्धन

कहाँ जाऊँ क्षितिज छोडी

यो हिँड्नुको अन्त्य गर्न चाहिनँ।"[63] –परिजात

– "मान्छेको जात नै मान्छे हो अर्को जातै छैन,

मान्छे उभिएको ठाउँ नै स्वदेश हो उसको विदेश कतै छैन।" [64] –बालकृष्ण सम

– "All or nothing, We dream the impossible, We are revolutionaries." [65] –अर्नेष्टो चे ग्वेभारा

– "युद्धमा जानु र नानी पाउनु बराबर काम हो।" [66]– सिमोन वूभो

**गीतहरू**– "नसम्झ आज नेपाली सञ्चले यहाँ बाँचेको छ

काँडा कै माझ पहाडी फूल छैन र कहाँ हाँसेको।"[67] – अगमसिंह गिरी

---

[60] भीम दाहाल, सन् 2005, पूर्ववत्, पृष्ठ 35।
[61] भीम दाहाल, सन् 2005, पूर्ववत्, पृष्ठ 8।
[62] भीम दाहाल, सन् 2005, पूर्ववत्, पृष्ठ 153।
[63] भीम दाहाल, सन् 2005, पूर्ववत्, पृष्ठ 315।
[64] भीम दाहाल, सन् 2005, पूर्ववत्, पृष्ठ 163।
[65] भीम दाहाल, सन् 2005, पूर्ववत्, पृष्ठ 231।
[66] भीम दाहाल, सन् 2005, पूर्ववत्, पृष्ठ 265।

- "बितिजाने रीति जीवनको यस्तै रहेछ,

जीवन सुन्दर सपनाको अधुरो कथा रहेछ।"[68]

-"आकाश मिल्छ धरती मिल्छ सिमाना मिल्दैन,

मानिस सबैको रगत एउटै मन किन मिल्दैन।"[69] -पवन चामलिङ 'किरण'

यस्तै प्रकारले एमिली ब्रोन्टको *वूदरिङ हाइटस्,* गुस्ताब फ्लूबेयरको *मादम बोरी,* विलियम समरसेट ममका *मून एण्ड द सिक्स पेन्स्, अफ ह्यूमेन, ब्लोन्डेज* आदि कृतिहरूका मर्म, दर्शन, मनोविज्ञान, शास्त्रीयतावादी चिन्तन आदि पक्षहरूको चर्चा पाइन्छ।

यस उपन्यासमा अङ्ग्रेजी, हिन्दी र कतिपय मानक नेपाली शब्दहरूलाई पनि गाउँमा चलाइने लवजमा ढालेर प्रयोगमा ल्याएका पाइन्छन्- मिटिन (मिटिङ, पृष्ठ 229), अच्छेर (अक्षर, पृष्ठ 229), परो (पर्‍यो, पृष्ठ 230), जस (यश, पष्ठ 243) आदि। सोही प्रकारले कणकर्णो (पृष्ठ 243), खुर्मी (पृष्ठ 243), कठालो (पृष्ठ 243), कुरिऊँढुङ्गा, दलसिंङढुङ्गा (पृष्ठ 215) जस्ता ठेट नेपाली शब्द, अनुकरणात्मक शब्द आदिको प्रयोग पनि पाइन्छ।

वाक्यहरूलाई स्पष्ट, प्रभावकारी साथै लयात्मक बनाउनका निम्ति नेपाली र कतै हिन्दी उखान र तुक्काको प्रयोग पनि गरिएको पाइन्छ -

- "जब हर साख पे उल्लू बैठा हो तो अंजामे गुलिस्तां क्या होगा।"[70]

---

[67] भीम दाहाल, सन् 2005, पूर्ववत्, पृष्ठ 158।

[68] भीम दाहाल, सन् 2005, पूर्ववत्, पृष्ठ 238।

[69] भीम दाहाल, सन् 2005, पूर्ववत्, पृष्ठ 100।

– "जसलाई भान्साघर गरम लाग्छ, हावा खान गए हुन्छ। (When the Kitchen is too hot, get out.) "[71] आदि।

यस प्रकार प्रस्तुत उपन्यासको भाषाले समाजकै यथार्थलाई टिपेर पात्र अनुकूल बनाएको देखिन्छ।

**छ. मिथक, प्रतीक एवम् बिम्ब प्रयोग**

समकालीन नेपाली उपन्यासमा आएको विविध प्रवृत्तिहरूमध्ये मिथकीय प्रयोग एउटा प्रमुख प्रवृत्तिगत विशेषता हो। यसबाट उपन्यासकार भीम दाहाल पनि अलग रहेका छैनन्। धार्मिक संस्कारका निर्वाहबाट आएको स्वत:स्फूर्त चेतना र अध्ययनशील व्यक्तित्वका कारणले दाहालको उपन्यासमा मिथकहरूको सशक्त प्रयोग भएको पाइन्छ। लोकसाहित्यका विविध विधाबाट प्राप्त लोक मिथक, ऐतिहासिक व्यक्तित्व, जननायकका रूपमा परिचित व्यक्तित्वहरू, विभिन्न धर्म ग्रन्थका सत्-असत् पात्र-पात्रा तथा विशेष रूपमा पूर्वीय अनि पाश्चात्य जगतका सामाजिक, ऐतिहासिक, पौराणिक, राजनीतिक अनि धार्मिक कथनहरूबाट प्राप्त मिथक, प्रतीक र बिम्बहरूले उपन्यासमा अर्थको विशिष्ट र बौद्धिक अभिव्यक्ति प्रदान गर्न थप सहायता गरेको पाइन्छ–

–"कृष्ण, विदुर र सञ्जय नभए।

भीष्म पितामह र युधिष्ठिर नभए।

द्रौपदी र गान्धारी नभए।

द्रोण र अश्वत्थामा नभए।

---

[70] भीम दाहाल, सन् 2005, पूर्ववत्, पृष्ठ 109।

[71] भीम दाहाल, सन् 2005, पूर्ववत्, पृष्ठ 156।

*महाभारत* कुनै नीतिसुक्त बन्थ्यो होला। मलाई थाहा छैन कुन कलियुगी *महाभारत*बाट तिघ्रामा भीमसेनको पाखण्डी चोट लिन आउनुभयो कि?"[72]

–"माटो कै मुक्ति र जसको त्यसमाथि नैसर्गिक हक छ त्यसैलाई माटो जिम्मा दिनलाई ग्वेभारा, गान्धी र मण्डेलाहरूले सङ्घर्ष गरे। सयकडौं वर्ष संसारका धेरै देशहरूमा व्यापार गर्ने भनी आएका राज गर्ने बेलायतीहरूले पनि माटोबाट पञ्चतत्व भएका अङ्ग्रेजहरूलाई माटोमा विसर्जन गर्दै।"[73]

–"बाहुनहरू दश–दिशासा देश दिक्पाल, आठ चिरंजीवीहरू अस्वत्थामा, बली, ब्यास, विभीषण, हनुमान, कृपाचार्य, परशुराम, मार्कण्डेय, पञ्चकन्याहरू सीता, तारा, मन्दोदरा, अहिल्या, द्रौपदी, सिमेभूमे, बादल, वायु, आकाश, प्रकृति, ग्रामदेव आदिको अभ्यर्थना गर्दथे"[74] आदि।

यसरी नै प्रस्तुत उपन्यासमा जननायकका रूपमा प्रसिद्ध माओको कथनलाई पनि प्रसङ्गवस उद्धृत गरिएको पाइन्छ – "यदि उकालो चढने साहस छ भने त्यसलाई कुनै शक्तिले पनि रोक्न सक्दैन।"[75]

यस्तै प्रकारले अर्नेष्टो चे ग्वेभाराको कथनलाई पनि उपन्यासमा समावेश गरिएको पाइन्छ– "हामी क्रान्तिकारीहरू असम्भव सपना पनि देख्छौं।"[76]

–"एक महान् चिनियाँ साहित्यकारको कथन अनुसार "धेरै मानिसहरू एउटा ठाउँबाट हिड्न थालेपछि बाटो बन्यो।"[77]

---

[72] भीम दाहाल, सन् 2005, पूर्ववत्, पृष्ठ 12।
[73] भीम दाहाल, सन् 2005, पूर्ववत्, पृष्ठ 19।
[74] भीम दाहाल, सन् 2005, पूर्ववत्, पृष्ठ 70।
[75] भीम दाहाल, सन् 2005, पूर्ववत्, पृष्ठ 231।
[76] भीम दाहाल, सन् 2005, पूर्ववत्, पृष्ठ 231।
[77] भीम दाहाल, सन् 2005, पूर्ववत्, पृष्ठ 237।

यसप्रकार उपन्यासमा विभिन्न जननायकहरूको कथन र पूर्वीय मिथकको सबल स्रोतको रूपमा मानिएको *महाभारत* तथा *रामायण*को चरित्र, युद्ध वर्णन र परिवेशलाई टिपेर उपन्यासका घटनाहरूसँग सादृश्य गरिएको पाइन्छ।

**ज. गति र लय**

*विद्रोह* उपन्यासमा गतिको निर्वाह उपन्यासकारको इच्छा अनुरूप भएको पाइन्छ। उपन्यासको थालनी रिधाङ, जुम, चुम्बुङ गाउँको वर्णन तथा पात्र–पात्राहरूको चारित्रिक वर्णनद्वारा गरिएको छ। उपन्यासमा घटना र स्थितिको वर्णन दृश्यात्मक पद्धतिको प्रयोग गरिएको हुँदा यसको गति स्वाभाविक रहेको देखिन्छ।

उपन्यासमा विश्वका विभिन्न भाषाका साहित्यकारहरूका कृतिहरूको वर्णन र कथन, जननायकहरूको प्रेरणादायक कार्य र कथन, विभिन्न गीतहरू साथै उखान तुक्काको प्रयोगले उपन्यासका घटनाहरूको उचित सम्प्रेषण गर्न सहायता पुऱ्याएको छ। जसले उपन्यासको गतिमा आवश्यक र महत्त्वपूर्ण भूमिका निर्वाह गरेको छ। उपन्यासले कलात्मकता तथा लयात्मकतालाई पनि उतिकै समेटेको पाइन्छ। यस उपन्यासमा लयात्मक वाक्यहरूको उचित संयोजन र बौद्धिक मिश्रण पनि पाइन्छ –

–"ऊ अन्तरीसँग कटूस खान्थ्यो।

ऊ अन्तरीसँग निर्लिप्त हुन्थ्यो।

अन्तरी विश्वासमा समर्पित हुन्थी।

समर्पण नहुनेहरूले हुनेहरूलाई दिनुपर्ने,

समर्पण कमजोडले बलवानलाई गर्नुपर्ने,

समर्पण एउटा कमजोड शब्द। समर्पण एउटा निर्धो शब्द। समर्पण एउटा शिखण्डी शब्द। अन्तरीको समर्पण उसको मृत्युमा परिणत भएको थियो।"[78]

अर्को उदाहरण यस्तो छ – "म सुनखानीमा बिमार भइनँ। कपडाको शोकेशभित्र बिमार भइनँ। म गालि र घोचाइहरूले बिमार भइनँ। म बिमार हुन्न मैता।"[79]

उपन्यासमा सरल भाषाको प्रयोग हुँदा–हुँदै पनि कतै चरित्रहरूमा हुने द्वन्द्वको प्रबल चित्रण, बौद्धिक अनि तार्किक संवादको प्रयोगले पाठकले पनि बौद्धिक कसरत गर्नुपर्ने स्थिति खडा भएको पाइन्छ।

**झ. शीर्षक सार्थकता**

*विद्रोह* उपन्यास बहुपात्र रहेको उपन्यास हो। उपन्यासमा चुम्बुङ गाउँको घायल कोलनीमा बसोवास गर्ने सचेत जनसमुदायले शोषकहरूको सामन्ती व्यवस्था र सरकारको विरूद्ध विद्रोहको माध्यमद्वारा क्रान्ति गरेको घटनालाई केन्द्रिय विषय बनाइएको छ। दाहालको उपन्यासमा नारीहरूलाई उच्च प्राथमिकता दिइएको छ। विभिन्न परिस्थितिहरूमा नारीका विभिन्न स्वरूपहरूलाई प्रस्टाउने काम पनि भएको पाइन्छ।

प्रस्तुत उपन्यासमा सिक्किममा प्रजातन्त्र आउनुभन्दा 20–30 वर्ष अघिको सामाजिक–आर्थिक जीवनको चित्रण सङ्केतात्मक रूपमा गरिएको पाइन्छ। सिक्किमको विगत इतिहासलाई आधार गरेर त्यसलाई आफ्नो कल्पना र शिल्पकारिताद्वारा विशिष्ट ऐतिहासिक सत्यको उद्घाटन गर्न उपन्यासकार सक्षम भएका छन्। प्रजातन्त्रपूर्व सिक्किमको सामाजिक, आर्थिक, सांस्कृतिक, धार्मिक, शैक्षिक एवम् विशेष रूपले राजनीतिक परिवेश र तिनताक सरकार, प्रशासन तथा

---

[78] भीम दाहाल, सन् 2005, पूर्ववत्, पृष्ठ 181।

[79] भीम दाहाल, सन् 2005, पूर्ववत्, पृष्ठ 239।

कानुनी व्यवस्थाको शोषण, दमन र हैकम परम्परा विरूद्ध उठेको जनक्रान्तिको स्वाभाविक चित्रण गरिएको पाइन्छ। उपन्यासमा सिक्किमको मात्र नभएर विश्वभरि नै साम्राज्यवादी, हैकमवादी, एकलकाँटे व्यवस्था, नीच-धूर्त र नक्षवादी शक्तिका विरूद्ध चलेका जनक्रान्ति र आन्दोलनहरूको प्रसङ्गहरू पनि प्रशस्तै भेटिन्छन्। यस दृष्टिले हेर्दा उपन्यासको शीर्षक सार्थक रहेको छ।

उपन्यासमा वर्णन गरिएको विद्रोही सोच, द्वन्द्वको चरम स्थिति तथा प्रगतिवादी समाजको कल्पना वास्तवमा एउटा प्रगतिशील र क्रान्तिकारी सोच हो। उज्ज्वल, स्वास्थ्य र सुन्दर भविष्यको परिकल्पना हो। यस सोचको मूल उद्देश्य समाजमा रहेका असमानता, विकृति, नक्षवादी प्रवृत्ति आदिको अन्त गर्नु रहेको मान्न सकिन्छ।

# चौथो अध्याय

## ४ भीम दाहालका उपन्यासमा नारी-पुरुष सम्बन्धको अध्ययन

यस उपशीर्षकअन्तर्गत भीम दाहालका उपन्यासहरूमा चित्रित नारी-पुरुषका सम्बन्धहरूको अध्ययन विभिन्न पक्ष र आधारहरूमा गरिएको छ।

## ४.१ भीम दाहालका उपन्यासमा नारी-पुरुष सम्बन्धका विभिन्न पक्ष

भीम दाहालका प्रकाशित *अभीष्टको खोज* (सन् १९९३), *द्रोह* (सन् २००२) र *विद्रोह* (सन् २००५) गरी तीनैवटा उपन्यासहरूको अध्ययन गरेर हेर्दा यी उपन्यासमा नारी-पुरुषमाझ विभिन्न सम्बन्धहरू स्थापित अनि विस्तारित हुँदै गएको पाइन्छ। उपन्यासमा उल्लेखित नारी-पुरुष सम्बन्धका विभिन्न पक्षहरूलाई विभिन्न आधारहरूमा वर्गीकरण गरेर हेर्न सकिन्छ। ती आधारहरूमा नारी-पुरुष : गृहस्थका रूपमा, नारी-पुरुष : बदलिँदो चरित्रका रूपमा, नारी-पुरुष : पारस्परिक द्वन्द्व, शक्तिको होड, कुण्ठा, अस्तित्व सचेतता तथा चिनारी स्थापनाको सङ्घर्षका योद्धाका रूपमा, नारी-पुरुष : आत्मसचेत पात्रका रूपमा, उपन्यासमा अभिव्यक्त पुरुषवादी सोच र पुरुष प्रताडनाका सिकार भएका नारीहरूको सङ्घर्ष, समाज निर्माण वा सामाजिक संरचनाका स्तम्भका रूपमा नारी-पुरुष चरित्रको भूमिका, नारीप्रति पुरुषको दृष्टिकोण र पुरुषप्रति नारीको दृष्टिकोण आदि रहेका छन्।

### ४.१.१ नारी-पुरुष : गृहस्थका रूपमा

*मनुस्मृति*मा चारवटा आश्रमको चर्चा पाइन्छ। "गार्हस्थ्य, आचार्यकूल, मौन र वानप्रस्थ चार आश्रमहरू हुन्।"[1] समयको परिवर्तन र विकास अनुसार यी चार आश्रमहरूको

---

[1] स्वामी प्रपन्नाचार्य, वि सं २००८, *आपस्तम्ब धर्मसूत्र,* नेपाल : राजकीय प्रज्ञा प्रतिष्ठान, नेपाल, नवम पटल १, पृष्ठ २३७।

स्वरूपमा पनि परिवर्तन भएर यो ब्रह्मचर्या आश्रम, गार्हस्थ्य (गृहस्थ) आश्रम, वानप्रस्थ आश्रम र सन्यास आश्रम गरी नामाकरण गरिएको पाइन्छ। "ब्रह्मचर्या, गृहस्थ, वानप्रस्थ र सन्यास यी चारवटा आश्रममध्ये गृहस्थ आश्रमलाई प्रमुख र उच्च मानिन्छ। किनभने अन्य तीन आश्रमहरू गृहस्थ आश्रमद्वारा पोषित रहेका हुन्छन्।"[2]

वैवाहिक सम्बन्ध नारी-पुरुष सम्बन्धलाई वैधानिक बनाउने पहिलो खुड्किलो हो। विवाहोपरान्त मात्र नारी-पुरुषको गृहस्थी वैधानिक मानिन्छ। वैधानिकताका आफ्नै नियम र निधि छन्। त्यसकै आधारमा नारी-पुरुष विवाह बन्धनमा बाँधिन्छन् र दुई दम्पति मिलेर दाम्पत्य जीवन सञ्चालन गर्दछन्। नारी-पुरुषको सम्बन्धद्वारा नै गृहस्थी निर्माण हुन्छ। पति-पत्नीका रूपमा परस्परको सहयोग, सरोकार, सम्झौता आदि यसका मूल पक्ष हुन्। यस क्रियाकलापका लागि नारी-पुरुषको भावनात्मक सम्बन्ध र साझेदारीलाई महत्वपूर्ण एवम् आवश्यक मानिन्छ।

दाहालका उपन्यासहरूमा पाइने गृहस्थ जीवनका विभिन्न पक्षहरूमध्ये प्रेम, विवाह र सम्बन्ध विच्छेद गरी जम्मा तीन अवस्थाहरूको चित्रण गरिएको पाइन्छ। यस बाहेक यौन सम्बन्ध  र यौन तृप्तिलाई जीवनको आनन्दमय क्षण अथवा जीवनलाई सौन्दर्यपूर्ण रूपमा जीउन सहयोग गर्ने उर्जा स्रोतको रूपमा चित्रण गरिएको पाइन्छ। आदर्श समाजमा नारी र पुरुषमाझ सम्बन्ध स्थापित गरेर गृहस्थी सञ्चालन गर्न विवाह अनिवार्य ठहर्दछ। विवाहलाई एउटा सामाजिक संस्थाको रूपमा मानिन्छ।

[2] तुलसी आचार्य, वि सं २०७३, *मनुस्मृति,* पूर्ववत्, पृष्ठ २१०।
यस्मादत्र.प्याश्रमिणो ज्ञानेनान्नेव चान्वहम्।
गृहस्थेनैव धार्यन्ते तस्माड्येष्ठाश्रमो गृही।७८
गृहस्थप्रभवा: ब्रह्मचारी गृहस्थश्य वानप्रस्यो यतिस्तया।
गृहस्थप्रभवा: सर्वेचत्वार: पृथगाश्रमा:।७८,

*अभीष्टको खोज* उपन्यासमा धनमाया र लीलारामको गृहस्थी पति-पत्नीमाझको सौहार्दता र हार्दिकताद्वारा निर्मित छ। दुवैले आफ्ना जीवनमा धेरै कष्टपूर्ण यातनाहरू झेल्नु परेको देखिए तापनि दुवैको साझेदारी र सम्झौतामा गृहस्थ जीवन सञ्चालित देखिन्छ। दुईवटी पत्नी गुमाई सकेको लीलाराम र आफ्नो पति गुमाइसकेकी विधवा धनमायाले पुनर्विवाह गर्ने निर्णय लिएर नयाँ गृहस्थी जीवन सुरु गरेको देखिन्छ। लीलारामको प्रेम र सहयोगले धनमायालाई गृहस्थी जीवनप्रति एउटा गहिरो आस्था र भरोसा दिलाएको देखिन्छ। धनमाया वैवाहिक बन्धनको मर्यादालाई सन्तुलित र सुखद तरिकाले अघि बढाउन सक्षम देखिन्छे। लीलारामको उदार स्वभाव, निस्वार्थ प्रेम र इमान्दारितामा विकृत वासना र स्वार्थ जस्ता कुराहरूको गन्ध पाइदैंन। लीलारामसितको सम्बन्धलाई धनमायाले हार्दिक समपर्णद्वारा स्वीकार गरेकी छे। यस उपन्यासमा बहुविवाह प्रथालाई नारी-पुरुष दुवैमा लिङ्ग भेद नगरी वैध मानिएको देखिन्छ। विधवा नारीलाई पनि पुनर्विवाह गर्ने स्वतन्त्रता रहेको यस उपन्यासभित्रको समाज पुराना परम्परा मान्यता, रूढीदेखि माथि उठेको देखिएकाले यस समाजका परिपाटीलाई उदार मान्न सकिन्छ। लीलाराम र धनमायाको सुखी गृहस्थी जीवन परस्परको समर्पण, हार्दिकता र आत्मात्यागमा आश्रित देखिन्छ। जो दुई दम्पतिमाझ परस्परको प्रेम र सद्भावनाको परिणाम हो। लीलारामले धनमायाप्रति मात्र होइन, झड्केली छोरी शान्तिप्रति पनि अभिभावकीय उत्तरदायित्वको निर्वाह गरेको छ। एउटी छोरीप्रति पिताको स्नेहशील प्रेम र समर्पण गरेर लीलारामले पितामा हुनुपर्ने उत्तरदायित्वबोध गरेको देखिन्छ। धनमाया र लीलारामको सुखी, मर्यादित र सन्तुलित गृहस्थीको वर्णन उपन्यासमा यसरी गरिएको छ- "लीलारामले लगनशीलता र घोर परिश्रमका साथमा परिवारको आर्थिक अवस्थामा व्यापक सुधार ल्यायो। शान्तिको शिक्षाका लागि हुने खर्चबाहेक धनमायाका नाक र कान

पनि सुशोभित बनाइदियो। अब उसको खरको छानो भएको घरलाई च्यादर ओडाइदिएर सम्पन्नताको गहना लगिदिन मात्र बाँकी छ।"[3]

*अभीष्टको खोज* उपन्यासमा नारी-पुरुष सम्बन्धको अर्को पाटोलाई हेर्दा कतिपय पुराना, रूढी परम्परावादी सोच र मान्यतालाई प्रश्रय दिएर व्यक्ति स्वतन्त्रता माथि बन्देज लगाउने समाज पनि रहेको देखिन्छ। यस्तै सम्बन्ध लीलारामकी आमा सिक्टेरनी कान्छी र बाबु सिक्टेरी कान्छाको सम्बन्ध रहेको छ। उनीहरूको दाम्पत्य जीवन असन्तुलित रहेको देखिन्छ। लीलारामकी आमा परम्परागत रूढी मान्यता र पुरुषकेन्द्री नियमबाट दमित र शोषित देखिन्छिन्। उनको आफ्नो कुनै वयैक्तिक सत्ता नै छैन। बालविवाहलाई प्रश्रय दिने पुराना विचार र मान्यता पोषक समाजको मारमा परेर सिक्टेरी कान्छासँग गृहस्थी जीवनमा बाँधिएकी लीलारामकी आमा सत्ताविहीन नारी पात्रको रूपमा उभिएकी छिन्। संस्कारदेखि पलायन भएका छोराहरू र रूढीवादलाई नै आदर्श ठान्ने तथा पति हुनुको उत्तरदायित्व वहन गर्न असक्षम भएकाले घरपरिवारभित्र भाडभैलो मच्चिएको छ। जसको सोझो प्रभाव लीलारामकी आमामाथि परेको देखिन्छ। घरपरिवारभित्र सौहार्दपूर्ण सम्बन्ध स्थापित गर्न नसक्दा जन्मिएका समस्याहरूकाबिच लीलारामकी आमा जीवनको ठूलो नियति र त्रासदी भोगन बाध्य बनेकी छिन्। फलत: बाबु छोरामाझ हार्दिकतापूर्ण सम्बन्ध स्थापित गर्न नसकेका कारण लीलारामकी हतभागिनी आमाले साठ्ठी वर्षको उमेरमा आत्माहत्या गर्नुपरेको देखिन्छ। यसका साथै समाजको थोत्रो नियमलाई पालन गर्ने, अवैज्ञानिक खोक्रो मान्यता र परम्परालाई प्राथमिकता दिने, धर्मको नाममा अन्धविश्वासलाई प्रश्रय दिने सिक्टेरी कान्छाको पूर्वग्राही मानसिकता सिक्टेरनी कान्छीका लागि श्राप बनेको छ। आफ्नो पतिलाई परमेश्वर ठान्ने, उसका वचनहरूलाई आदेश मानेर आज्ञा पालन गर्ने सिक्टेरनी कान्छीको दाम्पत्य जीवन पुरुष प्रभुत्ववादी

[3] भीम दाहाल, सन् १९९३, *अभीष्टको खोज,* पूर्ववत्, पृष्ठ २८।

मानसिकताको मारबाट ग्रसित छ। जसको रक्षा र आदर गर्दा गर्दै पनि अनेकौं घरेलु समस्याले आक्रान्त बनेकी सिक्टेरनी कान्छी अर्थात् लीलारामकी आमाले अन्त्यमा हार मानेर आफूलाई अन्त्य गरेकी छिन्।

कुनै परिवारमा सम्बन्ध स्थापना हुनु र विघटन हुनुमा नारीको जति सहभागिता रहन्छ त्यति नै सहभागिता पुरुषको पनि रहेको हुन्छ तर परिवारका सदस्यहरूमाझ सन्तुलन बनाई राख्नुमा नारीको मात्र सहभागिता र भूमिकाको अपेक्षा गर्ने समाज जहीतही व्याप्त देखिन्छ। प्रस्तुत उपन्यासमा नारीको सफलतालाई परिवारको व्यवस्थापन र सन्तुलनमा मात्र सिमित गरिएको छ। यसै मान्यताको सिकार सिक्टेरनी कान्छी बनेकी छिन्। परिवारमा बाबु-छोराको सम्बन्धलाई विस्तार दिन नसकेका कारण सिक्टेरनी कान्छीले आत्महत्या गरेकी हुन्। पत्नीको आत्महत्यापछि सिक्टेरी कान्छा पनि गाउँबाट हराउँछ। "विवाह संस्थाले नारी र पुरुषलाई प्रदान गर्ने अधिकार र कर्तव्यहरूको मानदण्ड पनि बेग्लाबेग्लै छ। विवाहले पुरुषलाई औपचारिक रूपमा विजेता घोषित गर्छ र नारीलाई विर्जित। यो संस्कारद्वारा पुरुषले संस्थाको सर्वोच्च सत्ता प्राप्त गर्छ भने नारीलाई अधिनस्थको भूमिकामा आरोपित गर्छ र हर विपरित परिस्थितिमा विवाह संस्थालाई बचाइराख्ने सम्पूर्ण जिम्मेवारीको नैतिक दबाव पनि नारीलाई नै दिइन्छ।"[4] तर अब नारीकै निम्ति मात्र भनेर ठानिएका जिम्मेवारी नारीको मात्रै नरहेर त्यसमा नारी-पुरुष दुवैको साझा र सकारात्मक हस्तक्षेप अपरिहार्य छ। यस सत्यलाई पुरुषले स्वीकार गर्न जरूरी रहेको छ भन्ने कुरातिर उपन्यासकारको सङ्केत रहेको देखिन्छ।

सुधा त्रिपाठीको भनाइमा "नारीहरूको सम्बन्ध बाहिरी जगत्को प्रतिस्पर्धासँगभन्दा पनि पारिवारिक जगत्को प्रतिस्पर्धासँग बढी मुछिएको छ।"[5] यस्तै नारी पात्रको

---

[4] रेमिका थापा, सन् २०१३, *पठन-विपठन,* दार्जिलिङ : गामा प्रकाशन, पृष्ठ ३४।

[5] सुधा त्रिपाठी, "महिलाको प्रतिवादशीलताको वकालत" वि सं २०६७, *भृकुटी,* मोदनाथ प्रश्रित, (सम्पा.), नेपाल : भृकुटी एकेडेमी पब्लिकेसन्स्, पृष्ठ ३३।

उदाहरणका रूपमा सिक्टेरनी कान्छीलाई लिन सकिन्छ, उनी त्यस पारिवारिक प्रतिस्पर्धादेखि माथि उठ्न सकेकी छैनन्। परिवारको विघटनलाई रोक्न नसकेकोमा उनी आफूलाई दोषी ठहऱ्याउछिन्।

शान्तिकी काकी फूलमति र काका शर्माबाबुमाझको गृहस्थ सम्बन्ध सौहार्दपूर्ण देखिए तापनि फूलमतिको अन्य पुरुषहरूसँग यौन सम्बन्ध रहेको पाइन्छ। तर त्यो सम्बन्ध भावनात्मक नभएर स्वार्थपूर्ण रहेको छ, किनभने यौनलाई फूलमतिले अर्थसँग तौलिएकी छे। उपन्यासमा एकातिर फूलमति घर खर्च चलाउनको निम्ति अन्यपुरुषहरूसँग रात बिताउने गरेको बताउँछे भने अर्कोतिर ऊ तीन-चारजना नानीकी आमा भइसके तापनि यौन तृप्तिका निम्ति परपुरुषसँग सम्बन्ध राखेको कुरा पनि गर्दछे। यस्तै प्रकारले ऊ आफ्नो पति शर्माबाबुले पनि जवानीमा अफिसियल टुरको नाममा तरूणी युवतिहरूसँग रात बिताएका कुरा शान्तिलाई सुनाउँछे। यसरी विवाहपछि पनि दुवै दम्पति परपुरुष र परस्त्रीहरूसँग यौन सम्बन्ध राख्दछन्। यस्तो सम्वेदनशील सम्बन्धमा पनि अनैतिक तरिका अप्नाइएकाले फूलमति र शर्माबाबुबिच पति-पत्नीमाझ हुने सहचर्या र सम्बन्ध विस्तारमा अवरोध खडा भएको देखिन्छ।

जाड-रक्सी बेच्न र अन्य पुरुषहरूसँग सम्बन्ध स्थापित गर्न बाध्य हुन पुगेकी फूलमतिको मनोवैज्ञानिक चरित्रको चित्रण गर्दै केही कारण र सम्भावनाहरूलाई उपन्यासमा शान्तिका माध्यमद्वारा यसरी चित्रण गरिएको पाइन्छ -

"...हुनसक्छ जँड्याहा काका काकीलाई शारीरिक सम्भोगमा तृप्ति दिन सक्तैन...

... हुनसक्छ काकाको तलबले छः जना सन्तान र घरको आङ ढाक्न पुग्दैन...

... हुनसक्छ काकीले त्यस कुरालाई धर्म र पापसँग जोडेर हेर्ने गरेकी छैनन्...।"[6]

*अभीष्टको खोज* उपन्यासको अर्को पात्र नेत्रप्रसाद र प्रणितामाझको सम्बन्ध विवाह र प्रेमको नभएर भौतिक सम्बन्धमा सीमित रहेको पाइन्छ। अर्थात् उनीहरूको सम्बन्ध देह र अर्थको सम्झौता मात्र बनेको देखिन्छ। उनीहरू माझको वैवाहिक सम्बन्धमा स्वार्थले प्रश्रय पाउनको विभिन्न कारणहरू रहेका छन्, जसमध्ये नेत्रप्रसादको घुसखोर, खुसामदी र पुरुषप्रभुत्ववादी स्वभावलाई एउटा कारण मान्न सकिन्छ। "विवाह संस्थाको सबैभन्दा ठुलो विडम्बना यही छ कि विवाहले नारीलाई अपेक्षित सुख दिदैंन। सुखको विषयमा विवाहले कुनै प्रकारको आश्वासन पनि दिदैंन।"[7] उपन्यासमा अभिजात्यपनको आडम्बर, सम्पति, पेसा र ओहोदाको आड र स्वार्थपूर्ति तथा अहमको स्थापनाका खातिर नेत्रप्रसाद र प्रणिताको विवाह भएको छ, जसले उनीहरूको दाम्पत्य जीवनमा असामञ्जस्यता आएको देखिन्छ। विवाह दुवैका निम्ति सहजीवन यापनको घडेरी नभएर एउटा अनावश्यक बन्धन र समस्या मात्र बनेको देखिन्छ।

प्रणिताले आफ्नै नोकर रामेसँग यौन सम्बन्ध राखेकी छे। यहाँ कामेच्छा अगाडि नोकर र मालिकबिचको भेद पनि मेटिएर गएको देखिन्छ। उक्त घटनापछि नेत्रप्रसादले प्रणितालाई विश्वासघाती तथा अपराधी ठहऱ्याई कुटपीट गरेर सम्बन्ध विच्छेद गर्दछ। तर नेत्रप्रसाद आफू भने प्रेमको नाममा धेरै स्त्रीहरूको यौनसँग खेलिसकेको हुन्छ। नेत्रप्रसाद यौनलोलुप भए तापनि ऊ उच्च ओहोदाधारी पुरुष भएकाले उसले दुश्चरित्र र कामुक स्वभावलाई आफ्नो नितान्त अधिकारको रूपमा प्रयोग गरेको देखिन्छ।

[6] भीम दाहाल, सन् १९९३, *अभीष्टको खोज,* पूर्ववत्, पृष्ठ ४१।
[7] सिमोन वुभा, सन् २०११, *द सेकेन्ड सेक्स,* पूर्ववत्, पृष्ठ २०८।

नेत्रप्रसाद र प्रणिताका गृहस्थ सम्बन्धमा बाधा आउनको आन्तरिक कारणका रूपमा यौनेच्छा र यौनकुण्ठालाई लिन सकिन्छ। नेत्रप्रसादको कामुक प्रवृत्ति र परस्त्रीगमनका कारण प्रणिताप्रति उसको आकर्षण क्षणिक मात्र रहेको छ। नेत्रप्रसाद अफिसका तरूणीहरूसँग बरालिएर हिडेकाले पत्नी प्रणितालाई शारीरिक तृप्ति दिन नसकेको अनुमान लगाउन सकिन्छ। प्रणिताको मनभित्र दमित अवस्थामा रहेको यौनेच्छाले निकास नपाएपछि उसले घरमा काम गर्न राखेको रामेलाई यौनतृप्तिको माध्यम बनाएकी छे। नारीका यौनभावना अथवा नारीका कामनात्मक पक्षलाई निषेध गरिने पुरुषपक्षीय समाजले प्रणितालाई परपुरुषगमनको अरोपमा अपराधी ठानेको देखिन्छ।

पुरुषप्रधान समाजमा यौनेच्छा अथवा शारीरिक क्षुधाको तृप्तिका सन्दर्भमा नारी र पुरुषमाझ भिन्न-भिन्न सोचाइ र मान्यता राखिएको पाइन्छ। यसप्रकार मानवीय जैविकता, यौनेच्छा आदि जस्ता कुराहरूलाई पनि सामाजिक नियम जतिकै मानेर निर्धारण गरिदिएकाले मानवीय प्राकृतिक चाहनामाथि पनि बन्देज विधान र बाधा गरिएको पाइन्छ। नारीका व्यक्तित्वको अन्य पक्षहरूमध्ये मुख्य रूपमा उसका यौनेच्छालाई दबाएर राख्न बाध्य गराइन्छ। त्यसलाई नैतिकताको खोक्रो खोल ओडाएर स्वाभाविक रूपमा विकास हुन पनि दिइँदैन। यौन शक्ति र चाहनाको घडेरीमा पुरुषको एकछत्र अधिकार र वर्चस्व कायम रहेको देखिन्छ। उपन्यासमा यही वर्चस्वको एक्लो अधिकारी नेत्रप्रसादलाई बनाएर प्रणितालाई दोषी ठहऱ्याएर कठघरामा उभ्याइएको छ, साथै उसलाई आफूमाथि लागेको अपवाद र लाञ्छनाको प्रतिवाद गर्ने मौका समेत दिइएको छैन।

यसरी नै भीम दाहालको अर्को उपन्यास *द्रोहकी* एकजना सशक्त पात्रको रूपमा सुबेदारनी आमा देखिन्छिन्। सुबेदारनी आमा र कुलुङ सुबेदारको गृहस्थी हार्दिकतापूर्ण र सन्तुलित रहेको देखिन्छ। कुलुङ सुबेदारकी कान्छी पत्नीका रूपमा सुबेदारनी आमाले

चारजना सन्तानको बाबु कुलुङ सुबेदारसँग कुनै रोक-टोकबिना विवाह गरेकी छन्। सुबेदारनीको परिवार र समाजले पनि यस विवाहलाई स्वीकृति दिएको पाइन्छ। यसरी उपन्यासको समाजले बहुविवाहलाई स्वाभाविक रूपमा स्वीकृत गरेको देखिन्छ।

फौजबाट सेवानिवृत्त कुलुङ सुबेदार साँझ परेपछि प्रायः सँधै आफ्ना साथीहरूसँग मुन्नाको दोकानमा गएर रक्सी पिउँछ। जिल्लाराम घिमिरे, विचारलाल र लेखलाल भट्टराईसँग प्रशासन अनि शोषक वर्गप्रति विद्रोह बोल्छ - "त्यो नाथे बाहुन, जो न्वारान र श्राद्धमा पाएको आठानी-चारानी समेत काइँला लिम्बूकोमा बुझाएर चियापत्ति टोक्दै जान्थ्यो र स्वास्नी भकुर्थ्यो, त्यो पाजी नेता भयो। आजकल कुलो खन्ने योजना र स्कूल बनाउने तर्जुमाको सुक्खा गफ् हाँक्छ।"[8] तर त्यो विद्रोह केवल रक्सीको मात रहुनञ्जेल सम्म मात्र रहन्छ। आ-आफ्ना घर पुगेपछि त्यो विद्रोह सेलाएर जान्छ। उपन्यासकारको भाषामा भन्नु हो भने सुबेदार "घर साँडा बन बिरालो" भन्ने उखानको ठीक विपरीत थियो- "घर बिरालो बन साँडा"।[9]

आफू उमेरले जेठो भए तापनि सुबेदार कलिली सुबेदारनीसँग डराउथ्यो। उपन्यासकारले कुलुङ सुबेदारको त्रासदीका कारणलाई स्पष्ट गर्दै उल्लेख गरेका छन्- "सुबेदार साहब जरूरतभन्दा बढ्ता सुबेदारनी आमासँग डराउनुको कारण उनको स्वभाव वा प्रकृतिमा रहेको कुनै कमजोरीले गर्दा होइन। उनी एक किसिमले आफ्नी पत्नीको आदर गर्दथे। उनको उम्किँदो जीवनलाई उनकी पत्नीले एउटा अर्थ दिएकी थिइन्।"[10] कुलुङ सुबेदार पत्नीसँग डराए तापनि सुबेदारनीले त्यसको फायदा उठाएकी छैनन्। कुलुङ सुबेदारलाई उसले रक्सी पिउने, पेन्सनको पैसा आफू खुशी चलाउने आदि

---

[8] भीम दाहाल, सन् २००२, पूर्ववत्, पृष्ठ ३।

[9] भीम दाहाल, सन् २००२, पूर्ववत्, पृष्ठ ४।

[10] भीम दाहाल, सन् २००२, पूर्ववत्, पृष्ठ ११३।

कुराहरूमा धेर रोकटोक गरेकी छैनन्। सँधै हाँसी रहने सुबेदारनीलाई उपन्यासकार यसरी चिनाउँछन् -

> -"वास्तवमा सुबेदारनी एक सफल घरआमा थिइन् भन्नमा कुनै कठिनाइ पर्दैन। उनले सहज अनि स्वाभाविक रूपमा नै गाउँको जीवन-ढाँचामा आफूलाई ढालेर गाउँ-घरको मन जीत्न सफल भइन्। कहिलेकाहिं सरसापट, कटगारो पर्दा गाउँलेहरू उनलाई भेटेर गन्गनाउँथे। उनको हविगतले भ्याएसम्म सबैको कटगारो टार्न पछि परिनन्।"[11]

तर अर्कोतिर रक्सीको मात लागेपछि सुबेदारको तेवर अर्कै देखिन्थ्यो। ऊ लर्खरिँदै मुन्नासँग कुरा गर्नलाई घरिघरि भान्साकोठातिर जाने गरेको चर्चा उपन्यासमा पाइन्छ। छवटा नक्कली दाँत लगाए तापनि सुबेदारमा यौनेच्छा अद्यावधि रहेको देखिन्छ। ऊ आफ्नो वयस्कता, कमजोरी, फुक्लेको दाँत र फुलेको कपाल बिर्सिएर, कपालमा कालो कलप चढाएर, नयाँ दाँत लगाएर घरमा कान्छी स्वास्नी छँदा-छँदै मुन्नासँग पनि इत्रिन पछि पर्दैन।

दार्जिलिङको भाटकभर कमानबाट सिक्किमको रिधाङ बोजकमा विवाह भएकी सुबेदारनीको व्यवहारमा सरलता देखिन्छ। पति रकस्याहा भए तापनि व्यवहारमा स्वाभाविक प्रकृति रहेकाले कुलुङ सुबेदारसँग सुबेदारनीको गृहस्थी सुचारू रूपले अघि बढेको देखिन्छ। *द्रोह* उपन्यासमा वर्णन गरिएको तत्कालीन सिक्किमको नेपाली समाजको तुलनामा दार्जिलिङको सचेत र शिक्षित समाजमा हुर्किएकी सुबेदारनी कम बोल्ने भए तापनि प्रगतिशील विचार भएकी सचेत नारी हन्। आफू सचेत र शिक्षित भएकी कारणले नै छोरो रविरत्नलाई उचित शिक्षा दिने व्यवस्था गर्न सक्षम रहेकी छिन्। सुबेदारनीले

---

[11] भीम दाहाल, सन् २००२, पूर्ववत्, पृष्ठ २४।

पेन्सनको आधाभन्दा धेर रकम रक्सी पिएर सक्ने सुबेदारलाई पारिवारिक तथा सामाजिक कर्तव्य पालन गर्न प्रेरणा दिएकी छिन्। सुबेदारनी आमामा आत्मविश्वास, आत्मसम्मान, आत्मसचेतता र आत्मनिर्भरता आदि गुण रहेका हुनाले उनी पारिवारिक तथा सामाजिक दुवै कर्तव्यहरू पालन गर्न सफल भएकी देखिन्छिन्। समग्रतामा भन्नुपर्दा सुबेदारनी आमा र कुलुङ सुबेदारको दाम्पत्य सम्बन्ध सन्तुलित रहेको देखिन्छ। सुबेदारनी आमाले पत्नीको रूपमा कुलुङ सुबेदारबाट स्नेह, प्रेम तथा आन्तरिक सहयोगिता प्राप्त गर्न सकेकी छिन् भन्न सकिन्छ।

*द्रोह* उपन्यासमा कैजरे र उसकी पत्नीको गृहस्थ सम्बन्धलाई स्पष्ट रूपमा चित्रण गरिएको नपाइए तापनि कैजरेको स्त्रीलम्पट प्रवृत्ति र नारीहरूप्रतिको कामुक व्यवहारका कारण उसको गृहस्थी जीवनमा सामञ्जस्यता र सुख आउन सकेको छैन। कैजरेले गाउँका अन्य नारीहरूप्रति त कुदृष्टि राखेको छ, ऊ आफ्नी घरकी बुहारीप्रति पनि कामुक दृष्टि राख्न हिच्किचाउँदैन। कैजरे आफ्नी स्वास्नी र छोरालाई बहाना बनाएर हाटमा पठाउँछ अनि घरमा कोही नभएको बेला बुहारीलाई टाउको थिचिमार्दै आफ्नो इच्छामा तृप्ति पाउने कोशिष गर्छ।

आफ्ना घरमा काम गर्न राखेका प्रत्येक किशोरीहरूको बलात्कार गर्ने कैजरेमा यौनविकार रहेको देखिन्छ। यौनशोषण पछि कैजरे ती किशोरीहरूको हत्या गर्न पनि पछि परेको छैन। उपन्यासकारको शब्दमा भन्नुपर्दा "कैजरे पाशविक वासनाको सिकार पनि थियो। जीवनमा धेरै पल्ट ऊ राँगो, गोरु, बीउबोको इत्यादिको काम गर्न सफल भएको थियो।"[12] कैजरेको यस्तो हीन, पाशविक, स्त्रीलम्पट, नरभक्षी आदि घृणित प्रवृत्तिहरूसँग परिचित रहेकी उसकी पत्नीको सम्बन्ध कैजरेप्रति हार्दिक अनि आत्मीय नरहेको अड्कल सजिलै लगाउन सकिन्छ। नारीले पुरुषद्वारा आत्मिक समर्पण, हार्दिकता,

---

[12] भीम दाहाल, सन् २००२, पूर्ववत्, पृष्ठ ३३।

स्नेह, प्रेम, उचित सम्मान आदिको अपेक्षा गरेकी हुन्छे। यस्ता अपेक्षाहरूको ठिक विपरीत व्यवहार कैजरेले उसकी स्वास्नीलाई गरेको छ, जसको परिणाम उनीहरूको दाम्पत्य सम्बन्ध एउटा चुत्थो सम्बन्धमात्र बन्न पुगेको देखिन्छ।

यसरी नै कैजरेको छोरा रणदीपेन्द्र र उसकी पत्नीको गृहस्थ सम्बन्ध असन्तुलित रहेको देखिन्छ। रणदीपेन्द्र चतुर्‍याई जाल-झेल गर्नमा सिपालु भए तापनि काँतर स्वभावको देखिन्छ। रणदीपेन्द्र आफ्नो बाबु कैजरे जस्तै स्त्रीलम्पट र बलात्कारी पात्र हो। उसले आफ्ना घरमा काम सघाउने किशोरीहरूलाई बलात्कार गरी कुटपीट समेत गरेको कुरा उपन्यासमा औल्याइएको पाइन्छ। उपन्यासमा चित्रित किशोरी आफूमाथि हुँदै आएको अन्याय यसरी प्रकट गर्दछे - "बाबु छोरो दुवै राति मातेर पालै पालो आउँछन्। म राम्ररी हिँड्न सक्दिनँ। जे खायो वान्ता हुन्छ। सुतारनीहरू मलाई कुट्छन्। पेटमा मुड्की हान्छन्। यो बच्चा जन्माउन पाए हुन्थ्यो।"[13] रणदीपेन्द्रको यस्तो कुकृत्यप्रति उसकी स्वास्नी पनि अनभिज्ञ थिईन। पतिको यस्तो नीच व्यवहार कै कारण ऊ अखण्ड प्रदीपजी स्वामी महाराज नामक व्यक्तिसँग पोइला जान्छे। रणदीपेन्द्रकी स्वास्नीले पतिबाट कुनै प्रकारको भावनात्मक अनि कामनात्मक सुख प्राप्त गर्न नसकेका कारणले ऊ अर्कै व्यक्तिलाई पति वरण गर्नपुग्छे। प्रस्तुत घटनाबाट स्पष्ट बुझ्न सकिन्छ कि समाजका प्रौढ पीढी र युवा पीढीमा केही अन्तर रहेको छैन। दुवै पीढीका लोग्नेमान्छेहरूमा कामुक, यौनविकृत प्रवृत्ति रहेको देखिन्छ। घरका मालिकनी र नोकर्नी दुवै पुरुषबाट पीडित देखिन्छन्।

वर्तमान समाजमा पनि स्त्री-पुरुषबिच रहेको अस्वाभाविक सम्बन्धबाट नारीहरू आक्रान्तित देखिन्छन्। तथापि यी नारीहरू असन्तुलित, कृत्रिम, अनावश्यक र अनिच्छाको सम्बन्धहरू विच्छेद गर्न सक्षम रहेका देखिन्छन्। आजका अस्तित्वसचेत

---

[13] भीम दाहाल, सन् २००२, पूर्ववत्, पृष्ठ ४३।

नारीहरू शोषणबाट मुक्ति पाउने सोचले प्रेरित भएर आफ्ना अधिकार र स्वतन्त्रता प्राप्त गर्ने दिशातिर अग्रसर रहेका देखिन्छन्। *द्रोह* उपन्यासमा रणदीपेन्द्रकी स्वास्नी उसको कामुक पतिसँग आत्मीय सम्बन्ध स्थापित गर्न नसकेका कारणले अर्को जीवनसाथी चयन गर्ने सामर्थ्य राख्दछे। त्यसैले रणदीपेन्द्रकी स्वास्नीमा निर्णयशक्ति, अस्तित्वबोध, स्वतन्त्रता चेतना रहेको पाइन्छ।

*द्रोह* उपन्यासको अर्को पात्र विचारलाल अचानक विधायक बन्दछ। विधायक बनेपछि उसले जेठी स्वास्नी र छोरा-छोरीलाई त्यागेर कान्छी स्वास्नीलिएर गाउँ छोडी गान्तोकमा बसोवास गर्दछ। कान्छी स्वास्नीसँग उसको गृहस्थी सुःखपूर्ण देखिए तापनि जेठी स्वास्नी र छोरा-छोरीप्रति उसले अन्याय गरेको पाइन्छ। विचारलालले जेठी स्वास्नी र छोरा-छोरीको खोज-खबर लिएको छैन र उनीहरूप्रतिको कर्तव्य र जिम्मेवारी पनि लिएको छैन। सत्ता, सम्पत्ति र राजनीतिक शक्तिको आडमा विचारलाल पारिवारिक साथै सामाजिक कर्तव्य र उत्तरदायित्वप्रति विमुख बन्न पुगेको देखिन्छ। विचारलालले आफ्नी जेठी स्वास्नीलाई उसको पारिवारिक-सामाजिक अधिकार र मर्यादादेखि बेदखल गरेको पाइन्छ। विचारलालले जेठी स्वास्नीलाई एउटा वस्तुको रूपमा मात्र उपभोग गरेको देखिन्छ, एउटा यस्तो वस्तु जसलाई आफ्नो आवश्यकता अनुसार आफूसँग राख्न अनि अनावश्यक नलागेको खण्डमा फ्याँक्न पनि सकिन्छ।

*द्रोह* उपन्यासमा मनीषा गुरुआमा र मानक चन्द मनीषको सम्बन्ध रोचक रहेको देखिन्छ। मनीषा गुरुआमाले आफ्नो तेस्रो पति पनि आफूले चाहे जस्तो नपाएको कारण मानक चन्द मनीषसँग चौथौं विवाह गरेकी छ। बिहार राज्यको बैसाली जिल्लाको खेटकीपाल थाना, बेत्की गाउँ निवासी मानक चन्द मनीष रिधाङ बोजेक हाई स्कुलको हेडमास्टर हो। मानक चन्द मनीषले जेठी पत्नी गुलबदनियालाई गाउँमा राखेर आफू रिधाङमा बसेर मनीषा गुरुआमासँग दोस्रो विवाह गरेको देखिन्छ। *द्रोह* उपन्यासमा

बहुविवाह नारी-पुरुष दुवैको निम्ति वैध रहेको पाइन्छ। नारी-पुरुष दुवैले आफूले चाहे जस्तो दाम्पत्य सम्बन्ध स्थापित हुन नसके फेरि अर्को विवाह गर्ने विकल्प लिएका छन्। यस उपन्यासको समाजले बहुविवाह र अन्तरजातीय विवाहलाई स्वीकार गरेको देखिन्छ।

भीम दाहालको तेस्रो उपन्यास *विद्रोह* हो। यस उपन्यासमा बहुलपात्रको प्रयोग गरिएको पाइन्छ। यस उपन्यासमा प्रमुख पात्रका रूपमा रहेका पापाराई अनि उनकी पत्नी लीलावतिको गृहस्थ सम्बन्ध हार्दिकतापूर्ण रहेको देखिन्छ। पापाराई तथा लीलावति दुवै शिक्षित भएका कारणले दुई पति-पत्नी बौद्धिक वार्तालाप गर्छन् - "एउटा परिवारलाई अव्यवस्थित पार्दैमा धनकबहादुर सिकन्दर महान् हुने होइन। नीच व्यक्तिलाई नीचता, अझ नीचता, अझ नीचता सिकाउनु पर्दैन, तर ज्ञानीलाई ज्ञान दिइरहनुपर्छ।"[14]

पापाराई र लीलावति दुवै सचेत भएकाले उनीहरूबिच समन्वयात्मक र भावनात्मक सम्बन्ध रहेको देखिन्छ। यी दुई पति-पत्नीको गृहस्थमा तृष्णा, कामवासना जस्ता कुराहरूको प्रवेश पाइँदैन। उनीहरूको गृहस्थी सुखद अनुभूतिका साथ अघि बढेको पाइन्छ। मार्क्सवादी विचारधारादेखि प्रेरित पापाराईलाई उपन्यासमा आदर्श चरित्रको रूपमा चित्रण गर्ने प्रयास उपन्यासकारको रहेको देखिन्छ। उपन्यासको पात्र जेम्स जयदीपले आफ्नी द्वितीय पत्नीसँग सम्बन्ध विच्छेद गरि सकेपछि - "पापिनीको सास गन्हाउँथ्यो बेजोड। के गर्ने ? कतिञ्जेल सिरकभित्र सेफ्टी टयांक लिएर सुत्ने ?"[15] भन्ने नकारात्मक टिप्पणी गरेको सुनेपछि पापाराई रिसाएर जेम्स जयदीपलाई यस्तो उत्तर दिन्छन् - "प्रेम आलापमै सासको वासना लिइसक्नुपर्ने अनि सास कस्तो वासना भएको हुनुपर्ने त्यो कसैको अधिनमा हुँदैन।"[16] पापाराई सामन्ती व्यवस्थाको विरोधी तथा नारी

---

[14] भीम दाहाल, सन् २००५, *विद्रोह*, पूर्ववत्, पृष्ठ ७४।
[15] भीम दाहाल, सन् २००५, पूर्ववत्, पृष्ठ ९३।
[16] भीम दाहाल, सन् २००५, पूर्ववत्, पृष्ठ ९३।

पुरुषको समान हक र अधिकारको पक्षमा रहेका देखिन्छन्। नारीहरूको सम्मान गर्ने पापाराई "शक्तिको महान पुञ्ज नै नारी शक्ति हो"[17] भन्ने विचारधाराले प्रभावित देखिन्छन्।

पापाराई र उनकी पत्नी लीलावतिको सुमधुर दाम्पत्य जीवनको झल्को उपन्यासमा यस प्रकार देखाइएको पाइन्छ -

> "लीलावतिको च्यूँडो उठाएर भन्थे पापाराई - तिमी गीत मन पराउँछौ, नानी मन पराउँछौ, फूल मन पराउँछौ, त्यसकारण नै हो लीला! सुरुदेखि अन्त्यसम्म, प्रेमदेखि वासनासम्म, सोमबारदेखि आइतबारसम्म, जनवरीदेखि दिसम्बरसम्म, म तिमीलाई मन पराउँछु। तिमीमा मन र दिमाग दुवै छ।"[18]

पापाराई र लीलावतिको दाम्पत्यमा भावनात्मक प्रगाढता, परस्परमा विश्वास र हार्दिकता रहेको पाइन्छ।

*विद्रोह* उपन्यासकी मुख्य पात्र रून्नालाई एकजना सचेत, सशक्त एवम् क्रान्तिकारी पात्रको रूपमा चिन्न सकिन्छ। रून्नाको जीवन यापन गर्ने मुख्य पेसा दोकानदारी हो। रून्ना र रविरत्नको वैवाहिक सम्बन्ध हार्दिकतापूर्ण र सुखात्मक रहेको देखिन्छ। एक साँझ रून्नाको दोकानमा गाउँका सचेत मानिसहरू भेला भएका बेला सबै सामु रून्नाले रविरत्नसँग विवाह गर्ने कुरा गर्ने प्रस्ताव राख्छे - "उसले भनी अहिले उ बत्तीस-तेतीस वर्षतिर चल्दैछ तर उसलाई रविरत्न कुलुङलाई पतिको रूपमा, त्यसभन्दा बढ्ता एक शक्तिशाली जीवनसाथीको रूपमा प्राप्त गर्ने अत्यन्त ठुलो इच्छा छ।"[19] तेतीस वर्ष पुगेकी रून्नाले छब्बीस वर्षको रविरत्नलाई विवाहको प्रस्ताव राखेपछि एकक्षणको कोही बोल्दैनन्, वातावरण सुनसान हुन्छ। त्यसै बेला जेम्स जयदीपले "हाम्रो

[17] भीम दाहाल, सन् २००५, पूर्ववत्, पृष्ठ ४७।
[18] भीम दाहाल, सन् २००५, पूर्ववत्, पृष्ठ ९८।
[19] भीम दाहाल, सन् २००५, पूर्ववत्, पृष्ठ ४७-४८।

युगमा रामचन्द्रको युगमा जस्तो याचना गर्ने चलन छैन। जहाँ युवकले युवतीको परम्परागत मगनी गर्दछन्। यहाँ रून्ना बूनूले रविरत्नलाई मगनी गरेपछि उनले के भन्छन् त्यो कुरा अर्थपूर्ण छ"[20] भन्ने कुरा राख्छ। रविरत्नले सबै सामु रून्नाको प्रस्ताव स्वीकार गर्दछ। यस प्रकार उपन्यासमा नारीलाई आफ्नो विवाहको फैसला गर्न सक्ने अनि पति वा वर चुन्ने अधिकार प्रदान गरिएको देखिन्छ।

भीम दाहालको पहिलो उपन्यास *अभीष्टको खोज*मा चित्रित समाजमा दुई प्रकारको विचार राख्ने गुटको चित्रण गरिएको पाइन्छ। पहिलो परम्परागत रूढी मान्यतालाई प्राथमिकता दिने पुस्ता र दोस्रो परम्परावादी अन्धानुकरण, रूढी मान्यता परम्परा आदिलाई भत्काएर नयाँ विचारको स्थापना गर्न चाहने पुस्ताको चित्रण गरिएको पाइन्छ। *अभीष्टको खोज* उपन्यासमा चित्रण गरिएको पुराना रूढी मान्यतालाई विश्वास गर्ने पुस्ताले *मनुस्मृति*लाई अकाट्य सत्य मानेर पुनर्विवाह, विधवा विवाह आदिलाई अवैध मान्ने गरेको समाज *विद्रोह* उपन्याससम्म आई पुग्दा उदार, परिवर्तनशील, प्रगतिशील र सचेत बन्न पुगेको देखिन्छ।

*विद्रोह* उपन्यासमा वर्णित समाजले नारी-पुरुषबिच सामाजिक, आर्थिक, राजनीतिक, शैक्षिक आदि क्षेत्रमा समान हक र अधिकारको पक्षलाई अघि सारेको देखिन्छ। रून्नाले रविरत्नलाई विवाहका निम्ति राखेको प्रस्ताव रविरत्न र समाजका सबै सचेत नागरिकहरूले सहस्र स्वीकृति प्रदान गरेको देखिन्छ। यस घटनाले *विद्रोह* उपन्यासको समाजले नारी-पुरुष समानतालाई प्रमुखता दिइने दृष्टिकोण राखेको देखिन्छ। उपन्यासमा प्रस्तुत जेम्स जयदीपको संवाद यस्तो छ -

---

[20] भीम दाहाल, सन् २००५, पूर्ववत्, पृष्ठ ४८।

-"मनमा फूलहरू फुलाइसकेको छौ भने २६ र ३३ वर्षको अर्थ रहँदैन।.....विवाह अत्यन्त कठिन र गम्भीर निर्णय हो। यो गाला सुम्सुम्याउनु र हात समाउनुमा सीमित छैन।"[21]

मानव समाजमा विवाह एउटा महत्त्वपूर्ण सामाजिक संस्थाको रूपमा स्थापित छ। पूर्वीय समाजमा विवाहको धार्मिक र नैतिक व्याख्याहरू पनि छन्। *विद्रोह* उपन्यासमा भीम दाहालले विवाह सम्बन्धबारे यस प्रकारको विचार राखेको पाइन्छ- "विवाह भनेको गून्यू चोलो, लहँगा र गिर्जातिर सेतो कपडा घिस्याएर हुने बन्धन होइन। मनदेखि मनसम्मको प्रतिबन्धन नै विवाह हो।"[22] यस उपन्यासमा "विवाहलाई नर-नारी सम्बन्धको, सहचर्याको तथा सहजीवन आचरणको औपचारिक प्रणाली स्वीकार गर्ने"[23] माध्यमको रूपमा प्रस्तुत गरिएको पाइन्छ। उपन्यासमा नारीले आफ्नो इच्छा विपरीत विवाह गर्न बाध्य हुनुपर्ने, विवाहका लागि स्वयम् वर चुन्न नपाउने, अभिभावकले नै वर रोज्ने र उनीहरूको रोजाइमा पुतली झैं निर्वाक भएर चुपचाप स्वीकार गर्नुपर्ने, विधवाले पुनर्विवाह गर्न नपाउने आदि जस्ता सामाजिक रूढी परम्पराको तीव्र विरोध गरिएको देखिन्छ।

रून्ना र रविरत्नको दाम्पत्य जीवन एका-अर्काप्रति अत्यन्त सुगम रहेको देखिन्छ। दुवैमा पारस्परिक सम्मानपूर्वक व्यवहार, हार्दिकता र समर्पण भाव रहेको देखिन्छ। उपन्यासमा रविरत्नका माध्यमद्वारा पति-पत्नीबिचको प्रेम, सामञ्जस्य, तार्किक विचार र जीवनलाई हेर्ने दृष्टिकोणलाई यसरी वर्णन गरिएको पाइन्छ -

-"शारीरिक सम्बन्ध र मनको सम्बन्ध अलग अलग हुन्। हलुकासँग शारीरिक सम्बन्धको 'कन्सेप्ट' वा धारणा लिने कुनै पुरुष वा स्त्रीसँगको संसर्ग भनेको

[21] भीम दाहाल, सन् २००५, पूर्ववत्, पृष्ठ ४८।

[22] भीम दाहाल, सन् २००५, पूर्ववत्, पृष्ठ ४९।

[23] रेमिका थापा, सन् २०१३, *पठन-विपठन*, पूर्ववत्, पृष्ठ ३३।

नितान्त शारीरिक भन्छु म। मन र मनको सम्बन्ध बढो विश्लेषण, विवेचना र शोधको विषय छ। मन र मनसँगको सम्बन्धका दुश्मनहरू पनि त्यही मनभित्र पाल्छ मान्छेले !"[24]

"नारी र पुरुषको सम्बन्धमा अनेक सूक्ष्म भेद हुँदछ। नारी-पुरुष एक अभिन्न मित्र र आनन्दका स्रोत हुन सक्छन्। नारी-पुरुष एका-अर्काको सम्पन्नता र शक्तिको स्रोत पनि हुन सक्छन्"[25] भन्ने सीमोन वुभाको विचार यहाँ सान्दर्भिक रहेको पाइन्छ।

*विद्रोह* उपन्यासको अर्को पात्र जेम्स जयदीप बहुविवाह गर्ने पात्रको रूपमा चित्रित छ। पाँच-पाँच पल्ट विवाह गर्ने जेम्स जयदीपलाई उपन्यासमा चेतनशील र प्रगतिवादी प्रवृत्तिको देखाइएको पाइन्छ। जेम्स जयदीप पत्नीसँग छुटानाम भए पश्चात् उसकी पत्नीमा खोट रहेको कारण छुटानाम भएको ढोङ रच्छ। उसले पत्नीसँग सम्बन्ध विच्छेद हुनमा उसको होइन तर उसका पूर्व पत्नीहरूको ठूलो नोकसान र क्षति भएको रवाफ देखाएको पाइन्छ - "म आदर्श पत्नीको खोजमा लागेको धेरै भयो। ती चारैजनासँग रतिरत रहँदा पनि आदर्श पत्नीकै खोजमा हुन्थे।"[26]

जेम्स जयदीपकी पाँचौं पत्नी मैता उदार प्रवृत्तिकी नारी रहेको पाइन्छ। घर-गृहस्थीलाई नै आफ्नो संसार ठान्ने मैता सामाजिक जमघट, भेला, सम्पर्क आदि देखि टाडा रहेकी देखिन्छे। कुनै पनि सामाजिक क्रियाकलापमा मैताको सहभागिता देखिदैंन। प्रसङ्गवश उपन्यासका कुनै-कुनै ठाँउमा मात्र मैताको चर्चा पाइन्छ। मैतासँग विवाह गर्न अघि जेम्स जयदीपका चारवटी पत्नीसँग सम्बन्ध विच्छेद भइसकेको देखिन्छ। पाँचौ पत्नी मैतासँग विवाहले स्थायित्व लिएको छ। जेम्स जयदीप मैताको सोझोपन, स्वाभाविक र निश्छल व्यवहारदेखि प्रभावित बनेको देखिन्छ - "काखीमा प्राकृतिक पसिनाको गन्ध,

[24] भीम दाहाल, सन् २००५, पूर्ववत्, पृष्ठ ६७।
[25] सिमोन वुभा, सन् २०११, *द सेकेन्ड सेक्स,* पूर्ववत्, पृष्ठ २०९।
[26] भीम दाहाल, सन् २००५, पूर्ववत्, पृष्ठ ५२।

चोलोमा जहाँनेर स्तन बस्छ त्यता मातृत्वको टाटाको गन्ध, मैता वास्तवमै उसको निम्ति बनेकी थिई। किन्न नपाइने चीज वास्तवमा सरलता हो।"[27] मैताले आफ्नो माया, स्नेह र हार्दिकताले जेम्स जयदीप र उसको दाम्पत्यलाई स्थायित्व दिएकी छ। पति-पत्नीबिच सामञ्जस्यता रहेको देख्न सकिन्छ - "तिमी त गजबको इन्द्रकमल छौ, तिमीलाई के रङ्ग र के वासना दिऊँ? आमाको दूधलाई के रङ्ग र के गुण दिने? तिमी पत्नीको रूपमा म टुहुराको आमा पनि हौ मैता !"[28]

उपन्यासमा जेम्स जयदीप र उसका अघिल्ला पत्नीहरूहबिचको सम्बन्ध अमेल र अस्थिर रहेको चित्रण यस प्रकार गरिएको पाइन्छ -

> -"जेम्स जयदीपले तुरून्त आफ्ना सुरारे, वस्त्रालय र कस्मेटिक भू पू (भूतपूर्व) पत्नीहरूसँग तुलना गर्‍यो। तिनीहरू कामबाट आउँदा ऊ सिस्नो केलाइरहन्थ्यो कहिलेकाहीँ। कहिलेकाहीँ फूल गोड्दै हुन्थ्यो। कहिले लुगामा आइरन गर्दै हुन्थ्यो। ती भू पू पत्नीहरू सिकन्दर महानले पुरुलाई जस्तो होइन, हिटलरले यहुदीहरूलाई हेरेजस्तो हेर्थे उसलाई। टाढाबाटै तिरस्कार गह्राउँथ्यो।....प्रेम होइन, एउटा उच्छृट वासना र तातो स्वार्थी सास !"[29]

*विद्रोह* उपन्यासमा खल पात्रको रूपमा चित्रित यूनारायण नारी उत्पीडकको रूपमा देखिएको छ। यूनारायण षड्यन्त्रकारी र बलात्कारी मात्र होइन, हत्यारा पात्र पनि रहेको देखिन्छ। ऊ आफ्नो स्वार्थ पूरा नभएको खण्डमा सजिलै कसैको हत्या गर्नसक्छ। यूनारायण मिठो बोलीमा "हजुरको गाथमा आरामै छ। दर्शन गरें"[30] भनेर कुरा थाल्थ्यो। ऊ आफूलाई मन नपरेको मान्छेको हत्या गरी फ्याँकेपछि "लेगसेप महादेवथान तीर्थ

---

[27] भीम दाहाल, सन् २००५, पूर्ववत्, पृष्ठ १३३।
[28] भीम दाहाल, सन् २००५, पूर्ववत्, पृष्ठ १४०।
[29] भीम दाहाल, सन् २००५, पूर्ववत्, पृष्ठ १३३।
[30] भीम दाहाल, सन् २००५, पूर्ववत्, पृष्ठ ३८।

गएको थिएँ"[31] भन्दै फर्किने गरेको चित्रण उपन्यासमा पाइन्छ। पितृसत्तात्मक हैकमवादी सोचले ग्रस्त युनारायण पत्नीपिडक रहेको देखिन्छ। यूनारायण स्वास्नीहरूमाथि यौन शोषण गर्ने दुराचारी पात्र पनि हो। घरमा तीन-तीनवटी स्वास्नी राखेर गाउँका अन्य तरूणी नारीहरूप्रति पनि ऊ कामुक दृष्टि राख्छ। स्त्रीलम्पट, दुराचारी पात्र यूनारायण र उसका पत्नीहरूसँगको दाम्पत्य सम्बन्ध छल, कपट, अन्याय, दमन र षडयन्त्रपूर्ण रहेको देखिन्छ।

यूनारायण र उसका पत्नीहरूसँगको सम्बन्ध अनमेल, कपटपूर्ण एवम् असमाञ्जस्य रहेको देखिन्छ। यूनारायण आफ्नी पत्नीहरूप्रति स्नेह राख्दैन। उसले पत्नीहरू र आफ्ना परिवारप्रति कुनै किसिमको कर्तव्य पालन गरेको छैन। उसले पत्नीहरूसँग केवल वासनात्मक सम्बन्ध मात्र राखेको छ। "विवाहले नारीलाई यौन र सेवाको साटोमा सुविधाहरू प्रदान गर्छ साथै यो सेवा प्रदानमा इमान्दारिता पालन गर्ने निर्देश पनि दिन्छ"[32] भन्ने कथन यहाँ सान्दर्भिक रहेको पाइन्छ।

*विद्रोह* उपन्यासको अर्को खल पात्र धनकबहादुर संजेल युनारायण जस्तै दुराचारी र षड्यन्त्रकारी पात्र हो। परस्त्रीगमन तथा स्त्रीलम्पट धनकबहादुर पैसाको आडमा नेता बनेको देखिन्छ। पैसा र सत्ताको धाकमा मात्तिएर गाउँका तरूणी छोरी-चेलीको अस्मितामा ऊ सजिलै हमला गर्नसक्छ। धनकबहादुरले जवान हुँदा रूप लावण्य र सुन्दर स्वर भएकी अन्तरी दमिनीलाई मायाको जालमा फसाएर उसको यौन शोषण गरी गर्भवती अवस्थामा उसको हत्या गरेको देखिन्छ। अन्तरी दमिनीजस्ता अनेक नारीहरूलाई आफ्नो भोग-विलास शान्त गराउने साधनको रूपमा प्रयोग गर्ने धनकबहादुरको आदत र प्रवृत्तिबारे उपन्यासमा यस्तो वर्णन पाइन्छ - "ऊ महाभारतको

---

[31] भीम दाहाल, सन् २००५, पूर्ववत्, पृष्ठ ३८।

[32] रेखा कस्तावार, सन् २०१६, *नारी चिन्तन की चुनौतीयाँ,* पूर्ववत्, पृष्ठ १४०।

मिथकीय किचकजस्तो थियो, जो कुनै सैरन्ध्रीको निम्ति पिटाइ खाए पनि रातदिन एक गरेर पछि लाग्दथ्यो।"[33] उपन्यासकार अझ लेख्छन् -

-"त्यस अछूत कन्यालाई दार्जिलिङ सहरको बिजुली लहरमा शिक्षाको नाममा बरालिएर आएको जवान धनकबहादुरले उसको भोग-विलासको साधन बनाउन सफल भएको थियो।......अन्तरीले धनकबहादुर संजेलको नजन्मिएको नानीको जात र थातको डरले घाँटी दबाइएर मर्नुपरेको थियो।"[34]

धनकबहादुरको यौन पिपासु, कामुक र यौन दुराचारी प्रवृत्तिप्रति उसकी पत्नीलाई जानकारी रहेको कुरा उपन्यासमा उल्लेख पाइन्छ। धनकबहादुरले पैसासँग तरूणीहरूको यौन सम्बन्ध साट्ने अनि गर्भ ठहरिएको थाह पाए ती युवतीहरूको हत्या गर्न पनि पछि नपर्ने जस्ता कुकृत्य र जघन्य अपराध गरेका घटनाहरूको चर्चा उपन्यासमा पाइन्छ। धनकबहादुरकी पत्नीले यौनलाई "आलू-प्याज र जीरा धनिँया किनेको स्तरमा हेर्ने,"[35] पति धनकबहादुरको कुकृत्यप्रति अवगत रहे तापनि त्यसको विरूद्धमा आवाज उठाएकी छैन। धनकबहादुरको यस्तो व्यवहारप्रति आपत्ति नजनाउनुको कारण उपन्यासमा यसरी दिइएको पाइन्छ - "धेरै घटनाहरू थिए यस्ता जसलाई बढो कठिन मानसिक पीडा र संतापसँग धनकिनीले पचाएकी थिइन्। उनले विरोधको आवाज उठाउनसाथ धनक अग्निशर्मा बन्दथ्यो र हात र लात दुवै चलाउन थाल्थ्यो।"[36] धनकबहादुर आफ्नो कामुक र यौनआवेगपूर्ण प्रवृत्ति र कमजोरी लुकाउन पत्नीप्रति आक्रमक र परपीडक बन्न पुगेको देखिन्छ। अति कामुकतापूर्ण यौन विकारबाट पीडित धनकबहादुरमा क्रूर पुरुष मानसिकता रहेको देखिन्छ।

---

[33] भीम दाहाल, सन् २००५, पूर्ववत्, पृष्ठ १६६।
[34] भीम दाहाल, सन् २००५, पूर्ववत्, पृष्ठ १८१।
[35] भीम दाहाल, सन् २००५, पूर्ववत्, पृष्ठ १८७।
[36] भीम दाहाल, सन् २००५, पूर्ववत्, पृष्ठ १७८।

धनकबहादुरले आफ्ना परिवारप्रति कुनै सहानुभूति र आत्मीय सम्बन्ध राखेको छैन। धनकबहादुर र उसकी पत्नीबिचको सम्बन्ध सम्झौतापूर्ण नरहेको देखिन्छ। धनकबहादुरकी पत्नीले पतिबाट लिएको सुरक्षा र भौतिक सुख सुविधाको साटोमा पतिलाई यौन सुख दिइएकी छ। धनकबहादुरको हत्या गरिएको थाहा पाए पछि "धनकिनीले रूने काम सकेर अत्यन्त आक्रोशमा सोची। फेरी मऱ्यो होला कसैकी छोरी चेलीको अस्मितामा हमला गर्न। काटियो। धनकबहादुर सङ्केल नराम्ररी छिन्यो"[37] आदि कुरा सोचेको वर्णनद्वारा पनि दुई पति-पत्नीबिच सौहार्दता नरहेको सङ्केत पाइन्छ।

*विद्रोह* उपन्यासको अर्को पात्र फगतप्रसादबारे उपन्यासकार यसो भन्छन्- "फगतप्रसाद अत्यन्त शातिर दिमाग भएको शोषक थियो। शोषक शब्द पनि फगतप्रसादको निम्ति कमजोड हुनजान्छ। यसभन्दा पावरवाला शब्द पाइएन।"[38] गाउँले तरूणी स्त्रीहरू र अर्काकी स्वास्नीप्रति पनि कुदृष्टि राख्ने फगतप्रसाद नेता बनेको देखिन्छ। विभिन्न षडयन्त्र र छल गरी सोझा निमुखा गाउँलेहरूको जमीन हडप गरेर मालिक बनेको फगतप्रसादको अत्यन्त नीच प्रवृत्ति रहेको देखिन्छ। उपन्यासकारको शब्दमा भन्नुपर्दा "फगतप्रसाद एक अत्यन्त दुष्ट सोझा-जोताहा र गरिबहरूको आर्थिक यमराज"[39] थियो। उपन्यासकार अझ भन्छन् "लालबत्तीवाला कामदेव पति, अरूको तोरीबारी, फापरबारी र कोदोबारी चर्ने आदत"[40] भएको फगतप्रसाद र उसकी पत्नीबिचको दाम्पत्य सम्बन्ध असमञ्जस्यतापूर्ण रहेको देखिन्छ। रकमलाल धर्मछाडा नामक पात्रको पत्नी खेचरीमायासँग चोरीविवाह गरि फगतप्रसादले दाम्पत्य जीवन सुरु गरेको देखिन्छ। फगतप्रसादले खेचरीमायालाई सीता नाम दिएको छ। सीताले आफ्नो पहिलो लोग्ने रकमलाल धर्मछाडालाई छोडेर नेता बनेको फगतप्रसादसँग दोस्रो विवाह

---

[37] भीम दाहाल, सन् २००५, पूर्ववत्, पृष्ठ १८०।
[38] भीम दाहाल, सन् २००५, पूर्ववत्, पृष्ठ १३०।
[39] भीम दाहाल, सन् २००५, पूर्ववत्, पृष्ठ १३१।
[40] भीम दाहाल, सन् २००५, पूर्ववत्, पृष्ठ १४४।

गरेपनि ऊ सुखी भने नरहेको चित्रण उपन्यासमा पाइन्छ - "उसको घर संसारमा अरू सबै सुखका साधनहरू थिए तर शान्ति थिएन। ऊ एक्लै भएको बेला रून्थी।"[41] फगतप्रसादले आफ्नो यौन तृप्ति, सुख, सुविधा र सहुलियतका निम्ति मात्र विवाह गरेको र परिवार स्थापना गरेको देखिन्छ। उसको परिवारभित्र पति र पत्नीको स्थान शासक र प्रजा समान रहेको पाइन्छ। यस्तो स्थितिमा दुईको गृहस्थी स्वाभाविक र हार्दिकतापूर्ण रहने सम्भावना नै नरहेको देखिन्छ।

आस्तिक प्रवृत्तिकी सीता कुलतमा फसेर कुबाटो लागेका आफ्ना सन्तान र लोग्नेलाई सुमार्गमा ल्याई सुधारी दिने प्रार्थना भगवानसँग गर्थी। पत्नी भने आफ्ना परिवारप्रति कर्तव्यपरायण रहेकी देखिन्छे तर फगतप्रसाद आफ्ना परिवारप्रति इमान्दार देखिदैंन - "फगतप्रसाद आफ्नी पत्नीलाई सीता नाम दिएर ऊ चाँहीं रावणजस्तो अर्काकी स्वास्नी उठाएर अलैंची भट्टीमा लङ्का नगरी खडा गर्दथ्यो। एउटा अभयारण्यको रतिसोख, अलैंचीमा सम्पत्तिसङ्ग्रह दुवै काम आफ्ने गतिमा चल्दथे।"[42] यसरी हेर्दा फगतप्रसाद र सीताको दाम्पत्य सम्बन्ध अस्थिर र असामञ्जस्य रहेको देखिन्छ।

यसरी नै उपन्यासमा राजकुमार नामक पात्रको आमा र बाबुको दाम्पत्य जीवनको आशिंक झल्को पाइन्छ। उपन्यासमा पितृग्रन्थी वर्चस्वले तानासाही बनेको पुरुषको रूपमा राजकुमारको बाबु चित्रित छ। उदाहरणार्थ -

> -"घरमा राजकुमारको बाबु सँधै साँझमा आँधी तुफान भएर आउँथ्यो र घर थर्काउँथ्यो। राजकुमारलाई जबर्जस्ती एक्लै कुनामा सुत्न भन्थ्यो। अनि बाबु आदम र इभको जमानामा जान्थ्यो।"[43]

---

[41] भीम दाहाल, सन् २००५, पूर्ववत्, पृष्ठ १४४।
[42] भीम दाहाल, सन् २००५, पूर्ववत्, पृष्ठ १४८।
[43] भीम दाहाल, सन् २००५, पूर्ववत्, पृष्ठ १००।

राजकुमारको बाबुले स्वास्नीलाई केवल यौन सन्तुष्ट गर्ने साधन, नीजि वस्तु, रिस पोख्ने माध्यमको रूपमा मात्र प्रयोग गरेको देखिन्छ। राजकुमारको बाबु आफ्नी स्वास्नीलाई मान्छेसम्म पनि गणना नगर्ने हैकमवादी पुरुषको प्रतिनिधि पात्र हो। उपन्यासमा राजकुमारकी आमाको अवस्था वर्णन यसप्रकार गरिएको पाइन्छ -

-"म पनि खुब उड्थें सपनामा। अहिले पखेटा काटिएको चरा जस्तो म यहाँ पछारिएँ। अब त दुख्न छोडेयो नानी। गाउँमा जोसँग रिस उठे पनि मैले थाम्नुपर्छ। माया पनि त लाग्दैन तेरो बाबुलाई। निठुरी !"[44]

यसरी पितृसत्ताको पोषक बनेको पुरुषप्रति नारीले यौन जस्तो आन्तरिक र आत्मीय विषयमा पारस्परिक सम्बन्ध कायम राख्न नसक्नु स्वाभाविक देखिन्छ। "पति-पत्नी जैविकसँगै भावनात्मक आस्थामा बाँधिनु बुनियादी आवश्यकता भए तापनि बौद्धिक तादाम्य र गहन सम्मान नजागीकन सोझो रूपमा नारी देहमाथि अतिक्रमण गर्नु जस्तो क्रूर खेल पुरुषले वर्षौंदेखि खेल्दै आइरहेको छ।"[45] राजकुमारको बाबुको यस प्रकारको वर्चस्व, क्रूरता र यौनलिप्साका कारणले दुई पति-पत्नीबिचको गृहस्थ सम्बन्ध स्वाभाविक, सौहार्दपूर्ण र मर्यादापूर्ण हुन नसकेको देखिन्छ।

कालिकाप्रसाद स्याङ्देन र उसकी पत्नीको गृहस्थ सम्बन्ध बाह्य रूपमा स्वाभाविक र सुखद देखिए तापनि आन्तरिक रूपमा असमाञ्जस्यपूर्ण रहेको सङ्केत उपन्यासमा पाइन्छ। कालिकाप्रसाद स्याङ्देनकी पत्नी अध्ययनशील र विवेकशील रहेकी देखिन्छे। ऊ सचेत र चेतनशील पात्र भएकी देखिए तापनि षडयन्त्रकारी र मौकाबाज राजनीतिज्ञ पति कालिकाप्रसाद स्याङ्देनको विरूद्धमा कुनै आवाज उठाएकी छैन। यसका साथै पतिलाई सुधार्ने अथवा सहि मार्गमा ल्याउने प्रयास पनि गरेकी छैन। स्याङ्देनकी

[44] भीम दाहाल, सन् २००५, पूर्ववत्, पृष्ठ १०१।
[45] रेखा कस्तावार, सन् २०१६, *नारी चिन्तन की चुनौतीयाँ,* पूर्ववत्, पृष्ठ २०।

पत्नी उसको पतिको चरित्र र प्रवृत्ति उचित नरहेको ठहर गरेपछि आफ्ना सन्तानको भविष्यप्रति चिन्तित रहेकी देखिन्छे - "भन्न चाहेर पनि कालिकाप्रसादकी विवेकशील मेमसाहबले मौनता धारण गरिन् - भन्ने कथनले उ निर्विरोध रहेर बसेकी छ भन्ने कुरा बुझिन्छ। उनी नानीहरूको सम्झनामा तल्लीन भइन्......आफ्ना नानीहरू उनीहरूको बाबु झै सधैं षडयन्त्र र विषाक्त खेल राजनीतिमा खेलेर आफ्नो तुरही आफैं नफुकुन्। मेमसाहब चाहन्थिन् कि उनका नानीहरू कालिकाप्रसाद स्याङ्देन झैं शकुनी नबनुन्। एकलो अभिमन्यूलाई चक्रव्यूहमा घेरेर मारेको हेरिरहने मिथकीय भीष्म नबनुन्। सत्य र असत्यबिच पक्का तगारो लगाउने साहस भएको साँचो अर्थमा मान्छे बनुन् उनका नानीहरू।"[46] उपन्यासको उत्तरार्द्धमा मात्र स्याङ्देनकी पत्नीले स्याङ्देनलाई कटाक्ष गर्दै उसको व्यवहार र द्वैतचरित्र आफूलाई मन नपरेको कुरा खुलासा गर्ने काम गरेकी देखिन्छ - "तपाई तलामाथि गीत गाउँदै, घरि मसँग इत्रिदैं गर्नुहुन्छ र तल अङ्गरक्षकलाई भन्नुहुन्छ - 'बिमार छ भन्।' मलाई सत्ते होला, यो द्वैतचरित्र मन पर्दैन।"[47]

भीम दाहालका प्रकाशित तीनवटा उपन्यासमा चित्रित नारी पुरुषका गृहस्थ सम्बन्धहरूलाई समग्रमा यस प्रकारले हेर्न सकिन्छ -

१ नारी-पुरुषमाझको सम्बन्ध प्रेम र मानवताद्वारा निर्माण गरिनु पर्ने आग्रह दाहालका उपन्यासहरूमा पाइन्छ। नारी-पुरुषकामाझ रहेको असमाञ्जस्यपूर्ण विभेद प्रकृतिप्रदत्त होइन, यो त पुरुषप्रधान समाजले निर्माण गरेको पूर्वग्राही र पक्षपातपूर्ण धारणा मात्र हो भन्ने सत्यलाई उजागर गरेको पाइन्छ।

---

[46] भीम दाहाल, सन् २००५, पूर्ववत्, पृष्ठ १८४-१८५।
[47] भीम दाहाल, सन् २००५, पूर्ववत्, पृष्ठ २८४।

२ नारी-पुरुष (पति-पत्नी) माझ सौहार्दता, प्रेम, परस्परमा सरोकार रहनु पर्ने उद्देश्य राखिएका यी उपन्यासहरूमा सहजीवन यापन र दाम्पत्य सम्बन्धमा पत्नीप्रति पति वा पुरुषले एकछत्र आधिपत्य जमाउन पाउने अन्यायपूर्ण धारणालाई खोक्रो पार्नुपर्ने आग्रह राखिएको पाइन्छ।

३ भीम दाहालका उपन्यासहरूमा नारीलाई चेतनशील र पूर्ण मानवका रूपमा ससम्मान स्थापित गरेको पाइन्छ। उपन्यासमा गृहस्थ सम्बन्धलाई समाञ्जस्यपूर्ण बनाउन र नियमितता प्रदान गर्न नारी-पुरुष दुवैको समान र इमान्दारीपूर्ण हस्तक्षेप रहनुपर्ने आग्रह देखिन्छ। विवाहलाई नियमितता र स्थायित्व दिने अभिभारा केवल नारीको मात्र नभएर यसमा पुरुषको पनि अनुकूल र सकारात्मक पहल रहनुपर्ने आवश्यक्ताबोध उपन्यासमा पाइन्छ।

४ दाहालले नारीलाई उपन्यासका मूल पात्र बनाएका छन्। समाज निर्माणमा नारीको भूमिकालाई महत्त्व दिएका छन्। उपन्यासमा सुखी गृहस्थको निर्माण गर्न नारी-पुरुष दुवैको सहभागिता र सहकार्यद्वारा मात्र सम्भव हुन सक्छ भन्ने निष्कर्ष रहेको पाइन्छ।

५ नारीका निम्ति मात्र निर्माण गरिएका नियमहरू जस्तै - स्वेच्छाले विवाह गर्न नपाउनु, स्वयम् वर चुन्न नपाउनु, परम्परावादी मान्यतालाई पोषण गर्ने सामाजिक प्रणालीका बन्धनमा जकडिनु पर्ने, अभिभावकले विवाह गरिदिएको पुरुष चाहे त्यो निकम्मा र शोषक नै किन नहोस् उसैसँग चुपचाप बस्नुपर्ने, विधवाले अर्को विवाह गर्न नपाउने जस्ता सामाजिक रूढी परम्पराले निर्देशित समाजलाई हाँक र चुनौति दिएको पाइन्छ।

६ उपन्यासमा नारी यौनको दमित अवस्थालाई प्रकट गर्नका साथै यौन सम्बन्ध जीववैज्ञानिक प्रक्रिया भएको हुनाले नारी-पुरुष दुवैमा विपरीत लिङ्गीप्रतिको आकर्षण स्वाभाविक र प्राकृतिक रहनुपर्ने मान्यता राखिएको पाइन्छ।

### ४.१.२ नारी-पुरुष : बदलिँदो चरित्रका रूपमा

मानिसले जीवन र जगतमा आफ्नो चरित्र निर्माण गरे झैं उपन्यासमा पनि पात्रहरूले विभिन्न विषय र पक्षहरूसँग सङ्घर्ष गर्दै आफ्नो चरित्र निर्माण गर्छन्। उपन्यास युग सापेक्ष हुन्छ; बदलिँदै गएका जीवनका पाटाहरू तथा जीवनको यथार्थको अभिव्यक्ति गर्नका निम्ति उपन्यासमा निरन्तर नवीन प्रयोगहरू पनि भइरहेको पाइन्छ। उपन्यासले मानिसका जीवनका विविध पक्षहरूको उद्घाटन गर्छ। जीवन भोगाइका क्रममा मानिसको विभिन्न चरित्र र स्वभावहरूको विकास हुन्छ। मानिसका क्रियाकलाप, अन्तर्क्रिया, जीवनयात्राका गतिविधिहरू र विभिन्न स्थितिहरूमा मानिसका विभिन्न चरित्र र स्वरूपहरू विस्तारित हुँदै गएको पनि देखिन्छ। यस्ता भिन्न भिन्न मानवीय स्वभाव र चरित्रहरूको अध्ययन-अनुसन्धानबाट मानवीय प्रवृत्तिहरू केलाएर हेर्नु आजको आवश्यकता मान्न सकिन्छ।

नारी र पुरुषको सम्बन्ध सृष्टिको आरम्भदेखि नै प्रबल एवम् साङ्केतिक दुवै रूपमा रहेको देखिन्छ। यो सम्बन्ध एका-अर्काप्रतिको सरोकार, संवेदना, हार्दिकता र सन्तुलनमा अडिएको देखिन्छ। जीववैज्ञानिक रूपले हेर्दा नारी र पुरुष फरक छन् तर दुवै समानान्तर रूपमा विकसित प्राणी हुन्। नारी र पुरुष दुवैको स्वस्थ वैचारिक र स्वतन्त्र व्यक्तित्व निर्माणद्वारा मात्र समाज, देश र विश्वको विकास हुन्छ। कतिपय परिस्थितिका कारण नारी-पुरुषमाझ असमानता, असन्तुलन, अव्यवस्थित स्थिति र परस्परका प्रतिस्पर्धा रहने कारणहरू उब्जिन्छन्। विभिन्न किसिमका जिम्मेवारी र सम्बन्धहरूमा मानिसको जीवन बाधिएको भए तापनि परस्परको भिन्न भिन्न मनोभाव बुद्धि-विवेक, विचार आदिका कारण सम्बन्धहरूमा कलह, खलल तथा तिक्तता रहने गर्दछ।

जीवनका यस्ता असमान, असन्तुलन र अव्यवस्थित स्थिति आदिको चित्रण भीम दाहालका उपन्यासहरूमा पाइन्छन्। यिनका उपन्यासमा जीवनमा देखापरेका अनेकौं

विश्रृङ्गखलित स्थितिसँग सङ्घर्ष गर्ने नारी-पुरुषका विभिन्न चरित्रहरू देखिन्छन्। दाहलका उपन्यासमा जीवन भोगाइका क्रममा देखापरेका अनेकौं अनमेलले निम्त्याएको कुण्ठा, चिन्ता, विसङ्गति देखिन्छ। जीवन सङ्घर्षका क्रममा नारी-पुरुषका बदलिँदो चरित्रहरूले कसरी अनमेल, परस्परमा टक्कर, असहयोगको स्थिति पैदा गराउँछ भन्ने कुराको स्वाभाविक चित्रणहरू प्रशस्त भेटिन्छन्।

भीम दाहालको *अभीष्टको खोज* उपन्यासमा सामाजिक, आर्थिक, शैक्षिक, राजनीतिक र ग्रामीण जीवनको यथार्थ वर्णन गरिएको पाइए तापनि प्रस्तुत उपन्यासको महत्त्वपूर्ण पक्षका रूपमा नारी यौनमनोविज्ञानको प्रस्तुतिलाई मान्न सकिन्छ। *अभीष्टको खोज* उपन्यासकी प्रमुख नारी पात्र शान्ति शिक्षित अनि सचेत पात्र हो। उपन्यासको पूर्वार्द्धमा शान्ति बाहौं कक्षा उतीर्ण गरेपछि नोकरी गर्ने चाहनाले गान्तोकमा बसोबास गर्ने काका शर्माबाबु र काकी फूलमतिको घरमा आश्रय लिन पुगेकी देखिन्छ। यसैक्रममा मद-मदिराको व्यापार गर्ने काकी फूलमतिको ग्राहकहरूसँग यौनसम्बन्ध रहेको कुरा शान्तिलाई ज्ञात हुन्छ। काकीको परपुरुषहरूसँगको यौन सम्बन्धलाई त्यस समयमा अनैतिक ठहर गर्ने शान्तिको प्रतिक्रिया स्वाभाविक देखिन्छ। त्यसैले ऊ काकीको दोहोरो चरित्रप्रति प्रश्नचिन्ह खडा गर्नपुग्छे। उपन्यासमा शान्तिको मनोस्थितिको मनोवैज्ञानिक चित्रण निम्न लिखित प्रसङ्गबाट खुबै कलात्मक ढङ्गले व्यक्त गरेका छन् - "त्यो अनुहारभन्दा शरीर गोरो भएकी आइमाई, त्यो लोग्नेको आँखा छलेर अर्को मरदको अँगालोमा बाँधिन रूचाउने औरत तिर्खा मेटाएर नदाएकी थिई। त्यस्ती औरत इज्जतको महिमा गाउँछे। सयकडौं मुसा खाएर तीर्थयात्रा गर्ने दन्त्य कथाको साधु बिरालो झैं, म बस्तिनँ यो घरमा जहाँ दुईवटा संसार लिएर बस्छे सुरसा[48] भन्ने सोच राख्ने शान्ति उपन्यासको उत्तरार्द्धमा काका शर्माबाबुको मृत्यु हुनु, प्रेमको बहानामा हाकिम नेत्रप्रसादद्वारा बलात्कृत हुनु, नेत्रप्रसादले अर्कै स्त्रीसँग विवाह गरेपछि आफू उपेक्षित बन्नु,

[48] भीम दाहाल, सन् १९९३, पूर्ववत्, पृष्ठ ६-५४।

नेत्रप्रसादद्वारा गर्भवती हुनु, नेत्रप्रसादद्वारा गर्भिनी बन्नुको साटो पैसाको माग गरी गर्भपात गर्नु आदि जस्ता कारणले मानसिक तनावग्रस्त बनेकी देखिन्छे। गाउँकी सरल-सोझी शान्ति विभिन्न कठिन परिस्थितिका कारण जन्मेको दु:ख-दर्द र पीडा कम गर्न रक्सीको सहारा लिन पुगेकी देखिन्छे। शान्तिले एक साँझ मात लागेको अवस्थामा काकी फूलमतिको ग्राहक मञ्जुर भाइसँग शारीरिक सम्बन्ध स्थापित गर्छे।

उपन्यासमा यसप्रकार परिस्थितिको मारमा परेर शान्तिले आफ्नो आदर्श गुमाउनु परेको चित्रण पाइन्छ -

> -"शान्तिलाई अफिसमा बस्न मन परेन। आफूलाई मायाको मृगतृष्णा, प्रतिष्ठाको प्रलोभनमा परोक्ष रूपमा बाँधेर लैजानु, आफूले सिन्दुर र पोतेसँग साट्न चाहेको त्यो तन र मनको महत्व, त्यो कन्या र व्याहितेबिचको भिन्नतालाई छिन्नभिन्न बनाएर कुनै सचिवकी छोरी भित्र्याउनु।....कुनै 'युज एन्ड थ्रो' टपरो झैं, पानीकागजको प्यासा झैं, आफूलाई शान्तिले सडकको नालीमा बेवारिस, व्यर्थ, फालिएजस्तो ठानी।"[49]

अर्को उदाहरण यस्तो छ - "काकीसँग आफू सामेल भए झैं। काकीले झैं यसलाई रूटिन माने झैं। उसले थाहै नपाई कौमार्य बेचबिखान गरी र आफ्नो अस्मिताको मूल्यले शर्माबाबुको किरिया चलाइदिई।"[50]

शान्तिले विभिन्न विपरित परिस्थितिहरूसगँ सङ्घर्ष गर्दै जीवनलाई सकारात्मक तरिकाले जीउने प्रयास गरेकी देखिन्छ। यसै क्रममा शान्तिको चरित्रमा बदलाब आएको देखिन्छ। शान्ति गाउँबाट सहर आउँदा अबोध र निश्छल रहेकी देखिन्छे भने सहरमा बसोबास गर्दै जाँदा क्रमश: ऊ सचेत, विद्रोही, तार्किक र बौद्धिक बन्न पुगेकी देखिन्छ।

---

[49] भीम दाहाल, सन् १९९३, पूर्ववत्, पृष्ठ ८९।

[50] भीम दाहाल, सन् १९९३, पूर्ववत्, पृष्ठ ८९।

यौनसम्बन्धी धारणालाई केवल पुरुष सरोकारको विषय ठान्ने समाजको मान्यतालाई सही ठहर्‍याउने शान्तिले आफ्ना जीवनमा विभिन्न प्रतिकूल घटनाहरूको सामना गरेर अनुभवी बनेपछि उसले यौनलाई विलासिता होइन तर आवश्यकता मानेको देखिन्छ -

> -"कुनै बिग्रहको संत्रास वा कुनै क्षोभले ग्रस्त भईन शान्ति। उसले चढाइदिई जवानी मञ्जुर भाइलाई र त्यसले पूज्य वस्तुसरह स्वीकार गर्‍यो।....'आफूले तानेर ओढदा मात्र आइलाग्ने रहेछ, नत्र आत्मालाई गुम्स्याउने, निस्सास्याउने दोसल्ला आफैं कहाँ आउँदो रहेछ र'?"[51]

उपन्यासमा चित्रित यसप्रकारका प्रसङ्गले नारी-पुरुषको एका-अर्काप्रति अथवा विपरीत लिङ्गप्रतिको आकर्षण कृत्रिम होइन तर प्राकृतिक हुन्छ भन्ने तथ्यलाई उजागर गरिएको पाइन्छ। "यौन नैसर्गिक गुण हो र यो नारी-पुरुष दुवैका लागि जैविक आवश्यकता समेत हो"[52] भन्ने मान्यतालाई शान्तिले स्वीकार गरेकी देखिन्छ।

उपन्यास अघि बढ्दै जाँदा शान्तिको इच्छा, चरित्र र अभीष्टहरू पनि परिवर्तन हुँदै क्रमश: नोकरी, प्रेम, विवाह र अन्तमा स्वतन्त्र जीवनयापन गर्ने इच्छा रहेको देखिन्छ। शान्तिको एउटा अभीष्ट पुरा हुन्छ अनि फेरी अर्को अभीष्टको थालनी हुन्छ। शान्तिले नेत्रप्रसादबाट हार्दिकता, प्रेम र विवाहको चाह राखेकी थिई, तर उसले नेत्रप्रसादबाट त्यो हार्दिक प्रेम, संवेदना र समर्पण पाउन नसकेको देखिन्छ। उसले इन्द्रकमल थपलियासँग प्रेम सम्बन्ध स्थापित गर्छे र उसैसँग विवाह गर्ने इच्छा पनि राखेकी देखिन्छ तर छारेरोगको कारण इन्द्रकमलको मृत्यु हुँदछ। अन्तमा शान्तिले कुनै पुरुषको सहचर्यामा होइन तर स्वतन्त्र जीवन बिताउने अभीष्ट राखेकी देखिन्छ।

---

[51] भीम दाहाल, सन् १९९३, पूर्ववत्, पृष्ठ १२५।

[52] ज्ञानु अधिकारी, वि सं २०७४, *साइबर सिद्धान्त, प्रयोग र अन्य समालोचना,* ललितपुर : साझा प्रकाशन, पृष्ठ १९९।

नारी-पुरुषबिचमा प्रेम, प्रणय, हार्दिकता, संवेदना, सरोकार र कर्तव्य बिनाको सम्बन्ध रहे त्यो सम्बन्ध कृत्रिम हुँदछ। उपन्यासमा यौनलाई मात्र महत्त्व दिने पुरुष शरीरका लागि मात्र आवश्यक बन्न सक्छ तर अन्तरङ्ग जीवनसाथी वा सहयात्री बन्न सक्दैन भन्ने निष्कर्ष रहेको छ भन्न सकिन्छ। उपन्यासमा यौनेच्छा, यौनसम्बन्धको निर्णय र यौन विषय पुरुषको मात्र सरोकारको विषय नभएर नारीले यौनेच्छा र यौनसम्बन्ध विषयमा निर्णायक भूमिका लिनसक्ने यथार्थको चित्रण गरेका छन्। यसका साथै यौनसम्बन्धको विषयमा नारीको सहभागितालाई समाजले शालीन ढङ्गले स्वीकार गर्नुपर्ने आग्रह रहेको देखिन्छ।

भीम दाहालको अर्को उपन्यास *द्रोह*मा मूलत: शोषक र शोषित वर्गमाझको सङ्घर्ष र द्वन्द्व, राजनीतिज्ञहरूमा रहेको सत्तालोलुपता, व्यक्तिगत महत्त्वकाङ्क्षा र स्वार्थी स्वभाव, मानवीय मूल्यहरूको ह्रासोन्मुख स्थिति देखिएको छ। यस्तो स्थितिले ल्याएका जनक्रान्ति, सामाजिक अन्याय, नारी-पुरुषमाझ विस्तारित विभिन्न सम्बन्ध आदि विषयमाथि केन्द्रित रहेको छ। यस उपन्यासको निर्माण रिधाङ गाउँमा सरकारी नेता वा राजनीतिज्ञहरूबाट भइरहेको अन्याय, अत्याचार र शोषण अनि त्यस शोषणको विरुद्ध त्यसै गाउँका जागरूक मानिसहरू सङ्गठित भएर आफ्ना हक, अधिकारको माग गर्दै क्रान्तिकारी र विद्रोही आवाज उठाइ शोषकहरूलाई उनीहरूकै तरिका अपनाएर दण्ड दिएको घटनालाई लिएर गरिएको पाइन्छ।

रिधाङ गाउँको एउटा निम्नमध्यमवर्गीय पात्र विचारलाल धिताल अचानक पार्टीको नेता बन्छ। कुनै उद्देश्य, ज्ञान, लक्ष्य र सिद्धान्त विहिन हठात् नेता बनेको विचारलालको हातमा सत्ता र शक्ति आउनसाथ उसको स्वभावमा परिवर्तन आउन थालेको देखिन्छ। हातमा सत्ता आएपछि उसको आर्थिक र सामाजिक स्थितिमा परिवर्तन आउँछ। उसका स्वभाव र प्रवृतिमा पनि स्वार्थीपना, महत्त्वाकाङ्क्षा देखापर्छ। फलत: ऊ शोषकका रूपमा

अवतरित हुँदै जान्छ। उसको चरित्रमा विस्तारै शोषण, दमन र हैकमवादी स्वभाव देखिन्छ। उसले सोझा र सरल गाउँलेलाई सताउने कुनै मौका छोडेको छैन। उनीहरूका हक र अधिकार दबाउन तथा आफूले चाहेको काम गर्नु, आफ्नो स्वार्थ पूरा गर्नु मात्र नेता बनेको जस्तो देखिन्छ। आफू सत्तामा बसिरहनका लागि जस्तै नीच कार्य गर्नु पछि नहट्ने सत्तालोलुप, हैकमवादी सोच र शोषक प्रवृत्तिद्वारा प्रेरित पात्रको प्रतिनिधित्व विचारलालले गरेको देखिन्छ। विचारलालको चरित्रमा शोषक प्रवृत्ति आउनका मूल कारण सत्ता र शक्तिलाई मान्न सकिन्छ साथै आर्थिक सम्पन्नता र सामाजिक अभिजात्यपनको आडम्बर, हैकमवादी स्वभाव आदिलाई पनि लिन सकिन्छ।

*द्रोह* उपन्यासकी सचेत पात्र मुन्नाले परम्परागत मान्यता, पित्तृसत्तात्मक सोच र व्यवहारबाट मुक्तिको चाह राखेकी देखिन्छ। दोकानदारी पेसा अपनाएर जीवन धान्ने मुन्ना समाजमा प्रशासन र सत्तामा रहेका शोषक नेताहरूबाट भएको अन्याय, अत्याचारलाई निर्मूल पार्न चाहन्छे। मुन्नाले मिलन समाज नामक संस्थासँग सम्बन्धित रहेर जनमानसको हक, अधिकार र न्यायको खोजी गर्ने काम गरेकी छे। मुन्नाले सामाजिक, आर्थिक र शैक्षिक पक्षमा मात्र नभएर देशको राजनीतिसँग सरोकार राखेकी देखिन्छ। मुन्नाले नियति र भाग्यमा विश्वास नराखेर परिश्रम र कर्म गर्न उचित ठानेको पाइन्छ। "मान्छेको समस्या, दुःख-कष्ट, पीर-मर्का र असन्तुष्टीहरूको मूल कारण विधाता वा पुर्पुरो होइन तर सामाजिक अव्यवस्था हो र अव्यवस्था मान्छेले नै सिर्जना गरेको अवस्था हो। एउटा मान्छेको दुर्व्यवहार नै अर्को मान्छेको कष्टको कारण हो"[53] भन्ने विश्वास राख्ने मुन्ना आत्मनिर्भर र आत्मनिष्ठ रहेकी देखिन्छे। मुन्ना सत्ता परिवर्तन गर्ने इच्छा राख्ने विद्रोही र क्रान्तिकारी चरित्रकी पात्र हो। उदाहरणका रूपमा उपन्यासबाट केही पंक्ति उद्धृत गरिन्छ - "अब कुरा विचारलाल, त्यसपछि मुख्यमन्त्री, त्यसपछि पूरै

[53] विजयकुमार सुब्बा, सन् २००५, 'भूमिका विद्रोहको घोषणा र यसको 'मेनिफेष्टो'', *विद्रोह*, भीम दाहाल, पूर्ववत्।

राज्यको हुन्छ। कुरा ज्यानको छ, कुरा इज्जतमानको छ, कुरा बलात्कार र बेइज्जतीको छ, कुरा विद्रोहको छ एल बी सर ! जति सहज लाग्छ त्यति सहज कुरा छैन।"[54]

*द्रोह* उपन्यासमा राजतनीतिक द्वन्द्व र द्रोहसँगै मुछिएर आएको अर्को महत्त्वपूर्ण पक्षका रूपमा नारी यौनमनोविज्ञानलाई लिन सकिन्छ। उपन्यासमा यौनसँग सम्बन्धित नारीका स्थिति-परिस्थिति, नारीका यौन समस्या, नारीको मानसिकता, यौनकुण्ठा आदि जस्ता विषयको चित्रण गरिएको पाइन्छ। यस उपन्यासमा उमेर पुगेपनि विवाह नभएकी लेखलाल भट्टराईकी छोरी रूक्मणि दमित यौनकुण्ठाको सिकार भएकी देखिन्छे - "लेखलाल भट्टराईकी छोरी राममायालाई हेरेर आफूलाई आश्वास्त गर्थी। कुनै बलियो-बाङ्गो कैजरेले बलजफ्ति उसको शरम नष्ट गरोस्। ऊ पनि यही केटी जस्तो आँशुले घाँस-दाउरा भिजाइरहोस्। समाजले उसको आमा हुने छाँटकाँट देखेर गिल्ला गरोस्। भनोस् कि - "हेर भट्टराईकी छोरीको गतिमति! कसको नाशो लिएर घुमिरहेकी छ"[55] भन्ने उपन्यासमा प्रयुक्त वाक्यले रूक्मणिभित्रको दमित यौनकुण्ठालाई उजागर गरेको देखिन्छ। रूक्मणिको उचित समयमा विवाह नभएको हुँदा उसले गरेका क्रियाकलाप, बोलेको अभिव्यक्ति आदिद्वारा उसका मनभित्र सुषुप्त अवस्थामा रहेको यौनभावनाको प्रस्फुटन उपन्यासमा यसरी देखाइएको पाइन्छ - "तिम्रो विवाह भएको कि भएको छैन? यस प्रश्नमा रूक्मणिलाई धेरै रिस उठ्यो। यदि विवाह भएको भए के उ यसरी एउटा धुस्रो जीवनमा फुस्रो अनुहार लिएर उभिन्थी?"[56] यस वाक्यद्वारा समयमा विवाह हुन नसकेका कारण रूक्मणिको मनमा अरूको वैवाहिक जीवन देख्दा ईर्ष्या र हीनताबोध उत्पन्न भएको कुरा स्पष्ट हुदँछ। उपन्यासमा नारीलाई चेतनशील प्राणी र पूर्ण मानवसम्म नहेरिने पुरुषप्रभुत्ववादी सामाजिक परम्परामा नारीका समस्या र अवस्थिति अनि नारीका

[54] भीम दाहाल, सन् २००२, पूर्ववत्, पृष्ठ ४२।

[55] भीम दाहाल, सन् २००२, पूर्ववत्, पृष्ठ ४३।

[56] भीम दाहाल, सन् २००२, पूर्ववत्, पृष्ठ १०७।

आदर्श र यथार्थपक्षलाई चित्रण गर्दै नारीयौन जस्तो संवेदनशील विषयलाई महत्त्वका साथ प्रस्तुत गरिएको पाइन्छ।

भीम दाहालको तेस्रो उपन्यास *विद्रोह*बारे उपन्यासकारले यसो भनेको पाइन्छ - "विद्रोह एउटा कृतित्व मात्र हो। देश, काल, परिस्थिति र त्यसभित्र पर्ने मानव समाजको नै इतिवृत्ति हो यो कल्पनाको उडानमा। यसमा कपट छैन, कल्पना मात्र छ।"[57] मानव समाजको इतिवृत्तिको प्रस्तुति रहेको *विद्रोह* उपन्यासका सशक्त पात्रका रूपमा रून्ना, नोरमोती, रेखारानी, पापाराई, रविरत्न, जेम्स जयदीप आदि देखिएका छन्। यी पात्रहरूका स्वभाव र चरित्रमा देखा परेका विविधता र परिवर्तनले उपन्यास रोचक बनेको देखिन्छ।

"क्रान्तिमा तीनवटा बिन्दु पाइन्छन् - भ्रम, चेतना र सङ्घर्ष।"[58] यी तीनवटा बिन्दुको पारस्परिक मेलबाट *विद्रोह* उपन्यासको निर्माण भएको देखिन्छ। यस उपन्यासकी सक्रिय पात्र रून्नाले आफूले भोगेका उत्पीडनका कारण नभेटेर भ्रममा अल्मलिएका पात्रहरूलाई सचेत र सङ्घर्षरत बनाउनका निम्ति महत्त्वपूर्ण भूमिका निर्वाह गरेकी देखिन्छे। रून्नालाई दाहालको दोस्रो उपन्यास *द्रोह*की सचेत र शसक्त नारी पात्र मुन्नाको प्रतिपात्र भन्न सकिन्छ अर्थात् *द्रोह* उपन्यासकी मुन्ना नै *विद्रोह* उपन्यासकी रून्ना हो। *द्रोह* उपन्यासमा झैं यस उपन्यासमा पनि दोकानदारी पेसा अप्नाउने रून्ना आत्मनिर्भर र क्षमतावान् देखिन्छे। गाउँका सबै मानिसहरूका समक्षमा रविरत्नलाई पति वरण गर्ने रून्ना एकजना सफल गृहिणी रहेकी पाइन्छ। उपन्यासमा पूँजीपति, शोषक सामन्ती, दास प्रवृत्ति, नक्षीय दम्भ आदिद्वारा निर्मित प्रशासन र सरकारबाट गरिएको अन्याय, अत्याचार, मानवीय मूल्यहीनता र आस्थाहरूको विघटन हुन थालेपछि सचेत,

---

[57] भीम दाहाल, सन् २००५, *विद्रोह,* पूर्ववत्, प्रगति प्रस्तुतिकरण।

[58] विजयकुमार सुब्बा, सन् २००५, 'भूमिका विद्रोहको घोषणा र यसको 'मेनिफेष्टो'', *विद्रोह,* भीम दाहाल, पूर्ववत्।

बौद्धिक जमातले अनुभूत गर्ने असङ्गति, विसङ्गति र विद्रोहको फलस्वरूप प्रगतिवादी समाजको स्थापना भएको देखिन्छ। यस प्रगतिवादी समाजकी कर्मठ सदस्य रून्नाले यस सङ्गठनसँग जोडिएर शोषक सामन्तीहरूको सत्ता परिवर्तन गर्न भरमग्दुर प्रयास गरेकी देखिन्छ। रून्नाले देशको राजनीतिसँग सरोकार राखेर अवहेलित जनसमुदायका हितको निम्ति विद्रोहको शङ्खघोष गरेकी देखिन्छ।

समग्रमा रून्नालाई एकजना शसक्त र सचेत नारी, सफल गृहिणी साथै देशको आर्थिक, सामाजिक, शैक्षिक र राजनीतिक क्षेत्रमा उचित सहभागिता र सरोकार राख्ने पात्र मान्न सकिन्छ। रून्नाले माथि उल्लेखित विभिन्न पक्षहरूको पोषण गर्दै विभिन्न चरित्र र भूमिकाको सफल निर्वाह गरेकी देखिन्छ।

यसरी नै *विद्रोह* उपन्यासको अर्को पात्र रविरत्न *द्रोह* उपन्यासमा कुलुङ सुबेदारको छोरो रविरत्न कुलुङको अवतरित रूप हो भन्न सकिन्छ। उपन्यासकारले *द्रोह*को रविरत्न कुलुङ र *विद्रोह*को रविरत्नमाझ कुनै सम्बन्ध रहेको कुरा उल्लेख गरेका छैनन् तथापि यी दुई पात्रको नाम, चरित्र र स्वभावद्वारा यी दुई अलग नभएर एउटै पात्र रहेको अनुमान लगाउन सकिन्छ। शोषण, सामन्ती व्यवस्था, सरकारको दासत्व, जडता, सामाजिक अव्यवस्थालाई परिवर्तन गर्न र शोषित समुदायका निमित्त एक समान्तवादी, आदर्शवादी समाजको निर्माण गर्ने सोच राखेको रविरत्न *द्रोह* उपन्यासमा मिलन समाज र *विद्रोह* उपन्यासमा प्रगतिवादी समाजको सक्रिय सदस्य हो। रविरत्नले सम्झौतामा होइन तर क्रान्ति र विद्रोहमा आस्था राखेको देखिन्छ।

*द्रोह* उपन्यासमा रविरत्न कुलुङले शोषक प्रशासन व्यवस्था, समाजको रूढी कुप्रथा, अछूत परम्परा आदिप्रति क्रान्ति र द्रोहको उद्घोषणा यसरी गरेको देखिन्छ -

-"मिलन समाज समाजका अमिल्दा रीतिहरू, नचाहिँदा थितिहरू, हुनेखाने मालिकहरूको अत्याचार र अन्याय समूल खतम गर्ने, मानिसहरूमाथि हुने

जुलूमहरू हटाउने भनेर खोलिएको समाज हो भने म भन्छु, कि ठुलदिदीले आमा भएर जसलाई जन्म दिन्छिन् त्यो मिलन समाजको नानी हो, त्यो द्रोह हो, त्यसलाई द्रोण गुरुले जस्तो दासपुत्र, अजातपुत्र भन्न पाइँदैन। ऊ द्रोह हुनेछ। ऊ समाजलाई नयाँ दिशा र ज्ञान दिने हुनेछ।"[59]

रविरत्न अझ भन्छ -

-"हामीले त व्यवस्थाको गला अँठ्याउनु छ। विचारलालको घाँटीको टाई सुर्काउनी पार्नु छ। साम्राज्यवादका दलालहरूको हाँचलाई हच्काएर व्यवस्थामा गरिबहरूको दबदबा र हैकम कायम गर्नुछ। प्रत्येक रूखबाट कराउने कागहरू धपाउनु छ।"[60]

रविरत्नले *द्रोह* उपन्यासमा उद्घोषण गरेको क्रान्ति र द्रोहको अर्थ जसरी शोषकहरूले जनमानसका सुःख, शान्ति, न्याय, हक, अधिकार खोसेका छन्, उनीहरूलाई जसरी मानसिक र शारीरिक यातना दिएका छन्, ती शोषकहरूलाई पनि त्यसरी नै दण्ड दिनु पर्छ र अधिकार माग्दा नपाइए खोसेर भएपनि लिनुपर्छ भन्ने धारणाद्वारा प्रेरित रहेको पाइन्छ। तर रविरत्नले *द्रोह* उपन्यासमा संञ्चित गरेको त्यो सोच र धारणा *विद्रोह* उपन्यासमा आइपुग्दा क्रान्ति कुनै एक व्यक्तिका विरूद्ध मात्र होइन तर सम्पूर्ण व्यवस्था र परम्परा परिवर्तनको निम्ति हुनुपर्छ। "हिंसा र प्रतिहिंसा क्रान्तिको होइन। क्रान्ति त चेतनाको उच्चतम पहाड हो"[61] भन्ने बौद्धिक मान्यता राखेको पाइन्छ।

*विद्रोह* उपन्यासको उत्तरार्द्धमा सामन्ती, पूँजीपति शोषकहरूको अन्त्य गर्दा मात्र क्रान्तिको उद्देश्य र लक्ष्य पूरा हुन सक्दैन तर ती शोषकहरूको विचार र व्यवहारमा

---

[59] भीम दाहाल, सन् २००२, पूर्ववत्, पृष्ठ १७५।

[60] भीम दाहाल, सन् २००२, पूर्ववत्, पृष्ठ १७५-७६।

[61] भीम दाहाल, सन् २००५, पूर्ववत्, पृष्ठ २५६।

परिवर्तन ल्याउनु नै वास्तविक क्रान्ति हो, विद्रोह हो भन्ने सोच रविरत्नमा जागृत भएको देखिन्छ। उपन्यासमा युद्ध र उग्रता मात्र क्रान्ति र विद्रोहको उद्देश्य नभएर दु:ख, आतङ्क, अन्याय, उत्पीडन आदि पैदा गराउने मूल जरा वा त्यसको समस्त स्रोतको अन्त्य गरी जनमानसमा सु:ख, शान्ति र सुरक्षाको स्थापना गर्नु हो भन्ने उदात्त, अहिंसावादी र समानतामूलक सोच राख्न आवश्यक रहेको कुरा बोध गरिएको पाइन्छ।

दाहालका उपन्यासहरूमा राजनीतिलाई केवल व्यक्तिगत स्वार्थका निम्ति प्रयोग गर्ने प्रवृत्तिका नेता, कूटनीतिज्ञ, कानुन व्यवस्थाको गैरजिम्मेवारीपूर्ण स्थिति, एकपक्षीय अन्धोप्रशासन आदिको यथार्थ चित्र प्रस्तुत गरिएको छ। कतिपय स्थितिहरूमा वर्तमान समयमा पनि साधारण नागरिकहरूले यस प्रकारका शोषण र दमननीतिको सिकार हुनपरेका देख्न सकिन्छ। उपन्यासहरूमा यस्ता अवस्थाहरूलाई कलात्मक र प्रतीकात्मक ढङ्गमा चित्रण गरिएको पाइन्छ।

भीम दाहालका प्रकाशित तीनवटा उपन्यासमा चित्रित नारी-पुरुषका बदलिँदो स्वरूपहरूलाई समग्रमा यस प्रकारले हेर्न सकिन्छ -

१ भीम दाहालका उपन्यासहरूमा सामाजिक, आर्थिक, शैक्षिक, राजनीतिक र ग्रामीण जीवनको यथार्थ वर्णन गरिएको पाइए तापनि नारी यौनमनोविज्ञानको प्रस्तुतिलाई यिनका उपन्यासहरूको महत्त्वपूर्ण पक्ष मान्न सकिन्छ।

२ उपन्यासहरूमा नारी-पुरुषबिचमा प्रेम, प्रणय, हार्दिकता, संवेदना, सरोकार र कर्तव्य बिनाको सम्बन्ध रहे त्यो सम्बन्ध कृत्रिम हुँदछ। उपन्यासहरूमा यौन सम्बन्धलाई मात्र महत्त्व दिने पुरुष, शरीरका लागि मात्र आवश्यक बन्न सक्छ तर अन्तरङ्ग जीवनसाथी वा सहयात्री बन्न सक्दैन भन्ने निष्कर्ष रहेको पाइन्छ।

३ उपन्यासहरूमा यौनेच्छा, यौनसम्बन्धको निर्णय र यौन पुरुष सरोकारको मात्र विषय नभएर नारीले यौनेच्छा र यौनसम्बन्ध विषयमा निर्णायक भूमिका लिनसक्ने यथार्थको चित्रण गरिएको पाइन्छ।

४ उपन्यासमा मानिसका चरित्रमा शोषक प्रवृत्ति आउनका मूल कारण राजनीतिक सत्ता र शक्तिलाई मानिएको पाइन्छ। यसका साथै आर्थिक सम्पन्नता र सामाजिक अभिजात्यपनको आडम्बर, हैकमवादी स्वभाव आदिलाई पनि मानिसका प्रवृत्तिमा परिवर्तन ल्याउने कारकतत्व मानिएको पाइन्छ।

५ दाहालले राजनीतिमा नारीहरूको सहभागिता र महत्त्वलाई स्वीकार गरेका भए तापनि आफ्ना उपन्यासहरूमा भने नारीलाई कुनै राजनीतिक पार्टीको नेतृत्त्वको भूमिकामा राखेका छैनन्।

६ उपन्यासहरूमा शोषण, सामन्ती व्यवस्था, सरकारको दासत्व, जडता, सामाजिक अव्यवस्थालाई परिवर्तन गर्न र शोषित समुदायका निम्ति समान्तवादी, आदर्शवादी समाजको निर्माण गर्ने सोच राखिएको पाइन्छ।

### ४.१.३ नारी-पुरुष : पारस्परिक द्वन्द्व, शक्तिको होड, कुण्ठा, अस्तित्व सचेतता तथा चिनारी स्थापनाको सङ्घर्षका योद्धाका रूपमा

भीम दाहालका तीनवटा उपन्यासहरूमा पात्रहरूको उपस्थिति बहुसंख्यक रहेको देखिन्छ। *अभीष्टको खोज* उपन्यास बाहेक अन्य दुई उपन्यासमा मुख्य नायक र नायिकाको उपस्थिति देखिदैंन। समाजलाई प्रतिनिधित्व दिने चेतनशील र बौद्धिक समूह छ, जसलाई *द्रोह* उपन्यासमा मिलन समाज र *विद्रोह* उपन्यासमा प्रगतिवादी समाज भनिएको पाइन्छ। दाहालका उपन्यासमा उपस्थित पात्रहरूलाई दुई वर्गमा विभाजन गर्न सकिन्छ - एउटा शोषक वर्ग र अर्को शोषित वर्ग। सामाजिक कुरीति, गरिबी, शोषक

प्रशासन व्यवस्थाको अत्याचारद्वारा पीडित, अवहेलित, अव्यवस्थित जनमानस र सामन्ती दलाल, भष्ट राजनीतिज्ञहरूमाझको द्वन्द्व नै उपन्यासको केन्द्रबिन्दु बनेको देखिन्छ।

*अभीष्टको खोज* उपन्यासमा सिक्किमको प्रजातन्त्रपूर्व र प्रजातन्त्रोत्तर स्थितिको चित्रण गर्ने क्रममा पदमे, रत्नलाल, सानुभाइ, शर्माबाबु आदिका माध्यमद्वारा प्रजातन्त्रको स्थापनापछि जनतन्त्रको नाममा नेता, ठेकेदार, प्रशासन पक्ष, सरकारी अफिसर भनाउँदाहरूले जनमानसप्रति गरेको थिचो-मिचो, दमन, अन्याय आदिको उद्‌घाटन अति स्वाभाविक र यथार्थ ढङ्गमा गरिएको पाइन्छ -

-"बाल विधवाको वैंश झैं आयो;

जगलमा सिंहले मृगलाई दिए झैं,

मेरो, खानकी अरूतिर मिलुञ्जेल बाँच मृगहरू भन्ने जनताराज !

सहिदका सहस्र आँशुले धोएर आएन !

थिएनन् बन्धन त्यसैले फुकाएर आएन !

अतिथि झैं आएर मुलुक लुटेर गयो जनताराज।"[62]

प्रजातन्त्रपछि गाउँले सोझा मानिसभन्दा चलाख प्रवृत्ति र स्वभाव भएका साना-तिना ठिकाबिकाको काम गर्ने पदमे र रत्नलाल गाउँका नेता बन्न पुगेको देखिन्छ। जनताराजपछि सोरेङ गाउँमा भएको परिवर्तनबारे उपन्यासमा यस्तो चित्रण पाइन्छ -

-"विकास हुन थाल्यो। पदमे र रत्नलाल ठेकेदार भए।

सोरेङ बजारमा थरी थरीका मान्छे आएर माइकमा चिच्याउन थाले।

[62] भीम दाहाल, सन् १९९३, पूर्ववत्, पृष्ठ १५-१६।

प्रत्येक पार्टीले अर्को पार्टीलाई नराम्रो, भ्रष्ट र जनविरोधी भन्न थाले।

गौचरणका रूखहरू कुनै सरकारी अनुमति बिना नै भटाभट ढालिए : कोही सोध्न आएन।

धारामा बसेर आइमाई गन्थन् हुन छोड्यो किनभने घर-घरसम्म लावरका नलीमा पानी पुऱ्याइयो।

बूढाहरू काँचूली खोज्न थाले; नवयुगी बन्नलाई, कसैले भेटेर फेरे, कसैले खोज्दै खोजेनन्।"[63]

यसरी उपन्यासमा प्रजातन्त्र आएपछि गाउँको आदर्शपन, सोझोपन, चोखो र पवित्र वातावरण, इमानदारिता आदिमा विकृति आउन थालेको चित्रण पाइन्छ। गाउँमा आएको विकृति र खललले सोझा, निमुखा, जनता पदमे र रत्नलाल जस्ता ठेकेदारहरूबाट दमित, अवहेलित र शोषित बन्न पुगेका देखिन्छन्। अवहेलित र शोषित जनमानस र शोषक ठेकेदारहरूबिच विस्तारै पारस्परिक द्वन्द्व र विभेदको सम्बन्ध स्थापित भएको देखिन्छ। राजनीतिद्वारा गाउँमा षडयन्त्र, छलकपट, परस्परमा ईर्ष्या, द्वेष, सम्पत्ति र सत्ताको होजबाजी आदि जस्ता तत्वहरूको आगमन भएको देखिन्छ। स्वार्थपूर्ण र एकपक्षीय राजनीतिले गाउँको निश्छल वातावरणलाई धमिल्याउने कारकतत्त्वको काम गरेको पाइन्छ। गाउँका नेताहरू राजनीतिक शक्ति, सत्ता र पैसाको आड पाएर शोषण, दमननीति अप्नाउदै निमुखा सोझा जनमानसलाई शारीरिक र मानसिक शोषण गर्ने, गरिबका जमीन-जेथा हडप गर्ने, ऋण दिएर गरिबका छोरी-चेलीहरूप्रति हात-पात गर्ने, विभिन्न छलकपट र षडयन्त्र गर्ने जस्ता कार्यहरू गरेर समाजलाई अव्यवस्थित बनाएको चित्रण पाइन्छन्।

[63] भीम दाहाल, सन् १९९३, पूर्ववत्, पृष्ठ २६।

उपन्यासमा ग्रामीण परिवेश मात्र होइन सहरीया परिवेशमा पनि स्वार्थपूर्ण राजनीतिक क्रियाकलापले निम्त्याएको सामाजिक विभेद, अन्योलपूर्ण स्थिति आदिको चित्रण पाइन्छ। सहरीया परिवेशमा प्रजातन्त्रको नाममा आएको राजनीतिक अराजकताबारे शर्माबाबुको संवाद उल्लेखनीय रहेको पाइन्छ -

-"काजीमान अथवा सरकारको मूलनायक अथवा मुख्य शासकसँग मिल्ने, उसको चाकडी गर्न सक्ने, उसकी बूढी र सन्तान खुशी पार्न सक्नेहरू समाजका कर्णधार भएका छन्। चोर, डाका, उलाहा, फटाहा, नम्बरी ढाँट, छुल्याहा सबैले काजीमानलाई नेता मानेर आफ्नो पूर्व पगडीको ठाउँमा नयाँ सरकार र शासक दलको पगडी बाँधेर पक्का ठेकेदार भए, पार्टी कार्यकर्ता भए, अफिसका समान सप्लायर भए, अधिकारी र बेपारीबिचका गेमन पूल भए, बरू वारि गाउँ, पारि गाउँ पैरो चल्यो, गेमन पूल एक ऐंची, एक सूत हल्लिएन।"[64]

*अभीष्टको खोज* उपन्यासमा एकापटि शोषकका रूपमा प्रसासन पक्ष र अर्कोपटि शोषित अवहेलित जनताहरू र अझ अर्कोपटि पूँजीपति र ओहोदाधारी पुरुषद्वारा दमित नारीहरूबिच रहेको भिन्नता र द्वन्द्व गरी दुई किसिमको दमन र सङ्घर्ष देखापरेको पाइन्छ। उपन्यासमा एकातिर शोषकवर्गले शोषितवर्गप्रति आर्थिक र राजनीतिक शोषण त गरेकै देखिन्छ भने अर्कोतिर नारीवर्गप्रति कामुक र यौनलोलुप पूँजीपतिहरूले शारीरिक शोषण र दमन गरेको देखिन्छ। उपन्यासमा नारीवर्ग दोहोरो उत्पीडनको मारमा परेका देखिन्छन्। उदाहरण स्वरूप हेर्न सकिन्छ -

-"अनि यस समाजमा एउटी नारी सधैं सधैं :

एउटी आमा भई तर परतन्त्र;

---

[64] भीम दाहाल, सन् १९९३, पूर्ववत्, पृष्ठ ४५।

एउटी दिदी भई तर परतन्त्र;

एउटी प्रेमिका भई तर परतन्त्र ;

एउटी पत्नी भई तर परतन्त्र ;

उ अझैसम्म एउटी स्वतन्त्र आमा, दिदी प्रेमिका र पत्नी भएर, एउटी स्वतन्त्र अस्तित्व भएर बाँच्न पाएकी छैन। उसलाई प्रजातीय भन्छन्, पूजा गर्दैनन्, प्रणयिनी भन्छन् र प्रेम गर्दैनन्।"[65]

*अभीष्टको खोज*की शान्ति र गंगा, *द्रोह*की राममाया र दुई किशोरी नोकर्नीहरू, *विद्रोह*की अन्तरी दमिनी प्रभृति नारीहरू नारी हुनु र शोषित जनता हुनुको दोहोरो विडम्बनाले पीडित छन्। *द्रोह* उपन्यासका राममाया र दुई किशोरी नोकर्नीहरू गर्भवती अवस्थामा हत्या गरिएका छन्। यस घटनाले पूँजीवादी सामन्ती समाज व्यवस्थाको घृणास्पद अनुहारलाई उदाङ्गो पारेको देखिन्छ। गरिब नारीका विवशताहरूको फाइदा उठाई किशोरीहरूलाई बँधुवा मजदुर बनाउने, यौनशोषण गर्ने, मानसिक यातना दिने, हत्या गरिने, छूवाछूत आदि जस्ता कुप्रथा आदि नारीमाथि गरिने सामाजिक हिंसाका उदाहरणहरू हुन्। उपन्यासमा यी घटनाहरू घटेपछि जनमानसको राजनीति, सरकार र प्रशासनप्रतिको आस्था र भ्रम हटेको र उनीहरूमा चेतना जागृत भएको देखिन्छ। सचेत जनसमुदायद्वारा सङ्गठित गरिएको *द्रोह*को मिलन समाज र *विद्रोह*को प्रगतिवादी समाजले शोषकहरूप्रति द्वन्द्व र विद्रोह आरम्भ गरेको देखिन्छ -

-"रिधाङ-बोजेकमा आन्दोलनको आवेश र उद्वेग छ। त्यहाँ केही वर्षअघि स्थापित एउटा समाजले जाति-प्रथा, छूवाछूत जस्ता सामाजिक कुसंस्कारहरू खतम गर्ने आँट

---

[65] भीम दाहाल, सन् १९९३, पूर्ववत्, पृष्ठ १२७।

लिएको छ। मान्छे र मान्छे मात्रको एकता नै सर्वशक्तिमान राजनीतिक सिद्धान्त ठान्छ त्यो समाज।"[66]

यी उपन्यासहरूमा वर्तमान विश्व राजनीतिक संस्कारको चित्रण पनि पाइन्छ। राजनीति आम मानिसको न्याय र अधिकार प्राप्त गर्ने साधन नभएर एक मुट्ठी चतुर र सम्पन्न वर्गको विलासिता, महत्त्वाकाङ्क्षा र सुरक्षाको साधन बन्न पुगेको झलक पाइन्छ-

-"जहाँ मालिकले सुरक्षा र नोकरले दया खोज्छ त्यही हो रिधाङ-बोजेक।

-त्यहाँ प्रशासनको प्रत्येक रूखमा गिद्धहरू बसेका छन् र कुनै रिधाङ-बोजेकको मान्छे हो भन्ने गन्ध पाउनसाथ त्यसलाई ठुँगेर रगताम्मे पारिदिन्छन्। त्यसकारण रिधाङ-बोजेकवासीहरू राजधानी जाँदैनन्।

-जनतन्त्रमा निर्वाचित व्यक्ति गरिमामय पदमा पुग्नुपर्ने तर रिधाङ-बोजेक इलाकामा त्यो गरिमाको लिलामी हुन्छ।"[67]

दाहालका उपन्यासमा शोषित वर्गले आर्थिक, राजनीतिक र वैचारिक गरी तीन प्रकारले सङ्घर्ष गरेको देखिन्छ। यी तीनवटा सङ्घर्ष क्रमश: स्थूलबाट सूक्ष्म हुँदै गएको देखिन्छ। शासक र शोषितहरूबिच द्वन्द्वको आरम्भसँगै राजनीतिलाई आफ्नो नीजि फाइदा र स्वार्थका निम्ति मात्र उपभोग गर्न चाहने चतुर र महत्त्वाकाङ्क्षी व्यक्तिहरूमाझ सत्ता र शक्तिको निम्ति होडबाजी चल्न थालेको चित्रण पाइन्छ। विकृत राजनीतिका क्रियाकलापका कारण समाजमा भाडभैलो फैलिएको देखिन्छ। शासन सत्तामा शोषक सामन्तीहरूको प्रभुत्व रहेका कारण त्यहाँ वैचारिक स्वतन्त्रता, राजनीतिक अस्थिरता, प्रजातान्त्रिक व्यवस्थाका अनमेल पक्ष र विकृतिले समाजमा आतङ्क र त्रासको स्थिति पैदा भएको देखिन्छ। यस्तो स्थितिमा पीडित जनमानसलाई आफ्नो हक र अधिकारप्रति सचेत

[66] भीम दाहाल, सन् २००२, पूर्ववत्, पृष्ठ १२७।

[67] भीम दाहाल, सन् २००२, पूर्ववत्, पृष्ठ १९२।

बन्ने, विद्रोह गर्ने, चेतना जागृत गराउनमा मिलन समाज र प्रगतिवादी समाजले महत्त्वपूर्ण भूमिका निर्वाह गरेको पाइन्छ। व्यक्तिगत स्वार्थ, पैसाको लालच र सत्ताको मोहदेखि माथि उठेर समस्त शोषित वर्गको खोसिएको हक र अधिकारको माग र समस्याहरूको समाधान गर्ने दिशातर्फ अग्रसर हुने आग्रह प्रगतिवादी समाजको सक्रिय सदस्य रविरत्नले गरेको देखिन्छ -

> -"यो प्रगतिवादी समाज धनको अभावमा परेकाहरूलाई धनको प्रभावले बहकाएको विशाल भनिने शासक दलभन्दा ठुलो छ। बनियाँले ओछ्याएको तूल र कार्पेटमाथि उभिएर हामीलाई व्यापार बोल्नु छैन। यहाँको राजनीति भनेको यति हो, यति मात्र। यस घृणित मायाजालबाट जनजीवनलाई चेतनाको नँया स्तरमा उठाउनु छ। हाम्रो विद्रोह त्यही हो। त्यही मात्र।"[68]

*द्रोह* उपन्यासका मुन्ना, सुबेदारनी आमा, *विद्रोह* उपन्यासका रून्ना नोरमोती, रेखारानी जस्ता सचेत नारीहरूले दमनपूर्ण सामाजिक अव्यवस्थालाई व्यवस्थित र समानतामूलक बनाउने दिशामा सक्रिय र उल्लेखनीय भूमिका निभाएको पाइन्छ। *द्रोह* उपन्यासकी मुन्नाले शोषित समाजलाई जागरूक बनाउने कार्यभार सफल रूपले निभाएकी देखिन्छ। मुन्ना र सुबेदारनी आमा शोषणमूलक राजनीतिक सत्ता र हैकमवादी प्रवृत्तिको अन्त्य गर्न द्रोह गर्नुपर्ने साथै शारीरिक र मानसिक रूपले पीडित नारीहरूलाई सचेत बनाइ सशक्तिकृत गर्ने पक्षमा उभिएकी देखिन्छिन्। उपन्यासमा पितृसत्ताले स्थापना गरेका सामाजिक संरचनाको विरोध गर्दै नारीका वैयक्तिक भोगाइ, अनुभूति, विचार, मान्यतालाई समानतामूलक दृष्टिले हेरेर नारीशक्ति र नारीमूल्यको स्थापना गरिनुपर्ने जस्ता नारी अस्तित्वप्रधान चेतनाको विकास र विस्तार भएको देखिन्छ।

---

[68] भीम दाहाल, सन् २००५, पूर्ववत्, पृष्ठ २०८।

मुन्ना र सुबेदारनी आमा शिक्षित र सचेत मात्र नभएर क्षमतावान् र आत्मनिष्ठ पनि देखिन्छन्। तथापि दाहालका उपन्यासमा शान्ति, गंगा, मुन्ना, राममाया, दुई नोकर्नी किशोरीहरू, अन्तरी दमिनी आदि पात्रहरू शोषणका सिकार भएका छन्। पितृसत्तात्मक हैकमवादी सोच र पुरुषप्रभुत्वका कारण यी नारीहरूले बलात्कार जस्तो नीच र मानवीय संवेदनहीनताको भुक्तभोगी हुन परेको देखिन्छ। उदाहरणार्थ उपन्यासको केही पक्ति यस्ता छन् - "मरदले नै बर्वाद पारेको छ यो दुनियाँ।"[69]

भीम दाहालका उपन्यासहरूमा नारी स्वतन्त्रता र नारी अस्तित्वको बाधक तत्वका रूपमा पुरुषसत्ता र हैकमवादलाई लिन सकिने कुराको उल्लेख उपन्यासकार स्वयम्ले गरेको पाइन्छ। नारी आफू ठगिएको, उत्पीडित र उपेक्षित बनेको आभाष पाएपछि आफ्नो अस्तित्व र अस्मिताको चेतनाका कारण विद्रोही बन्न पुगेका देखिन्छन्। उपन्यासमा शान्तिका मनमा दमन प्रवृत्तिबाट मुक्त भई स्वतन्त्र जीवन बाँच्ने, स्वअस्तित्वको खोजी गर्दै मूल्यबोधी चेतना र चिन्तनको विकास हुँदैगएको चित्रण यसरी गरिएको पाइन्छ -

-"चबाएर थूकिदिन मन पर्छ।

अँठ्याएर सास बन्द गरिदिन मन पर्छ।

हातमा राँको लिएर आरामसँग सल्काउन मन पर्छ। एउटा प्रलयको प्रतीक्षा गर्न मन पर्छ।

[69] भीम दाहाल, सन् १९९३, पूर्ववत्, पृष्ठ ९०।

शान्तिलाई दुनियाँका सबै यस्ता पुरुषहरू भेला गरेर एउटै चितामा आधापिल्ठो पारेर पोल्न मनपर्छ। अनि भोजको एउटा र एकै सुरलयमा स्यालहरू रमाउन्।"[70] यस वाक्यद्वारा शान्तिभित्र पितृसत्तात्मक समाजप्रति तीव्र आक्रोश रहेको प्रष्ट हुदँछ।

दाहालका उपन्यासमा शोषित र सशक्त दुई वर्गका नारीहरूको चित्रण पाइन्छ। शान्ति र मुन्ना जस्ता नारीहरू शोषित बनेपछि सचेत, क्रान्तिकारी र विद्रोही बन्न पुगेका छन् भने सुबेदारनी आमा, रून्ना नोरमोती, रेखारानी आदि नारीहरू शिक्षित भएका कारण चेतनशील रहेर अन्य दमित र उत्पीडित नारीहरूलाई न्याय दिन अग्रसर बनेका देखिन्छन्। उपन्यासमा स्वअस्तित्व र सचेतताका कारण नै एकजना नारीले अर्को शोषित, पीडित नारीको पीडा, वेदना, विचार र आकाङ्क्षालाई अनुभूत गरेर नारी अस्तित्वको सङ्घर्षमा अघि बढ्न प्रेरित गरेको सन्दर्भहरू पनि पाइन्छन्। उदाहरणार्थ -

-"उपस्थित सबैको सातोपुत्लो उड्ने गरिकन मुन्ना चिच्याई - बलात्कार कस्तो हुन्छ मलाई सोध्नू। चौध-पन्ध्र वर्षमा धर्म भङ्ग भएपछि आइमाईको के गति हुन्छ? मलाई सोध्नू, कैजरेलाई नसोध्नू।"[71]

सुबेदारनी आमा भन्छिन्- "औरतको दर्द र व्यथा यही जातलाई थाहा हुन्छ।"[72]

प्रस्तुत उपन्यासहरूमा सचेत नारीहरूले राजनीतिक क्रियाकलापमा सक्रिय सरोकार राखेका भए तापनि सत्ताकेन्द्रमा आउने, राजतीतिज्ञ हुने, सत्तालाई आफ्नो हातमा लिन चाहने जस्ता स्वार्थी विचार, लोभ-लालच, षडयन्त्र, छलकपट आदि देखि मुक्त देखिन्छन्। यी पात्रहरूमा नयाँ सोच, नयाँ वैचारिकता र उदार प्रवृत्ति रहेको पाइन्छ। यसरी नै पुरुषवर्गमा पनि पापाराई, रविरत्न, कुलुङ सुबेदार, जिल्लाराम, लेखलाल, जेम्स

---

[70] भीम दाहाल, सन् १९९३, पूर्ववत्, पृष्ठ ९१।

[71] भीम दाहाल, सन् २००२, पूर्ववत्, पृष्ठ ४१।

[72] भीम दाहाल, सन् २००२, पूर्ववत्, पृष्ठ ४१।

जयदीप, एल बी राई जस्ता पुरुषहरूमा सत्तासलोलुप प्रवृत्ति नरहेको पाइन्छ। यी पुरुषहरूले राजनीतिलाई समाज, राज्य र देशको विकास गर्ने सकारात्मक शस्त्र र समाज सेवाको आदर्शवादी, मानवतावादी पक्षका रूपमा लिएका छन्। "राजनीतिको लागि मान्छे होइन तर मान्छेको लागि राजनीति अथवा राजनीतिको लागि जीवन होइन तर जीवनको लागि राजनीति हुनुपर्छ"[73] भन्ने विचार यी पात्रहरूमा रहेको पाइन्छ भने अर्कातिर काजीमान साहब, विचारलाल, पदमे, रत्नलाल, धनकबहादुर संजेल, युनारायण, कालिकाप्रसाद स्याङ्देन, बमसिंह, हनुमानप्रसाद आदि जस्ता सत्तालोलुपहरूले राजनीतिलाई स्वार्थपूर्ति गर्ने साधन, एउटा सस्तो बजारू र बिकाउ वस्तुको रूपमा लिएको देखिन्छ।

समग्रमा भीम दाहालका उपन्यासहरूमा नारी-पुरुषकाबिच देखा परेका पारस्परिक द्वन्द्व, शक्तिको होड, कुण्ठा, अस्तित्व सचेतता आदिलाई बूँदागत रूपमा यसरी देखाउन सकिन्छ -

१ दाहालका उपन्यासमा प्रथमत: शोषित र शोसकबिचको पारस्परिक द्वन्द्वको प्रस्तति रहेको छ भने दोस्रोमा यौनलोलुप पूँजीपतिहरूबाट नारीप्रतिको थप दमनलाई देखाउँदै उनीहरूले दोहोरो उत्पीडनको सामना गर्नु परेको चित्रण पाइन्छ। यस्तो विकृतिले समाजमा द्वन्द्वको चरम स्थितिलाई सङ्केत गरेको देखिन्छ।

२ उपन्यासमा एकातिर नारीलाई भोग्य वस्तु र कमजोर सम्झने पुरुष सामन्तवादी प्रवृत्तिको चित्रण पाइन्छ भने अर्कातिर पुरुषवादी परम्परा विरोधी सचेत र जागरूक पुरुष चरित्रको प्रस्तुति पाइन्छ।

३ उपन्यासका सचेत पात्रहरूले पितृसत्तात्मक सामन्ती परम्परावादी सामाजिक मान्यता, शोषण, दमन, अन्धोपरम्परा, एकतन्त्रीय सामाजिक व्यवस्था, विकृति, राजनीतिक

[73] विजयकुमार सुब्बा, सन् २००५, 'भूमिका विद्रोहको घोषणा र यसको 'मेनिफेष्टो'', *विद्रोह,* भीम दाहाल, पूर्ववत्।

विसङ्गति र समाजका जटिलता, अप्रजातान्त्रिक समाज व्यवस्था आदिलाई अस्वीकार गरेको देखिन्छ।

४ उपन्यासमा नारीपात्रहरूले राजनीतिक क्रियाकलापमा सरोकार राखेका भए तापनि राजनीतिक शक्ति र सत्ताको लोभ-लालच र होडबाजीदेखि पर रहेर नारी-पुरुषको सहअस्तित्व, समान अधिकार र समतामूलक समाजको स्थापनामा जोड दिएका छन्।

५ उपन्यासमा चित्रित एकवर्गका पात्रहरू राजनीतिलाई स्वार्थपूर्तिको साधन बनाउने प्रवृत्तिका छन् भने अर्कोवर्गका पात्रहरू राजनीतिलाई सकारात्मक रूपमा लिएर आदर्श विचारद्वारा सभ्य समाज निर्माण गर्ने सोच भएका पात्रहरू छन्।

६ उपन्यासमा निचोड निष्कर्षको रूपमा पुरुष प्रभुत्ववादी शोषण व्यवस्थाको अन्त्य गरी आदर्श, समानतामूलक र सभ्य समाजको निर्माण गरिनुपर्ने आग्रह रहेको पाइन्छ।

### ४.१.४ नारी-पुरुष : आत्मसचेत पात्रका रूपमा

*अभीष्टको खोज* उपन्यासदेखि सुरु गरिएको भीम दाहालको औपन्यासिक यात्रा *विद्रोह* उपन्याससम्म आइपुग्दा मानिसका जीवनको विभिन्न क्रियाकलाप, गतिविधि र जीवन बचाइसँग सरोकार राखेर मानिसका जीवनको सूक्ष्मातिसूक्ष्म र गहन पर्यवेक्षण गरेको पाइन्छ। उपन्यासकार "परिवर्तन बाहेक संसारमा केही पनि स्थायी छैन" भन्ने मान्यताले प्रेरित रहेका देखिन्छन्। उपन्यासमा मानिसमा शिक्षा र चेतनाको स्तर बृद्धि हुँदै जाँदा समाजका अनमेल र अन्यायप्रति ऊ विद्रोह गर्छ। उसको जीवनमा सङ्घर्ष, विद्रोह र क्रान्ति तबसम्म समाप्त हुँदैन जबसम्म ऊ त्यो शोषण, दमन र अन्यायको जड र स्रोतको अन्त्य गर्दैन। विद्रोह, हिंसा र उग्रता समाप्त हुनलाई शोषण, दमन र अन्यायहरू पनि समाप्त हुनुपर्छ भन्ने मान्यता रहेको पाइन्छ।

दाहालका एकाध पात्र बाहेक प्राय: जसो सबै पात्रहरू आत्मसचेत रहेका देखिन्छन्। *अभीष्टको खोज* उपन्यासकी शान्ति, नेत्रप्रसादद्वारा शारीरिक शोषणको सिकार भएकी देखिन्छे। उसलाई नेत्रप्रसादले प्रेमको बहाना गरी बलजफ्ती यौनसम्पर्क स्थापित गरेपछि ऊ गर्भवती पनि बनेकी छे। शान्ति सचेत र शिक्षित हुँदाहुँदै पनि पुरुषको फोस्रो प्रेम र बहलाइ-फुसलाइमा आएर प्रेमी भनाउँदो पुरुषको छल, कपट र धोखाको सिकार बन्न पुगेकी देखिन्छ। शान्तिले आफू ठगिएको, अवहेलित भएको थाह पाएपछि ऊ त्यो पुरुषसँग बलात्कार र गर्भको साटो पैसाको माग गर्छे साथै गर्भपात पनि गरेको देखिन्छ।

उपन्यासमा शान्तिलाई एकातिर शिक्षित, आत्मनिर्भर र सचेत पात्र जस्तो प्रस्तुत गर्न खोजिएको देखिन्छ भने अर्कातिर समाजका थोत्रे नीति-नियम र मान्यताको रक्षा गर्ने, समाजले विभिन्न आक्षेपहरू लगाउने डर बोकेकी, नारी अस्तित्वबोधदेखि टाडा रहेकी, पलायनवादी, कमजोर नारीका रूपमा पनि चिनाइएको पाइन्छ। शान्तिले वास्तवमै आत्मसचेत र कर्तव्यनिष्ठ हुनु हो भने उसले आफ्नो गर्भको सुरक्षा गर्ने थिई। गर्भको निर्दोष सन्तानलाई जन्माउने हुर्काउने र सगर्व आमा बन्ने र आफूभित्रको मातृत्वको चेतनालाई प्रभावशाली ढङ्गले उपभोग गर्ने थिई। तर त्यसको विपरित शान्तिले समाजको डरका कारण गर्भपात गर्ने फैसला गरेकी देखिन्छ। शान्ति समाजको पुरातनवादी नीति-नियम र व्यवधानसँग डराएकी, वास्तविकतादेखि भाग्न खोजेकी, विपरित परिस्थितिसँग हार खाएकी देखिन्छ। शान्ति पितृसत्तात्मक रूढी परम्परा र मान्यतासँग विरोध भाव राख्छे तर ऊ आफै नयाँ नीति र नियम बनाएर रूढी मान्यतालाई हाँक दिने सामर्थ्य भने राख्न सक्दिन। शान्ति स्वअस्तित्वप्रति जागरूक पनि देखिएकी छ -

-"भ्रुण हत्यापछि के हुन्छ?

-आफ्नो मन चुँडालेपछि के हुन्छ?

-बस्, एउटा अनिश्चित भविष्य दैलोमा यमराजको दूत झैं पर्खिरहन्छ र पछ्याउँछ जता गयो त्यतै। छाँयाजस्तो भविष्य। कतै झटारेर फ्याँक्न पनि त नसकिने।"[74]

तर उसको त्यो सचेतना निमेष भरको निम्ति मात्र हुनपुगेको छ। शान्तिमा फेरि यस्तो सोचे पनि रहेको पाइन्छ -

-"अन्त्यमा लगेर सम्पत्ति शक्तिशाली छ भन्ने कुरामा शान्ति अडिई र आफूलाई सोधी - 'त्यही शक्तिशाली चीजको पछि किन नलाग्ने ? किन नेत्रसाहब जस्ताको गैरकानुनी सम्पत्ति हत्याउने कपट नगर्ने ? आफ्नो सर्वस्व स्वाहा बनाउने त्यस दुष्टको कमाइ हत्याउन त्यसलाई ब्लेकमेल किन नगर्ने ?' शान्तिले दाह्रा किटी। उसको तनको दर्द हराइसकेको थिएन मन तगडा भयो। उसले नेत्रप्रसादको घरमै जाने निश्चय गरी।"[75]

शान्तिले आफ्नो कौमार्यलाई क्षत-विक्षत बनाउने आफ्नो बलात्कार गर्ने, गर्भवती बनाई उपेक्षा गर्ने पुरुषलाई बदला लिने क्षणिक आवेशमा आएर चालै नपाई कौमार्य र शरीर पैसासँग साट्न पुगेको चित्रणले शान्तिभित्रको अपरिपक्वता, नारी अस्तित्व र अस्मिताप्रति लापरवाही गर्ने कमजोर मनोबल भएकी नारीको रूपमा देखिन पुगेकी पाइन्छ।

दाहालका उपन्यासका पात्रहरू मुन्ना, सुबेदारनी आमा, रून्ना, नोरमोती, रेखारानी, पापाराई, लीलावति, रविरत्न, जेम्स जयदीप जस्ता पात्रहरूलाई आत्मासचेत पात्र मान्न सकिन्छ। यी पात्रहरूमा सचेतना भएका कारणले स्वयम् मानिसले नै समाजलाई व्यवस्थापित तथा सुव्यवस्थित बनाउन सक्छ भन्ने दृढ विश्वास रहेको देखिन्छ। यसका साथै उनीहरूमा मानिसले नै समाजलाई सुख, शान्ति र सुरक्षित गर्न सक्छ भन्ने चेत पनि

[74] भीम दाहाल, सन् १९९३, पूर्ववत्, पृष्ठ ९२।
[75] भीम दाहाल, सन् १९९३, पूर्ववत्, पृष्ठ ९३।

रहेको पाइन्छ। मानिसको समस्त खुशी, सुख, शान्ति, हक, अधिकार र न्याय खोस्ने भाग्य र नियति होइन तर अर्को स्वार्थी मानिस नै हो भन्ने थाह पाएपछि ऊ सङ्घर्ष गर्न थाल्छ। माथि उल्लेखित पात्रहरूमा आफ्नो शत्रु र मित्र, सहि र गलत, उचित र अनुचित, उदार र अनुदार आदि छुट्याउन सक्ने चेत राखेका छन् भन्न सकिन्छ। यी पात्रहरूले व्यक्तिगत स्वार्थ र चाहदेखि माथि उठेर सम्पूर्ण समाजको हित र न्यायको निम्ति विद्रोह गरेको देखिन्छ। यी पात्रहरूले कुनै व्यक्ति विरूद्ध क्रान्ति र विद्रोह गरेका छैनन्, तर सङ्गठित रूपमा रहेर शासन सत्ताको विरोध गरेको देखिन्छ, जसको फलस्वरूप *द्रोह*मा मिलन समाज र *विद्रोह*मा प्रगतिवादी समाजको गठन भएको देखिन्छ। उपन्यासमा उपन्यासकार आफैले यी सङ्गठनका सदस्यहरू मूलत: मार्क्स, लेनिन, कास्त्रो, माओसेतुङ आदि जस्ता दार्शनिकहरूद्वारा प्रेरित र प्रभावित रहेको कुराको उल्लेख गरेको पाइन्छ - "यहाँ एउटा पापाराई भन्ने कम्यूनिस्टले मर्नभन्दा अघि दुई-चार दर्जन मान्छेको छात्तीमा मार्क्स, लेनिन, कास्त्रोहरूको फोटो झुण्डाएर मरेको छ।"[76]

रविरत्नले *द्रोह* र *विद्रोह* दुईवटै उपन्यासका सङ्गठनको सक्रिय सदस्य रहेर समाजलाई उचित मार्ग देखाउने, दिशानिर्देश गर्ने काम गरेको देखिन्छ। शोषक प्रशासनको विरूद्ध क्रान्ति र विद्रोहको विगुल फुक्ने रविरत्न सङ्गठनका सदस्यहरूलाई हिंसा र विलासितादेखि टाडा रहने र समाज सुधारको निम्ति सुकार्यहरू गर्न हरदम तयार रहनुपर्ने आग्रह गर्छ। रविरत्नले सँधै आफ्ना साथीहरूसँग संसारमा नाम चलेका योद्धाहरूद्वारा प्रेरित रहनुपर्ने कुरा गरेको देखिन्छ। *विद्रोह* उपन्यासको अर्को सचेत पात्र तथा प्रगतिवादी समाजको प्रमुख संचालक जेम्स जयदीप जनमानसलाई अन्याय विरूद्धको विद्रोहबारे आफ्नो विचार यसरी व्यक्त गर्दछ -

[76] भीम दाहाल, सन् २००५, पूर्ववत्, पृष्ठ १९७।

-"हामी हिटलर र काउकेस्कीसँग घिनाउँछौं। कार्ल मार्क्स र फिदेल कास्त्रोको सम्झनामा हाम्रो मनमा श्रद्धा जन्मिन्छ। हाम्रो विद्रोह भनेको हिटलर र काउकेस्कीको कर्म र मानसिकताप्रति छ। व्यक्ति केही होइन। हाम्रो विद्रोह हिंसा र पाशविकता विरूद्धको विद्रोह हो।"[77]

उपन्यासमा क्रान्ति र विद्रोह कुनै एकजना शोषक व्यक्तिको विरूद्धमा मात्र होइन तर सम्पूर्ण शोषण व्यवस्था र परम्पराको विरूद्ध हुनुपर्छ भन्ने विचार राख्ने रविरत्न, रून्ना, नोरमोती, रेखारानी, पापाराई, जेम्स जयदीप जस्ता पात्र चतनशील मात्र नभएर बौद्धिक, तार्किक, आदर्शवादी र सत्यको पक्षमा निडर भई उभिने सङ्घर्षका योद्धा रूपमा चित्रित रहेका छन्। रविरत्न, जेम्स जयदीप, नोरमोती र रेखारानीको विचार र मान्यतालाई उपन्यासमा यसरी प्रस्तुत गरिएको पाइन्छ -

-"हामी समाजमा कुरीति, कुव्यवहार, कुकर्ममा लिप्त मानिसहरूलाई शत्रु ठान्नुभन्दा त्यो उनीहरूको अज्ञानता ठानेर मानव मात्रको व्यापक हितमा उनीहरूलाई आकर्षित गर्न चाहन्छौं। हामी शस्त्र उठाउने होइनौं तर मानव शोषणका सबै शस्त्रअस्त्रहरू समाप्त गर्न चाहन्छौं।

-वैचारिक शोषणको शस्त्र।

-आर्थिक शोषणको शस्त्र।

-नश्लीय प्रेम र घृणाको शस्त्र।

-भुमिगत रूपमा चल्ने नश्लीय र जातीय विष फैलाउने र एक जाति वा नश्लको वर्चस्व कायम गर्न चाहने विषयुक्त शस्त्र।

[77] भीम दाहाल, सन् २००५, पूर्ववत्, पृष्ठ २०७।

-पूँजीवादी नोकरशाहले प्रयोग गर्ने लाउके शस्त्र।

-परनिर्भरता र छोटो-मिठो भोग विलासको निम्ति मानिसलाई एकोहोर्‍याउने गलत दयाको शस्त्र।"[78]

यी पात्रहरूले मिलन समाज र प्रगतिवादी समाजका माध्यमद्वारा शोषणमूलक समाजको अन्त्य, प्रशासनमा सामन्तीहरूको एकाधिकार र एकतन्त्रीय नीति-नियमको उन्मूलन, समतामूलक समाजको स्थापना नारी शोषण, छूवाछूत आदि जस्ता रूढी परम्परावादी मान्यताको विरोध साथै नारी र पुरुषको सहअस्तित्वको चाहनाको पक्षपोषण गरेका देखिन्छन्। उपन्यासमा सामन्तवादी हैकमवादी परम्परा, दास प्रवृत्ति, नैराश्य, मानवतावादी संवेदनाहरूको ह्रासोन्मुख स्थिति आदिप्रतिको चेतना र चिन्तन-मननको विकाससँगसँगै विश्वव्यापी रूपमा एउटा गम्भीर विषयको रूपमा फैलिन पुगेको साम्राज्यवादी, पूँजीवादी व्यवस्थाप्रति पनि तीव्र आक्रोश व्यक्त गरिएको पाइन्छ। यी पात्रहरू लोभ-लालच र भयदेखिमाथि उठेर व्यवस्था सामु अटल र निडर भएर सङ्घर्ष गर्ने संकल्पका साथ अघि बढेको देखिन्छ –

-"हामीले हाम्रो वर्गीय वैरी र साम्राज्यवादी, पूँजीवादी बूर्जुवा व्यवस्थाको अघिल्तिर झुक्ने प्रश्न उठ्दैन। हाम्रो हतियार भनेको जाँड खुवाएर पालिने भुँइगुण्डाहरूको नपड्किने पिस्तोल होइन। हाम्रो हतियार भनेको हाम्रो नीति हो। हाम्रो नीतिको पहिलो परिचय नै हामी मान्छे, फगत मान्छे हौं भन्ने सोच हो। सबै आफ्नो जन्मजात थिति र संस्कारमा रहेर पनि हामी जात र नश्लभन्दा माथि उठ्नुपर्दछ।"[79]

---

[78] भीम दाहाल, सन् २००५, पूर्ववत्, पृष्ठ २०७।

[79] भीम दाहाल, सन् २००५, पूर्ववत्, पृष्ठ २०७।

उपन्यासमा रून्ना, नोरमोती, रेखारानी आदि जस्ता सचेत नारीपात्रहरूको भूमिका महत्त्वपूर्ण रहेको देखिन्छ। उपन्यासमा यी नारीपात्रहरूका माध्यमद्वारा सामन्ती व्यवस्थाप्रति तीव्र विरोध जनाइएको पाइन्छ। यसका साथै यी नारीहरूले पितृसत्तात्मक दमनद्वारा आर्थिक, शारीरिक र मानसिक उत्पीडनबाट प्रताडित नारीवर्गका निम्ति जीवन समर्पण गरेको पाइन्छ। उपन्यासमा अपेक्षित लक्ष्यमा पुग्नका खातिर क्रान्ति र विद्रोहको सङ्घर्षमा होमिएका आमा, दिदी, बहिनी आदिका रूपमा नारीको महत्ताको स्थापना गर्ने प्रयास गरिएको पाइन्छ।

उपन्यासकार दाहालले नारी-पुरुषको सहअस्तित्व, सहकार्य, समानतामूलक सङ्घर्षद्वारा मात्र समाजको कल्याण र हित हुनसक्ने, प्रगति हुनसक्ने विचार सम्प्रेषण गर्न चाहेको बुझिन्छ। यसरी परिश्रमपूर्वक र सङ्घर्षरत रहेर नारी-पुरुषको समानता, समान हक, अधिकार र न्यायको पक्षमा अघि बढ्न खोजिरहेका नारी-पुरुषका सचेतवर्गलाई नक्षवादी र हैकमवादीहरूले राजनीतिक शक्तिद्वारा छल-कपट र षडयन्त्र गरेर, कानुनको दुरपयोग गरेर, हत्याको दोष लगाएर, देशद्रोहीको आरोप लगाएर रोक्न, नियन्त्रण गर्न खोजेको देखिन्छ। प्रगतिवादी विचार र धारणालाई मूलमन्त्र बनाई अहिंसात्मक ढङ्गले समाजको दिशा निर्देश गर्ने रून्ना, नोरमोती र रेखारानी "हरेक मान्छेले मान्छे भएर शिर ठाडो गरी, घुँडा नटेकी, हरेक समस्याबाट उन्मुक्त अनि स्वतन्त्र जीवन जीउनु पाउने व्यवस्थाको स्थापना, मान्छेले मान्छेसँगै डराउनु दब्नु, दासता स्वीकार्नु र घुँडा टेक्नुपर्ने परम्पराको अन्त्य गरेर शोषण, दमन र अन्यायरहित सभ्य र सुन्दर समाजको स्थापना गर्नु"[80] जस्ता लक्ष्य लिएर आत्मसचेत भई सङ्घर्ष गरेको देखिन्छ।

दाहालका उपन्यासमा आत्मसचेत नारीपात्रहरूलाई विभिन्न क्रियाकलापमा समावेश गराइएको पाइन्छ। यसका साथै लीलारामकी आमा, राममाया, दुईजना किशोरीहरू,

---

[80] विजयकुमार सुब्बा, सन् २००५, 'भूमिका विद्रोहको घोषणा र यसको 'मेनिफेष्टो'', *विद्रोह*, भीम दाहाल, पूर्ववत्।

अन्तरी दमिनी जस्ता अचेत, अबला, स्वसत्ताविहीन, कमजोर नारीपात्रहरूलाई पनि समावेश गरिएको पाइन्छ। ग्रामीण स्वच्छ र निश्छल जनजीवनमा हुर्केका यी पात्रहरूले परम्परागत रूढी मान्यताहरूको सिकार हुन परेको देखिन्छ। अशिक्षित, असचेत पात्र भएका हुनाले आफूमाथि भएको अन्याय र शोषणको सम्मेत चेत नरहेकी लीलारामकी आमाद्वारा विवाहपछिको अस्तित्वहीन जीवन बचाइ पुरुषप्रधान समाजद्वारा निर्धारित दाम्पत्य जीवनको पराधीनताको अभिव्यक्ति प्रस्तुत गरिएको पाइन्छ। उपन्यासमा बधुवा मजदुरका रूपमा देखिएका राममाया र दुई किशोरीहरूको चित्रणद्वारा नारीहरूको अत्यन्त निरीह जीवन भोगाइलाई प्रस्तुत गरिएको देखिन्छ। यसका साथै फूलमतिको माध्यमद्वारा गरिबी र जँड्याहा पतिको कम आयस्रोतले परिवारको पालनपोषण गर्न नपुग्ने भएको हुँदा यौन व्यापार गर्न बाध्य नारीको प्रस्तुति पाइन्छ।

भीम दाहालका उपन्यासमा आत्मसचेत पात्रहरूको अध्ययन गर्ने क्रममा आएका विविध पक्ष र सन्दर्भहरूलाई यसप्रकार देखाउन सकिन्छ -

१ दाहालका उपन्यासमा प्राय: नारी-पुरुष दुवै पात्रहरू सचेत प्रवृत्तिका रहेका देखिन्छन्। यी सचेत पात्रहरूका माध्यमद्वारा राजनीतिक विसङ्गति, विकृति र समाजको द्वन्द्वात्मक अवस्थाको चित्रण गरिएको पाइन्छ।

२ उपन्यासमा कतिपय नारी पात्रहरू सचेत भए तापनि पुरुषबाट शोषित र अवहेलित बन्न पगेका देखिन्छन्। शान्ति, गंगा, राममाया, अन्तरी दमिनी आदि पात्रहरू कमजोर मनोबल भएका, शोषण, दमन र हैकमवादी प्रशासन नीति-नियमका विरूद्ध प्रतिवाद गर्न नसक्ने प्रवृत्तिका पात्रहरू हुन्।

३ उपन्यासमा समानतामूलक समाजको स्थापनामा जोड दिँदै सबैका निम्ति एकसमान सामाजिक व्यवस्था र नीति-नियम निर्धारण गर्नुपर्ने आग्रह रहेको पाइन्छ।

४ उपन्यासमा परम्परागत, रूढी मान्यताप्रति तीव्र आक्रोश र स्वार्थी राजनीतिक नेताहरूप्रति वितृष्णा रहेको देखिन्छ।

५ उपन्यासमा वर्तमान समाजका विभिन्न जटिलता, समस्या र विसङ्गतिहरूसँग जुझिरहेका नारीहरूको मूल्य-मान्यता, सङ्घर्ष र अस्तित्व स्थापनामा जोड दिइएको पाइन्छ।

## ४.२ उपन्यासमा अभिव्यक्त पुरुषवादी सोच र पुरुष प्रताडनाका सिकार भएका नारीहरूको सङ्घर्ष

नारीको आत्मसङ्घर्ष निरन्तर रूपमा प्रत्येक युगमा विद्यमान रहेको देखिन्छ। परम्परागत दृष्टिले नारीवर्गका निम्ति समाजले निश्चित नीति-नियम, मानदण्ड र आदर्शहरू निर्धारण गरेको पाइन्छ। समाजमा निर्धारित आदर्श आचार सहिंता अनुसार नै नारीजीवन संञ्चालित गर्ने आग्रह राखिन्छ अनि त्यस नीति निर्धारणको अधिकार युगौंदेखि पुरुषले आफूसँग राखेको देखिन्छ। "नारी अस्तित्व र अस्मिताको लडाई संसारका आधि जनसंख्यालाई मानव हुनुको दर्जा र प्रमाण दिलाउने लडाई हो। नारीको मनुष्यत्वलाई स्वीकार गरिनु वर्तमान मानवताको सबैभन्दा ठुलो प्रश्न रहेको देखिन्छ। आज पनि कतिपय स्थितिमा मानवको अवधारणादेखि नारीलाई अलग राखिएको पाइन्छ। पुरुषप्रधान समाजले सचेत रूपमा नै नारीलाई मावनको श्रेणी र वर्गमा राख्न नचाहेको देखिन्छ। यद्यपि समय समयमा स्वयम् नारीहरूद्वारा नै आफूलाई समाजद्वारा मानिसको गणना नगरिएको कुरामा आवाज उठाएको पाइन्छ।"[81] "आज पनि नारी मुक्तिको मूल प्रश्न उसलाई मानवको

[81] रेखा कस्तावार, सन् २०१६, *स्त्री चिन्तन की चुनौतियाँ*, पूर्ववत्, पृष्ठ २४।

रूपमा स्वाकार गर्नुको प्रश्न नै रहेको देखिन्छ। नारी हुनु र मानिस हुनु परस्पर अपवर्जित छ।"[82]

भीम दाहालका उपन्यासमा राजनीतिक सत्ताको होडबाजीमा पूँजीपति कामुक पुरुषहरूद्वारा नारीहरूको शोषण व्यापक रूपमा भई रहेको चित्रण पाइन्छ। *विद्रोह* उपन्यासमा उपन्यासकारले नारीप्रति भएका अन्याय, अत्याचारको वर्णन यस प्रकार गरेका छन् -

> -"प्रत्येक युगमा शोषण र अत्याचारको कथा नारीहरूमाथि खनिएको वीभत्स साथै कारुणिक व्यथा मुखरित भएको छ। आज पनि केही धनाढ्यका छोरी-चेलीहरू किन नहुन् तर उनीहरू परिवारको श्रृङ्गारजस्तै मात्र छन्। जस्तो कि कुनै ठुलो पत्थर छ, बिचमा चेप्टिएर फुलेरहेकी छ नारी सुनाखरी झैं, कुनै वरको रूखमा उम्रिएकी छ पीपल भएर, आफ्नो सहि जीवनको अभिमान अर्जिएर बाँच्न पाएकी छैन। पटक-पटक, सरकारको पटके ट्याक्स जस्तो, ऊ पुरुषको तनाइ र खिँचाइमा उसको ओछ्यानमा बच्रिन पुगेकी छ।"[83]

भीम दाहालले आफ्ना तीनवटै उपन्यासमा नारीको सक्रिय सहभागितालाई प्राथमिकता दिएको पाइन्छ। दाहालले उपन्यासका प्राय: जसो नारीपात्रहरूलाई पुरुषद्वारा थोपरिएका विभिन्न समस्याबाट उन्मुक्ति चाहने, आत्मनिर्भर तथा आर्थिक, सामाजिक र राजनीतिक तौरले पुरुष समान अधिकार प्राप्तिकालागि सङ्घर्ष गर्ने सामर्थ्य भएका क्षमतावान पात्रको रूपमा प्रस्तुत गर्न चाहेका छन् भन्न सकिन्छ। "नारी जन्मिएकी होइन तर बनाइएकी हो। नारीले आफ्नो सफलताको मानक पुरुषलाई नमानेर आफ्नो

---

[82] जर्मन ग्रीयर, सन् २००१, *द फिमेल्स यूनेक,* मधु.बी जोशी, (अनु), *विद्रोही स्त्री,* नयाँ दिल्ली : राजकमल प्रकाशन, पृष्ठ ५८।

[83] भीम दाहाल, सन् २००५, पूर्ववत्, पृष्ठ ९४।

अस्तित्वलाई प्राप्त गर्न आफै अग्रसरता देखाउन जरूरी छ"[84] भन्ने सिमोन वुभाको भनाइद्वारा उपन्यासकार प्रभावित रहेर उनले उपन्यासका नारीपात्रहरूलाई आफ्नो अस्तित्व र अस्मिताप्रति जागरूक भई सङ्घर्ष गर्ने चरित्रप्रदान गरेको देखिन्छ। यसका साथै दाहालका नारीपात्रहरू "नारीले जीवनमा पुरुष जस्तो बन्न विद्रोह गर्ने होइन, बरू विद्रोह गरी आफूलाई बेग्लै अवस्थामा रूपान्तरित गर्न सक्ने शक्तिलाई प्रकट गरी आफ्नो प्रामाणिक अस्तित्वलाई प्राप्त गर्न अग्रसरता देखाउनु जरूरी रहेको छ"[85] भन्ने मतबाट पनि अभिप्रेरित देखिन्छन्।

भीम दाहालका उपन्यासहरूमा नारी-पुरुषको सहअस्तित्वलाई महत्त्व दिइएको पाइन्छ। "अस्तित्वले उपस्थिति र स्थापत्यलाई जनाउँछ।"[86] दाहालका उपन्यासहरूमा नारी-पुरुष दुवैको उपस्थिति र स्थापत्यलाई टड्कारो रूपमा प्रस्तुत गरिएको देखिन्छ। उपन्यासमा अबला र सबल, सचेत र असचेत, कमजोर मनोबल भएका र सामर्थ्यवान, विद्रोही, जुझारू र मूक दुवै किसिमका नारीपात्रहरू रहेका देखिन्छन्।

*अभीष्टको खोज* उपन्यासकी शान्तिले हाकिम नेत्रप्रसादद्वारा बलात्कार गरिनु र गर्भ ठहरिनुको साटोमा पैसाको लेनदेन गरेकी देखिन्छ भने सोही अफिसकी सहकर्मी गंगाले नेत्रप्रसादद्वारा नै बलात्कृत बनेकी कुरा कसै सामु भन्न सक्दिन। यी दुई बलात्कृत नारीहरूले दोषी पुरुषको विरूद्ध कुनै ठोस कार्यवाही गर्न नसक्नुलाई यी नारीहरूका मनमा भएको समाजको एकपक्षीय नियमप्रतिको डर र त्रास मान्न सकिन्छ।

यसरी नै *अभीष्टको खोज* उपन्यासका अर्का दुई पात्रहरू धनमाया र सिक्टेरनी कान्छी पुरुषवादी रूढी परम्परागत मान्यताद्वारा पीडित अनि स्वसत्ताविहीन पात्रका रूपमा

---

[84] सिमोन वुभा, सन् २०११, *द सेकेन्ड सेक्स*, पूर्ववत्, पृष्ठ १२१।

[85] सिमोन वुभा, सन् २०११, पूर्ववत्, पृष्ठ १७७।

[86] गीता त्रिपाठी, वि सं २०७०, 'उत्तरवर्ती नेपाली कवितामा नारी आस्तित्विक चेतना', सुधा त्रिपाठी र सीता पन्थी (सम्पा.), *नेपाली नारीवादी समालोचना*, काठमाडौं : प्रज्ञा प्रतिष्ठान, पृष्ठ २०३।

देखा परेका छन्। यी नारीहरू सामाजिक थोत्रे परम्परा, धर्म र सांकृतिक मान्यताका नाममा गरिने दमनको सिकार भएका देखिन्छन्। धनमायाको पहिलो पति विष्णुप्रसाद बाँस्कोटाले गरिब र असहाय भएका कारण जीवित र मृत दुवै अवस्थामा समाजबाट दमित भई आफ्नो पूरा नाउँ समेत नपाएको चित्रण उपन्यासमा यसरी गरिएको पाइन्छ -

> -"स्वर्गीय भइसकेपछि पनि विष्णुप्रसाद बाँस्कोटाले समाजबाट आफ्नो पूरा नाम पाएन। उसलाई जीवित र मृत दुवै अवस्थामा विष्णे भनिन्छ। धनमायाको आफ्नो नाम पूजामा/श्राद्धमा पानी चढाउँदा मात्र प्रयोग हुनेगर्छ। नत्र अरूबेला उ पतिकै उधारो नामले चिनिन्छे - बढो सजिलो भइदियो - विष्णेकी बूढी। प्रत्येक विधवीले आफ्नो कुनै विशेष अपराध नभए पनि, पाए झैं एउटा विशेषण धनमायाले पनि पाएकी छ, भनिहाल्छन्, 'पोइ टोकवी'।"[87]

यसरी समाजमा गरिबवर्गप्रति धनीवर्गले गर्ने उपेक्षा, दमन र हेपाइको सिकार धनमाया र उसको पति भएका देखिन्छन्। आफ्नो नामले समेत सम्बोधन नगरिएकी धनमाया परिचयविहीन बनेकी देखिन्छे। पतिको मृत्युपश्चात् गरिब, सहाराहीन धनमायाले आफ्ना सन्तानको पालनपोषण गर्न कठोर परिश्रम गर्नु परेको वर्णन उपन्यासमा यसरी गरिएको पाइन्छ - "कुन कुन कठिनाइ, सङ्घर्ष र विषमतासँग त्यस विधवीले आफ्नो इज्जत र नानीहरूको पेट ढाकी, त्यो कुरो विवरणसाध्य छैन।"[88] धनमाया गरिब हुनु र विधवा नारी हुनुका कारण पुरुषवर्चस्ववादी समाजबाट दोहोरो उत्पीडनको सिकार भएकी देखिन्छ। यसरी उपन्यासमा सामाजिक नीति र नियतिका कारण नारीहरूले भोग्नु परेको विभिन्न समस्याहरूको राम्रो चित्रण गरिएको पाइन्छ।

---

[87] भीम दाहाल, सन् १९९३, पूर्ववत्, पृष्ठ ६।

[88] भीम दाहाल, सन् १९९३, पूर्ववत्, पृष्ठ ७।

यस उपन्यासकी अर्की नारीपात्र सिक्टेरनी कान्छी पुरुषसत्तात्मक हैकमवादी रूढी संस्कार, मान्यता र परम्पराद्वारा पीडित अनि दमित बनेकी देखिन्छ। नारीहरूलाई बाल्यकालदेखि नै पुरुषप्रति समर्पित र आश्रित हुनुपर्ने, आफ्ना इच्छाहरूको त्याग गर्नुपर्ने, पुरुषलाई पूर्णरूपले प्रेम गरेर त्यसमा वफादार हुनुपर्ने जस्ता आदर्श र नैतिक शिक्षाहरू दिइन्छ। नारीलाई मात्र यस्ता शिक्षा र संस्कार दिइनु युक्तिसङ्गत देखिदैंन। यस संस्कारलाई पुरुषप्रभुत्ववादी समाजमा नारीलाई तल्लो दर्जा दिएर सधै पुरुषको अधिनस्थ रहने र जीवनभर नोकरजस्तो भई बस्ने प्रयास गरिनु बाहेक अरू केही नरहेको अनुमान लगाउन सकिन्छ। उपन्यासमा सिक्टेरनी कान्छीलाई सधै पतिको अधिनस्थ रहेकी पराश्रय नारीको रूपमा चिनाइएको पाइन्छ र उसलाई पुरुषलाई परमेश्वर ठान्ने हैकमवादी सोचको पक्षपोषक पात्रका रूपमा लिन सकिन्छ।

*अभीष्टको खोज* उपन्यासमा शिक्षित र अशिक्षित दुवै किसिमका नारीहरू प्रस्तुत गरिएका छन्। शिक्षित र अशिक्षित दुईवर्गका नारीहरूमा पनि सहर र दुर्गम ग्रामीण इलाकाका नारीहरूको जीवन बचाइलाई सूक्ष्म रूपले चित्रण गरिएको पाइन्छ। गाउँ र सहरको जीवन बचाइ अलग-अलग रहे तापनि जीवनका दु:ख र सङ्घर्ष नारीका लागि दुवैतिर एउटै रहेको देखिन्छ। शिक्षित र अशिक्षित, सचेत र अचेत, सक्षम र असक्षम दुवैका लागि शोषण, दमन, अन्याय उस्तै नै रहेको पाइन्छ, केवल सङ्घर्ष र शोषणको रूपमात्र अलग रहेको पाइन्छ तर समाजको नीति नियम भने उही रहेको देखिन्छ।

*अभीष्टको खोज* उपन्यासमा तीन पुस्ताका नारीहरूको जीवन बचाइ र भोगाइलाई मुख्य रूपमा चित्रण गरिएको छ। पहिलो पुस्ताकी नारीको अवस्थालाई सिक्टेरनी कान्छीको माध्यमद्वारा देखाइएको छ। दोस्रो पुस्ताकी नारीको प्रतिनिधित्व धनमायाले गरेकी छ भने तेस्रो पुस्ताकी नारीको रूपमा शान्ति उभिएकी देखिन्छ। पहिलो पुस्ताकी नारी सिक्टेरनी कान्छी रूढीवादी मान्यताको जञ्जालदेखि माथि उठ्न र जुध्न नसकेका

कारण साट्ठी वर्षको उमेरमा आत्महत्या गर्नपुग्छे। दोस्रो पुस्ताकी नारी धनमाया आर्थिक विपन्न स्थिति र नारी हुनुका कारण सहनुपर्ने खसीले गर्दा दोहोरो मारमा परेकी देखिन्छे। धनमाया जीवनको उत्तरार्द्धमा लीलारामको साथ पाएर केही सुखको अनुभव गर्न पाउँछे भने तेस्रो पुस्तामा शान्ति आफ्नो हक, अधिकारप्रति सचेत भए तापनि पुरुषको मौकावादी प्रवृत्ति र षडयन्त्रद्वारा शोषित बनेकी देखिन्छ। उपन्यासको अन्तमा मात्र शान्तिले विवाह नगर्ने तथा पुरुषको सहचर्यामा जीवन नबिताउने बरू स्वतन्त्र जीवनयापन गर्ने निर्णय लिएको पाइन्छ।

समग्रमा हेर्दा तीनै पुस्ताका नारीहरूको जीवन स्तरमा व्यापक परिवर्तन देखा परेको छैन। लीलारामकी आमा सिक्टेरनी कान्छीदेखि शान्तिसम्म आइपुग्दा पनि पितृसत्ताको वर्चस्व र अन्याय यथावत रहेको देखिन्छ। तथापि उपन्यासमा नारीहरूको यौन स्वतन्त्रतालाई फूलमति, प्रणिता र शान्तिकाका माध्यमद्वारा उजागर गरिएको पाइन्छ। फूलमति, प्रणिता र शान्तिले आफ्नो इच्छा अनुसार पुरुषसँग यौनसम्बन्ध स्थापित गरेको पाइन्छ। यी नारीहरूका माध्यमद्वारा उपन्यासमा नारीको शरीरसँग गरिने राजनीति समाजद्वारा निर्मित रहेको हुन्छ भन्ने तथ्यको उद्घाटन गरिएको देखिन्छ। यौनप्रतिको लैङ्गिक भेदभावको विरोध प्रकट गर्दै फूलमति, प्रणिता र शान्तिले परपुरुषसँग शारीरिक सम्बन्ध राखेको देखिन्छ अर्थात् यस उपन्यासमा नारी स्वतन्त्रता र समानताको स्थापना गर्ने चाहना र आकाङ्क्षा राखिएको देखिन्छ।

यसरी नै *द्रोह* उपन्यासका राममाया अनि दुई नोकर्नी किशोरीहरू र *विद्रोह* उपन्यासका अन्तरी दमिनी गरिब, अशिक्षित, असचेत र पराश्रित भएका कारण कामुक पुरुषद्वारा यौनशोषण गरिएपछि हत्या समेत गरिएका देखिन्छन्। आफ्नो कौमार्य र शरीरको सुरक्षा गर्न नसक्ने राममाया अर्को कोही मानिस आएर उसको सुरक्षा गरिदिन्छ भन्ने आशा गर्छे त्यसैले आफूप्रति भएको शोषणको प्रतिवाद गर्न ऊ असमर्थ रहेकी छे-

"दिदी राममाया भुजेल्नी छैन हरे ! मरी हरे भन्ने सुन्नुपर्छ है। मलाई पक्का मार्छन्। मलाई मार्छन् दिदी ! मेरो लागि बोल्ने को छ र? मेरो खोजखबर गर्ने को छ? त्यसपछि त्यो घोप्टिन्थी, खोलामा हेरिरहन्थी।"[89] राममायामा आफ्नो समस्या, दु:ख र पीडा हरण गर्न अन्य कसैको प्रतिक्षा गर्नु भन्दा आफ्नो क्षमता र सामर्थ्य जुटाएर त्यस समस्याको समाधान आफैले गर्नसक्नुपर्ने आत्मबलको कमी रहेको देखिन्छ।

दाहालको *विद्रोह* उपन्यासमा छूवाछूत र जातीय भेद जस्तो अमानवीय परम्पराको चपेटमा परेर बलात्कृत र हत्या जस्तो विभत्स घटना भएको चित्रण पाइन्छ। यस उपन्यासमा अन्तरी दमिनी नामक पात्र पूँजीपति शोषक धनकबहादुर संजेलको भोग-विलासको सिकार भएकी देखिन्छे। धनकका मिठा-मिठा कुरा र बाचा-बन्धनमा परेर अन्तरीले ज्यान गुमाउनु परेको देखिन्छ -

> -"एउटा जमानाले एउटी दोजिया 'अछूत कन्या'-लाई त्यतै लगेर दबाएको थियो। त्यस कन्याको रूप लावण्य र स्वर दुश्मन भएको थियो। उसँग सौन्दर्य थियो, शिक्षा थिएन; स्वर थियो, संगीत थिएन।...उसले धनकबहादुर संजेलको नजन्मिएको नानीको जात र थातको डरले घाँटी दवाइएर मर्नुपरेको थियो। एउटा नजन्मिएको नानीको डरले पाँच हजार वर्षीय वर्ण व्यवस्थामा धेरै अन्तरीहरू आमा बन्न नपाई मुर्दा भएका छन्। आज पनि यो वर्ण व्यवस्था र वर्ण विभाजनका घातक एजेण्टहरू यथावत् छन्।"[90]

यस प्रकार उपन्यासमा जातीय भेद, छूवाछूत र वर्ण व्यवस्थाको अन्यायपूर्ण र अमानवीय व्यवस्थाको आतङ्कित पञ्जामा परेर एउटी निर्दोष नारीको हत्या भएको देखिन्छ। *विद्रोह* उपन्यासमा अन्तरी दमिनीप्रति गरिएको अन्याय र हत्यालाई धनाढ्य

---

[89] भीम दाहाल, सन् २००२, पूर्ववत्, पृष्ठ ४३।
[90] भीम दाहाल, सन् २००५, पूर्ववत्, पृष्ठ १८१।

पूँजीपति पुरुषद्वारा गरिएको कार्य भएको हुनाले त्यसलाई सजिलै ढाक-छोप गरिएको पाइन्छ। समाजले पनि यस घटनालाई सामान्य घटना मानिलिएको चित्रण पाइन्छ। समाजको यस प्रकारको लपरवाह प्रवृत्ति र व्यवहारप्रति उपन्यासकार दाहाल असन्तुष्ट रहेका देखिन्छन्। समाजको खोक्रो आडम्बर, झुटो मान-मर्यादा, देखावा र शानको आडमा नारीहरूले आफ्नो अस्तित्व, स्वाभिमान र आत्मबलिदान गर्नुपर्ने, प्रत्येक पल्ट अग्निपरीक्षा दिनुपर्ने अनि समाजको एकपक्षीय र अराजकतापूर्ण नीतिप्रति उपन्यासकारले यसो भनेको पाइन्छ -

> -"अन्तरीको कथा उसको हत्यासँग समाप्त हुन्छ भने हजारौं अन्तरीहरू दिनहौं आत्महत्या र आत्मश्लाखा बाँचिरहेछन्। उनीहरूकै अघाडि सीता घिस्याएर ल्याउने रावणहरूको चरणपूजामा दिन, हप्ता, महीना, वर्ष, युग र शताब्दीहरू बितेका छन्। मन्दोदरा पैदा गरेको छ युगले। थाहा छ अशोक बाटिकामा राखिएकी सुन्दरी (अति रूपवन्ती सीता) सीतासँग जीववैज्ञानिक सान्निध्यको निम्ति उनको विद्वान् र वीर पति रावण आतुर छ, तापनि मन्दोदरा रानी हुन्, पत्नी हुन्, पतिव्रता हुन र नै उनले रावणको पाउमा आफ्नो समर्पण जनाउनु छ। हाम्रो शास्त्र यस्तो छ।"[91]

दाहालका उपन्यासमा नारीहरूको अवस्था र स्थितिलाई हेर्ने विभिन्न आधार रहेको पाइन्छ। तीमध्ये आर्थिक, सामाजिक, शैक्षिक, राजनीतिक, सांस्कृतिक, लैङ्गिक, पेसा जस्ता विभिन्न आधार छन्, जसले नारीहरू किनारामा पारिएका छन्। सर्वहारा समाजमा अछूत वर्ग भनेर तिरस्कार गरिएकी नारी अन्तरी दमिनीलाई वर्गीकृत र किनारीकृत नारीहरूको प्रतिनिधि पात्रका रूपमा चित्रण गरिएको पाइन्छ। उपन्यासमा अन्तरी

[91] भीम दाहाल, सन् २००५, पूर्ववत्, पृष्ठ ९४।

दमिनीलाई अशिक्षित, उत्पीडित, उपेक्षित, पराधीन, शासित, अबला नारी चरित्रको रूपमा प्रस्तुत गरिएको पाइन्छ।

प्रभुत्व वा वर्चस्व भन्नाले बलवानले कमजोरमाथि गरिने हैकम, दबदबा, धाक अथवा कुनै संस्था वा व्यक्तिको मालिक्याइँ, सर्वोच्चता वा श्रेष्ठता भन्ने अर्थ लगाइन्छ। प्रभुत्व विभिन्न प्रकारका हुन्छन्। साधारणतः "बहुसङ्ख्यकले अल्पसङ्ख्यकमाथि, उच्चवर्गले निम्नवर्गमाथि, उच्चजातिले निम्नजातिमाथि, ठुला धर्मले साना धर्ममाथि, मुख्य भाषाले अन्य भाषामाथि, पुरुषले नारीमाथि, पुरुष र नारीले तेस्रोलिङ्गीमाथि, विषम लिङ्गीले समलिङ्गीमाथि, सबलाङ्गले अपाङ्गमाथि, योग्यले अयोग्यमाथि प्रभुत्व गरिरहेको हुन्छ।"[92] दाहालका उपन्यासमा निहित समाजमा प्रभुत्वको यस्तो श्रृङ्खलालाई विभिन्न किसिमले चित्रण गरिएको पाइन्छ। यसमध्ये प्रमुख रूपमा पूँजीपति सामन्तीहरूद्वारा गठन गरिएको प्रशासन व्यवस्था र राजनीतिमा पुरुषवर्चस्ववादी, हैकमद्वारा एकातिर सर्वसाधारण जनमानसप्रति अनि अर्कोतिर नारीहरूप्रतिको थप प्रभुत्व, दमन र विभेदलाई चित्रण गरिएको पाइन्छ।

भीम दाहालका उपन्यासमा प्रजातन्त्रको आगमनले नारी जीवनमा ल्याएको परिवर्तन अनि समाजमा आर्थिक, सामाजिक, शैक्षिक, राजनीतिक, सांस्कृतिक, लैङ्गिक, धार्मिक आदि पक्षहरूमा पारेको प्रभावहरूलाई व्यापक रूपमा चित्रण गरिएको पाइन्छ। प्रजातन्त्रको आगमनसँगसँगै ग्रामीण र सहरीया दुवै परिवेशमा राजनीतिक दलालहरूको वर्चस्व बढेको देखिन्छ। यिनका उपन्यासमा प्रशासन, कानुन व्यवस्था, राजनीतिक सत्ता सबै नै पुरुषकेन्द्रीत अनि पुरुषद्वारा नै सञ्चालित र नियन्त्रित रहेको देखिन्छ। प्रशासन, राजनीतिक सत्ता र शक्तिको नेतृत्वमा नारी प्रतिनिधि छैनन्। अरविन्द जैनको *न्याय क्षेत्रे : अन्याय क्षेत्रे* पुस्तकअनुसार "अन्तर्राष्ट्रीय श्रम संगठन (संयुक्त राष्ट्र संघ)-को एउटा

[92] कुमारप्रसाद कोइराला, वि सं २०७२, 'समकालीन नेपाली कवितामा राजनीतिक चेतना', अमर गिरी र अन्य (सम्पा.), *प्रज्ञा समकालीन नेपाली कविताविमर्श*, काठमाडौं : नेपाल प्रज्ञा प्रतिष्ठान, पृष्ठ १७३।

रिपोर्ट अनुसार पुरुषहरूको बराबरीमा आर्थिक र राजनीतिक सत्ता पाउन नारीहरूलाई अझ हजार वर्ष लाग्नेछ, किनभने संसारको अन्ठानब्बे प्रतिशत (९८ %) पूँजीमा आजसम्म पुरुषहरूको कब्जा रहेको छ।"[93] संयुक्त राष्ट्र संघको उक्त रिपोर्टको दाबीलाई *द्रोह* र *विद्रोह* उपन्यासमा चित्रित समाजले पनि पुष्टि गरेको देखिन्छ। सरकार पक्षका सम्पूर्ण फैसला, निर्णय र नीति निर्धारण गर्ने कार्यमा नारीको सहभागिता शून्य देखाउनुलाई नारीको क्षमतामाथि विश्वास नरहेको मान्न सकिन्छ। प्रशासन र सत्तामा नारी प्रतिनिधि नरहेको कारण समाजमा नारीहरू पुरुषद्वारा प्रतिबन्धित भई परतन्त्र जीवन बाँच्न विवश हुनपरेको अनुमान गर्न सकिन्छ। नियन्त्रण नै शोषणको आधार भएकोले दाहालका उपन्यासका नारीहरू पुरुषको नियन्त्रणमा रहेर शोषित जीवन बाँच्न बाध्य छन् भन्न सकिन्छ।

दाहालका उपन्यासका राजनीतिक साथै कानुनी क्षेत्रमा पनि नारीहरूको सहभागिता देखिदैंन। तथापि मुन्ना, रून्ना, नोरमोती, रेखारानी जस्ता नारीहरू शिक्षित, सक्रिय, सहासी, तार्किक र आत्मविश्वासले पूर्ण भएका हुनाले यी नारीहरूले विभिन्न किसिमका शोषणप्रति विद्रोह र क्रान्ति गर्दै असचेत नारीहरूलाई जागरूक र सचेत बनाउने सामर्थ्य राखेको पाइन्छ। अस्तित्वसचेत रहेकाले यी नारीहरूले पुरुषवादी सोच र व्यवस्थाको विरोध गरेका छन्, तथापि सत्ताको पछि झण्डा लिएर हिडेका भने छैनन्। यसभन्दा बढी यी नारीहरूले नारी-पुरुष दुवैको हित गर्ने, समानतामूलक समाज व्यवस्थाको स्थापना गर्ने इच्छा राखेको पाइन्छ। "पूँजीवादी व्यवस्थाको अन्त्य, नारी स्वतन्त्रता र मुक्तिका निम्ति चालिएको पहिलो कदम हो"[94] र "बौद्धिक क्षमताको दृष्टिले नारीहरू पुरुषभन्दा पछाडि छैनन् तर सामाजिक पराधीनताले उनीहरूको स्वतन्त्र

---

[93] अरविन्द जैन, सन् २००२, *न्याय क्षेत्रे : अन्याय क्षेत्रे,* नयाँ दिल्ली : राजकमल प्रकाशन, पृष्ठ २५८।

[94] जोन स्टुअर्ट मिल, सन् २०१६, *स्त्रियों की पराधीनता,* पूर्ववत्, पृष्ठ १७।

व्यक्तित्व र सिर्जनात्मकतामा अङ्कुश लगाउने काम गरेको छ"[95] भन्ने विचार र मान्यताबाट मुन्ना, रून्ना, नोरमोती, रेखारानी आदि नारीहरू प्रभावित रहेका देखिन्छन्। यसैले उनीहरू निरन्तर शोषण व्यवस्थाको अन्त्य गर्ने दिशा तर्फ अग्रसर रहेका पाइन्छ। यी नारीहरूलाई बौद्धिक, विद्रोही, सङ्घर्षशील नारीका प्रतिनिधि पात्र मान्न सकिन्छ।

समग्रमा दाहालका उपन्यासमा अभिव्यक्त पुरुषवादी सोच र पुरुष प्रताडनाका सिकार भएका नारीहरूको सङ्घर्षलाई निम्न तरिकाले हेर्न सकिन्छ -

१ भीम दाहालका उपन्यासमा बालविवाह, बहुविवाह र अनमेलविवाहका कारण पारिवारिक हिंसा, शारीरिक र मानसिक यातनाका सिकार बनेका नारीहरूको चित्रण पाइन्छ।

२ उपन्यासमा उच्च शिक्षा र बौद्धिक अपरिपक्वताका कारण पुरुषप्रभुत्वको विद्रोह गर्दा सहि ढङ्गले गर्न नसक्ने नारीपात्रहरूको प्रस्तुति रहेको पाइन्छ।

३ उपन्यासमा पुरुषप्रधान समाजको एकपक्षीय नियमको प्रस्तुतिद्वारा एकपाखे, लङ्गडो सामाजिक व्यवस्थाप्रति व्यङ्ग्य गरेको पाइन्छ।

४ उपन्यासमा अभिजात्य वर्गको फोस्रो इज्जत, स्वार्थमा केन्द्रित मनोवृत्ति, नारीप्रति हुने दुरव्यवहार र शोषण, पुरुषतन्त्रका नाममा हुने अत्याचार र त्यसबाट उत्पन्न विकृति आदिको चित्रण पाइन्छ।

५ उपन्यासहरूमा नारी-पुरुष दुवैले व्यक्तिगत स्वार्थदेखि माथि उठेर सङ्गठित रूपमा अघि आएर समाजका विश्रृङ्गखलित पक्षहरू, समस्याहरू र कठिनाइहरूको विरूद्ध सामुहिक आवाज उठाउनु पर्ने तथा त्यसैमा ढृढतापूर्वक स्थिर रहेर उचित कार्यहरू गर्नुपर्ने सङ्केत गरिएको देखिन्छ।

---

[95] जोन स्टुअर्ट मिल, सन् २०१६, पूर्ववत्, पृष्ठ २५।

६ नारीहरूका विभिन्न चरित्रद्वारा उपन्यासकारले अबका नारीले साधारणत: सामाजिक जीवन जीउनका लागि आफ्नो सीमासम्म उभिएर आफ्नो व्यक्तित्वको विकासमा अवरोध नहुने स्थितिसम्म सहिष्णुता र सहनशील प्रवृत्ति अङ्गाल्नु पर्छ भन्ने विचारको संञ्चार गर्ने कार्य गरेका छन्, जुन समयानुकूल रहेको देखिन्छ।

**४.३ समाज निर्माण वा सामाजिक संरचनाका स्तम्भका रूपमा नारी-पुरुष चरित्रको भूमिका**

भीम दाहालका उपन्यासमा बौद्धिक र चेतनशील समूहलाई नायक र पथप्रदर्शकको रूपमा प्रस्तुत गरिएको पाइन्छ। उपन्यासकार दाहाल प्रगतिवादी मान्यताको अनुयायी देखिन्छन्। उपन्यासमा समाजमा व्याप्त विभिन्न प्रकारका अनमेल स्थितिलाई सुव्यवस्थित बनाउने, सुन्दर, सुखद र समतामूलक समाज व्यवस्थाको विशाल आकाङ्क्षालाई पापाराई, रविरत्न, कुलुङ सुबेदार, जेम्स जयदीप, मुन्ना, रून्ना, नोरमोती आदि पात्रहरूका माध्यमद्वारा प्रतिपादित गरिएको पाइन्छ। उपन्यासमा वर्णित जन कल्याण समिति, मिलन समाज, प्रगतिवादी समाज जस्ता शिक्षित र बौद्धिक युवाहरूद्वारा गठित समाज कुनै एकजना व्यक्तिको विरूद्धमा उठेको समाज नभएर शोषणमूलक राजनीतिक सत्ता र व्यवस्थाको परिवर्तनका लागि सङ्गठित समाज रहेको देखिन्छ। यस सङ्गठित समाजका सक्रिय सदस्यहरू क्रमश: शान्ति, इन्द्रकमल थपलिया, सुबेदारनी आमा, जिल्लाराम, लेखलाल, पापाराई, रविरत्न, कुलुङ सुबेदार, जेम्स जयदीप, मुन्ना, रून्ना, नोरमोती, रेखारानी, एल बि सर, रामलाल आदि रहेका छन्। सङ्गठनका यी सदस्यहरूले व्यक्तिगत स्वार्थ र महत्त्वाकाङ्क्षा पूर्ति गर्ने सोचदेखि माथि उठेर सर्वहारा र सम्पूर्ण शोषित जनसमुदायको अथवा समाजको हक, हित र सुरक्षाका निम्ति आफ्नो जीवन नै जनकल्याण एवम् समाज निर्माणका सङ्घर्षमा होम्ने विचार राखेको पाइन्छ।

"स्वतन्त्रता र मुक्तिको चेष्टा सामुहिक रूपमा गरिनुपर्छ"[96] भन्ने आदर्शकै समर्थनमा उपन्यासमा स्वतन्त्र र मुक्तिको चेष्टा नारी-पुरुष दुवै वर्गले सामुहिक रूपमा गरेको देखिन्छ। *अभीष्टको खोज* उपन्यासमा शिक्षित युवा वर्गद्वारा जन कल्याण समिति नामक सङ्गठनको स्थापना गरेको पाइन्छ। यस सङ्गठनले नाटक मञ्चनद्वारा असचेत जनमानसमा जागरूकता र सचेतना फैलाउने मुख्य लक्ष्य राखेको देखिन्छ। उपन्यासमा समितिको लक्ष्यबारे स्पष्ट गर्दै यसो भनिएको पाइन्छ -

> -"हामी 'मुना-मदन' गीति नाटक गरौं, 'मुकुन्द इन्दिरा' मञ्चन गरौं। 'मुटुको व्यथा' छ, 'अमरसिंह' छ। हामी कलाबाट सिर्जना थालौं। कला भन्दा शक्तिशाली राजनीति हुँदैन किनभने राजनीतिज्ञको विकल्प हजार छन्, कलाकारको छैन।"[97]

यसरी उपन्यासमा जन कल्याण समिति गठन भएपछि त्यस सङ्गठनद्वारा समाज परिवर्तनको सङ्केत उल्लेखित "प्रजातन्त्रको एउटा सानो बिरूवा रोपियो त्यहाँ"[98] भन्ने वाक्यद्वारा गरिएको छ भन्न सकिन्छ।

भीम दाहालको दोस्रो उपन्यास *द्रोह*मा मिलन समाजको गठनद्वारा समाजमा आमूल परिवर्तनको ध्येय राखिएको पाइन्छ। मिलन समाजको माध्यमद्वारा सुबेदारनी आमा, मुन्ना, रविरत्न, कुलुङ सुबेदार, लेखलाल, जिल्लाराम, एल बि सर, रामलाल भट्टराई आदि पात्रहरूले प्रगतिवादी विचारद्वारा प्रेरित भएर परिवर्तित समाजको कल्पना र चाह राखेका छन्। यस उपन्यासमा सर्वप्रथम मुन्नाले शोषित जनमानसमा सचेतना र जागरूकता फैलाउने, शोषण, दमनका विरूद्ध द्रोह गर्नुपर्ने, प्रत्याक्रमण गर्नुपर्ने सोचको बीजारोपण गर्ने महत्त्वपूर्ण काम गरेको देखिन्छ। मुन्नाको यस सचेत र महत्त्वपूर्ण

---

[96] सिमोन वुभा, सन् २०११, *द सेकेन्ड सेक्स,* पूर्ववत्, पृष्ठ ३४४।
[97] भीम दाहाल, सन् १९९३, पूर्ववत्, पृष्ठ १८१।
[98] भीम दाहाल, सन् १९९३, पूर्ववत्, पृष्ठ १८१।

प्रयासद्वारा नै कुलुङ सुबेदार प्रेरित भएको र उसले गाउँका अन्य मानिसहरूलाई सङ्गठित गरेर मिलन समाजको स्थापना गरेको देखिन्छ।

मिलन समाजका गाउँका प्रत्येक शोषित मानिसको समस्यालाई सम्बोधन गर्ने नारी, पुरुष, दलित, अल्पसङ्ख्यक आदि विभेद नगरि प्रत्येक नागरिकको हक, हित र अधिकारको पक्षमा वकालत गर्ने लक्ष्य राखेको देखिन्छ। यसैकारण रविरत्नले सङ्गठनको अभिवृद्धिका निम्ति सम्पूर्ण जनताले उचित सहयोग गर्नुपर्ने, योगदान पुऱ्याउनुपर्ने आग्रह राखेको पाइन्छ। यस सङ्गठनका सदस्यहरूद्वारा शोषित वर्गको पृष्ठपोषकहरूलाई दण्ड दिइने फैसला गरिएको देखिन्छ। उपन्यासमा शोषित र भयभीत जनमानसमा एकता र सचेतताका कारण आएका परिवर्तनको चित्रण यसरी गरिएको पाइन्छ -

> -"जो एकतमा आउँदैन त्यही ठुन्किन्छ। त्यसकै काल आउँछ। कोही पनि समाजबाट अलग्ग भयो कि मऱ्यो। रिधाङ पल्टन भयो अब। रिधाङमा यस्तो घटना कहिल्यै भएको थिएन। मानिसहरू डराइरहन्थे कडा कुरा भयो भने लुसुक्क सभा-बैठकबाट हराइरहन्थे।"[99]

दाहालका *अभीष्टको खोज, द्रोह* र *विद्रोह* तीनवटै उपन्यासमा वर्ग सचेतना र वैचारिक क्रान्तिको आवेगलाई रोक्ने, छेकावार लगाउने प्रयास गरिएको देखिन्छ। जन कल्याण समितिको प्रमुख संञ्चालिका शान्ति र यसै सङ्गठनको सक्रिय सदस्य इन्द्रकमल थपलिया यसरी नै मिलन समाजका कर्मठ सदस्यहरू कुलुङ सुबेदार, लेखलाल र जिल्लारामलाई राज्यको विरूद्ध, जनमानसको विरूद्ध र सत्तासीन राजनीतिक पक्षको विरूद्धमा जनसमुदायलाई भट्काने काम गरेको झूटो आरोप लगाएर षडयन्त्रपूर्ण ढङ्गले जेलमा थुनिने काम गरिएको देखिन्छ। यस घटनापछि जनमानसमा फैलिएको सचेतना र

[99] भीम दाहाल, सन् २००२, पूर्ववत्, पृष्ठ ४२-४३।

जागरूकताले अझ भीषण रूप लिएको देखिन्छ। समतामूलक र व्यवस्थित समाजको निर्माण गर्ने उद्देश्य राखेका सचेत वर्गको द्रोह र सचेतनालाई रोक्ने, बाधा पुऱ्याउने सरकारको योजना विफल भएको देखिन्छ। सचेतनाको आवेग थामिनको साटो अझ प्रबल भई थप उत्साह र जोशका साथ अघि बढेको देखिन्छ।

*द्रोह* उपन्यासका सचेत पात्रहरू कुलुङ सुबेदार, रविरत्न, लेखलाल, एल बी सर, जिल्लाराम आदिसँग शिक्षित र चेतनशील नारीपात्रहरू मुन्ना र सुबेदारनी आमाले सुस्वाथ्य र व्यवस्थित समाज निर्माणमा उल्लेखनीय योगदान पुऱ्याएको देखिन्छ। यस उपन्यासमा सिक्किमको राजनीतिक गतिविधिको चित्रण सँगसँगै दार्जिलिङको सामाजिक, आर्थिक र विशेष रूप राजनीतिक परिवेशको स्थिति वर्णन गरिएको पाइन्छ। उपन्यासमा प्रशङ्गवश रविरत्नकी प्रेमिका प्रतिभाको चर्चा गरिएको पाइन्छ। दार्जिलिङ कलेजकी छात्र प्रतिभा मानसिक, बौद्धिक र तार्किक गुणले युक्त देखिन्छे। रविरत्न र प्रतिभा दुवै पात्रहरूमा शोषण, दमन र अत्याचारको विरूद्ध क्रान्ति र विद्रोह गर्नुपर्छ भन्ने विचार रहेको देखिन्छ। "म घूडा टेकेर मर्न चाहन्नँ"[100] भन्ने प्रतिभाले दार्जिलिङको राजनीतिक आन्दोलनमा सक्रिय सहभागिता जनाएकी देखिन्छ र यसै आन्दोलनको क्रममा प्रतिभा सहिद बनेकी चर्चा उपन्यासमा पाइन्छ। उपन्यासमा प्रतिभाको माध्यमद्वारा आफ्नो देश र राज्यको हितका निम्ति ज्यान दिन पनि पछि नहट्ने निर्भीक, सहासी र कर्मठ नारी चरित्रलाई उजागर गरिएको पाइन्छ।

*द्रोह* उपन्यासमा राजनीतिक विकृति र दमनसँगसँगै छूवाछूत प्रथा र यसले ल्याउने सामाजिक विषमता र विभत्सताप्रति उपन्यासकार चिन्तित रहेका देखिन्छन्। प्रस्तुत उपन्यासमा छूवाछूत प्रथाले मानव मूल्यको अवमूल्यन गरेको, समाजलाई अग्रगतितिर जान बाधा व्यवधान उत्पन्न गरेको, सभ्य सापेक्ष नवीन मानवोपयोगी

[100] भीम दाहाल, सन् २००२, पूर्ववत्, पृष्ठ २१७।

विज्ञानतिर उक्लन नदिएको, सङ्गठन शक्ति निर्माण गर्न छेकावार लाएको, सहरको सभ्यता खोसेको आदि घटनाद्वारा सरकारी अफिसर र राजनीतिक दलालहरूको कुकृत्यको भण्डाफोर गरिएको पाइन्छ। उपन्यासको उत्तरार्द्धमा मिलन समाजको सक्रियतामा थालिएको सङ्घर्षले कानुनी प्रक्रियाद्वारा यस्ता पुरातन्पन्थी रूढी मान्यता र प्रथाका पृष्ठपोषक तथा जातीय शोषण-दमन व्यवस्थाको प्रतिपालन गर्ने व्यक्तिले दण्डको भागिदार बन्न परेको चित्रण पाइन्छ। यस्ता कुव्यवस्थाहरूको अन्त्य गरिनु पर्ने निर्देशन पनि न्यायलयले जारी गरेको देखिन्छ।

जनताको प्रतिनिधि भनिएका राजनीतिक ठेकेदारहरूले पनि जनताको न्याय र कानुनको समक्ष घूँडा टेक्नु परेको चित्रणले जनमानसमा कानुनप्रतिको आशा र विश्वास फर्किएको देखिन्छ। जनताको हक हितको विरोधी पूँजीपति शोषक कैजरबहादुर सुतारको आत्महत्या र राजनीतिक सत्ताबाट नेता विचारलाल धिताल बर्खास्त हुनपरेको घटनाबाट समाज व्यवस्था परिवर्तनको सङ्केत गरिएको पाइन्छ। जातिवाद र धर्मको नाममा गरिने भेदभावलाई अपराधिक क्रियाकलाप मानिने र यस्तो घटना भएको खण्डमा सजायको भागीदार हुनपर्ने कुरा न्यायधीशको "अब उप्रान्त यो अदालतमा मान्छेलाई मान्छेभन्दा कम्ति मान्छे, कम्ति चल्ने मान्छे, नचल्ने मान्छको रूपमा परिणत गर्न चाहने क्रूर र अमानवीय मामिला रिधाङ-बोजेक इलाकाबाट नआओस्। यदि यस्तो घटना भए रविरत्न कुलुङ जस्तो क्रान्तिकारी युवक यहाँसम्म आइपुगोस्" भन्ने निर्देशनले पनि कानुनले सर्वसाधारण जनमानसको हक, अधिकारलाई सुरक्षित गरेको कुरा बुझ्न सकिन्छ। यी घटनाहरूद्वारा मिलन समाजले कल्पना गरेको सुखद, सुन्दर, व्यवस्थित र समतामूलक समाजको स्थापनाका निम्ति गाउँका सचेत जनमानसहरू एक पाइला अघि बढेको मान्न सकिन्छ।

कैजरबहादुरको मृत्यु र विचारलालको राजनीतिक यात्रा समाप्त भएको देखिए तापनि जनमानसमा फैलिएको क्रान्ति र विद्रोहको अन्त्य भने भएको पाइदैंन यद्यपि त्यसको थालनी भएको बुझिन्छ। *द्रोह* उपन्यासको अन्तिम वाक्य "यो गजमाउरो कथा पुन: आरम्भ हुनेछ" भन्ने कथनले समाजमा एकदुईजना चतुर, घुषखोर, खुशामदी, सत्तालोलुप शोषकहरूको अन्त्य हुँदैमा मात्रै राज्यको आमूल परिवर्तन हुन सक्दैन जबसम्म शोषणकारी, हैकमवादी, नक्सवादी, स्वार्थी विचारमा परिवर्तन हुँदैन तबसम्म समाजमा अन्याय र शोषणको क्रम चलिरहन्छ भन्ने विचार राखिएको पाइन्छ। यसका साथै अन्याय, अत्याचारको उन्मूलन नभएसम्म वैचारिक क्रान्ति र द्रोह लिएर चेतनशील समूह र सचेत वर्ग फेरि खडा हुनेछ भन्ने सङ्केत पनि रहेको पाइन्छ।

दाहालको तेस्रो उपन्यास *विद्रोह*मा पनि कुनै एक व्यक्ति उपन्यासको मूल नायक नभएर सचेत वर्गको सङ्गठित रूप नायकको भूमिकामा रहेको पाइन्छ। यस उपन्यासमा पापाराईले शोषण, दमनविरूद्धको प्रतिक्रमण र प्रहार व्यक्तिगत रूपमा नभएर सामूहिक प्रयासद्वारा गरिए मात्र त्यो सम्भव हुन्छ भन्ने धारणाको संञ्चार गर्ने कार्य गरेको पाइन्छ। प्रगतिवादी समाजका संस्थापक पापाराई मार्क्सवादी तथा प्रगतिवादी विचारधाराद्वारा प्रेरित रहेका देखिन्छन्। उपन्यासकार दाहालले यस उपन्यासका स्तम्भ पात्र पापाराईलाई जन्माउन पाश्चात्य कवि वाल्ट ह्वीटमेनको कृतिबाट प्रभावित भएको कुरा प्रतिवेदन प्रस्तुतिकरणमा गरेका छन्, साथै *विद्रोह* उपन्यासबारे उनी यसो भन्छन् -

> -"साहसको उमेर हुँदैन भन्छ पापाराई। उमेर षडयन्त्रको हुन्छ, शोषण र अत्याचारको हुन्छ, उमेर साउती, कानेखुशी र चापलुसीको हुन्छ। चेतना, साहस

र प्रतिवद्धताको उमेर हुँदैन। नाप हुँदैन। उच्वास र थकावट हुँदैन, विमारी र मृत्यु हुँदैन। त्यही सानो दानो हो 'विद्रोह'। त्यतिमात्र।"[101]

उपन्यासमा पापाराईले राजनीतिक सत्तामा आसिन व्यक्तिहरूमा भएको अत्याचारी, स्वार्थी, चापलुसी प्रवृत्तिको विरोधमा सचेत, बुद्धिजीवि युवाहरूलाई सङ्गठित गर्ने, मार्गदर्शन गर्ने महत्त्वपूर्ण कार्य गरेको देखिन्छ। सत्यवादी, मानवतावादी प्रवृत्तिलाई आत्मसाथ गरेका पापाराईले संवैधानिक र अहिंसात्मक तरिकाद्वारा समाजका जागरूकता र सचेतना ल्याउन चाहेको देखिन्छ। उपन्यासमा पापाराईको माध्यमद्वारा मानिसको दुख, कष्ट, पीडा-वेदना र अन्यायको दोषी उसको भाग्य र ईश्वर नभएर अर्को स्वार्थी मानिस नै हो र त्यस स्वार्थी, शोषक मानिसको दम्भ र अहंकारलाई विद्रोही र क्रान्तिकारी मानिसद्वारा नै अन्त्य गर्न सकिन्छ भन्ने विचारलाई जनमानसमा सम्प्रेषित गर्न चाहेको बुझिन्छ।

*विद्रोह* उपन्यासमा पापाराई झैं विद्रोही र क्रान्तिकारी अर्का स्तम्भ पात्रका रूपमा अभिमान धिताल रहेका छन्। समाजमा शोषित जनमानसको हक र अधिकारका पक्षमा आवाज उठाउँदा उनीमाथि प्राणघातक हमला भएको घटना वर्णनद्वारा समाजमा व्याप्त असंवैधानिक अराजनीतिक र अन्धोव्यवस्था कायम रहेको तथ्यको उद्घाटन भएको देखिन्छ। अभिमान धिताल चेतनशील, बौद्धिक र समानतावादी पात्र रहेका देखिन्छन्। धितालले प्रगतिवादी समाजका कर्मठ युवा सदस्यहरूका निम्ति अभिभावकीय सहयोग पुऱ्याएको देखिन्छ। जवान र सशक्त हुँदा अभिमान धितालले पनि शोषक सामन्ती व्यवस्थाको विरूद्धमा क्रान्तिको पथ अपनाएको देखिन्छ। उनले आफ्ना अनुभव र

[101] विजयकुमार सुब्बा, सन् २००५, 'भूमिका विद्रोहको घोषणा र यसको 'मेनिफेष्टो'', *विद्रोह,* भीम दाहाल, पूर्ववत्।

अनुभूतिद्वारा आर्जन गरेका ज्ञानहरू, जानकारीहरू प्रगतिवादी समाजका युवाहरूसँग साझा गरेको देखिन्छ -

> -"यो सोच र सम्झदारीको विकास गर्ने प्रयत्न हामीले नगरेका होइनौं नानी हो ! तर प्रत्येकपल्ट हाम्रो अथक अनि इमान्दार प्रयासलाई समाजले नै खतम गरिदियो। समाज उत्तरतिर र हामी दक्षिणतिर भइरह्यौं। जब पूरै समाज दबेपछि हामी एक दुईजना उठ्न खोज्दा कहीं दाँत र नलीहाड बुझायौं, कहीं रगत र ज्यान बुझायौं, हामी कलम काटिँदै गयौं, समाजका शत्रु फुल्दै गए, फल्दै गए।"[102]

यसका साथै धितालले गाउँ, समाज, राज्य र देश सुधारको चाहना राख्ने वर्गले सबैभन्दा पहिले त्यस कामको थालनी आफूबाट आफ्नो परिवारबाट गर्नुपर्ने विचार राखेको देखिन्छ।

समाज सुधार एकजना व्यक्तिको चाहना र प्रयासले मात्र सम्भव हुनसक्दैन। त्यसमा सबैवर्गको उचित सहयोग, हस्तक्षेप र योगदान आवश्यक हुन जरूरी हुन्छ। प्रगतिवादी समाजले उठाएको समस्या र विद्रोहको ध्येय व्यक्तिगत स्वार्थ र महत्वाकाङ्क्षाको पूर्ति नभएर त्यो समग्रमा समाजको परिवर्तन गर्ने बृहत आकाङ्क्षा रहेको बुझ्न सकिन्छ। त्यो विशाल र बृहत आकाङ्क्षा  पूर्तिको थालनी पश्चिम सिक्किमको चुम्बुङ गाउँभित्र रहेको घायल कोलनीको प्रगतिवादी समाजबाट भएको देखिन्छ। प्रगतिवादी समाजले शोषण व्यस्थाको मूल स्रोतका रूपमा स्वार्थी पूँजीपतिहरू, राजनीतिक ठेकेदारहरू रहेको तथ्य फेला पारेर उनीहरूलाई वर्ग शत्रु ठानेको पाइन्छ। यस सङ्गठनका सक्रिय सदस्यहरू पापाराई, रविरत्न, जेम्स जयदीप, रून्ना, नोरमोती, रेखारानी आदिले रिधाङ-बोजेक, जुम, सोरेङ र चुम्बुङ गाउँदेखि सुरु गरेर सिक्किमको

---

102 भीम दाहाल, सन् २००५, पूर्ववत्, पृष्ठ ९५।

विभिन्न स्थानहरूमा गएर सचेतना र जागरूकता फैलाउने काम गरेको देखिन्छ। यी सक्रिय सदस्यहरू ल्याटिन अमेरिकाका मुक्ति योद्धा सिमोन बोलीभर, नेल्सन मण्डेला, कोङ्गोका पेट्रिस लुमाम्बा, चीनका माओ, अर्जेन्टिनाका अर्नेष्टो चेग्वेभारा, होची मिन्ह, गान्धीजस्ता जनप्रतिनिधिका सिद्धान्तहरूद्वारा प्रेरित तथा यिनका अनुयायी रहेका देखिन्छन्। यी सक्रिय सदस्यहरू अध्ययनशील, बौद्धिक र तार्किक पनि देखिन्छन्।

घायल कोलनीबाट प्रगतिवादी समाजले थालेको कार्य अत्यन्त जटिल र चुनौतिपूर्ण रहेको देखिन्छ। जसरी यी जागरूक वर्गले शोषकवर्गलाई प्रतिवादी ठानेका छन् त्यसरी नै सामन्ती र दमनकारीहरूले पनि प्रगतिवादी समाजलाई शत्रु ठानेको पाइन्छ। सर्वसाधारण जनमानसलाई मान्छेको गणना नगर्ने शोषकहरूले मान्छेलाई मान्छे भएर बाँचेको, गरिबको हक, हित सुरक्षित रहेको, आफ्नो मौलिक अधिकारको खोजी गरेको कुरा सहन गर्न सक्दैनन्। शोषकहरूले साम, दाम, दण्ड, भेदद्वारा जसरी हुन्छ प्रगतिवादी समाजको आवाज र विद्रोहलाई दबाउने प्रयास गरेको देखिन्छ -

> -"अहिले उ जे गराउन लागिरहेथ्यो त्यसलाई चाणक्यले दण्ड भनेको छन्। साम (फकाउनु), दाम (प्रलोभनमा फसाउनु), दण्ड (फत्तुर लगाएर दण्डित गर्नु) र भेद (पोल-झोस् गरेर दुई वा अधिक व्यक्ति वा समुदायबिच आगो लगाउनु)। यो चाणक्य फर्मूला अझै पनि चलिरहेकै छ। बाहाँ जोडेर मित लाउनेहरूबीच पनि खड्ग लिएर जातको यमदूत उभिन्छ र दुवैलाई गिँड्छ।"[103]

उपन्यासमा खल चरित्र र शोषक प्रवृत्तिका प्रतिनिधि पात्रका रूपमा चित्रित विचारलाल, युनारायण, कैजरबहादुर, धनकबहादुर, भयनाथ, बमसिहं, कालिकाप्रसाद जस्ता पात्रहरू प्रशासन व्यवस्था र कानुनद्वारा सुरक्षित रहेको देखिन्छन्। तर अन्याय अत्याचारदेखि मुक्तिका निम्ति अहिंसात्मक तरिकाले सचेतनाको प्रचार-प्रसार गर्ने

---

[103] भीम दाहाल, सन् २००२, पूर्ववत्, पृष्ठ १९६।

जनकल्याण समिति, मिलन समाज र प्रगतिवादी समाजप्रति भने कानुन र प्रशासनको कडा नजर राखिएको देखिन्छ।

*विद्रोह* उपन्यासमा दशनामी देशबाट चरम हिंसा र उत्कट अन्यायको सिकार भई देश निकाला गरिएको निर्दोष थानवीर कटुवालले घायल कोलनीमा आश्रय लिएको देखिन्छ। घायल कोलनीमा बसोवास गर्ने जनमानस र पापाराईले मानवतावादी संवेदना र आफू जस्तै अर्को मानिस शोषित भएर, सहाराविहीन भएर आश्रय खोज्दै आएको हुँदा थानवीर कटुवाललाई घायल कोलनीमा आश्रय दिएका छन्। तर प्रशासन पक्षले बुज्रुक, अवहेलित थानवीर कटुवाललाई देशद्रोही मानेर घायल कोलनीमा बस्न नदिने फैसला गरेको पाइन्छ। यसरी नै *द्रोह* उपन्यासको गरिब र रोगी अस्सी वर्षको वृद्ध रामलाल भट्टराईलाई नेता भनाउँदो शोषक विचारलालको विरूद्धमा जनमानसलाई सचेत गराउँदा उसलाई गुण्डागर्दी गरेको देशद्रोही, सरकारविरूद्ध नाकाबन्दी, आन्दोलन र क्रान्ति गरेको झूटो आरोप लगाई हाउस एरेस्ट गरेको देखिन्छ। यस घटनापछि प्रगतिवादी समाज अझ बलियो बनेको र सरकारप्रति चलेको विद्रोह अझ चरममा पुगेको देखिन्छ। चुम्बुङ गाउँको घायल कोलनीसँगसँगै सम्पूर्ण राज्यभरि शोषक प्रशासन विरूद्धको क्रान्तिले अझ भीषण र व्यापक रूप लिएको देखिन्छ -

> -"अस्सी वर्ष पुगेको दमाको बिमारीले ग्रस्त बूढो मान्छेहरूले पनि न्यायको निम्ति आफ्नो सकिन लागेको सास थपिदिएर। व्यवस्थाको हतियार र दलाल तत्त्वहरूले अझसम्म त्यस संस्थालाई मार्न सकेको छैन।"[104]

उपन्यासमा यसप्रकार एउटा अराजक स्थितिको चित्रण गरिएको पाइन्छ। थानवीर कटुवालजस्तो पीडित र रामलाल भट्टराई जस्तो वृद्ध रोगी मानिसहरूलाई शङ्का गरि घरिघरि थानामा बोलाएर सोधपूछ गर्ने, दुख दिने काम गरिएको देखिन्छ भने विचारलाल,

---

[104] भीम दाहाल, सन् २००२, पूर्ववत्, पृष्ठ १९२।

धनकबहादुर, कैजरबहादुरजस्ता अपराधीहरू चाँहि समाजमा शान र मानसँग बाँचेको देखाएर उपन्यासकारले व्यङ्ग्य गरेको पाइन्छ।

हाउस एरेस्ट अवस्थामा वृद्ध रामलाल भट्टराईको मृत्यु भएको घटनाले विदोहात्मक जनसैलाब क्षुब्द बनेको तर अझ कर्मठ चेतनाकासाथ समाज परिवर्तनको दिशामा लागेको देखिन्छ -

-"युवाहरूमा आन्दोलन र क्रान्तिको रोमान्स्।

युवतीहरूमा नवचेतना र जागृतिको नयाँ आयाम।

थाक्दै नथाक्ने नोरमोती, रून्ना र रेखारानीहरू।

जेम्स जयदीप, रविरत्न कुलुङ र रकमलाल धर्मछाडाहरू।

राज्यको फेददेखि टुप्पोसम्म फैलिएको प्रगतिवादी समाजको नयाँ निर्माणको रेनासाँ।"[105]

थानवीर कटुवाल, रामलाल भट्टराई, अभिमान धिताल, पापाराई जस्ता पात्रहरूले रविरत्न, जेम्स जयदीप, रून्ना, नोरमोती, रेखारानी आदि युवाहरूलाई समाज परिवर्तन र नवनिर्माणका निम्ति स्तम्भ बनेर कार्य गर्ने प्रेरणा र उर्जा प्रदान गरेको देखिन्छ। उपन्यासमा यी पात्रहरूको उर्जावर्धक र इमान्दारीतापूर्णक कार्यले गाउँ-गाउँ, घर-घरमा सचेतना फैलिएको तथा मानवतावादी प्रशासन व्यवस्थाको स्थापनाको उद्देश्य प्राप्त गर्ने ढृड सङ्कल्प, प्रेरणा र जागरूकता एक-एक व्यक्तिको मनमा जागृत भएको चित्रण पाइन्छ। अध्ययनशील र बौद्धिक रविरत्नले समाज सुधारको निम्ति एउटा स्तम्भको रूपमा कार्य गरेको देखिन्छ। रविरत्नले जनमानसका मनबाट शोषक प्रशासनप्रतिको डर

[105] भीम दाहाल, सन् २००५, पूर्ववत्, पृष्ठ १९८।

र त्रासलाई निकालेर फ्याक्ने अनि आफ्नो हक, अधिकारको निम्ति प्रगतिवादी समाजमा सहभागी भई अन्यायको विरूद्ध लड्न कटिबद्ध हुने आग्रह गरेको पाइन्छ।

यसरी नै प्रगतिवादी समाजको प्रमुख संञ्चालक जेम्स जयदीप आफ्नो कर्तव्य पालन गरेको र कार्यमा सदैव इमान्दार र आत्मनिष्ठ रहेको देखिन्छ। प्रगतिवादी समाजका संस्थापक सदस्य र मेरूदण्ड मानिएका पापाराईरप्रति जेम्स जयदीपले श्रद्धाको भाव राखेको देखिन्छ। जेम्स जयदीपले सङ्गठनका सम्पूर्ण सदस्यहरूलाई पापाराईले देखाएको मार्गमा हिड्ने आग्रह गरेको देखिन्छ। सदैव मानव समाजको उन्नति र प्रगति गर्ने चाह भएका पापाराई निस्वार्थ प्रवृत्तिका पात्र रहेको छन्। उनको जातीय भेदभावलाई नमान्ने, अरूप्रति अन्याय अत्याचार भएको देख्न नसक्ने, अभावग्रस्तको मद्दत गर्न सँधै तत्पर रहने मानवतावादी व्यवहारलाई उपन्यासमा यसरी चित्रण गरिएको पाइन्छ -

> -"आखिरी पापाराई छउञ्जेल समाजका यी अमानवीय दस्तूर र थितिहरूबाट चुम्बुङमा कुनै उत्पात चल्न साह्रै थियो। उनी मान्छेको समाजलाई मान्छेकै बनावटी सामाजिक नियमले चारखुट्टे लगाउन चाहँदैनथे।"[106]

उपन्यासमा पापाराई नयाँ समाज निर्माण गर्न चाहने स्तम्भका रूपमा देखिएका छन्। पापाराईको मृत्युपछि प्रगतिवादी समाजलाई दिशा निर्देश गर्ने कार्य जेम्स जयदीप र रविरत्नले गरेको देखिन्छ। सङ्गठनको मूल लक्ष्यलाई स्पष्ट गर्ने कार्यमा जेम्स जयदीपको संवाद उल्लेखनीय रहेको देखिन्छ -

> -"कोही मान्छे आफ्नो मेहेनतले आर्थिक रूपमा अघि बढ्छ भने त्यो मित्र वर्गमा पर्‍यो र अर्को मान्छे अरूको वा निमुखाहरूको परिश्रमको अमानवीय शोषण, नक्षीय दमन गरेर आफू भोग-विलास गर्दै कौशीमा बसेर हावाकावा गर्छ भने त्यो

[106] भीम दाहाल, सन् २००५, पूर्ववत्, पृष्ठ ६३-२३६।

हाम्रो वर्गीय दुश्मन हो। हामी मान्छेका विरोधी होइनौं, उसको नियत र चरित्रको निरीक्षण गरेर मात्र बरबरेको रातो टीका लगाइदिन्छौं।"

जेम्स जयदीप अझ भन्छ -

-"प्रगतिवादी समाज एक व्यक्तिको नेतृत्वमा चल्ने सङ्गठन हो भन्ने कसैले सोच्दछ भने त्यो ठूलो भूल र भ्रान्तिमा छ। यो एउटा लामबद्ध वैचारिक सङ्घर्षको नाम हो। यो अविरल चल्नुपर्दछ। अर्कोतिर यो सङ्गठन भोली सरकारमा जानलाई र सत्ताको अँगेठी ताप्नलाई बनेको, अथवा हाम्रो आफ्नै पार्टी हुनुपर्छ, हामी रजाइँ गर्नुपर्छ, भन्ने कसैको मनमा भए सङ्गठनबाट तुरुन्त राजीनामा लिनुपर्दछ किनभने यो व्यक्तिगत होइन विचारको सङ्गठन हो।"[107]

यस उपन्यासका नारी पात्र रून्ना, नोरमोती, रेखारानी प्रगतिवादी समाजका स्थापक सदस्य साथै समाज निर्माणका स्तम्भ पात्रका रूपमा देखापरेका छन्। रून्नाले रविरत्नसँग दाम्पत्य सम्बन्ध आरम्भ गरेकी देखिन्छ। रून्नासँग विवाह गरेपछि रविरत्न सामाजिक कार्यमा अझ सक्रिय रूपले अघि बढेको देखिन्छ। रविरत्नको मनमा सुषुप्त अवस्थामा रहेका क्रान्तिकारी विचारलाई उजागर गर्न रून्नाले महत्त्वपूर्ण कार्य गरेकी देखिन्छ। उपन्यासमा रून्नाद्वारा प्रेरित भएपछि रविरत्नमा विद्रोही भाव अझ प्रखर भएर आएको पाइन्छ। सङ्गठनलाई सुव्यवस्थित रूपमा संञ्चालन गर्ने काममा रून्नाको महत्त्वपूर्ण योगदान रहेको देखिन्छ -

-"रून्ना सैद्धान्तिक रूपमा प्रगतिवादी समाजकी एक 'मनीटर' झैं भइसकेकी छ। ऊ सधैं रविरत्नलाई समाजलाई हिंसाबाट टाढा राख्ने सल्लाह दिन्छे। ऊ भन्छे

[107] भीम दाहाल, सन् २००५, पूर्ववत्, पृष्ठ २३६।

कि हिंसाहबाट उत्पन्न हुने कुरा प्रतिहिंसा मात्र हो, प्रेम होइन। मन एकदम खाली राख्नुपर्दछ पूर्वाग्रहरूबाट।"[108]

यस्तै प्रकारले आफ्नो नाउँको पछि जात लेख्न नचाहने नोरमोती 'जातले नश्लीय चिन्तन बढाउँछ'[109] भन्ने विचार राखेकी पाइन्छ। नोरमोतीले प्रगतिवादी समाजसँग सहभागि रहेर समाजमा अन्यायको विरूद्ध सचेतता र जागरूकता फैलाउने कार्यमा महत्त्वपूर्ण भूमिका निभाएको पाइन्छ। "प्रगतिवादी समाजका नियमहरूको एक सह-निर्मात्री"[110] रहेकी नोरमोतीबारे उपन्यासमा यसो भनिएको पाइन्छ -

-"नोरमोती जान्दथी क्रान्तिले माफ गर्दैन अनि मूर्दा पनि गाडदैन. एउटा सोझो, धेरै हदसम्म मौकापरस्त, अधकल्चो शिक्षा, कायर जनता, शक्तिको पछि लाग्न बाबुले छोरा र छोराले बाबुलाई व्यवस्था विरोधी भन्न नहिच्किचाउने ठाउँमा प्रगतिवादी समाजको काम ज्यादै कठिन मान्थी नोरमोती।"[111]

नोरमोती समाजको निम्ति आफ्नो ज्यान दिन पनि पछि नपर्ने सामर्थ्य राखेकी देखिन्छ। जुझारू स्भाव भएकी नोरमोती गाउँमा कही कोही अन्यायमा परेको देखे न्यायको निम्ति तुरून्त नारी पुरुषहरू सङ्गठित गरेर अन्ययाको छलफल गर्ने काम गरेको पाइन्छ। यसका साथै नोरमोतीले राजनीतिक विकृतिको कारण समाजमा युवापीडिहरूमा आएको विश्रृङ्खलित स्थिति, बेरोजगारी, नशापान, युवाहरूमा देखिएको उदास-निराशपन आदि समस्याबाट समाजलाई मुक्त गर्ने कार्यमा उल्लेखनीय भूमिका निर्वाह गरेकी देखिन्छ। उपन्यासमा नोरमोतीले राजनीतिक विकृतिले निम्त्याएको सामाजिक विपन्नता, दिग्भ्रमित भएका युवाहरूको पीडित अवस्था, बढ्दो सामाजिक अपराध

[108] भीम दाहाल, सन् २००५, पूर्ववत्, पृष्ठ १९१।
[109] भीम दाहाल, सन् २००५, पूर्ववत्, पृष्ठ १४२।
[110] भीम दाहाल, सन् २००५, पूर्ववत्, पृष्ठ १४२।
[111] भीम दाहाल, सन् २००५, पूर्ववत्, पृष्ठ १४२।

आदि कारणहरूले जीवन-जगत र समाजबाट पलायन हुन लागेका युवाहरूलाई सहि दिशा निर्देश गर्ने काम गरेकी देखिन्छ।

नोरमोतीले थालेको समाज सुधार र निर्माणको यस कार्यमा रेखारानीले सहयोग गरेको देखिन्छ। रेखारानीले "सामुहिक विचार र सामुहिक नेतृत्व"[112] -द्वारामात्र समाजको आमूल परिवर्तन गर्न सकिन्छ भन्ने विचार राखेको पाइन्छ। अनेस्टो चे ग्वेभारा, रोजा लक्समवर्गद्वारा प्रेरित रहेकी रेखारानी प्रगतिवादी समाजले राज्यव्यापी रूपमा गरिहेको सचेतना विकासको कार्यक्रममा सक्रिय सहभागी बनेकी देखिन्छ। रेखारानी अनुसार "राज्यव्यापी रूपमा साम्राज्यवादी, आर्थिक घाँटी निमोठाइँ अनि मिथ्या कृपावादको व्यवस्थालाई नाङ्गो बनाउनुपर्ने। राज्यको आफ्नो खुट्टा नभइकन अरूको उधारो काठको खुट्टामा उभिने र त्यसलाई आधारभूत विकास भन्ने गलत प्रचारलाई रोक्न सानोतिनो सङ्घर्ष र प्रचारले सम्भव हुँदैन।"[113] यसप्रकार प्रगतिवादी समाजका अग्रणी नारी कार्यकर्ताहरूले समाज निर्माणमा पुरुषसँग काँधमा काँध मिलाएर स्तम्भका रूपमा अघि बढेका देखिन्छन्।

भीम दाहालका उपन्यासमा चित्रित जन कल्याण समिति, मिलन समाज र प्रगतिवादी समाजको मूल उद्देश्य समाजको पछौटेपन, रोग, शोक, भोक, गरिबी, शोषण, अन्याय, अत्याचार, भष्टाचार आदिका लागी जनसमुदायमा चेतना जगाउनु, समानता, स्वतन्त्रता, अहिंसा, नैतिक मूल्य-मान्यता र न्यायको निम्ति आवाज उठाउनु, समान्तामूलक समाजको स्थापनामा जोड दिनु आदि रहेको पाइन्छ। यी संस्थाहरूको स्थापनाले शासक र शासन व्यवस्थाको विरोध गर्ने परम्पराको थालनी भएको पाइन्छ। यी संस्थाहरूले विद्रोह र क्रान्तिका माध्यमद्वारा जनसाधारणमा राजनीतिक चेतनाको

---

[112] भीम दाहाल, सन् २००५, पूर्ववत्, पृष्ठ १८८।
[113] भीम दाहाल, सन् २००५, पूर्ववत्, पृष्ठ २३१।

अभिवृद्धि गरी व्यवस्था परिवर्तन गर्न मानिसमा प्रेरणा जगाउने महत्त्वपूर्ण अभियान संञ्चालित गरेको पाइन्छ।

## ४.४ नारीप्रति पुरुषको दृष्टिकोण

नारी-पुरुषको सम्बन्ध विस्तार र स्थापनामा प्रेम साथै विवाहले महत्त्वपूर्ण भूमिका निर्वाह गरेको पाइन्छ। विवाहद्वारा नै नारी-पुरुषको सम्बन्धले मान्यता पाएको देखिन्छ। विवाहद्वारा नै नारी-पुरुषले गृहस्थ आश्रममा प्रवेश गरेर आपसमा सहचर्या र सहधर्मार्थको भूमिकामा बाँधिन पुगेको देखिन्छ। नारी-पुरुषको सम्बन्ध स्थापनामा एका-अर्काप्रति प्रेम हुन महत्त्वपूर्ण मानिएको पाइन्छ। "प्रेम नर-नारीमाझ आन्तरिक एकात्म्य र सौहार्दतालाई विकास गर्ने र आपसी बुझाइलाई विस्तृत गर्ने शक्ति हो। विवाहमा बन्धुत्व र मित्रता हुन महत्त्वपूर्ण देखिन्छ।"[114]

भीम दाहालका उपन्यासमा नारी-पुरुषबिचको सम्बन्ध स्थापनामा प्रेम र विवाहलाई महत्त्वपूर्ण घटकका रूपमा प्रस्तुत गरिएको पाइन्छ। *अभीष्टको खोज* उपन्यासका नेत्रप्रसाद, सिक्टेरी कान्छा, सानुभाइ, *द्रोह* उपन्यासका विचारलाल, कैजरबहादुर, रणदीपेन्द्र, मानक चन्द मनीष यसरी नै *विद्रोह* उपन्यासका धनकबहादुर, यूनारायण, फगतप्रसाद आदि जस्ता पात्रहरूले आफ्नी पत्नीप्रतिको प्रेममा प्रतिबद्धता राख्न नसकेको देखिन्छ। यी पुरुष पात्रहरूमा पत्नी र गृहस्थीभित्र बाँधिएर बस्ने मानसिकता देखिँदैन। बहुपत्नी गमन गर्ने प्रवृत्तिका यी पात्रहरूले विवाहित भए तापनि प्रत्येक नारीप्रति यौनलोलुप र कामनात्मक दृष्टि राखेको देखिन्छ, जसले यी पुरुषहरूले नारीप्रति नकारात्मक धारणा राखेको बुझिन्छ। राजनीतिक सत्ता र पैसामा मात्तिएका पूँजीपति यी

[114] राम आहूजा, सन् २०१५, *भारतीय सामाजिक व्यवस्था,* नयाँ दिल्ली : रावत पब्लिकेशन्स, पृष्ठ १२०।

पुरुषहरूले नारीप्रति हेय दृष्टि राखेको पाइन्छ। नारीलाई केवल यौनसन्तुष्ट गर्ने साधनका रूपमा प्रयोग र उपभोग गर्न चाहेको देखिन्छ।

उपन्यासमा माथि उल्लेखित पुरुषका निम्ति घरमा पत्नी हुँदाहुँदै परस्त्रीगमन गर्नु सामान्य कुरो रहेको र पुरुषको अधिकार ठानेको देखिन्छ। नारीले त्यही कुरा गर्दा त्यो असामान्य र अक्षम्य अपराध मानेर सम्बन्ध विच्छेद गरेको चित्रण पाइन्छ। उपन्यासमा पत्नीले आफ्नो पतिले अन्य स्त्रीसँग शारीरिक सम्बन्ध राखेको खुलासा भए पछि पतिलाई सोधपूछ गर्दा पतिले आफ्नो क्षोभ, ग्लानी र कमजोरी लुकाउन उल्टा पत्नीप्रति आक्रामक भई कुटपिटसम्मेत गर्नुलाई पुरुषमा भएको कमजोरी, पशुतुल्य, हिंसक व्यवहार र खल प्रवृत्ति रहेको मान्न सकिन्छ। उन्यासमा प्राय: पुरुष पात्रहरू परिवार र पत्नीप्रति इमानदार, कर्तव्यनिष्ठ र आस्थावान बन्न नसकेको देखिन्छ। माथि उल्लेखित पुरुष पात्रहरू आदर्श पति बन्न सकेका छैनन्। यी पुरुषहरूले साहस, आँट, रोमाञ्च र शक्तिद्वारा पुरुषहरू नै श्रेष्ठ हुनुपर्छ भन्ने विचार राखेको पाइन्छ साथै यी पात्रहरूमा एकपक्षीय, सतही र अयुक्तिसङ्गत आचरण रहेको देखिन्छ। पति पत्नीबिचमा हुनुपर्ने भावनात्मकता, आत्मीयता, विश्वास र अन्तरङ्ग आस्थाको विकास हुन नसकेको देखिन्छ।

दाहालका उपन्यासमा लीलाराम, रवीरत्न, शर्माबाबु, पापाराई, कुलुङ सुबेदार आदि पात्रहरू नारीप्रति उदार र उद्धान्त धारणा राख्ने पुरुषका रूपमा देखिएका छन्। यी पात्रहरूले जीवन भोगाइमा आइपरेका दु:ख-सुख, पीडा-मर्काहरूमा पत्नीको सहायक र सहचर बनेका देखिन्छन्। यी पुरुषहरूले नारीको मान, मर्यादा र मूल्यलाई सम्मान गरेको र पत्नी प्रेम र दाम्पत्य जीवनप्रति समर्प्रित रहेको देखिन्छ। गृहस्थजीवनमा आइपरेका कष्ट तथा खुशीहरूमा पत्नीलाई सहयात्री बनाएको, पत्नीलाई दु:ख-सुखको अन्तरङ्ग साथी र सहधर्मिणीको रूपमा ग्रहण गरेको देखिन्छ। पत्नीप्रति हार्दिक प्रेम, आस्था, विश्वास राखेर पति-पत्नीबिच समर्पण भाव र यौनलाई सहजीवन यापनको

सौन्दर्यशक्ति बनाएको देखिन्छ। यी पात्रहरूले दाम्पत्य सम्बम्ध र घर-गृहस्थीलाई संसारको सबैभन्दा ठुलो सुख र आनन्द मानेको देखिन्छ। नारीप्रति यी पुरुषहरूको धारणा र दृष्टिकोण समानतापरक, भावनात्मक, उदार र सकारात्मक रहेको देखिन्छ।

### ४.५ पुरुषप्रति नारीको दृष्टिकोण

भीम दाहालका उपन्यासमा नारी-पुरुषको सहचर्या र परस्पर सहभागिताद्वारा नै परिवार, समाज, राज्य र देशको उन्नति र प्रगति हुन सक्छ भन्ने विचार अभिव्यक्त गरिएको पाइन्छ। उपन्यासका नारी पात्रहरूले पुरुषसँगको प्रेम र दाम्पत्य सम्बन्धलाई स्थायित्व दिने सम्पूर्ण प्रयास गरेको देखिन्छ। पुरुषसँगको प्रेम सम्बन्ध र दाम्पत्य सम्बन्धमा नारीले पूर्ण समर्पणको भाव राखेको देखिन्छ। *अभीष्टको खोज*मा लीलाराम र धनमायाले परस्परमा प्रेम, स्नेह, विश्वास र समर्पणको भाव राखेको देखिन्छ। यी दुईबिच पति-पत्नीमाझ हुने समझदारी र साझेदारी रहेको देखिन्छ। धनमायाको पूर्वपतिबाट एकजना सन्तान शान्ति रहेकीले गर्दा लीलारामले शान्तिलाई आफ्नै छोरी मानेर अर्को सन्तान नजन्माउने निर्णय गरेको देखिन्छ। लीलारामले नारीप्रति उदार, स्नेहात्मक र सकारात्मक धारणा राखेको देखिन्छ भने धनमायाले पनि लीलारामसँगको गृहस्थलाई पूर्ण समर्पण र कर्तव्यनिष्ठाका साथ निभाएको देखिन्छ। पुरुषप्रति धनमायाको धारणा समानतापरक र उदार रहेको देखिन्छ।

*अभीष्टको खोज*की अर्की नारी पात्र फूलमतिको पुरुषप्रति र दाम्पत्य सम्बन्धप्रतिको धारणा द्वविधात्मक र द्वन्द्वात्मक रहेको देखिन्छ। शर्माबाबुसँग गृहस्थ सम्बन्धमा बाधिएकी फूलमतिले परपुरुषसँग शारीरिक सम्बन्ध राख्नका कारण एकातिर आर्थिक स्थिति कमजोर भएको भनि देखाइएको छ भने अर्कातिर पतिद्वारा यौनतृप्ति नपाएका कारण आफ्ना ग्राहकहरूसँग सम्बन्ध राखेको कुरा फूलमति आफैले स्वीकार गरेकी देखिन्छ। यसरी हेर्दा फूलमतिले पुरुषप्रधान समाजद्वारा निर्मित पतिधर्म र

सतीत्वको पालन गर्न नसकेको देखिन्छ। "मर्दले नै बर्बाद बनाएको छ यो दुनियाँ"[115] भन्ने विचार राख्ने फूलमतिले पुरुषप्रति कहिले आत्मीय र कहिले विद्रोहात्मक धारणा राखेकी देखिन्छ। उपन्यासकी अर्की नारी पात्र शान्तिले आफू पुरुषद्वारा ठगिएको थाह पाएपछि पुरुषप्रति बदलाको भाव राखेकी देखिन्छ। शान्ति आत्मविश्वासी र स्वावलम्बी भएकी हुँनाले पुरुषप्रति प्रतिस्पर्धात्मक पनि रहेकी देखिन्छ।

*द्रोह* उपन्यासका मुन्ना, सुबेदारनी आमा, प्रतिभा र *विद्रोह* उपन्यासका रून्ना, रेखारानी, लीलावति, नोरमोति आदि पात्रहरूले समाजमा रहेका शोषक पूँजीपति पुरुषहरूप्रति जुझारू बनेर विद्रोहात्मक भाव राखेको देखिन्छ भने उदार प्रवृत्तिका पुरुषहरूप्रति सकारात्मक र उदार धारणा राखेको पाइन्छ। सुबेदारनी आमा, रून्ना, धनमाया, सिक्टेरनी कान्छी, लीलावति आदि पात्र आफ्ना पतिप्रति प्रगाढ भावनात्मकता, कर्तव्यनिष्ठ, इमान्दार र बन्धुत्वको भाव राखेर देखिन्छन्। राम आहुजाले "विवाहलाई नर-नारीबिचको आत्मिक संसर्ग तथा मित्रताको प्रगाढता मानेका छन्,"[116] जो यस सन्दर्भमा उल्लेखनीय रहेको देखिन्छ। यी नारीहरूले पुरुषको मान र मर्यादाको उचित संरक्षण पनि गरेको देखिन्छ। यसरी नै नोरमोती र रेखारानी खल प्रवृत्तिका पुरुषहरूप्रति विद्रोही देखिए तापनि अन्य असल पुरुषप्रति सकारात्मक धारणा राखेको देखिन्छ। नारी पुरुष दुवैको सकारात्मक र उचित हस्तक्षेपले मात्र समाज सुधार गर्न सकिन्छ भन्ने मान्यता राख्ने नारीहरू समग्रमा पुरुषप्रति समानतामूलक दृष्टिकोण राखेको पाइन्छ।

---

[115] भीम दाहाल, सन् १९९३, पूर्ववत्, पृष्ठ १०।
[116] राम आहूजा, सन् २०१५, पूर्ववत्, पृष्ठ १२०।

# पाँचौं अध्याय

## ५ भीम दाहालका उपन्यासमा पाइने नारी-पुरुष सम्बन्धका सबल-दुर्बल पक्षहरूको विश्लेषण

प्रस्तुत शोधकार्यमा भीम दाहालका उपन्यासको अध्ययन गर्ने क्रममा उनका उपन्यासमा चित्रित नारी-पुरुष सम्बन्धमा पाइएका विभिन्न पक्षहरूको अध्ययन गरिएको छ। यस उपशीर्षकमा भीम दाहालका उपन्यासमा चित्रित नारी-पुरुष पात्रहरूकाबिचमा रहेको सम्बन्धका सबल-दुर्बल पक्षहरूको अध्ययन गर्न निम्नलिखित मुख्य-मुख्य आधारहरू लिइएको छ। यसअन्तर्गत लैङ्गिक दृष्टिकोण, पारिवारिक दृष्टिकोण, धार्मिक दृष्टिकोण, आर्थिक दृष्टिकोण, मनोवैज्ञानिक दृष्टिकोण, सामाजिक दृष्टिकोण, राजनैतिक दृष्टिकोण, सांस्कृतिक दृष्टिकोण आदि रहेका छन्।

### ५.१ लैङ्गिक दृष्टिकोण

लैङ्गिकताको अवधारणाबारे परिचय र चर्चा अघिबाट नै दोस्रो अध्यायमा गरिसकिएको हुनाले यहाँ सोझै विषयप्रवेश गरिन्छ। नारीलाई दोस्रो लिङ्गी र पुरुषको तुलनामा अशक्त मान्ने परम्परागत मानसिकता लैङ्गिक विभेदको मान्यता रहेको पाइन्छ। लैङ्गिक अध्ययनको मुद्दा र केन्द्र नारीको अधिनस्थ भूमिकालाई अस्वीकार गर्नुलाई मान्न सकिन्छ। लैङ्गिक वैभिन्यताको आधार प्राकृतिक नभएर समाज निर्मित रहेको देखिन्छ।

भीम दाहालका तीनवटा उपन्यासमा विशेषत: नारी पात्रहरूलाई मुख्य पात्रका रूपमा चित्रण गरिएको पाइन्छ। दाहालको पहिलो उपन्यास *अभीष्टको खोज*मा तीन अलग अलग पुस्ताका नारी पात्रहरूको जीवन भोगाइलाई अति सूक्ष्म रूपले चित्रण गरिएको पाइन्छ। पहिलो पुस्ताकी नारीको रूपमा सिक्टेरनी कान्छी, दोस्रो पुस्तामा धनमाया र धनमायाकी छोरी शान्तिलाई तेस्रो पुस्ताकी नारी चरित्रको रूपमा चित्रण गरिएको छ। उपन्यासामा यी तीनै पुस्ताका नारीहरू पुरुषद्वारा शासित एवम् अन्याय, अत्याचार,

उत्पीडन आदि विभिन्न कारणहरूले पीडित देखिन्छन्। यिनीहरूको उत्पीडन, हिंसा, अन्याय, अत्याचारको मूलकारण लैङ्गिक विभेद नै हो भन्ने कुरा उपन्यासमा प्रतिबिम्बित रहेको पाइन्छ।

प्रथम पुस्ताकी नारी सिक्टेरनी कान्छी अथवा लीलारामकी आमालाई सत्ताविहीन एवम् संज्ञाहीन रहेर साथै आफ्नो नामले सम्बोधन नगरिएकी परिचयविहीन नारीको रूपमा प्रस्तुत गरिएको पाइन्छ। उनलाई लीलारामकी आमा वा तीर्थप्रसाद कडँरिया अर्थात् सिक्टेरी कान्छाकी पत्नी भनेर चिनाइएको छ। अस्तित्व शून्य अवस्थामा बाँच्न बाध्य सिक्टेरनी कान्छीले *मनुस्मृति*को आचार संहिता पालनलाई जीवनको अभीष्ट ठानेकी देखिन्छ। पतिको हैकम र आधिपत्यमा कैद सिक्टेरनी कान्छीले आफ्नो पति र पुत्रहरूबाट अपमान, अवहेलना सहेकी छिन्। जीवनभर आफ्नो वय खर्चेर परिवारको सेवामा समर्पित रहेकी सिक्टेरनी कान्छीलाई पति र पुत्रहरूबाट कुनै सहयोग, सम्मान र साथ नपाएपछि स्वाभिमान र आत्मसमानमा चोट परेका कारण नै विद्रोह स्वरूप साठ्ठी वर्षको उमेरमा आत्महत्या गरेकी देखिन्छ। सिक्टेरनी कान्छी अस्तित्वबोध, अपमानबोधका कारण असहनीय पीडाले पीडित देखिन्छिन्। जीवनभरी पतिको वचनलाई आज्ञा मानेर पालन गर्दै आएकी सिक्टेरनी कान्छीलाई आफ्ना विवाहित दुईजना छोराहरूले घर छोडेको तथा लीलारामले पनि विधवा धनमायासँग विवाह गरेर आमाले माया स्वरूप दिएको पैसा पनि नलिई घरदेखि निस्किएपछि सिक्टेरनी कान्छीले छोराहरूबाट पनि अवहेलित भएको अनुभव गरेकी छिन्। जसका कारण उनले आत्महत्या गरेको भान हुँदछ। यस घटनाद्वारा उनी अस्तित्वबोध, अपमानबोध तथा असहनीय पीडाले ग्रस्त रहेकी कुरा बुझ्न सकिन्छ।

पितृसत्तात्मक सामाजिक संरचनामा नारीलाई केवल नारी भएको कारणले पुरुषभन्दा भिन्न, पुरुष अधिनस्थ, असक्षम र कमजोर मानिन्छ। उसलाई बाल्यकालदेखि

नै कोमल, सहनशील, परनिर्भर बन्ने संस्कार दिइन्छ। फलस्वरूप बाल्यकालदेखि यस किसिमको पारिवारिक संस्कार र पृष्ठभूमिमा हुकेका कारण नारीहरूको व्यक्तित्व विकासमा नकारात्मक असर परेको पाइन्छ। पुराना परम्परालाई पोषण दिदैं आएका नारीहरू पितृसत्तात्मक पक्षको संरचनाका पक्षपोषक बन्न पुगेको देखिन्छ। सिक्टेरनी कान्छी पनि यस्तै पितृसत्ता तथा लैङ्गिक विभेदको सिकार बन्न पुगेकी देखिन्छिन्।

उपन्यासमा सिक्टेरनी कान्छीले प्रत्यक्ष रूपले आफ्नो पीडा र अनुभूति व्यक्त नगरेको देखिए तापनि परस्परमा रूढी विश्वासलाई फ्याक्न नसक्ने, पति र विधवा विवाह तथा अन्तरजातीय विवाह गरी घरदेखि पलायन भएका छोराहरूबिचको द्वन्द्व र जुझाइकाबिचमा परेर आफ्नो विद्रोहलाई आत्महत्याद्वारा देखाउन चाहेकी अनुमान लगाउन सकिन्छ। उपन्यासमा उत्पीडित नारी पात्रको रूपमा चित्रित रहेकी सिक्टेरनी कान्छीको पति सिक्टेरी कान्छा, छोराहरू लीलाराम र शर्माबाबु पुरुष उत्पीडकका रूपमा चित्रित रहेका देखिन्छन्। बाबु-छोराका रूपमा दुई पुस्ताका पुरुषहरूको अहम्, आडम्बर र हठ नारीका निम्ति असहज हुनु स्वाभाविक ठहर्छ। प्रस्तुत उपन्यासमा पनि यस्तै दमनपूर्ण परिस्थितिको सिर्जना भएको पाइन्छ। पति र छोरा दुवै पुस्ताका पुरुषहरूले आ-आफ्नो स्वार्थलाई बढी महत्त्व दिएका छन्। प्रस्तुत उपन्यासका पुरुषहरू पनि आ-आफ्नो स्वार्थपूर्ति गर्ने र आफ्नो दुनु सोझ्याउने सुरमा अन्धा भएका देखिन्छन्। यसले अर्को पक्षलाई कति अन्याय तथा हानी पुग्न सक्तछ भन्ने कुराको कुनै अनुमान लगाउन नसकेको देखिन्छ।

यसरी नै *अभीष्टको खोज* उपन्यासकी दोस्रो पुस्ताकी नारी धनमाया पनि लैङ्गिक विभेदको सिकार भएकी देखिन्छे। पुरुष वर्चस्वको शोषणमा परेर आफ्नो नामसम्म गुमाउन बाध्य बनेकी धनमाया परम्परावादी पितृसत्तात्मक मानसिकताको सिकार बनेकी देखिन्छे। समाजमा विधवा नारीले भोग्नु परेको अपमान, निन्दा, अमानवीय व्यवहारको

चित्रण धनमायाको माध्यमद्वारा गरिएको पाइन्छ। पितृसत्तात्मक समाज व्यवस्थाको मारमा परेकी धनमाया नारी भएकै कारण अवहेलित बनेकी देखिन्छे। त्यसमाथि अझ वैधव्य जीवन भोग्न बाध्य बनेकी धनमायामाथि दोहोरो अन्याय परेको देखिन्छ। यसरी नै तेस्रो पुस्ताकी नारी शान्ति कामुक हाकिमद्वारा बलात्कृत बनेकी छे। शान्तिको माध्यमद्वारा नारीले आफ्ना कार्यक्षेत्र र कार्यालयहरूमा समेत शोषण र दमनपूर्ण व्यवहारको भागी बन्न परेको विसङ्गत स्थितिलाई देखाउन खोजेको पाइन्छ। परिवारदेखि लिएर सार्वजनिक स्थान तथा आफ्ना कार्यक्षेत्रहरूमा पनि लैङ्गिक विभेदको कारण नारी उत्पीडित हुन परेका देखिन्छन्।

यस प्रकार *अभीष्टको खोज* उपन्यासमा तीन पुस्ताका नारीहरू पितृसत्तात्मक समाजद्वारा पीडित देखिन्छन्। पहिलो पुस्ताकी नारी लीलारामकी आमा, दोस्रो पुस्ताकी धनमाया अनि तेस्रो पुस्ताकी शान्तिसम्म आइपुग्दा पनि नारीमा शैक्षिक चेतनाको न्यूनता रहेको पाइन्छ। तेस्रो पुस्ताकी नारी शान्ति शिक्षित रहेकी भए तापनि पुरुष शोषण र उत्पीडनको सिकार भएकी देखिन्छ। यसप्रकार शिक्षित अशिक्षित दुवै वर्गका नारीहरूको निम्ति शोषणको स्थिति उस्तै देखिएको पाइन्छ। नारीमाथि गरिने यौन शोषण, दमन, अत्याचार तेस्रो पुस्तासम्म पनि उत्तिकै काँचो, बर्बर, अन्यायपूर्ण रहेको पाइनुबाट पितृसत्तात्मक सामाजिक व्यवस्थामा कुनै परिवर्तन आउन नसकेको यथार्थ परिलक्षित हुँदछ। तथापि धनमायाको दोस्रो पति लीलारामको व्यवहार उसकी तेस्रो पत्नी धनमायाप्रति समान र उदार रहेको देखिन्छ। धनमायासँगको दाम्पत्यमा लीलारामले नारी-पुरुषको सहअस्तित्व र सहकारिता भएमा मात्र जीवन सुखमय र शान्तिपूर्ण बित्नसक्ने कुराको बोध गरेको पाइन्छ। त्यसैले उसले अर्काकी पत्नी र झड्केली छोरीलाई समेत आश्रय, माया तथा सम्मान दिएको पाइन्छ। *अभीष्टको खोज*मा धनमाया र लीलाराम दुवैले नारी-पुरुषको सहअस्तित्वप्रति आस्था राखेको पाइन्छ। धनमाया र

लीलाराम दुवैले नारी-पुरुष सह-सम्बन्धको दायित्व, मर्यादा र मूल्यलाई सम्मान गरेको देखिन्छ।

*द्रोह* उपन्यासका नारी पात्रहरू राममाया भूजेल्नी र किशोरी नोकर्नी, मुन्ना, *विद्रोह* उपन्यासका अन्तरी दमिनी, विचारलालकी पत्नी, धनकबहादुरकी पत्नी र बुहारी, फगतप्रसादकी पत्नी जस्ता नारी पात्रहरू कतै पति, कतै मालिक, त कतै ससुराका रूपमा रहेका पुरुषहरूबाट पुरुष हैकम, वर्चस्व कामुकता, र यौनलोलुपताका सिकार भएका पाइन्छन्। सम्भवतः पुरुष अहमका सिकार पुरुषका तुलनामा नारीहरू बढी उत्पीडित बनेका देखिन्छन्। त्यसको मूल कारण लैङ्गिक विभेद नै रहेको पाइन्छ। भीम दाहालका उपन्यासमा पनि लिङ्ग विभेदका कारण नारी-पुरुष दुई लिङ्गमाझ सम्बन्धहरूमा फाटो, विभेद र द्वन्द्व रहेको पाइन्छ। दाहालका उपन्यासहरूमा नारी चरित्रको बाहुल्य बढी देखिन्छ। तर समाजको मेरूदण्ड मानिएको राजनीतिक संस्था, आर्थिक संस्था तथा उत्पादनका क्षेत्रमा भने नारीको सहभागिता न्यून रहेको पाइन्छ। जसलाई लैङ्गिक विभेदको मूल कारण मान्न सकिन्छ। पुरुषप्रधान समाजको स्थापनासँगै नारीले परिवारमा पुरुषको तुलनामा दोस्रो दर्जा, पुरुष अधिनस्थ, पारिवारिक सत्ता, आर्थिक सत्ता, सम्पति साथै आफ्ना सन्तान सुखबाट पनि अलग रहनु परेको यथार्थ देख्न सकिन्छ। फलतः नारी विभिन्न अधिकार र अवसरहरूबाट बञ्चित गराइन्छे। सिमोन वुभा अनुसार "जबसम्स समाजमा निजी सम्पतिको अवधारणा प्रचलित रहन्छ र पुरुषले स्त्रीलाई आफ्नो सम्पति मान्दछ, तबसम्म नारीद्वारा गरिएको सामाजिक नियामादिको उलङ्घनलाई व्यभिचार र अपराध मानिन्छ। तर कुनै व्याभिचारी पुरुषलाई भने यस्तो कुनै दण्डविधान लागु गरिएको पाइन्न। पुरुषले पर-स्त्रीगमन गर्दछ तर सजाय महिलाले भोग्दछे।"[1] यस्ता दण्ड भोग्ने नारीहरूमा लीलारामकी आमा, राममाया भूजेलनी, किशोरी नोकर्नी आदि पात्रहरू रहेका छन्।

---

[1] सिमोन वुभा, सन् २०११, पूर्ववत्, पृष्ठ ४२।

नारीप्रति गरिने लैङ्गिक विभेदको सुरूवात उसको जन्मदेखि नै रहदैं आएको पाइन्छ। छोरीको रूपमा नारी परिवारभित्र पहिले पिताको आश्रय र अधीनमा, विवाहपछि पति र छोराको अधिकारमा बाँच्न विवश बन्दछे। फेड्रिक एङ्गिल्सको विचारमा "निजी सम्पतिको अवधारणाले ऐतिहासिक विकासक्रममा नारीलाई सामाजिक स्तरमा निरन्तर हीन स्थितिमा पु-याएको छ।"[2] यस आधारमा पुरुषले नारीप्रति आफ्नो सत्ता मालिकको रूपमा स्थापित गरेका कारणले नारी अन्याय, दमन, शोषण र विभेदको स्थिति सिर्जना भएको देखिन्छ।

दाहालका उपन्यासहरूमा बिम्बित लैङ्गिक समानता तथा विभेदलाई अध्ययन गरेर हेर्दा त्यहाँ दुई किसिमका मानसिकता भएका पुरुषहरूको सहभागिता रहेको देखिन्छ। एक थरिका पुरुषहरू नारीप्रति लैङ्गिक विभेद, अन्याय र शोषण गर्न सदैव तत्पर रहेका छन् भने अर्का थरिका पुरुषहरू नारीप्रति उदार र पुरुषसमान दृष्टि राख्छन्। यी पुरुषहरू नारी-पुरुषको जैविक वा प्राकृतिक फरकपन र भिन्नतालाई स्वीकार गरेको पाइन्छ। यही फरकपनमा नै नारी-पुरुष दुवैको अस्तित्व सुरक्षित रहेको देखिन्छ। नारी-पुरुष एका-अर्कामा पूरक हुन् र दुवैको सहचर्या, हार्दिकता, सहअस्तित्व र सहयोगले मात्र जीवनले पूर्णता प्राप्त गर्छ भन्ने समानतामूलक धारणा राखेका छन्। उपन्यासमा चित्रित धेर जसो नारीहरूले पुरुषप्रति समानताको दृष्टि राखेको देखिन्छ। नारी पात्रहरूले नारी-पुरुष दुवैको सहकारिताद्वारा शान्त, सभ्य र समानतामूलक समाजको व्यवस्थाको निर्माण गर्न सकिन्छ भन्ने उदान्त भाव उपन्यासहरूका नारी चरित्रहरूको व्यवहारबाट बुझ्न सकिन्छ।

## ५.२ पारिवारिक दृष्टिकोण

परिवारलाई समाजको प्राथमिक एकाइ मानिन्छ। परिवारको संरचना नारी-पुरुषबिचको वैवाहिक सम्बन्धद्वारा निर्मित हुन्छ। दाम्पत्य सम्बन्धलाई सुखमय, शान्त र समतामूलक

[2] फेड्रिक एङ्गल्स, सन् १९८९, *द अरिजिन अफ फ्यामेली, प्राइभेट प्रपर्टी एन्ड द स्टेट,* पूर्ववत्, पृष्ठ ९६।

बनाइ राख्न पति-पत्नीबिचको हार्दिकता, प्रेम, सहकार्य, सहचर्या, सरोकार र एका-अर्काप्रतिको सम्मान, सद्व्यवहार, आन्तरिक र भावनात्मक सम्बन्धहरू आवश्यक मानिन्छ। भीम दाहालका उपन्यासमा ग्रामीण र सहरीया दुवै परिवेश र जीवनशैलीको चित्रण गरिएको पाइन्छ।

*अभीष्टको खोज* उपन्यासको सिक्टेरी कान्छा, नेत्रप्रसाद, *द्रोह* उपन्यासका विचारलाल, कैजरबहादुर सुतार, *विद्रोह* उपन्यासका फगतप्रसाद, यूनारायण, धनकबहादुर, खूकुमार दाहाल, बमसिहं, कालिकाप्रसाद, भयनाथ जस्ता पुरुष पात्रहरू पुरुष हैकमवादी, वर्चस्ववादी मानसिकतालाई पक्षपोषण गर्ने पात्रहरू रहेका छन्। सिक्टेरी कान्छा विधवा विवाह निषेध गरिनुपर्ने, नारी सदैव पुरुषको हैकमदेखि अधिनस्थ रहनुपर्ने, पत्नीलाई पतिको बन्धनमा राखिनुपर्ने, सनातन धर्म, *मनुस्मृति* तथा शास्त्रीय विधिविधानको पूर्वाग्रह र परम्परागत रूढी विश्वास पालन गर्ने तथा ती नियम, विश्वास र धारणालाई परिवर्तन गर्न नचाहने पात्रको रूपमा देखिएको छ। सिक्टेरी कान्छाको यही हठका कारण अन्तरजातीय विवाह गरेका दुई छोराहरू र विधवा विवाह गरेको छोरा लीलारामले गृहत्याग गरेका छन्। उपन्यासकारले पारिवारिक भाडभैलो र सम्बन्धहरूमा आएको व्यवधानका कारण सिक्टेरनी कान्छीले आत्महत्या गरेकी देखाएर पारिवारिक असन्तुलित सम्बन्धहरूले परस्परमा ल्याएको विसङ्गतिलाई पुष्टि गर्न खोजेको पाइन्छ। समाजमा आफू सदैव सम्मानित बनिरहने इच्छा राख्ने सिक्टेरी कान्छाको खोक्रो इमान, परम्परावादी नियम र धर्मपालनको अनावश्यक बोझका कारण एउटा परिवार खण्डित हुन पुगेको देखिन्छ।

पुरुषप्रधान समाजले नारीको अलग व्यक्तित्व र स्वाभिमानलाई अस्वीकार गरेको पाइन्छ। समाजमा नारी व्यक्तित्वका विभन्न पक्षहरूमध्ये विशेष रूपले यौनपक्ष अथवा नारीका यौन चाहना र इच्छालाई दबाइन्छ भने यौन संसर्गको प्रसङ्गमा केवल पुरुषको

इच्छालाई मात्र मान्यता दिइन्छ। यौन इच्छा र तृप्ति नितान्त पुरुषका अधिकारभित्रको कुरा मानिन्छ। समाज तथा परिवारमा यौनमाथि पुरुषको एकछत्र अधिकारलाई दाहालका उपन्यासमा माथि उद्धृत पुरुष चरित्रहरूका क्रियालापहरूद्वारा प्रमाणित हुँदछ। यी पुरुषहरूले अविवाहित र विवाहित दुवै अवस्थामा परस्त्रीगमन गरेको देखिन्छ। प्रत्येक नवयौवना नारीहरूसँग यौन सम्पर्क राख्न चाहने यी पुरुषहरूले यौनलाई विलासिता र सस्तो भावाभेग मात्र मानेको देखिन्छ।

उपन्यासमा यी पुरुष पात्रहरूले आफ्ना पत्नी हुँदा-हुँदै अन्य नारीहरूसँग शारीरिक सम्पर्क राख्नु सामान्य कुरा मानेको देखिन्छ भने नारीले केवल पतिसँग मात्र शारीरिक सम्पर्क राख्नु पर्ने नियम बनाएर नारी देहको स्वतन्त्रतालाई निषेध गरेको देखिन्छ। *मनुस्मृति*मा "पत्नीको धर्म र स्थितिबारे चर्चा गर्दा पत्नीको धर्म पतिको सेवा मात्र हो। नारीको निम्ति अलग कुनै यज्ञ हुँदैन, न त व्रत उपवास, केवल पतिको सेवामा नै पत्नीको स्वर्ग हुँदछ। पति शिल र शिल्पहीन, अशिक्षित वा अवगुणी, गुणहीन भए तापनि पत्नीले पतिलाई देवता मानेर पूजा गर्नुपर्ने छ"[3] भनिएको पाइन्छ। *मनुस्मृति*को यसै धारणाद्वारा मान्यताद्वारा यी पुरुष पात्रहरू प्रभावित रहेको देखिन्छ। नारीप्रति यस्ता आधारहीन र अनावश्यक धारणा राखेर पत्नी र अन्य नारीहरूप्रति पुरुषहरूले शारीरिक तथा मानसिक शोषण गरेका छन्। अनैतिक यौन सम्बन्ध, यौनलोलुप व्यवहारको कारणले यी पुरुषहरूलाई पत्नी र परिवारप्रतिको प्रेम, कर्तव्य, समर्पण र दायित्वबोधले बाँधेर राख्न नसकेको देखिन्छ। फलत: यी पुरुषहरूको पारिवारिक जीवन असमाञ्जस्य र असन्तुलित रहेको देखिन्छ। सिमोन वुभाको कथन अनुसार "परिवारमा यौनेच्छा र चाहनाको सन्दर्भमा पुरुषले आफ्नो एक्लो आधिपत्य कायम गरेको हुन्छ। पति के चाहन्छ भने उसकी पत्नी हर रूपमा उसैकी भई रहोस् तर ऊ स्वयम् पत्नीको मात्र हुन चाहदैंन। ऊ आफूलाई पूर्ण रूपमा पत्नीप्रति समर्पित राख्न सक्दैन। पत्नीसँग दाम्पत्य

---

[3] तुलसी आचार्य, वि सं २०७३, *मनुस्मृति,* पूर्ववत्, पृष्ठ ८७।

सम्बन्धमा बाधिए पनि ऊ स्वतन्त्र र एक्लो रहन चाहन्छ।"[4] बुभाको उक्त कथन यी पुरुष पात्रहरूको सन्दर्भमा यथार्थ रहेको देखिन्छ।

दाहालका उपन्यासमा चित्रित अन्य नारीपात्रहरू तथा माथि उल्लेखित पुरुष पात्रका पत्नीहरूले गृहस्थ जीवनमा परिवार, आफ्ना सन्तानप्रति समर्पणको भाव राखेको पाइन्छ। आफ्ना पतिको कुप्रवृतिप्रति सचेत रहे तापनि पत्नी धर्मको पालनलाई नै यी नारीहरूले जीवनको अभीष्ट ठानेको देखिन्छ। नारीपात्रहरूले परिवार र पतिप्रति पत्नीको कर्तव्यहरूको पालन इमान्दारीपूर्वक गरेको पाइन्छ।

दाहालका उपन्यासका अन्य पुरुषपात्रहरू लीलाराम, शर्माबाबु, कुलुङ सुबेदार, रविरत्न, जिल्लाराम, लेखलाल, रामलाल भट्टराई, पापाराई, जेम्स जयदीप, थानवीर कटुवाल जस्ता पात्रहरू नारीप्रति उदार भाव राख्ने पुरुषहरू हुन् जसले समाजका हरेक पक्षमा नारी-पुरुषप्रति समान दृष्टि राखेको देखिन्छ। यी पात्रहरूले समाजका अन्य नारीहरू तथा आफ्ना परिवारभित्रका छोरी-चेली र पत्नीप्रति उदार, समान र भावनात्मक प्रगाढता राखेको देखिन्छ। नारी शिक्षा, स्वनिर्भरता, स्वावलम्बन, सङ्घ-संस्था र राजनीतिक गतिविधिमा नारीको सहभागिता, आर्थिक स्वतन्त्रता, उत्पादन र व्यापारको क्षेत्रमा नारीको भूमिका आदि पक्षहरूमा यी पुरुषहरूले सकारात्मक योगदान पुऱ्याएको देखिन्छ। यी पुरुषहरू आफ्ना परिवारप्रति कर्तव्यनिष्ठ र पत्नीसँगको दाम्पत्य सम्बन्धमा इमान्दार र समर्पित रहेका देखिन्छन्। पति-पत्नीको परस्परमा सहचर्या, प्रेम, भावनात्मकता, सहजीवन यापन र एका-अर्काप्रतिको सरोकार, त्याग, सम्झौतामा विश्वास राखेर गृहस्थी जीवनलाई संसारको सबैभन्दा ठूलो सुख र प्राप्ति मानेको देखिन्छ। राम आहुजाले "विवाहलाई नर-नारीबिचको आत्मिक संसर्ग तथा मित्रताको प्रगाढता"[5] मानेको

---

[4] सिमोन बुभा, सन् २०११, *द सेकेन्ड सेक्स,* पूर्ववत्, पृष्ठ २०९।

[5] राम आहुजा, सन् २०१५, *भारतीय सामाजिक व्यवस्था,* पूर्ववत्, पृष्ठ ३३।

पाइन्छ। कुलुङ सुबेदार, रवीरत्न लीलाराम, शर्माबाबु, पापाराई आदि पात्रहरूले आहुजाको यसै विचारलाई आत्मासाथ गरेको देखिन्छ।

उपन्यासका नारी पात्रहरू धनमाया, रून्ना, लीलावति, सुबेदारनी आमा आदि नारीहरू पति र परिवारप्रति आस्थावान रहेका देखिन्छन्। यी पात्रहरूले एकजना सफल गृहिणीको भूमिका निभाएको देखिन्छ। पतिको प्रेमप्रणयमा रहेर सहजीवनयापनलाई नै जीवनको आनन्द ठानेको देखिन्छ। यसरी मुन्ना, प्रतिभा, शान्ति, नोरमोति, रेखारानी जस्ता पात्रहरूले अन्य पुरुषहरूसँग काँधमा काँध मिलाएर समाज निर्माणमा र राजनीतिक गतिविधिहरूप्रति सचेत र जागरूक नागरिकले राख्नुपर्ने सरोकार र कर्तव्यको पालन गरेका छन्। यी नारीहरूले समाज सुधार र निर्माणको सर्वाङ्गीन क्षेत्रमा नारीपुरुष दुवैको समान सहभागितालाई स्वीकार गरेको देखिन्छ।

दाहालका उपन्यासमा सिक्किमको नेपाली समाजमा ब्राह्मण क्षत्रिय परिवारमा पिता वा छोरा मुखिया र राई, लिम्बू, लेप्चा, तामाङ परिवारमा घरकी आमा प्रमुख भएर आमाको हक-डक चलेको देखिन्छ। उदाहरण स्वरूप सिक्टेरी कान्छा अर्थात् तीर्थप्रसाद कँडरिया, विचारलाल धिताल, फगतप्रसाद आदि ब्राह्मण-छेत्री परिवारका सदस्यहरू हुन्। यी पात्रहरूका परिवारमा पतिका रूपमा यी पुरुषहरूले पितृसत्ताको रक्षा गरेका छन्। यी पुरुषहरू परिवारको मुखिया भएर त्यस परिवारको सम्पूर्ण फैसला र निर्णय लिएको देखिन्छ भने कुलुङ सुबेदार, पापाराई, रवीरत्न, जेम्स जयदीप आदि पात्रहरूका परिवारमा क्रमश: सुबेदारनी आमा, लीलावति, रून्ना र मैताले परिवारको हरेक फैसला, निर्णय, आर्थिक निर्भरता आदिमा घरकी मुखियाको रूपमा कार्यहरू गरेका देखिन्छन्। उपन्यासमा अन्तरजातीय विवाह (रवीरत्न र रून्ना,), विधवा विवाह (धनमाया र लीलाराम), बहुपत्नी विवाह (जेम्सजयदीप र उसका चार पत्नीहरू), बहुपति विवाह (मनिषा गुरूआमा र उसका चार पतिहरू) आदिद्वारा समाजमा यी नारीहरूका पारिवारिक

सम्बन्ध र कर्तव्यको पालनमा इमानदार नरहेको देखिन्छ। यस्ता प्रवृत्तिका पात्रहरूले समाजमा भाडभैलो र असमाञ्जस्यपूर्ण र अराजक स्थतिको सिर्जना गरेका छन् भने अर्का थरिका उतार र उदात्त पात्रहरूले समाजलाई सभ्य नियमबद्ध सुसंस्कृत र समानतापूर्ण बनाउने अथक प्रयास पनि गरिरहेको देखिन्छ।

## ५.३ धार्मिक दृष्टिकोण

हिन्दू धर्म र विश्वास अनुसार विवाहलाई एउटा धार्मिक अनुष्ठान र संस्कार मानिएको पाइन्छ। यस आधारमा भीम दाहालका उपन्यासका विवाहित नारी-पुरुष पात्रहरूको अध्ययन गर्दा धनमाया र लीलाराम, कुलुङ सुबेदार र सुबेदारनी आमा, पापाराई र लीलावति, रून्ना र रविरत्न, जेम्स जयदीप र मैता आदि पात्रहरूले दाम्पत्य धर्मको पालन गर्दै एका-अर्काप्रति इमान्दार रहेका देखिन्छन्। यी दम्पतिहरूमा परस्परप्रति समर्पणको भाव रहेको पाइन्छ। विवाहद्वारा दाम्पत्य जीवनमा बाधिएका नारी-पुरुषको धर्म परस्परमा आजीवन सहचर्या, सहयोगिता र प्रेमको भाव राख्नुपर्ने, एका-अर्काका सुख दुःख र जीवनमा आइपरेका पीडामा भागी हुनपर्ने तथा विभिन्न प्रकारका समस्याहरूको समाधान गर्न सधै एकसाथ खडा रहनुपर्ने, पति-पत्नी दुवैको सहअस्तित्वको सुरक्षा गर्नुपर्ने, दाम्पत्य सम्बन्धमा इमान्दार रहनुपर्ने, समान भाव राख्दै कर्तव्यनिष्ठ रहनुपर्ने जस्ता वाचा बन्धनद्वारा निर्मित भएको पाइन्छ।

धर्मको अर्को अर्थमा कुनै विशेष समुदाय वा खेमामा रहेर त्यस समूहद्वारा स्वीकृत गरिएको नीति नियमको पालन गर्दै मानवजगत्देखि टाडा अनन्त जगत्का दाता सृष्टिकर्तामा विश्वास राख्नु भन्ने हुन्छ। यस अर्थमा उपन्यासका पात्रहरूले कुनै ईश्वरीय स्वरूप वा धर्म पन्थीका अनुयायी भएर पति-पत्नीबिच धार्मिक सम्बन्धको विकास भएको पाइदैंन। उपन्यासमा सामान्य रूपमा रत्नलाल, पदमे, विचारलाल, सीता, भयनाथ,

बमसिंह, कालिकाप्रसाद स्याङ्देनकी पत्नी आदि पात्रहरूले हिन्दू धर्म र भिक्टोरिया मिस र जेम्स जयदीपले ईसाइ धर्मको पालन गरेको देखिन्छ।

## ५.४ आर्थिक दृष्टिकोण

भीम दाहालका प्राय: तीनवटै उपन्यासमा निम्नमध्यम वर्गीय समाज र परिवारको चित्रण पाइन्छ। उपन्यासका प्राय: पात्रहरू ग्रामीण परिवेशका निम्न आर्थिक वर्गीय परिवारका सदस्यहरू रहेका पाइन्छन्। उपन्यासका पात्रहरू आफ्ना परिश्रमको भरमा जीविकोपार्जन गर्ने मेहेनती, परिश्रमी र स्वावलम्बी रहेका देखिन्छन्। दाहालका तीनवटै उपन्यासमा राजतन्त्रकालीन समाज र प्रजातन्त्रकालीन समाजको चित्रण गरिएको पाइन्छ। तर प्रजातन्त्रका वास्तविक भोग नोकरशाह ठेकेदार, राजनीतिक दलाल र ठगहरूले मात्र गरेको देखिन्छ। फलत: समाज र राज्यको आर्थिक उन्नति हुन नसकेको साथै समाजको बुनियादी विकास पनि हुन नसकेको देखिन्छ। राज्य बाहिरबाट आएका व्यापारी, दोकानदार र ठेकेदारहरूको वर्चस्वले गर्दा खाँटी नागरिकहरू ठगिएको र उनीहरूको अवस्था सोचनीय बनेको देखिन्छ। उपन्यासमा एक-दुई स्वार्थी र चतुर राजनीतिज्ञहरूले राज्यको सम्पूर्ण आयस्रोत र उत्पादन व्यवस्थाको वागडोर हातमा लिएको हुँदा गरिब दु:खी र अभावग्रस्त नागरिकको आर्थिक अवस्था अझ दयनीय हुन पुगेको चित्रण पाइन्छ।

यसरी नै *विद्रोह* उपन्यासको थालनीमा नै जुम चुम्बुङ गाँउको आर्थिक अवस्था, रोग, भोक, शोक साथै गरिबीले उत्पीडित रहेका नागरिकहरूको दु:ख, कष्ट र पीडालाई यसरी दर्शाइएको पाइन्छ - "यसपाली रोथक खोला बौल्हायो। बलौटिनी माटोमा साग-पात, दाल- मस्याम र अदुवा उमार्ने जुमेलीहरू हताश भएनन्। यो उनीहरूले एकपल्ट मात्र भोगेको प्रकोप होइन। प्रत्येक दुई-चार सालमा बाल्टीले खन्याए जस्तो घनघोर वर्षा भइदिन्छ र जुम गाउँलाई अर्को अभाव, अनिकाल र बेसाहा खोज्ने अवस्थामा

पुऱ्याइदिन्छ।"[6] *द्रोह* र *विद्रोह* दुवै उपन्यासमा गरिबीको चरम सिमामा पुगेका खेति-किसान गर्ने जनसमूह विकट आर्थिक परिस्थितिको चपेटमा परेका देखिन्छन्। राज्य र देशका अन्नदाता र पोषणकर्ता कृषकहरू मालिकप्रथा र भू-स्वामित्वको शोषण र दमनमा परेर त्रासपूर्ण जीवन बाँच्न बाध्य बनेका स्थिति वर्णन पाइन्छ-

-"मंगसीरमा सँधै अलेक्जाण्डर भएर आउने बेसीमा मालिकहरू र पराजित भएर फेरी सुकाउरोमा पानी पर्खिने रिधाङेहरू! काकाकुल झै बिरहीहरू।"[7]

यसरी नै *विद्रोह* उपन्यासको उदाहरण यस्तो छ -

-"भौगोलिक अवस्थान जुमकै माथि पर्छ तर मालिकहरू तल बस्छन्। रंगीत र राम्भाङको सुनौली संगममा।"[8]

राजनीतिलाई एउटा सस्तो र बिकाउ कुरा ठान्ने र केवल आफ्नो स्वार्थपूर्ति गर्ने, आफ्नो आर्थिक अवस्थाको सुधार गर्ने, गरिबहरूप्रति शोषण गर्ने, मालिक्याई देखाउने, धन सञ्चयको माध्यमका रूपमा मात्र प्रयोग गर्ने राजनीतिज्ञहरूले राज्यको व्यापार-धन्दा, बिक्री-पट्टा, उद्योग, श्रमस्रोत र आयस्रोतका सम्पूर्ण व्यवस्था ठुलठुला दोकानदारीका पेसाहरूमा सिक्किमका नागरिकहरूको पँहुच भन्दा टाडा र भारतका अन्य राज्यहरू र मधेसबाट सिक्किम पसेका अनेपाली मानिसहरूका हातमा रहेका कारण खाँटी सिक्किमे जमीन-जेथा भएका मानिसहरू निम्न स्तरका कार्यकर्ता, नोकर र ग्राहकका रूपमा मात्र रहन पुगेका देखिन्छन् भने अन्यत्र राज्यबाट आएका मानिसहरू चाँहि साहुकार, ऋणकार र सरकारी ठेकेदार, सप्लायर भई मालिकको स्थान ओगट्न पुगेकाले खाँटी नागरिकहरू गरिबीको विकट स्थितिबाट माथि उठ्न नसकेको देखिन्छ। गाउँका गरिबहरू एकातिर

[6] भीम दाहाल, सन् २००५, पूर्ववत्, पृष्ठ १।
[7] भीम दाहाल, सन् २००२, पूर्ववत्, पृष्ठ ६६।
[8] भीम दाहाल, सन् २००५, पूर्ववत्, पृष्ठ १।

शोषक राजनीतिज्ञहरूको चपेटमा परेका देखिन्छन् भने अर्कोतिर मधेसवासी साहुकारहरूको दमनका सिकार भएका देखिन्छन्। उदाहरणार्थ -

-"एकापट्टि गाउँमा यस्ता छाँटिएका र गाँजिएका यूनारायणहरू थिए भने बजार बजारमा आएर बसेका मदेसवासी व्यापारीहरूले यहाँको आर्थिक उत्खनन् गरेको कथा अझ मार्मिक छ।

-प्रत्येक वर्ष रामनवमीको दिन गएर हिटलरको स्वस्तिका लेखेको खातामा सही गर्नुपर्ने। साउँ र ब्याज र ब्याजमाथिको ब्याज गन्ती गर्ने तर एउटा सही हिसाब लिएर फर्किने समाज थिएन।

-आफ्नो वार्षिक उत्पादन बनियाको तराजूमा हालेर अलिकति सौदा र धेरै हिसाब लिएर फर्किन्थे बहुसंख्यक गाउँबासीहरू।"[9]

गाउँका गरिब जनसमुदायहरू एकातिर शोषक र भ्रष्ट राजनीतिज्ञहरूबाट उत्पीडित भएका देखिन्छन् भने अर्कातिर व्यापारीहरूको आर्थिक शोषण पनि उत्तिकै चर्को रहेको देखिन्छ।

*द्रोह* उपन्यासमा लेखलाल भट्टराई, रामलाल भट्टराई, जिल्लाराम, केशरे बागदास, बोजेक गाउँका सात घर कामी दाजुभाइ भू-स्वामित्वको कूप्रथाका कारण चरम आर्थिक चपेटमा परेका देखिन्छन्। प्रजातन्त्रको समयमा पनि यी पात्रहरूले न्याय नपाएको र अझ दमित भएर बाँच्नु परेको चित्रण पाइन्छ। कमजोर आर्थिक अवस्थाका कारण लेखलाल भट्टराई आफ्नो बृद्ध रोगी बाबुको उपचार गराउन नसक्ने साथै उमेर पुगेकी छोरीको समयमा विवाह गरिदिन नसक्ने असहाय पात्रका रूपमा चित्रित छ। यसरी नै जिल्लारामले आफ्नी रोगी पत्नीको उपचार गर्न असक्षम रहेको देखिन्छ। जिल्लाराम र

---

[9] भीम दाहाल, सन् २००५, पूर्ववत्, पृष्ठ ४०।

केशरे दमाई पनि भोक र शोकपूर्ण जीवन बाँच्ने क्रममा रहेका छन्। केशरे गरिबी साथै वर्णव्यवस्थाको दोहोरो मारमा परेको देखिन्छ।

यस्तै प्रकारले *विद्रोह* उपन्यासमा पनि ग्रामीण क्षेत्रमा बसोबास गर्ने निम्न आर्थिक समुदायका मानिसहरू सामन्ती शोषकहरूको अत्याचारले गरिबी, अभाव र थिचोमिचोमा परेका देखिन्छन्। *द्रोह* र *विद्रोह* दुवै उपन्यासको परिवेश प्रजातन्त्रपूर्ण देखिए तापनि प्रजातन्त्र केवल शोषक वर्गको हातको कठपुतली मात्र बनेको देखिन्छ। प्रजातन्त्रले समग्रमा जनमानसको समस्या र पीडालाई सम्बोधन गर्न नसकेको अवस्था देखिन्छ।

दाहालका उपन्यासहरूमा विसङ्गत राजनीतिक परिवेश र परिस्थितिका कारण देशको कर्णधार भनिएका युवाहरूमा नकारात्मक प्रभाव परेको देखिन्छ। बेरोजगारीको व्यापक समस्या युवापिँडीले भोग्नुपरेको देखिन्छ। बेरोजगारी समस्याले युवाहरूमा नशाखोर र अपराध गर्न प्रेरणा मिलेको देखिन्छ, जुन समस्या समाज, राज्य र देशकै निम्ति घातक सिद्ध हुन सक्ने सम्भावना रहेको छ। युवाहरू जीवन र जगतबाट पलायन हुन लागेको अवस्था र देशको युवाशक्ति नकारात्मकतातिर ढल्किन लागेको स्थितिलाई उपन्यासमा यसरी वर्णन गरिएको पाइन्छ -

> -"गाउँबाट युवा-युवती स्वभावतै उठेर सहर, बजार, राजधानीतिर रोजगारीको निम्ति धाउँथे।... रोजगारी एउटा सपना थियो जो पूरा हुने एक-हजारंश सम्भावना रहन्थ्यो। तीन सय नोकरी खुले तीस हजार तयार हुन्थे।"[10]

रोजगारीको खोजीमा रहेका राज्यका युवा पंक्तिका सदस्यहरू विसङ्गति र विकृतितर्फ उन्मुख भएको अवस्थादेखि उपन्यासकार चिन्तित र मर्माहित भएका देखिन्छन्-

---

[10] भीम दाहाल, सन् २००५, पूर्ववत्, पृष्ठ १८७।

-"परम्परागत रोजगारदाता र अन्नदाता कृषि र पशुपालनमा फर्किन लजाउने, श्रमको इज्जत र महीमासँग तर्सिने, सानोतिनो व्यापारभन्दा ठेकापट्टाको हुलदंगे कमीशन खोज्ने जमात विस्तार-विस्तार कुनै लस एंजल्सको घेट्टो र जमात झैं विकृत मानसिकतातिर अग्रसर थियो।"[11]

युवाहरूमा नशालु पदार्थको सेवन बढ्न थालेको चित्रण गर्दै यस्तो सामाजिक अवस्थाले देश र राज्यको अवन्नति र अधोगति हुने सम्भावनालाई उपन्यासकारले दर्शाएको पाइन्छ -

-"नशाखोरहरू पहिले पहिले खोकीको 'कोरेक्स', 'फेन्लीडाइल' झैं औषधीहरू मात्राभन्दा बढी पिएर मस्त हुने, त्यसपछि पेट दुख्दा आराम गर्ने पेनकिलर, फलेनलगन, एभिल र मर्फिन सुई हान्ने, कति 'इंक रिमूभर ', पालिस आदि सुँघ्ने र कति त 'सेप्टिक ट्यांक'-को ढब्बू उघारेर सुँघ्नेसम्म भएका थिए। यो राज्य र देशको मात्र होइन विश्वकै समस्या हुन गएको थियो।"[12]

समाजमा चारैतिर भ्रष्टचार, दुराचार, व्याभिचार, अन्याय र त्रासको स्थिति सिर्जना भएको समयमा सचेत र जागरूक युवाशक्तिहरूबाट सामूहिक र सङ्गठित रूपले वैचारिक आन्दोलनको थालनी गरिएको देखिन्छ। सचेत युवाहरू क्रान्ति र विद्रोहद्वारा सभ्य, समतामूलक र आर्थिक स्वनिर्भर समाजको निर्माण गर्ने दिशातर्फ अग्रसर रहेका पाइन्छ। युवावर्ग विकृति सामाजिक-आर्थिक अवस्थामा पनि सभ्य समाज निर्माण गर्ने सामूहिक सपना लिएर आशावादी बनेका देखिन्छन्।

[11] भीम दाहाल, सन् २००५, पूर्ववत्, पृष्ठ १८७।
[12] भीम दाहाल, सन् २००५, पूर्ववत्, पृष्ठ १८७।

## ५.५ मनोवैज्ञानिक दृष्टिकोण

यस उपशीर्षकमा विशेष रूपले नारी-पुरुषबिचको प्रेम र यौन सम्बन्धको चर्चा गरिएको छ। प्रेम नारी-पुरुषबिचको भावनात्मक प्रगाढताको सम्बन्ध हो भने यौन मानिसको जैविक आवश्यक्ता हो। विपरित लिङ्गीप्रतिको आकर्षण स्वाभाविक र प्राकृतिक रहेको देखिन्छ। यौन मानिसका मनभित्र सहज रूपले उब्जिएको भावना हो। यौन जैविक प्रक्रिया भएको हुँदा यो कुनै अपराधिक क्रियाकलाप होइन। प्रेम र यौनबिच भिन्नता रहेको कुरालाई विभिन्न विद्वान् र अध्येताहरूले मानेको पाइन्छ। प्रेम र यौन एकै कुरा नभएर दुई भिन्न र आ-आफ्नै स्थानमा पूर्ण र स्वतन्त्र विषय हुन्।

भीम दाहालका उपन्यासहरूमा दुई प्रकारका चरित्र भएका पात्रहरूलाई समावेश गरेको पाइन्छ। एक थरिका पात्रहरूले प्रेमलाई हृदयको हार्दिक र आत्मिक संवेदना र भावना मानेको तथा यौनलाई प्रेमको प्रगाढता र जैविक आवशक्ता मानेको पाइन्छ भने अर्का थरिका पात्रहरूले यौनलाई विलासिता तथा प्रेमलाई एउटा सस्तो भावावेग सिवाय अरू केही ठानेका छैनन्।

दाहालको *अभीष्टको खोज* उपन्यासमा लीलाराम र धनमाया, *द्रोह*का कुलुङ सुबेदार र सुबेदारनी आमा, मुन्ना, रविरत्न, प्रतिभा र *विद्रोह*का पापाराई र लीलावति, रविरत्न र रून्ना आदि जस्ता पात्र र पति-पत्नीबिच भावनात्मक आग्रह रहेको पाइन्छ। यी दाम्पतिहरूबिच पारस्परिक यौन आग्रहको विकास भएको देखिन्छ। पति-पत्नीबिचको प्रेम पवित्र र निःस्वार्थ रहेको छ र परस्परमा समर्पणको भावनाको विकास, यौन सन्तुष्टिको अवस्था रहेको देखिन्छ। यी दम्पतिहरूले गृहस्थ जीवनलाई संसारको सबैभन्दा बढी सुखको केन्द्र मानेको देखिन्छ। उपन्यासमा यौन सुखलाई जीवनको आनन्दमय पक्ष र उर्जाशील सौन्दर्यको रूपमा प्रस्तुत गर्न चाहेको पाइन्छ। उपन्यासमा प्रेमलाई शारीरिक

तुष्टिका रूपमा मात्र नहेरेर दुई आत्माबिचको मिलन र एउटा चोखो र पवित्र बन्धनका रूपमा प्रस्तुत गरिएको पाइन्छ -

> -"त्यस रात एउटा शरीर अर्को शरीरसँग मोहित मात्र भएको थिएन...। एउटा आत्माले अर्को आत्मालाई प्रेम आगोसमा बाँचिरहेथ्यो।"[13]

यी दम्पतिबिच आत्मिक सहचर्या, परस्परमा समानभाव, मित्रता र बन्धुत्वको सम्बन्ध स्थापित भएको देखिन्छ।

यसरी नै अर्का थरिका पुरुष पात्रहरू नेत्रप्रसाद, विचारलाल, कैजरे, धनकबहादुर संजेल, यूनारायण, रणदीपेन्द्र, फगतप्रसाद, भयनाथ, बमसिंह आदिका चरित्रमा भ्रष्ट, कामुक र यौनदुराचारी प्रवृत्ति भएका कारण यी पात्रहरूले यौनलाई केवल वासनापूर्तिको साधन र प्रेमलाई नगण्य वस्तु ठानेको पाइन्छ। यी पात्रहरू घर-परिवार, छोरा-छोरी भएका पुरुषहरू भए पनि यी पात्रहरूले यौनलाई "आलू-प्याज र धनिया-जीरा किनेको"[14] जस्तो बिकाउ वस्तुका रूपमा उपभोग गरेको देखिन्छ। प्रेमको नाममा यी पुरुष पात्रहरूले आफ्ना पँहुचमा भएका प्रत्येक नारीहरूसँग यौनसम्बन्ध राख्न चाहेको देखिन्छ। *द्रोह* उपन्यासमको खल पात्र धनकबहादुरले प्रत्येक नारीमाथि यौनपरक दृष्टि राखेको पाइन्छ। उपन्यासका यी पुरुषहरूका क्रियाकलाप अमानवीय र आपराधिक रहेका देखिन्छन्। आफ्ना परिवारका नारी सदस्यहरूमा पत्नी र समाजका अन्य नारीहरूप्रति हेयात्मक दृष्टि र नकारात्मक धारणा राखेका छन्। उपन्यासमा धनकबहादुरको कामुक र यौन दुराचारी प्रवृत्तिले गर्दा उसका परिवारमा विशेष गरेर उसकी छोरीमा पनि नकारात्मक प्रभाव परेको चित्रण पाइन्छ। यी पुरुषहरूले समाजलाई नै अन्धकारतिर धकेल्न सहयोग गरिरहेको देखिन्छ। पुरुषहरूले राजनीतिक शक्ति, सत्ता

---

[13] भीम दाहाल, सन् १९९३, पूर्ववत्, पृष्ठ १३।

[14] भीम दाहाल, सन् २००५, पूर्ववत्, पृष्ठ १७८।

र सम्पतिको आडमा समाजको कुनै नीति, नियमलाई मानेका छैनन्। पति, छोरा, मालिक, हाकिम, ससुरा आदि सबै रूपहरूमा पुरुषहरू आचारहीन, संस्कारहीन, अनुशासनहीन र परिवारको दायित्वभित्र बाँधिएर बस्न नस्कने पात्रका रूपमा देखिएका छन्।

## ५.६ सामाजिक दृष्टिकोण

भीम दाहालका उपन्यासहरूमा सिक्किमको नेपाली समाजको चित्रण पाइन्छ। सिक्किमेली नेपाली समाजको चित्रण गर्ने क्रममा ग्रामीण र सहरीया दुवै परिवेशको चित्रण पाइए तापनि विशेष रूपले ग्रामीण समाजको चित्रण पाइन्छ। दाहालका तीनवटा उपन्यासहरू पश्चिम सिक्किमको चम्बुङ, टिम्बुरबोङ, जुम, सोरेङ बस्ती र बजारको सामाजिक-आर्थिक परिवेशलाई केन्द्रबिन्दु बनाइएको पाइन्छ। पश्चिम सिक्किमका यी ग्रामीण इलाकाको चित्रण, त्यहाँको प्राकृतिकता, स्वच्छ ग्राम्य वातावरण, गरिबी, भोक, शोक, समस्या अभाव, राजनीतिक-सामाजिक परिवेश र परिस्थितिको चित्रण पाइन्छ। सिक्किम बाहेक विश्वका अरू विकसित देशहरूमा भएका सामाजिक साथै राजनीतिक गतिविधिहरूको वर्णन र प्रसङ्गवश नेपाल भारतका अन्य राज्यहरूमा चलेका आन्दोलन, राजनीतिक क्रियाकलापहरू, जनजीवन र प्राकृतिक वर्णनहरू पनि उपन्यासमा गरिएका छन्। विशेष गरी दार्जिलिङ पहाड र थानवीर कटुवालका माध्यमद्वारा दशनामी देशमा भएको राजनीतिक ढङ्गाफसादका कारण नेपालीहरूले हिंसात्मक र अमानवीय व्यवहारका सिकार हुन परेका घटनाहरूको चित्रण गरिएको पाइन्छ।

दाहालका तीनवटै उपन्यासमा शोषण, अन्याय, अत्याचार, वर्णव्यवस्था, अन्धविश्वास आदिले आक्रान्त पारेको समाजको चित्रण पाइन्छ। जसले रूढी परम्परा, वर्णाश्रम, दलित शोषण र दमन, नारी शोषण, भ्रमात्मक, त्रासपूर्ण र अराजक वातावरणको सिर्जना भएको देखिन्छ। *द्रोह* उपन्यासको केशरबहादुर वागदास उर्फ केशरे, अन्तरी

दमिनी दलित वर्गका सदस्यहरू वर्णव्यवस्था र सामाजिक अवहेलनामा बाँच्न बाध्य परेको देखिन्छ। यी पात्रहरू गरिबी साथै जात-पात र वर्णव्यवस्थाको दोहोरो मारमा परेका देखिन्छन्।

उपन्यासको समाजमा अन्धविश्वासले पनि जरा गाढेको स्थिति देखिन्छ। उपन्यासको पात्र रविरत्नले अन्धविश्वासका कारण बालक अवस्थामा आफ्नी आमा गुमाउनु परेको देखिन्छ। समाजमा अशिक्षा र आर्थिक-शौक्षिक पछौटेपनको अवस्था, सामाजिक-आर्थिक असन्तुलन रहेको देखिन्छ। पूँजीपति शोषक राजनीतिज्ञहरूले गरिबका रगत समेत चुसेको स्थिति वर्णन पाइन्छ। उपन्यासमा गरिबी, रोग, भोक र शोकले ग्रस्त समाज देखिए तापनि गाउँमा प्रजातन्त्रिक वा लोकतन्त्रिक सचेतना भएका मानिसहरू पनि रहेका छन्। ती सचेत पात्रहरूले प्रतिनिधिका रूपमा अधि आएर गाउँ समाजका अन्य असचेत वर्गलाई जागरूक, सचेत र वैचारिक रूपले सक्षम बनाई राज्यको आमूल परिवर्तन र सर्वाङ्गीन विकासको आन्दोलनलाई अघि बडाउने कार्य गरिरहेको देखिन्छ। सङ्गठन बद्ध भई सामूहिक रूपले आन्दोनलन र क्रान्ति गर्नु अनि वैचारिक परिवर्तन गर्ने कार्य चुनौतिपूर्ण रहेको देखिन्छ। शासक पूँजीपतिहरूले कानुनलाई आफ्नो हातको कठपुतली बनाएर साम, दाम, दण्ड, भेदको षडयन्त्रद्वारा त्यो सचेतनालाई परिवर्तनको आकाङ्क्षालाई रोक्ने, दबाउने प्रयत्न पनि गरेको देखिन्छ। तर शोषकहरूको त्यो षडयन्त्र सफल भने हुन नसकेको देखिन्छ।

उपन्यासमा देखापरेका समाजका प्रतिनिधि पात्रहरूपनि आर्थिक स्थितिको चपेटबाट अछूत रहन सकेका छैनन्। उनीहरू हरदम जीवन सङ्घर्षमा जुझिरहेका र सभ्य समाजको निर्माणको सपनाप्रति आशावादी रहेको देखिन्छ। आर्थिक रूपले कमजोर र शोषणका सिकार भएका जनसमूह र सभ्रान्त परिवारका पूँजीपति सामन्ती मानिसहरूबिचको द्वन्द्व र सङ्घर्ष नै उपन्यासको केन्द्रबिन्दु रहेको देखिन्छ।

पूँजीपतिहरूले राजनीतिक शक्तिको आडमा राज्यको सम्पूर्ण व्यवस्था र प्रशासनको वागडोर आफ्ना हातमा लिएर समाज, राज्य र देशलाई नै विभिन्न जाल-झेल र छल-कपट गरेर शोषण गर्ने र अधोगतितिर लान खोजेको देखिन्छ। यी सामन्तीहरूले राजनीतिलाई अर्थसञ्चय गर्नु र अशक्तप्रति अन्याय, अत्याचार गर्ने साधनका रूपमा उपभोग गरेको देखिन्छ।

उपन्यासमा एकातिर पूँजीपतिहरूको हैकम र भाडभैलोले समाज दुषित बनेको देखिन्छ भने अर्कातिर धर्मका ठेकेदारहरूको मनमानी रहेको पाइन्छ। चेतनशील समूहद्वारा समाजको जात, पात, वर्णव्यवस्था, रूढी परम्परा, धारणा र मानसिकताको उन्मूलन गर्ने अभियान चलाइएको देखिन्छ। अर्कातिर धर्मका ठेकेदारहरूले जातपात, दलित अवहेलना जस्ता अवैज्ञानिक र अमानवीय प्रथा र प्रचलनलाई निरन्तरता दिने र पानी नचल्ने, पानी काड्ने भन्ने जस्तो कुरा गर्दा सचेत वर्गले कानुनको सहायताद्वारा त्यस्तो रूढी परम्परावादी मान्यतालाई हाँक दिएको पाइन्छ।

*द्रोह* उपन्यासको अन्तमा चेतनशील वर्गले चालाखीपूर्ण ढङ्गले शोषक सामन्तीहरूलाई एक एक गरी मृत्यु दण्ड दिएको चित्रण पाइन्छ। तथापि पूर्ण रूपले शोषण व्यवस्थाको अन्त भने भएको छैन। उपन्यासमा जसरी मानिसका जीवनमा उसका अभीष्टहरू, सङ्घर्षहरू र विद्रोहहरूको अन्त हुँदैन त्यसरी नै समाजमा यस्ता शोषक विचारहरू, अन्यायका बिरूवाहरू हिजो जसरी नै आज पनि फैलिरहने छ त्यसको अन्त नभई निरन्तर यो क्रम जारी रहनेछ भन्ने सङ्केत गरिएको पाइन्छ।

भीम दाहालका उपन्यासमा निम्न आर्थिक वर्गका गरिब मानिसहरूको चित्रण बढी मात्रामा गरिएको छ। मानिसहरूमा गरिबी र अभावमा बाँचेका भए तापनि परस्परमा सहचर्या र एकताको भाव रहेको देखिन्छ। विकट आर्थिक अवस्था, गरिबी, अभाव, भोक र शोकले व्याप्त समाज देखिए तापनि जनमानसहरू आपसमा मेल-मिलाप, प्रेमको भावना,

हार्दिकता, सहयोग र सद्भावना राखेको देखिन्छ। गाउँमा कसैलाई सहयोगको खाँचो परेका खण्डमा सबै मानिस एकबद्ध भई सहयोगको हात अघि बढाएर एकजुट भई कार्य गरेको देखिन्छ।

## ५.७ राजनीतिक दृष्टिकोण

राजनीतिलाई समाजको एउटा प्रमुख अङ्ग मानिन्छ। "राजनीति समाजको त्यो शाखा हो, जसले कुनै देश, त्यहाँको सरकार, नीति, नियम एवम् सामाजिक विभिन्न सिद्धान्तहरूको व्याख्या विश्लेषण एवम् अध्ययन गर्दछ। मानिसका क्रियाकलाप, शक्तिको बाडँफाँड तथा वितरण राज्यको उत्पति र स्वरूप, विकास, संविधान, नियम, कानुन, राज्यको सञ्चालन र शासनको एकमुष्ठ जिम्मेवारी राजनीति शास्त्रभित्र पर्ने कुराहरू हुन्।"[15]

भीम दाहालका उपन्यासहरूको केन्द्रबिन्दुमा राजनीतिक सत्ता, शक्ति र सम्पति सम्पन्न व्यक्तिहरू र गरिब, निमुखा र सोझा जनमानसबिचको द्वन्द्व र सङ्घर्ष रहेको पाइन्छ। शोषक र शक्तिशालीहरूको शोषण, दमन र मिचाइमा अशक्त, असचेतहरूको जीवन पशुतुल्य भइरहेको स्थिति वर्णन उपन्यासमा खुबै यथार्थ ढङ्गले गरिएको पाइन्छ। उपन्यासमा सिक्किमको प्रजातन्त्रपूर्व र प्रजातन्त्रोत्तर स्थिति-परिस्थितिहरू, सामाजिक-राजनीतिक परिवेश आदिको सूक्ष्म वर्णन र चित्रण गरिएको पाइन्छ।

सिक्किममा प्रजातन्त्रको आगमनले सर्वसाधारण जनतालाई भन्दा एकमुठी चतुर र स्वार्थी मानिसहरूलाई मात्र लाभ पुगेको देखिन्छ। जनतन्त्रको नाममा गरिबहरूलाई दलाल, ठग र स्वार्थीहरूले विभिन्न षडयन्त्र गरेर आफ्नो स्वार्थ पूरा गर्ने र राजनीतिक रोटी सेक्न खोजेको देखिन्छ। प्रजातन्त्रले सर्वसाधारण जनमानसको हक, हित र अधिकारलाई सुरक्षा दिन नसकेको स्थितिमा सचेत, जागरूक र उर्जाशील व्यक्तिहरूले

[15] कमलराज शर्मा, वि सं २०६६, *आधारभूत समाजशास्त्र र मानवशास्त्र*, पूर्ववत्, पृष्ठ १९।

समूह गठन गरी यसद्वारा वैचारिक क्रान्तिको थालनी गरेका छन्। क्रान्ति र विद्रोहका माध्यमले शोषक सामन्ती व्यवस्थाको विरूद्ध आन्दोलन गरेको देखिन्छ।

राजनीतिले समाज, राज्य र देशकै विभिन्न तह र तप्कामा रहेका मानिसहरूको जन-जीवनमा व्यापक प्रभाव पारेको देखिन्छ। उपन्यासमा राजनीतिक उथल-पुथलले गाउँदेखि सरहसम्म व्यापक प्रभाव पारेको सजीव चित्रण गरेको पाइन्छ। दाहालका उपन्यासमा अनुशासनहीन राजनीतिक व्यवस्था र प्रजातन्त्रको असफलतालाई उदाङ्गो पारिएको देखिन्छ, यद्यपि जनतामा विस्तारै चेतनाको स्तर बढ्दै गरेको स्थिति पनि देखिन्छ। सरकारी कर्मचारीहरूको घुसखोर, भ्रष्ट, कामचोर प्रवृति र काम गर्ने संस्कार नै नरहेको देखिन्छ। उदाहरणार्थ -

> -"एउटा आउँथ्यो स्कूल निस्पेटर, जो हेडसरकोमा बसेर कुखुराको भूटूवासँग मुन्नाको दोकानको रम खाएर हेडसरको बढिबढाइँ खातामा लेखेर जान्थ्यो।
>
> - एउटा थियो पुलिस निस्पेटर, जो आउँदा गाउँ नै निल्ने गर्जना लिएर आउँथ्यो अनि फर्किदा मुन्नाको घुम्तिघरबाट हवल्दारको ढाडमा बुइ चढेर तारामा रात चुहाउँदै जान्थ्यो।
>
> - एउटा फूड निस्पेटर, जो राशिनको चिनीलाई नाङ्गो पारेर ओपनको चिनी बनाउँथ्यो र ब्याक पाकेट छाम्दै जान्थ्यो।
>
> - एउटा थियो खेती निस्पेटर, जो तीन साल अघिको चिल्याँसा परेको भटमास, तोरी, गहूँ इत्यादीको पोका घुम्तिघरको सिकुवामा फालेर मुन्नालाई उकासिराखेर जान्थ्यो। मुन्ना पोका खोल्दै सुङ्गुरको चारोमा मिसाइदिन्थी।
>
> - एउटा थियो फलफूल निस्पेटर, जो सुन्तालाको सेउला लिएर आउँथ्यो र भन्थ्यो यो रोप्नू।

- एउटा थियो पशु निस्पेटर, जो मुन्नाको सुङ्गुर मोटाएकोमा ढुक्क भएर फर्किन्थ्यो।"[16]

यसप्रकार सरकारी कार्मचारीको अप्रशासनिक व्यवहार, भ्रष्ट र स्वार्थलोलुप चरित्र चित्रणद्वारा राज्यमा प्रजातन्त्र आएपछि पनि समाजको बुनियादी र वास्तविक विकास अनि उन्नती हुन नसकेको देखिन्छ। उपन्यासहरूमा राज्यको राजनीतिक गतिविधिमा भ्रष्टाचार, व्याभिचार, विसङ्गत र विकृत राजनीतिक संस्कार, कुप्रवृत्ति, राजनीतिज्ञहरूमा रहेको सत्तालोलुपता, उद्देश्यहीनता र सिद्धान्तहीन राजनीति, राजनीतिलाई केवल निजी स्वार्थपूर्ती र अर्थसञ्चयको साधनका रूपमा मात्र प्रयोग गर्ने प्रथा, सरकारी कर्मचारीवर्ग र प्रशासनको हेलचक्राइ, पुरातन्पन्थी विचार आदि जस्ता कुराहरूको प्रस्तुतिले उपन्यासकारमा देखिएको राजनीतिप्रतिको मोहभङ्गतालाई दर्शाएको पाइन्छ।

*द्रोह* उपन्यासमा थानवीर कटुवालको माध्यमद्वारा दशनामी देशमा नेपाली जनमानसहरूप्रति सरकार पक्षले गरेको अन्याय, अत्यन्त अमानवीय व्यवहार, हत्या र अभद्रताको चित्रण गरिएको पाइन्छ। आफ्नो पूर्खदेखि सिचेर ल्याएको जमीन र गाउँ नै खाली गर्ने आदेशपछि आफ्नो सर्वस्व गुमाउनु परेको चित्रणले नेपालीहरूको दयनीय र कारूणिक अवस्थाको वर्णन गरिएको पाइन्छ। यसरी नै उपन्यासमा दार्जीलिङ पहाडमा नेपालीहरूले अस्तित्वको लडाई लडेको घटनाहरूको यथार्थ वर्णन पाइन्छ। यी वर्णनहरूद्वारा नेपाली जातिहरू संसारका कुनै स्थानमा पनि सुरक्षित नरहेको किटान गर्न सकिन्छ।

उपन्यासमा नेपाली जातिको इमान्दारिता, कर्मठता, वीरता, मानवतावादी र आफ्नो परिश्रममा विश्वास गर्ने प्रवृत्तिलाई यसप्रकार चित्रण गरिएको पाइन्छ -

[16] भीम दाहाल, सन् २००२, पूर्ववत्, पृष्ठ ११।

-"मेहनतको मशीन यो नेपालीले जति परिश्रम गरेका भए अरू आफ्नो देश र माटो हुनेहरूले सुन र चाँदी फलाउँथे हुनन्। सय प्रतिशत जनताको अशिक्षा र अभावको कारणले अफ्रिकातिर सत्र प्रतिशत मानिसहरूले राज गरे, त्यहाँको हीरा, मोती र बहुमूल्य रत्नहरू बेलायत पुऱ्याए। तर नेपाली जातिले जहीं पनि जमीनलाई मलिलो बनाइदिएको इतिहास छ। कमान र बस्तीहरू बसाइदिएको इतिहास छ। यो जातिले कहीं गएर कुनै अर्को जातिलाई रोपेको र हुर्काएको इतिहास छ, स्याहारेको र माया गरेको इतिहास छ, मासेको र नाशेको इतिहास छैन।"[17]

तर मेहनती, इमानदार र सहासी नेपाली जातिले विकृत राजनीतिको सिकार भएर विभत्स स्थितिको सामना गर्नपरेको देखिन्छ। उपन्यासमा थानवीर कटुवालका माध्यमद्वारा आफ्ना आत्मीयजनहरूको हत्या, जमीन-जेथामा सरकार तथा थापा साहब र लाठ साहबहरूले आफ्ना बाजेको नाम रहेछ भनेर गरिब नेपालीहरूको जमीन सित्तैमा हडपेको, देशनिकाला गरिएको, नक्ष्लवाद र जातिवाद, शोषण, दमन आदि स्थितिको भुक्तभोगि हुनपरेको कारूणिक चित्रण पाइन्छ।

दाहालका उपन्यासहरूमा स्वार्थपूर्ण राजनीति, भ्रष्टचार, नेताहरूको नीच चरित्रले गर्दा समाजमा अन्याय, अत्याचार, नोकरशाह आदि प्रवृत्तिले सर्वहारा जनमानसको सामाजिक, आर्थिक, शैक्षिक र राजनीतिक शोषण भई रहेको देखाइएको पाइन्छ भने अर्कातिर मार्क्स, एङ्गिल्स, लेनिन, माओत्से तुङ आदिद्वारा प्रेरित सचेत र जागरूक वर्गले सामन्तीहरूको विरोध मात्र होइन, क्रान्ति र विद्रोह गरेको देखिन्छ। सचेत पात्रहरू वर्ग सङ्घर्ष र सामुहिक क्रान्तिद्वारा मात्र समाजव्यवस्थाको परिवर्तन सम्भव रहेको छ भन्ने सोच र धारणा राखेर सभ्य र समानतामूलक व्यवस्थाको स्थापना गर्ने ध्येय लिएर क्रान्ति

---

[17] भीम दाहाल, २००५, पूर्ववत्, पृष्ठ १०।

र विद्रोहमा होमिएको देखिन्छन्। क्रान्तिका महानायक गाञ्जोला, चे ग्वेभारा, हो चि मिन्ह, कास्त्रो, स्टालिन, मन्डेला आदिको सिद्धान्त दर्शन र मार्गमा हिडेका यी पात्रहरू व्यक्तिगत महत्वाकाङ्क्षा र स्वार्थ लोलुपतादेखि टाडा रहेर केवल समाजको आमूल परिवर्तन, सर्वाङ्गिन विकास र विस्तार गर्न सफल रहेका देखिन्छन्। उपन्यासको मूल केन्द्र वर्गीय विषमता, शासक अनि शासितबिचको वैचारिक द्वन्द्व र अन्तरलाई देखाएर त्यसको निदान खोज्नु रहेको देखिन्छ।

## ५.८ सांस्कृतिक दृष्टिकोण

सांस्कृतिक दृष्टिकोणअनुसार भीम दाहालका उपन्यासहरूको अध्ययन गर्दा यिनका उपन्यासमा विशेषतः सिक्किमको नेपाली समाजको भौगोलिक परिवेश, आञ्चलिकता, प्राकृतिकता, आर्थिक अवस्था, धार्मिक गतिविधि, स्थिति-परिस्थिति, खान-पान, वेशभूषा, रीति-रिवाज, संस्कार आदिको चित्रण गरिएको पाइन्छ। यिनीहरूका अतिरिक्त दाहालका उपन्यासमा हिन्दू अनि इसाई धर्म पालन गर्ने समूहको धार्मिक क्रियाकलापहरूको चित्रण गरिएको पाइन्छ।

उपन्यासमा हिन्दू धर्म पालन गर्ने परिवारहरूमा विशेष गरी विष्णुप्रसाद बाँसतोला, सिक्टेरी कान्छा, पदमे र रत्नलालका परिवार, कुलुङ सुबेदार, रकमलाल धर्मछाडा, सीता आदिले बिहान बेलुका सँधै भगवानको पूजा-आराधना गर्ने गरेको देखिन्छ। यसका साथै *रामायण-महाभारत*का श्लोक अनि मन्त्रहरू वाचन गर्दै चन्दन र खरानीको टिका लगाउने आदि जस्ता क्रियाकलापहरूको चित्रण पाइन्छ।

यसरी नै इसाई धर्म पालन गर्ने जेम्सजयदीप र भिक्टोरिया मिसले परमप्रभू येशु खिष्टको आशिष र वचनहरूको प्रचार-प्रसार गर्दै आफ्नो जीवनमा पनि ती वचनहरूको अनुशरण गरेको देखिन्छ। हिन्दू अनि इसाई धर्मावलम्बीहरूले आ-आफ्ना परम्परा, मान्यता, रीति-रिवाज अनुसार वैवाहिक सम्बन्धको स्थापना गरेको पाइन्छ।

दाहालका उपन्यासमा बाहुन, छेत्री, राई, लिम्बू, मगर, कामी, दमाई, लेप्चा, तामङ आदि विभिन्न जातका चरित्रहरूको भूमिका एवम् सहभागिता पाइन्छ। यी विभिन्न जात-जातिका मानिसहरूले समग्रमा सिक्किमको नेपाली जातिले मान्ने गरेका चाड-पर्व, चाल-चलन, रीति-रिवाज, लवाई-खुवाई, भेषभूषा र संस्कार-संस्कृतिको पालन गरेको देखिन्छ। दाहालका उपन्यासमा सांस्कृतिक सम्बन्धका दृष्टिले नारी-पुरुषमाझ पारिवारिक, वैवाहिक, गृहस्थ, प्रेम, दाम्पत्य जीवन, विभिन्न साइनो-सम्बन्धी आदिको सम्बन्ध स्थापना भएको पाइन्छ। उपन्यासका चित्रित विभिन्न जात-जाति, धर्म समूहका पात्रहरूले संस्कारपूर्ण र अनुशासित ढङ्गमा आ-आफ्ना प्रचलनअनुसार मृत्यु संस्कार, कर्मकाण्ड, धार्मिक पूजा-अनुष्ठान, चाड-पर्व, रीति-रिवाजहरूको पालन गरेका चित्रण पाइन्छन्। उपन्यासमा एकविवाह, बहुविवाह, बालविवाह, एकपत्नीव्रत, बहुपत्नीव्रत, पारपाचुके आदिको पनि चित्रण रहेको पाइन्छ।

# छैटौं अध्याय

## ६ उपसंहार र निष्कर्ष

प्रस्तुत शोधको शीर्षक *भीम दाहालका उपन्यासमा नारी-पुरुष सम्बन्ध* रहेको छ। यस शोधग्रन्थलाई जम्मा छवटा अध्यायहरूमा विभाजन गरेर अध्ययन गरिएको छ। पहिलो अध्यायमा शोधको परिचय राखिएको छ, यसअन्तर्गत शोध शीर्षक, शोध परिचय, शोधको प्रयोजन, समस्याकथन, शोधको उद्देश्य, पूर्वकार्यको समीक्षा, शोधको औचित्य, शोधको सीमाङ्कन, शोध विधि आदि उपशीर्षकहरू राखिएका छन्।

दोस्रो अध्यायमा "समाजशास्त्रीय दृष्टिकोणले नेपाली समाजमा नारी-पुरुष सम्बन्ध" शीर्षकअन्तर्गत नारी-पुरुष सम्बन्धको अवधारणा, विभिन्न धर्म र जातिमा प्रचलित नारी-पुरुष उत्पत्तिसम्बन्धी अवधारणा, *श्रीमद्भगवत् गीता*मा नारी-पुरुष उत्पत्तिको अवधारणा, पुराणकथामा नारी-पुरुष उत्पत्तिको अवधारणा, *मनुस्मृति*मा नारी-पुरुष उत्पत्तिको अवधारणा, *बाइबल*मा नारी-पुरुष उत्पत्तिको अवधारणा, लेप्चा जातिमा प्रचलित नारी-पुरुष उत्पत्तिको अवधारणा, लिम्बू जातिमा प्रचलित नारी-पुरुष उत्पत्तिको अवधारणा, राई जातिमा प्रचलित नारी-पुरुष उत्पत्तिको अवधारणा, लैङ्गिकताको अवधारणा, पारिवारिक सम्बन्ध, वैवाहिक सम्बन्ध, धार्मिक सम्बन्ध, आर्थिक सम्बन्ध, साइनो सम्बन्ध, मनोवैज्ञानिक सम्बन्ध, सामाजिक सम्बन्ध, राजनीतिक सम्बन्ध, सांस्कृतिक सम्बन्ध जस्ता उपशीर्षकहरू रहेका छन्।

यसरी नै तेस्रो अध्यायमा "उपन्यासकारका रूपमा भीम दाहाल" शीर्षकअन्तर्गत भीम दाहालको परिचय, राजनीतिज्ञका रूपमा भीम दाहाल, साहित्यकारका रूपमा भीम दाहाल, उपन्यासकारका रूपमा भीम दाहाल, उपन्यासका तत्त्वको आधारमा *अभीष्टको खोज, द्रोह* र *विद्रोह* उपन्यासहरूको अध्ययन रहेको छ।

चौथो अध्याय "भीम दाहालका उपन्यासमा नारी-पुरुष सम्बन्धको अध्ययन" शीर्षकअन्तर्गत भीम दाहालका उपन्यासहरूका नारी-पुरुष सम्बन्धका विभिन्न पक्षहरूमा नारी-पुरुष : गृहस्थका रूपमा, नारी-पुरुष : बदलिँदो चरित्रका रूपमा, नारी-पुरुष : पारस्परिक द्वन्द्व, शक्तिको होड, कुण्ठा, अस्तित्व सचेतता तथा चिनारी स्थापनाको सङ्घर्षका योद्धाका रूपमा, नारी-पुरुष : आत्मसचेत पात्रका रूपमा, भीम दाहालका उपन्यासमा अभिव्यक्त पुरुषवादी सोच र पुरुष प्रताडनाका सिकार भएका नारीहरूको सङ्घर्ष, समाज निर्माण वा सामाजिक संरचनाका स्तम्भका रूपमा नारी-पुरुष चरित्रको भूमिका, भीम दाहालका उपन्यासमा अभिव्यक्त नारीप्रति पुरुषको दृष्टिकोण र पुरुषप्रति नारीको दृष्टिकोण आदि उपशीर्षकहरू रहेका छन्।

पाँचौं अध्याय "भीम दाहालका उपन्यासमा पाइने नारी-पुरुष सम्बन्धका सबल-दुर्बल पक्षहरूको विश्लेषण"-मा लैङ्गिक दृष्टिकोण, पारिवारिक दृष्टिकोण, धार्मिक दृष्टिकोण, आर्थिक दृष्टिकोण, मनोवैज्ञानिक दृष्टिकोण, सामाजिक दृष्टिकोण, राजनीतिक दृष्टिकोण र सांस्कृतिक दृष्टिकोण जस्ता उपशीर्षकहरू रहेका छन्।

यसरी नै छैटौं अध्यायमा उपसंहार र निष्कर्ष रहेको छ। यसरी नै परिशिष्टमा भीम दाहालको अन्तर्वार्ता राखिएको छ।

भीम दाहालका उपन्यासमा नारी-पुरुष सम्बन्धको अध्ययन गर्ने क्रममा यी दुईबिचको सम्बन्धको अवधारणा विश्वबह्माण्डको सुरुदेखि नै एका-अर्काका पूरक र सहचर्याको रूपमा भएको पाइन्छ। पछि मानव सभ्यताको विकास र विस्तारसँगै नारी-पुरुषको स्थिति र अस्तित्व विभिन्न रूपले परिभाषित र विकसित भएको पाइन्छ। परिवार समाज र देश निर्माणका प्रक्रियासँग नारी पुरुषका अन्तर्सम्बन्ध, वैयक्तिकता, भूमिका, महत्त्व र उद्देश्यहरू परिवर्तन हुँदै गएका देखिन्छिन्। नारी र पुरुष आ-आफ्ना स्थानमा उत्तिकै महत्त्वपूर्ण र निश्चित सत्तासम्पन्न व्यक्तित्वहरू भए तापनि सामाजिकरणको

प्रक्रियामा कतै एकात्मकता तथा कतै वैभिन्यताको दृष्टि र आधारले परिपोषित हुन पुगेको देखिन्छ।

वर्तमान समयमा साहित्यमा लिङ्ग र लैङ्गिकताका आधारमा नारी-पुरुषको समानता वा वैभिन्नताको व्यापक अध्ययन-अध्यापन भई रहेको पाइन्छ। लिङ्ग प्रकृतिक र जैविक आधार हो, जो विवादरहित र अपरिवर्तनीय छ भने लैङ्गिकता नारी-पुरुषबिच समाजनिर्मित आधारमा गरिएको विवादास्पद र परिवर्तनीय धारणा हो। लैङ्गिकताका आधार देशकाल र परिस्थिति अनुसार भिन्न-भिन्न रहेको पाइन्छ। वर्तमान समयमा वैज्ञानिक आधारहरूद्वारा नारी-पुरुषको सामाजिक, आर्थिक, शैक्षिक, राजनीतिक आदि स्थानमा समानता, समाञ्जस्यता, सन्तुलन कायम गर्ने जस्ता प्रयास र कार्यहरू पनि भई रहेका देखिन्छन्।

नारी-पुरुषको सम्बन्धबारे विभिन्न धर्म र जातिमा के कस्ता अवधारणाहरू रहेका छन् र नारी-पुरुषको उत्पत्तिको आधार, धारणा र मान्यता कस्तो रहेको छ भन्ने अध्ययन गर्ने क्रममा*श्रीमद्भगवत गीता*अनुसार नारी-पुरुषको उत्पत्ति बह्मको शरीरको दुई भागबाट भएको पाइन्छ। हिन्दू विश्वास अनुसार नारी-पुरुष बराबर र एक समान छन् र दुवैको सामञ्जस्यता र सन्तुलनबाट नै सृष्टिको परिचालन भएको मानिन्छ। नारी-पुरुषको स्थान सृष्टिसम्मत रूपमा समान छ। यसरी नै *मनुस्मृति*अनुसार बह्मले आफ्नो शरीरलाई दुई भागमा विभाजन गरी एउटा भागबाट नारी र अर्को भागबाट पुरुषको सृष्टि गरेको वर्णन पाइन्छ। *मनुस्मृति*ले नारी-पुरुष दुवै एक समान हुन् भन्ने विचारलाई अघि सारेको छ।

*बाइबल*मा पुरुष वा आदमको एउटा करङ्ग निकालेर उसको हाड र मासुबाट स्त्री हव्वाको सिर्जना गरेको वर्णन पाइन्छ। *पवित्र बाइबल*को धारणाअनुसार नर वा पुरुष प्राथमिक र मालिक हो भने नारी पुरुषको हाड मासुबाट निर्मित भएकी हुँदा दोस्रो दर्जाको रहेकी बताइएको पाइन्छ।

लेप्चा जातिमा प्रचलित नारी-पुरुष उत्पत्तिको अवधारणा अनुसार दाजु-बहिनीको शरीरिक सम्बन्ध र सहवासका कारण यस जातिको उत्पत्ति भएको वर्णन पाइन्छ। यसरी नै *चङ्त् मुन्धुम*मा लिम्बू जातिमा नारी-पुरुष उत्पत्तिको वर्णनअनुसार नारी-पुरुष एका-अर्काका अन्तरङ्ग मित्र हुन् र दुईबिच बन्धुत्व, प्रेम अनुराग र दाम्पत्य ईश्वरीय वरदान स्वरूप रहेको बताइएको पाइन्छ।

राई मुन्धुमअनुसार तागेरा निङमाभूमाङ अर्थात् परमेश्वरले ब्रह्माण्डको संरचना गरेपछि पारूहाङ र सुम्निमले सृष्टिकर्ताको रूपमा विभिन्न प्राणी तथा जीवहरू पनि सृष्टि गर्दै लगेको वर्णन पाइन्छ। राईहरूमा प्रचलित नारी-पुरुष उत्पत्तिको कथा अनुसार सुम्निमा र पारूहाङ आदि नारी र आदि पुरुष हुन्। राईहरूले यी दुईलाई सृष्टिकर्ता पनि मानेको पाइन्छ।

नारी पुरुषको सम्बन्ध प्राकृतिक र जैविक रूपले आवश्यक रहेको देखिन्छ। नारी पुरुषको सम्बन्ध एक आधारभूत साथै अनिवार्य आवश्यकता पनि हो। नारी पुरुषको हार्दिकता, सहचर्या र सहवासको सम्बन्ध बिना प्राणी जगत् र सृष्टिको निरन्तरता सम्भव छैन। नारी-पुरुषको सम्बन्ध परस्परमा बन्धुत्व, सहयोग, प्रेम, त्याग, सम्झौता, समानता, आत्मीयता, हार्दिकता, पारस्परिक परिवार र समाज परिचालनको दायित्व, सामाजिक सरोकार, यौन, प्रजनन आदिद्वारा स्थापित र विस्तारित भएको पाइन्छ। विवाह नारी-पुरुषको सम्बन्धलाई वैधता प्रदान गर्ने औपचारिक संस्था हो। विवाहद्वारा नै नारी-पुरुषलाई परिवारको स्थापना, यौन र सहवासको वैधानिकता प्राप्त हुँदछ। हिन्दू धर्म शास्त्र तथा *मनुस्मृति*मा धर्म, रति र प्रजालाई विवाहको प्रेरक तत्व मानिएको पाइन्छ भने आठ प्रकारका विवाहको पनि चर्चा गरिएको पाइन्छ।

नारी पुरुषको सम्बन्धलाई सामाजिकरण गर्ने प्रक्रियामा पारिवारिक, वैवाहिक, धार्मिक, आर्थिक, साइनो सम्बन्ध, प्रेम सम्बन्ध, यौन सम्बन्ध, राजनीति आदि जस्ता

पक्षहरूको भूमिका महत्त्वपूर्ण रहेको देखिन्छ। भीम दाहाल सिक्किमका एकजना अध्ययनशील, वरिष्ठ र बहुआयामिक उपन्यासकार हुन। कविता, कथा, उपन्यास, सम्पादन, लेख आदि विधामा कलम चलाउने दाहालका हालसम्म तीनवटा उपन्यास प्रकाशित भएका छन्। मुख्य रूपमा सिक्किमको सामाजिक पृष्ठभूमिमा केन्द्रित रही यहाँको सामाजिक, आर्थिक, प्राकृतिक, शैक्षिक, राजनीतिक, सांस्कृतिक परिवेशलाई उपन्यासहरूको आधारभूमि बनाएको पाइन्छ। सिक्किमको आञ्चलिकता, ग्राम्य र सहरीया वातावरणको यथार्थ अनि सजीव चित्रण दाहालका उपन्यासका विशिष्टता हुन्। भीम दाहालको *अभीष्टको खोज* उपन्यासमा राजतन्त्रकालीन सिक्किम र प्रजातन्त्रकालीन सिक्किमको सामाजिक, आर्थिक, राजनीतिक दृष्टिकोणबाट पीडित-प्रताडित जनमानसको स्थिति-अवस्थिति, शासन व्यवस्था, प्रशासनिक कार्यप्रणाली, अन्याय, अत्याचार, दमन, शोषण, कानुन व्यवस्था, पुरुषप्रधान समाजव्यवस्था, राजनीतिक अस्थिरता, पुरातनपन्थी सोच, मान्यता, धारणा, मानिसका बदलिँदा अभीष्टहरू आदिको सबल चित्रण पाइन्छ।

यसरी नै *द्रोह* र *विद्रोह* उपन्यासमा मार्क्सवादी सिद्धान्त, वर्गसङ्घर्षको भावले प्रेरित तथा प्रगतिशील विचारधारालाई आत्मसाथ गरिएको पाइन्छ। यी दुवै उपन्यासमा सिक्किमको सामाजिक, आर्थिक र विशेष रूपले राजनीतिक परिवेशलाई प्रखर रूपमा प्रस्तुत गरिएको पाइन्छ। यी उपन्यासहरूमा सामन्ती शोषण व्यवस्था, सत्तालोलुपता, स्वार्थपूर्ण राजनीति, समाजमा व्याप्त गरिबी, रोग, शोक र भोकको स्थिति, जातिवाद, छूवाछूत प्रथा, वर्णव्यवस्था, अन्धपरम्परा, बेरोजगारी समस्या, वर्गीय द्वन्द्व, द्रोह, विद्रोह, क्रान्ति, वर्गसङ्घर्ष, हिंसा, आर्थिक-सामाजिक विषमता, भेदभाव आदिको चित्रण पाइन्छ। यसका साथै नारी-पुरुषको दाम्पत्य सम्बन्धको चित्रण कतै प्रेमपूर्ण त कतै स्वार्थपूर्ण र आर्थिक, सामाजिक, मनोवैज्ञानिक वैभिन्यता, भेदभाव आदिद्वारा प्रभावित र विस्तारित रहेको देखिन्छ।

उपन्यासमा प्रेम, यौन आदि जस्ता संवेदनशील भाव जीववैज्ञानिक सत्य रहेको हुँदा प्रेममा अक्षुणता, पवित्रता, हार्दिकता र इमान्दारिता हुनपर्ने आग्रह रहेको पाइन्छ। यसका साथै विद्रोह, क्रान्ति र सङ्घर्षद्वारा सभ्य, सुन्दर र समतामूलक समाज निर्माण गर्ने विशाल र महान सपनाप्रतिको प्रेम, समर्पण र इमानदारीतालाई प्रमुख स्थान दिइएको पाइन्छ।

भीम दाहालका तीनवटा उपन्यासहरूमा नारी-पुरुष सम्बन्धको अध्ययनमा पाइएका निष्कर्षहरूलाई बूँदागत रूपमा निम्न प्रकारले प्रस्तुत गरिएको छ -

१ भीम दाहालका उपन्यासहरू मूलत: सिक्किमको सामाजिक, आर्थिक, शैक्षिक, राजनीतिक, ऐतिहासिक, सांस्कृतिक, आञ्चलिक पृष्ठभूमि र परिवेशमा आधारित छन्। मार्क्सवादी सिद्धान्त र वर्गसङ्घर्षप्रति उपन्यासकारको विशेष झुकाउ रहेको पाइन्छ।

२ उपन्यासमा निम्न वर्ग र निम्नमध्यम वर्गका पात्रहरूको जीवनशैलीको चित्रणलाई विशेष महत्त्व दिइएको पाइन्छ।

३ दाहालका उपन्यासमा बहुलपात्रहरूको उपस्थिति रहेको भए तापनि नारी पात्रलाई उपन्यासको केन्द्रमा राखिएको पाइन्छ। यद्यपि *द्रोह* र *विद्रोह* उपन्यासमा मूल नायक वा नायिकाका रूपमा चेतनशील वा वैचारिक समूहलाई प्रस्तुत गरिएको पाइन्छ।

४ भीम दाहालका उपन्यासमा नारी-पुरुषबिचको सम्बन्धअन्तर्गत प्रेम, विवाह र विच्छेद गरी तीनवटा पक्षहरूलाई चित्रण गरिएको पाइन्छ।

५ उपन्यासमा ग्राम्य र सहरीया दुवै परिवेशको चित्रण पाइन्छ भने विशेष रूपले सिक्किमको ग्रामीण सरल जीवनको प्रस्तुति रहेको छ। ग्राम्य निम्न र निम्नमध्यम आर्थिक समस्याग्रस्त वर्गका चरित्रहरूको सहभागिता बढी रहेको देखिन्छ।

६ राजतन्त्रकालीन सिक्किमको समाजमा गरिबी, रोग, भोक, शोक, अन्धविश्वास, जातपात, वर्णव्यवस्था, भू-स्वामित्वको प्रथा, अशिक्षा, पूरातनपन्थी विचार एवम् मान्यताको प्रभाव र वर्चस्व आदिको चित्रण पाइन्छ।

७ प्रजातन्त्रपछि समाजमा शिक्षाको प्रचार-प्रसार, नारी शिक्षा, तृणमूलस्तरका नागरिकहरूमा बुनियादी तथा आधारभूत आवश्यकताहरूको विकास भएको पाइन्छ। तर राजनीतिक नेता र ठेकेदारहरूको शोषण, सामन्ती मनमानीका कारण गरिब नागरिकहरूको सामाजिक-आर्थिक स्तर र अवस्थामा खासै परिवर्तन आउन नसकेको देखिन्छ।

८ पारिवारिक संरचनाका दृष्टिले हेर्दा दाहालका उपन्यासमा एकल परिवार, संयुक्त परिवार, मातृसत्तात्मक परिवार र पितृसत्तात्मक परिवारको उपस्थिति रहेको देखिन्छ।

९ उपन्यासमा नारी-पुरुष सम्बन्धमा रहेको विभिन्न समस्याहरूमध्ये नारीमाथि पुरुषद्वारा गरिने प्रताडना, बलात्कार, पारपाचुके, पतिद्वारा आफ्ना पत्नीबाहेक अन्य नारीहरूसँग यौन सम्बन्ध राख्ने जस्ता कुराहरूलाई सामान्य कुरा मानिएको पाइन्छ।

१० पूँजीवादी सामन्ती शोषकहरूको स्वार्थपूर्ण राजनीतिक क्रियाकलापले समाजमा आर्थिक विषमता, शोषण, दमन, अन्याय, अत्याचारको स्थिति उत्पन्न भएको पाइन्छ। यसरी नै बेरोजगारी समस्या, भ्रष्टाचार, घूसखोर, बलात्कार, नक्सलवाद, जातिवाद आदिले गर्दा अराजकता, त्रासपूर्ण वातावरणको सिर्जना भएको देखिन्छ।

११ सामाजिक असामञ्जस्यता र विभेदको स्थितिमा चेतनशील र जागरूक व्यक्तिहरूद्वारा जनसाधारणका निम्ति कल्याणकारी सङ्घ-संस्थानहरूको स्थापना गरिएको पाइन्छ। यी संस्थाहरूले प्रगतिवाद तथा मार्क्सवादी वर्गसंघर्षको सिद्धान्तमा प्रेरित रहेर

वर्गसंघर्ष, सामुहिक क्रान्ति र विद्रोहद्वारा शोषक सामन्ती व्यवस्थाको तीव्र विरोध गरेको पाइन्छ।

१२ उपन्यासका नारी पुरुष सम्बन्धमा कतै हार्दिक र आत्मीय प्रेम स्थापित भएको देखिन्छ भने कतै वासना, दैहिक, शारीरिक तृप्ति र अर्थसञ्चयका निम्ति मात्र नारी पुरुषको सम्बन्ध स्थापित भएको पाइन्छ।

१३ उपन्यासका पात्रहरूले प्रेमलाई कतै नारी-पुरुषबिचको अन्तरङ्ग सम्बन्ध, हार्दिकता, भावनात्मकता र सौहार्दता मानेका छन्। तर स्वार्थी, चतुर र पुँजीपतिहरूका निम्ति प्रेम एउटा सस्तो भावावेग र विलासिता मात्र बनेको देखिन्छ।

१४ उपन्यासहरूमा प्रेमलाई प्राकृतिक, नैसर्गिक र आत्मिक भावनाको रूपमा विकसित अनुभूति मानिनु पर्ने आग्रह रहेको पाइन्छ। प्रेमलाई नारी-पुरुषमाझ हुनुपर्ने त्याग, समर्पण, सरोकार, सम्झौता, सहचर्या, समतामूलक, मर्यादित र गरिमामय तहद्वारा अभिव्यक्त र अनुभूत गर्ने भावनात्मक प्रगाढता मानिनु आवश्यक मानेको पाइन्छ।

१५ उपन्यासमा देशप्रेम, क्रान्ति प्रेम, सुन्दर, सभ्य र समतामूलक समाज व्यवस्थाप्रतिको प्रेमलाई पनि उच्च महत्त्वका साथ स्थान दिइएको छ।

१३ दाहालका उपन्यासका आदर्श चरित्रका नारी पात्रहरूले यौनलाई जैविक प्रक्रिया र शारीरिक आवश्यकता मानेका छन्। तथापि कतिपय यौनलोलुप र कामुक पुरुषपात्रहरूले विलासितालाई अत्यन्त सस्तो तथा आलु-प्याज र जिरा-धनियाँ किनेका स्तरमा (*विद्रोह,* पृष्ठ ९९) हेरेको पाइन्छ।

१७ उपन्यासमा एक थरिका पात्रहरूले नारीप्रति उदार र पुरुषसमान दृष्टि राखेको पाइन्छ भने अर्का थरिका पात्रहरूले नारीलाई दोस्रो दर्जाका नागरिक, यौनतृप्तिको साधन,

भोग्यवस्तु मानेर शारीरिक र मानसिक शोषण-दमन गरेको पाइन्छ। उपन्यासमा नारीको बलात्कार साथै हत्या समेत भएको चित्रण पाइन्छ।

१८ उपन्यासमा कतिपय पात्रहरूका निम्ति पुरातनपन्थी विचारधारा रूढी परम्परागत मान्यता र नीति-नियम अनावश्यक मानसिक बोझ मात्र बन्न पुगेको देखिन्छ, जसका कारण नारीहरू आत्महत्या गर्न समेत बाध्य बनेका देखिन्छन्।

१९ दाम्पत्य वा गृहस्थ सम्बन्धमा प्राय: सबै नारी पात्रहरू पति र परिवारप्रति समर्पित, इमान्दार र कर्तव्यनिष्ठ देखिएका छन् भने कतिपय पुरुषहरू परिवारप्रति कर्तव्यविमुख र परस्त्रीगमन गर्ने, चतुर र चलाख प्रवृतिका रहेका देखिन्छन्।

२० उपन्यासमा पितृसत्तात्मक समाज व्यवस्थाका कारण पतिको भूमिका निर्वाह गर्ने पात्रहरूका स्वरूपलाई सबैभन्दा कुरूप, हिंसक शासक र शोषणकर्ताका रुपमा स्थापित गरिदिएको पाइन्छ।

२१ उपन्यासमा राज्यको राजनीतिक गतिविधिमा नारीहरूको सक्रिय सहभागिता र सरोकार देखाइएको भए तापनि नारीलाई कुनै राजनीतिक सत्ता प्राप्त भने भएको पाइन्न। यसबाट समाजमा नारी-पुरुषको राजनीतिक सत्ता, शक्ति र सम्पतिको असन्तुलित स्वरूपको यथार्थ चित्रण गरिएको पाइन्छ। उपन्यासमा नारी पात्रहरूलाई राजनीतिक नेतृत्वको भूमिकामा राखिएको पाइदैन।

२२ उपन्यासको समाज पुरुष वर्चस्ववादी समाजव्यवस्थाद्वारा सञ्चालित रहेको देखिन्छ। पुरुष हैकम कै कारण राज्यको सम्पूर्ण आयस्रोत, श्रमस्रोत, उत्पादनको स्रोतमा पुरुषहरूको एकछत्र अधिकार एवम् प्रभुत्व रहेको पाइन्छ। यसले गर्दा नारी-पुरुषबिच आर्थिक विषमताको स्थिति उत्पन्न भएको पाइन्छ।

२३ पारिवारिक, सामाजिक, आर्थिक, शैक्षिक, राजनीतिक आदि सम्पूर्ण स्थानहरूमा पुरुषप्रधान मानसिकताको धारणा एवम् प्रभुत्व बढी रहेकोले समाजमा नारी-पुरुषकाबिचमा असामञ्जस्यताको स्थिति पैदा भएको देखिन्छ।

२४ उपन्यासमा नारी-पुरुषबिच लैङ्गिक असमानता, राजनीतिक भ्रष्टाचार आदिले निम्त्याएको विभिन्न समस्याहरूमध्ये गरिबी, अन्याय, विसङ्गति, रोगभोकशोक, अपुग आवश्यक्ता आदि प्रतिबिम्बित रहेको पाइन्छ। यस्तो स्थिति प्रकृतिप्रदत्त समाजका समस्या नभएर अर्को स्वार्थलम्पट मानिसद्वारा सिर्जना भएका कारण मानिसद्वारा नै ती सम्पूर्ण समस्याहरूको समाधान गर्न सकिन्छ भन्ने धारणा र मान्यता राखिएको पाइन्छ।

२५ उपन्यासहरूमा पुरुषप्रभुत्ववादी, हैकमवादी सत्तालाई परिवर्तन गर्न नारीविरोधी तथा पुरुषपक्षीय धारणाको उन्मूलन गरी सन्तुलित सामाजिक व्यवस्थाको निर्माण गर्न सकिन्छ भन्ने सन्देश दिइएको बोध हुन्छ। स्वस्थ्य समाज निर्माण गर्न नारी-पुरुष अलग भएर होइन तर दुवैको परस्पर सहभागिताद्वारा मात्र समानतामूलक र सभ्य समाजको संरचना हुन सम्भव हुनेछ भन्ने मान्यतालाई सम्प्रेषित गर्न खोजिएको छ भन्न सकिन्छ।

२६ उपन्यासमा असल एवम् स्वस्थ्य समाज निर्माणमा व्यक्तिगत स्वार्थ, जात, नश्ल, स्वार्थी नीति-संस्कारदेखि माथि उठेर मानवमात्र रहेर मानवका निम्ति हितकारी कार्य गर्नुपर्ने आग्रह राखिएको पाइन्छ।

२७ *द्रोह* उपन्यासमा समाजव्यवस्था परिवर्तनका निम्ति कुनै एक व्यक्तिका विरूद्ध मात्र होइन तर सम्पूर्ण व्यवस्थाको विरूद्ध आन्दोलन, विद्रोह र क्रान्ति गर्नुपर्ने मान्यता राखिएको पाइन्छ, भने *विद्रोह* उपन्यासमा स्वास्थ्य समाज निर्माणका लागि विद्रोह, हिंसा र प्रतिहिंसा मात्र यथेष्ट हुँदैन। त्यसैले नयाँ व्यवस्थाका लागि सुधारात्मक

क्रियाकलाप, वैचारिक क्रान्ति र सकारात्मक सोच उचित र सहि उपाय हो भन्ने अभीष्ट प्रतिबिम्बित रहेको देखिन्छ।

२८ समाजमा कुरीति, कुनीति, कुव्यवहार र कुकर्ममा लिप्त मानिसहरूलाई शत्रु ठानेर उनीहरूप्रति प्रतिशोधको भावना राख्नु भन्दा उनीहरूको सोच र विचारमा परिवर्तन ल्याउन सक्नु नै वास्तविक क्रान्ति र विद्रोह हो भन्ने आदर्श भावलाई सञ्चारित गर्ने प्रयास गरिएको पाइन्छ।

२९ उपन्यासहरूमा विद्रोह र क्रान्तिको मूल उद्देश्य एकपक्षीय हैकमवादी एवम् सामन्ती व्यवस्था निमिट्यान्न पारेर अमानवीयता, हिंसात्मक, नक्सलवादी, पाशविक कर्म तथा नीच मानसिकतामा परिवर्तन ल्याउनुलाई मानिएको पाइन्छ।

३० भीम दाहालका तीनैवटा उपन्यासहरू तत्कालीन सिक्किमको नेपाली समाजमा व्याप्त भुक्तभोगी नारी-पुरुषहरूको समस्यामाथि केन्द्रित रहेको पाइन्छ। तथापि नारीको पक्षधरता रहेका यी उपन्यासहरूमा नारीहरूले भोगिरहेका शोषण, दमन, अन्याय, पीडा, पक्षपात, लैङ्गिक विभेद, यातना आदिको यथार्थ चित्रण गरिएको पाइन्छ। उपन्यासमा उल्लिखित सामाजिक, राजनीतिक. सांस्कृतिक, अर्थनैतिक, मनोविश्लेषणात्मक यथार्थहरूको परिचयद्वारा सामाजिक वास्तविकतालाई उदाङ्गो पारिएको छ। समाजभित्र पसेर सामाजिक समस्या खोजी निकाल्न उपन्यास सफल रहेका देखिन्छन्।

३१ नारीका व्यक्तिगत जीवनमाथि हस्तक्षेप गरेर सामाजिक-सांस्कृतिक स्वतन्त्रता हनन गरिएका सम्पूर्ण नारीहरूमाथि नियन्त्रण गर्ने मानसिकताको भण्डाफोर गरिएका दाहालका उपन्यास नारी समस्यामूलक, नारी नियति र यथार्थको नजिक रहेको पाइन्छ।

३२ पुरुषपक्षीय मूल्य मान्यता बोकेको नेपाली समाजमा पुराना रूढीबुढी परम्परा विरूद्ध नारी सङ्घर्षको स्वरूप र परिणतिको प्रस्तुति नै दाहालका उपन्यासहरूको

कथानकको मूल केन्द्र रहेको पाइन्छ। यी उपन्यासहरूमा रहेको नारी-पुरुष सम्बन्धमा रहेको विभिन्न समस्या, नारीप्रति पुरुषको दृष्टिकोण र पुरुषप्रति नारीको दृष्टिकोणमा अनमेल र असमाञ्जस्यता रहेको पाइन्छ।

३३ उपन्यासमा पुरुष पात्रहरू नारीप्रति उदार मनोवृत्ति राख्न फराकिलो देखिएका छैनन्। पुराना पूर्वाग्रहग्रसित सोच र सामाजिक मर्यादाहरू भत्काउनुपर्छ भन्ने कुरामा प्राय: कुनै पनि पुरुषहरू सचेष्ट छैनन् भन्न सकिन्छ। तथापि नारीका मर्यादा, नारीप्रतिको दृष्टिकोण र सम्बन्धमा नयाँ किसिमले सोच्नुपर्छ भन्ने आग्रह उपन्यासकारको रहेको पाइन्छ।

३४ दाहालका उपन्यासमा मुख्य रूपमा शोषित र शोषकबिचको पारस्परिक द्वन्द्वको प्रस्तुति रहेको छ। नारीमाथि गरिने अमानवीय व्यवहार, यौनलोलुप पूँजीपतिहरूबाट हुने नारी अस्तित्व हनन आदिद्वारा नारीहरू दोहोरो उत्पीडनको सिकार भएका चित्रण पाइन्छ।

३५ भीम दाहालका उपन्यासमा बालविवाह, बहुविवाह र अनमेलविवाहका कारण नारीहरू पारिवारिक हिंसा, शारीरिक र मानसिक यातनाका सिकार बनेका देखिन्छन्।

३६ दाहालका उपन्यासमा प्रेमको उच्च आदर्शलाई विशेष महत्त्व दिइएको छ र प्रेमलाई शारीरिक तुष्टिका रूपमा मात्र नहेरेर दुई आत्माबिचको मिलन र एउटा चोखो अनि पवित्र बन्धनका रूपमा प्रस्तुत गरिएको पाइन्छ।

३७ दाहालका उपन्यासहरू यौनमनोविज्ञानमा आधारित रहेका छन् र मुख्यत: नारी यौनमनोविज्ञानलाई प्रस्तुत गरिएको पाइन्छ। यौनलाई नारी-पुरुषबिचको सम्बन्ध स्थापित र विस्तारित गर्ने प्रमुख घटक र तत्त्वको भूमिकामा राखिएको देखिन्छ।

३८ दाहालका उपन्यासमा गृहस्थ जीवनमा पाइने विभिन्न पक्षहरूमध्ये प्रेम, विवाह र सम्बन्ध विच्छेद गरी जम्मा तीन अवस्थाहरूको चित्रण गरिएको पाइन्छ। यस बाहेक यौन सम्बन्ध र यौन तृप्तिलाई जीवनको आनन्दमय क्षण अथवा जीवनलाई सौन्दर्यपूर्ण रूपमा जिउन सहयोग गर्ने उर्जा स्रोतको रूपमा चित्रण गरिएको पाइन्छ।

३९ दाहालका उपन्यासमा अभिजात्य वर्गका सामन्त शोषकहरूको अन्त्य गर्दा मात्र क्रान्तिको उद्देश्य र लक्ष्य पूरा हुन सक्दैन भन्ने रहेको छ। समाजमा सुधारात्मक भाव उत्पन्न गरी ती शोषकहरूको विचार र व्यवहारमा परिवर्तन ल्याउनु नै वास्तविक क्रान्ति हो, विद्रोह हो भन्ने सोच सञ्चारित गर्न खोजिएको पाइन्छ।

४० भीम दाहालका तीनवटै उपन्यासमा वर्णित समाजले नारी-पुरुषकाबिच आर्थिक, सामाजिक, शैक्षिक, राजनीतिक, जातिभेद आदि क्षेत्रमा समान हक र अधिकारको पक्षलाई अघि सारेको देखिन्छ। उपन्यासकार लैङ्गिक समविकासका निम्ति प्रयासरत रहेका देखिन्छन् ।

समग्रमा भीम दाहालका उपन्यासहरूमा नारी-पुरुष सम्बन्धको अध्ययन गर्दा नारी-पुरुषबिच विभिन्न रूपले सम्बन्धहरू स्थापित र विस्तारित भएको देखिन्छ। दाहालका उपन्यासमा नारी-पुरुषको सम्बन्ध कतै हार्दिकतापूर्ण देखिन्छ भने कतै स्वार्थपूर्ण पनि रहेको देखिन्छ। उपन्यासहरूमा नारी-पुरुषमाझ प्रेम, दाम्पत्य सम्बन्धको स्थापना र विस्तारमा परस्परमा मतभिन्नता, सम्बन्ध विच्छेद आदि विभिन्न पक्षहरूको विकास भएको देखिन्छ। नारी-पुरुषकाबिचमा रहेको सम्बन्धमा सकारात्मक र नकारात्मक दुवै प्रकारको प्रभाव देखिए तापनि नकारात्मक सोच र परस्परमा प्रतिकूल परिवेश नै बढी रहेको देखिन्छ। भीम दाहालका उपन्यासहरूमा रहेको नारी पुरुष सम्बन्धलाई स्थापित, विस्तारित तथा सम्बन्ध विच्छेद गर्ने विभिन्न कारकतत्त्वहरूमध्ये नारी-पुरुषबिचमा रहने यौन सम्बन्धलाई एउटा प्रमुख कारण मानिएको पाइन्छ। यौन

सम्बन्धका अतिरिक्त दाहालका उपन्यासहरूमा लैङ्गिक समस्याहरूलाई पनि नारी-पुरुष सम्बन्धमा खलल ल्याउने कारण मानिएको पाइन्छ।

भीम दाहालका उपन्यासमा पात्रहरूको नामकरण र उनीहरूका व्यवसाय, पेसा आदिमा अन्तर्विरोधात्मकता रहेको देखिन्छ। जसले एक अक्षर लेख्न जान्दैन उसको नाम लेखलाल, जसको आफ्नो घर-घुरेनबाहेक अरू जमीन-जेथा छैन, उसको नाम जिल्लाराम, जो आर्थिक रूपले विपन्न अवस्थामा छ, उसको नाम रकमलाल, जो काफर र डरपोक छ, उसको नाम रणदीपेन्द्र आदि राखिएको पाइन्छ। उपन्यासमा नारी अस्तित्व र अस्मिताका चर्चा गरेर नारीपक्षीय उदारता देखाइएको भए तापनि समाजमा नारीहरूको अवस्थामा सकारात्मक सुधार एवम् परिवर्तन भने न्यून रहेको पाइन्छ। समाजमा पितृसत्तात्मक समाजको वर्चस्व रहेकोले आर्थिक, सामाजिक, राजनीतिक आदि विभिन्न क्षेत्रहरूमा नारीहरूको अवस्था दुर्दमनीय रहेको पाइन्छ। त्यस अवस्थाबाट मुक्त हुने प्रयासप्रति उपन्यासका नारीहरू कठिन परिस्थितिसँग जुध्न सङ्घर्षरत देखिन्छन्।

भीम दाहालले आफ्ना उपन्यासहरूका माध्यमबाट सामन्ती सोच र शोषण व्यवस्थाको उन्मूलन गर्ने आधार नै कच्चा रहेको कुराको उल्लेख गर्दै समाजको आमूल परिवर्तनका लागि सामुहिक क्रान्ति र वर्गसङ्घर्षद्वारा मात्र सम्भव हुन्छ भन्ने विचार र मान्यतालाई सञ्चारित गर्ने प्रयास गरेका छन्। दाहालले हिंसा र प्रतिहिंसाद्वारा क्रान्ति ल्याउन नसकिने विचार प्रकट गर्दै अन्याय, अत्याचार, दमन, शोषणका विरूद्ध साम्यवादी, सन्तुलित, उदार र प्रगतिवादी जस्ता परिवर्तित सोचलाई वास्तविक क्रान्ति मानेको देखिन्छ।

## सन्दर्भग्रन्थ सूची


अधिकारी, गणेश, वि सं २०५४, *समाजशास्त्र र मानवशास्त्र: एक परिचय,* काठमाडौं : रत्न पुस्तक भण्डार।

अर्याल, मदनप्रसाद र मादवी अर्याल, वि सं २०६६, *चाणक्य नीति,* काठमाडौं : पैरवी प्रकाशन।

अधिकारी, हेमाङ्गराज र बद्रीविशाल भट्टराई, (सम्पा.) वि सं २०७०, *प्रयोगात्मक नेपाली शब्दकोश,* काठमाडौं : विद्यार्थी प्रकाशन प्रा.लि।

अधिकारी, ज्ञानु, सन् २०११, *नेपाली नारी समालोचना : परम्परा, प्रवृत्ति र विश्लेषण,* काठमाडौ : पैरवी प्रकाशन।

--------------, सन् २०१७, *साइबर सिद्धान्त, प्रयोग र अन्य समालोचना,* काठमाडौ : साझा प्रकाशन।

आचार्य, तुलसी, वि सं २०७३, *मनुस्मृति : नेपाली भाषा टिका,* वाराणसी : श्री दुर्गा साहित्य भण्डार।

आहुजा, राम, सन् २०१५, *भारतीय सामाजिक व्यवस्था,* जयपुर : रावत पब्लिकेशन्स्।

किरात राई, देव, सन् २०१३, *किरात खम्बू जातिको साकेला, संस्कृति र सभ्यता,* काठमाडौ : पोलि अफसेट प्रेस।

खेतान, प्रभा, (अनु.), सन् १९९८, *स्त्री : उपेक्षिता,* सिमोन वुभा, *द सेकेन्ड सेक्स,* नयाँ दिल्ली : हिन्द पाँकेट बुक्स।

गिरी, अमर र अन्य, (सम्पा.), वि सं २०७२, *प्रज्ञा समकालिन नेपाली कविताविमर्श,* काठमाडौ : प्रज्ञा प्रतिष्ठान।

गौतम, टिकाराम, वि सं २०५६, *समाजशास्त्र र मानवशास्त्रको परिचय,* काठमाडौं : हेरिटेज पब्लिसर्स एन्ड डिस्ट्रब्युटर्स।

चामलिङ, पवन, 'किरण', (सम्पा.), अप्रेल सन् १९९९, *निर्माण* (संस्कृति विशेषाङ्क), नाम्ची : निर्माण प्रकाशन।

चापागाई, नरेन्द्र, वि सं २०६४, *नेपाली शब्दभण्डार,* नेपाल : विराटनगर।

चेम्जोङ, इमानसिंह, वि सं २००३, *किराती दन्त्य कथा,* काठमाडौ : कञ्चन प्रिन्टिङ प्रेस।

तिवारी, दीपक, सन् २०१३, *सिक्किमको नेपाली साहित्यिक इतिहास परम्परा : स्वरूप र प्रवृत्ति,* नाम्ची : रमा तिवारी।

त्रिपाठी, बह्मानन्द, सन् २०००, *कालिदास ग्रन्थावली,* वाराणसी : चौखम्बा सुरभारती प्रकाशन।

त्रिपाठी, सुधा, सन् २००५, *महिला समालोचक र नेपाली समालोचना,* काठमाडौ : साझा प्रकाशन।

-------------, सन् २०१०, *नारीवादको कठघरामा नेपाली साहित्य,* काठमाडौ : साझा प्रकाशन।

-------------, सन् २०१२, *नारीवादी सौन्दर्यचिन्तन,* काठमाडौ : पैरवी प्रकाशन।

-------------, र सीता पन्थी, (सम्पा.), सन् २०१३, *नेपाली नारीवादी समालोचना,* काठमाडौं : प्रज्ञा प्रतिष्ठान।

त्रिपाठी, वासुदेव र अन्य (सम्पा.) वि सं २०४०, *नेपाली बृहत् शब्दकोश,* काठमाडौं : प्रज्ञा प्रतिष्ठान।

थापा, रेमिका, सन् २०१३, *पठन-विपठन,* दार्जिलिङ : गामा प्रकाशन।

------------, सन् २०१८, *हायमानदास राई 'किरात'-का कथामा चित्रित नर-नारी सम्बन्ध : एक विवेचनात्मक अध्ययन* (शोधग्रन्थ), सिलगढी : उत्तर बङ्ग विश्वविद्यालय, नेपाली विभाग।

दाहाल, भीम, सन् १९९३, *अभीष्टको खोज,* गान्तोक : जनपक्ष प्रकाशन।

-----------, सन् २०००, *द्रोह,* प्रतिभा दाहाल : निमटार पूर्व सिक्किम।

-----------, सन् २००५, *विद्रोह,* प्रतिभा दाहाल : निमटार पूर्व सिक्किम।

दाहाल, पशुपतिनाथ, सन् २०१३, *रामायण,* वाराणसी : गणेश पुस्तक भण्डार।

दाहाल, विष्णु प्रसाद प्रकाशकुमार राई, सन् २०१३, *सांस्कृतिक मानवशास्त्र र समाजशास्त्रका मूलभूत सिद्धान्त,* काठमाडौं : साझा प्रकाशन।

धर्माराव, तापी, सन् २०११, *विवाह संस्कार स्वरूप एवं विकास,* नयाँ दिल्ली : राधाकृष्ण प्रकाशन प्रा.लि।

नेपाल, घनश्याम, सन् २००५, *आख्यानका कुरा,* सिलगढी : एकता बुक हाउस प्रा.लि।

पाण्डे, ज्ञानु, सन् २०१२, *नेपाली उपन्यासमा लैङ्गिकता,* काठमाडौं : प्रज्ञा प्रतिष्ठान ।

पीयूष, अर्जुन, (सम्पा.) सन् २०१५, *नारी-आभा,* दार्जिलिङ : प्रेमफूल प्रकाशन।

पोखरेल, बालकृष्ण र अरू (सम्पा.), वि सं २०४०, *नेपाली बृहत् शब्दकोश,* काठमाडौं : नेपाल प्रज्ञा प्रतिष्ठान।

प्रश्रित, मोदनाथ, सन् १९९०, *नारी बन्धन र मुक्ति,* वाराणसी : कल्पवृक्ष प्रकाशन।

प्रपन्नाचार्य, स्वामी, सन् २००८, *आपस्तम्ब धर्मसूत्र,* काठमाडौ : प्रज्ञा प्रतिष्ठान, नेपाल।

बराल, ऋषिराज, वि सं २०६३, *उपन्यासको सौन्दर्यशास्त्र,* ललितपुर : साझा प्रकाशन पुलचोक।

बराल, कृष्णहरि, वि सं २०७२, *मनोविश्लेषण र साहित्य,* काठमाडौं : अक्सफोर्ड इन्टरनेसनल एकेडेमी।

भद्रा, चन्द्रा, (सम्पा.) वि सं २०७०, *लैङ्गिक अध्ययन,* काठमाडौं : अक्सफोर्ड इन्टरनेसनल पब्लिकेसन।

मिश्र, शिवदत्त, सन् अज्ञात, *दुर्गार्चिनपद्धति,* वाराणासी : ठाकुर प्रसाद पुस्तक भण्डार।

लोहनी, श्रीधरप्रसाद र रामेश्वरप्रसाद अधिकारी, (सम्पा.) सन् २०१२, *एकता बृहत नेपाली-अङ्ग्रेजी कोश,* सिलगढी : एकता बुक हाउस प्रा.लि।

लुइटेल, लीला, सन् २०१०, *नेपाली महिला साहित्यकार,* काठमाडौं : गुञ्जन प्रकाशन।

लुइटेल, तिलकप्रसाद, (अनु.), वि सं २०३६, *ऋग्वेद,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार।

शर्मा, बालचन्द्र वि सं, २०५५, *नेपाली संस्कृति,* काठमाडौं : साझा प्रकाशन।

शर्मा, वसन्तकुमार, (सम्पा.), वि सं २०५६, *नेपाली शब्दसागर,* नेपाल : भाषा पुस्तक भण्डार।

शर्मा, जनकलाल, सन् २०५८, *हाम्रो समाज : एक अध्ययन,* ललितपुर : साझा प्रकाशन।

शर्मा, कमलराज, वि सं २०६६, *आधारभूत समाजशास्त्र र मानवशास्त्र,* काठमाडौं : ग्लोबल पब्लिकेसन प्रा.लि।

शर्मा, दुर्गाप्रसाद, सन् २००९, *भीम दाहालका उपन्यासहरूको समाजशास्त्रीय अध्ययन* (शोधप्रबन्ध) सिलगढी : उत्तर बङ्ग विश्वविद्यालय, नेपाली विभाग।

सुवेदी, राजेन्द्र र लक्ष्मणप्रसाद गौतम, (सम्पा.) वि सं २०३८, *रत्न बृहत समालोचना* (सैद्धान्तिक), काठमाडौं : रत्न पुस्तक भण्डार।

सुनुवार, रमेश, (अनु), सन् २००३, *महिला,* सिमोन वुभा, *द सेकेन्ड सेक्स,* काठमाडौ : प्रगति पुस्तक सदन।

श्रेष्ठ, सुदर्शन, सन् २०१२, *महिला सशक्तिकरण र सिक्किम,* तादोङ : साथी प्रकाशन।

हर्नेबि, ए एस र ए पी कार्की, (सम्पा.), सन् १९८५, *अक्सफर्ड एड्भान्स लर्नर डिक्सनरी,* बम्बई : अक्सफर्ड युनिभर्सिटी प्रेस।

लेखक अज्ञात, सन् २००६, *महाभारत,* वाराणसी : दुर्गा साहित्य भण्डार।

लेखक अज्ञात, सन् २०१६,*श्रीमदभगवत् गीता*, वाराणसी : दुर्गा साहित्य भण्डार।

लेखक अज्ञात, वि सं २०६०, *चङ्ःत मुन्धुम,* काठमाडौं : लिम्बू साहित्य विकास संस्थान

लेखक अज्ञात, सन् अज्ञात, *पवित्र बाइबल* (पुरानो नियम, उत्पत्तिको पुस्तक)।

**जर्नल एवम् पत्रपत्रिका**


अधिकारी, हरिभक्त, (सम्पा. वर्ष : ३, अङ्क : ३), सन् २००५, *चौरीडाँडा,* लिङ्गी पायोङ : समकालिन प्रगतिशील साहित्य सङ्कलन।

चामलिङ, पवन 'किरण', (सम्पा. वर्ष : २८, अङ्क : ४५, मार्च-मई), सन् २००७, *निर्माण,* गान्तोक : निर्माण प्रकाशन।

दाहाल, मोहन पी, (सम्पा. वर्ष : १, अङ्क : १), सन् २००१-२००२, *नेपाली जर्नल,* दार्जिलिङ : बिष्ट पब्लिकेसनेस् प्रा. लि।

दीपक, सुवास, (सम्पा.) सन् २००९, *सृजन समय,* गान्तोक : सिक्किम अकादमी प्रकाशन।

शम, पारसमणि, (सम्पा. वर्ष : १९, पूर्णाङ्क :१९), सन् २०१३, *कनका,* गान्तोक : नेपाली साहित्य परिषद।

प्रश्रित, मोदनाथ, (सम्पा.), वि सं २०६७, *भृकुटी,* काठमाडौं : भृकुटी एकेडेमिक पब्लिकेसन्स्।

श्रेष्ठ, अविनास, (सम्पा. वर्ष :२९, अङ्क : ७, पूर्णाङ्क : ३४३, असार : वि सं२०६८), *गरिमा,* काठमाडौ : साझा प्रकाशन।

------------, (सम्पा. वर्ष :३०, अङ्क : ७, पूर्णाङ्क : ३५५, असार : वि सं २०६९), *गरिमा,* काठमाडौ : साझा प्रकाशन।

**हिन्दी पुस्तक**

आशाराम र पन्नालाल श्रीवास्तव, सन् १९८५, *राजनीति विज्ञान,* कलकत्ता : जनवाणी प्रिण्टर्स एण्ड पब्लिकेशन।

कस्तावार, रेखा, सन् २०१६, *नारी चिन्तन की चुनौतीयाँ,* नयाँ दिल्ली : राजकमल प्रकाशन।

क्रोवर, एल एल, सन् २००८, *द इन्टरनेस्नल इन्साइक्लोपीडिया अफ सोस्यल साइन्स,* अमेरिका : म्याकमिलन।

जोशी, मधु बी, (अनु), सन् २००६, *विद्रोही स्त्री,* जर्मन ग्रीयर, *द फिमेस यूनेक,* नयाँ दिल्ली : राजकमल प्रकाशन।

जैन, अरविन्द, सन् २००२, *न्याय क्षेत्रे : अन्याय क्षेत्रे,* नयाँ दिल्ली : राजकमल प्रकाशन।

द्विवेदी, हजारी प्रसाद, सन् १९९८, *स्वतंत्रता और संस्कृति,* नयाँ दिल्ली : राधाकृष्णन् प्रकाशन।

द्विवेदी, हजारी प्रसाद, सन् २००९, *विचार और वितर्क,* नयाँ दिल्ली : राधाकृष्णन् प्रकाशन।

डा नगेन्द्र, सन् २००८, *आज का नव लेखन और सांस्कृतिक विघटन,* नयाँ दिल्ली : देव प्रकाशन।

मोहन, राकेश सन् १९९९, *संस्कृति और साहित्य,* नयाँ दिल्ली : राधाकृष्ण प्रकाशन।

मिश्र, विद्या निवास, सन् १९९८, *हिन्दू धर्मजीवन मे सनातन की खोज,* नयाँ दिल्ली : राधाकृष्णन प्रकाशन।

मिश्र, जगदीशचन्द्र, सन् २०१५, *पारस्कर गृह्यसूत्रम,* वाराणसी : चौखम्बा सुरभारती प्रकाशन।

सारस्वत, सङ्गीता, सन् २०००, *हिन्दी के ललित निबन्धों के सांस्कृतिक मूल्य,* नयाँ दिल्ली : राजकमल प्रकाशन।

सक्सेना, प्रगति, (अनु.), सन् २०१६, *स्त्रीयों की पराधीनता,* नयाँ दिल्ली : राजकमल प्रकाशन।

सिंह, चन्द्रदेव, सन् १९८७, *प्राचीन भारतीय समाज और चिन्तन,* वाराणसी : विश्वविद्यालय प्रकाशन।

**अङ्ग्रेजी पुस्तक**

Arnold, Matthew, 2011, *Culture And Anarchy*, London : Routledge Publication.

Bhardwaj, Prem. R, 2005, *Gender Discrimination, Politics Of Women Empowerment*, New Delhi : Anamika Publishers And Distributer (P) LTD

Beauvoir, Simone De, 2011, *The second sex*, Translated by Constance Borde and Sheila Malovany-Chevallier, London : Vintage Publication.

Durkheim, Emile, 1994, Sociology And Philosophy, America : Routledge Publication.

Darwin, Charles, 2008, *On The Origin Of Species*, London : Arcturus Publishing Limited

Desai, Neera And Usha Thakkar, 2001, *Women In Indian Society*, New Delhi : National Book Trust, India.

Douglass, Megan Ashley, 2003, *Understanding The Female Conceptualization Of Sexual Addiction And The Role Of Addiction Treatment,* University Of Michigan, Florida.

Engels, Fedrich, 2010, *The Origin Of the Family, Private Property And The State*, England : Penguin Books.

George, Arthur and George Elena,2014, *The Mythology of Eden*, Homilton Books.

Mukherjee, Tutun and Niladri R. Chatterjee, 2016, *Androgyny and Female Impersonation in India Nari Bhav*, New Delhi : Niyogi Books.

Mill, John Stuatr, 2016, *The Subjection Of Women*, London : Longmans, Green, Reader and Dyer.

Nagla, B.K, 2005, *Sociology Of Indian Society*, New Delhi : S S Chand And Company LTD.

Roede, Machteld J, 2005, *Physical Anthropology And Gender Issues*, Maastricht University, Maastricht, Netherland.

Sanker Rao, C.S, 2004, *Sociology Of Indian Society*, New Delhi : S Chand And Conpany Limited.


Uberoi, Patricia, 1993, *Family, Marriage, Kinship*, Oxford University Press, USA.

Uberoi, Patricia, 1996, *Social Reform, Sexuality And The State*, SAGE Publication, USA.

Weber, Max, 2009, From Weber, Max : Essays in Sociology, America :Routledge Publication.

शोधमूलक जर्नलमा प्रकाशित लेख तथा राष्ट्रिय - अन्तरराष्ट्रिय सङ्गोष्ठीमा कार्यपत्र प्रस्तुत

गरेको प्रमाण पत्र



शोधमूलक अर्द्धवार्षिक नेपाली जर्नल

# अनुसन्धान

वर्ष २ अङ्क ३

दिसम्बर २०१८

**प्रधान सम्पादक**

देवचन्द्र सुब्बा

नेपाली विभाग

सिक्किम विश्वविद्यालय

सातमाइल, सामदुर,

तादोङ, गान्तोक, सिक्किम-७३७१०२

विषय सूची


| | | | |
|---|---|---|---|
| १. | डा पुष्प शर्मा | लोकवार्ताविज्ञानभित्र गाउँखाने कथाको अध्ययन | १-१६ |
| २. | डा गीता थपलिया त्रिपाठी | उत्तरवर्ती नेपाली कवितामा उत्तरऔपनिवेशिक पर्यावरण | १७-३० |
| ३. | सविता तामाङ | नारीवादी अवधारणाका आधारमा मध्यान्तर उपन्यासको विश्लेषण | ३१-४२ |
| ४. | योगेश खाती | व्यवस्था, साहित्य र अभिव्यक्ति पूर्ण गुरुङ 'निरूपम' कृत 'बन्धकी राखिएको सिन्दूर' नाटक एक परिचर्चा | ४३-५२ |
| ५. | डा सुमन वान्तवा | नेपाली कवितामा लेप्चा मिथकको प्रयोग | ५३-६१ |
| ६. | दिपेन तामाङ | देवकुमारी थापाको अवश्यंभावी कथा : सन्दर्भ सपना सिद्धान्त | ६२-६८ |
| ७. | शारदा छेत्री | द्रोह उपन्यासमा नारी-पुरुष चरित्र : संक्षिप्त अध्ययन | ६९-७४ |
| ८. | सुरज गुरुङ | नेपाली कथामा भौतिक भिन्ना क्षमता | ७५-८७ |
| ९. | कृष्णकुमार सापकोटा | सांस्कृतिक अध्ययनअन्तर्गत मल कल्चर : सन्दर्भ 'विश्व तिम्रा चरणमा' | ८८-९६ |
| १०. | सरस्वती मिश्रा | 'विपना कतिपय' का केही कथाहरूको समाजभाषिक अध्ययन | ९७-१०४ |
| ११. | | लेखक परिचय | १०५ |
| १२. | | *अनुसन्धान* जर्नलको निम्ति नियमावली | १०६ |

शारदा छेत्री

# द्रोह उपन्यासमा नारी–पुरुष चरित्र : संक्षिप्त अध्ययन

सार
*स्त्री–पुरुषको परस्पर सम्बन्ध र समन्वयबाट नै सृष्टिको संचालन र भरण–पोषण हुँदै आएको छ। स्त्री–पुरुष जैविक रूपमा दुई भिन्न प्राणी हुन्, तथापि एका–अर्काप्रतिको हार्दिकता र सम्बन्धद्वारा नै विश्वको संरचना निर्माण भएको छ। स्त्री–पुरुष सम्बन्धको अवधारणाभित्र स्त्री र पुरुषको भिन्नतालाई होइन तर दुईका समानता, सम्बन्ध र सहभागितालाई प्रष्ट पार्न आवश्यक छ। पारिवारिक, आर्थिक, सामाजिक, शैक्षिक, प्रसाशनिक, राजनीतिक, मनोवैज्ञानिक आदि विभिन्न पक्षहरूद्वारा स्त्री–पुरुषबिचको सम्बन्धलाई अध्ययन गर्न सकिन्छ। स्त्री–पुरुषको सम्बन्धलाई मूलत: विकासको महत्त्वपूर्ण आधार मान्न सकिन्छ। यसले स्त्री र पुरुषलाई समान दृष्टिले हेर्दै सन्तुलित सामाजिक आग्रहलाई विशेष प्राथमिकता दिन्छ भन्न सकिन्छ। स्त्री–पुरुष सम्बन्धका असन्तुलित स्वरूपहरू, स्त्री–पुरुष सम्बन्धका विभिन्न पक्षहरू तथा उनीहरूले भोग्दै आएका जीवनलाई लेखक, साहित्यकारहरूले आफ्ना कृतिहरू मार्फत चर्चामा ल्याएको पाइन्छ। यस्ता कृतिहरूमध्ये भीम दाहालका उपन्यासहरूलाई उदाहरणका रूपमा अघि सार्न सकिन्छ। दाहालका उपन्यासमा स्त्री–पुरुषमाझ पारिवारिक, सामाजिक, प्रसाशनिक, राजनीतिक आदि विभिन्न सम्बन्धहरू स्थापित भएका देखिन्छन्। समाजमा देखिएका शोषण र शोषक प्रवृत्ति, असन्तुलन, अन्याय–अत्याचारको विरूद्ध स्त्री–पुरुष दुवैले एक भएर सक्रिय सहभागिता दिएका छन्, जो युग सापेक्ष रहेको देखिन्छ।*

बीजशब्द
*शोषण, शोषक, सक्रियता, सहभागिता, समानता, असन्तुलन, भिन्नता।*

## १. परिचय

मानिसले जीवन र जगतमा आफ्नो चरित्र निर्माण गरे झैं उपन्यासमा पनि पात्रहरूले विभिन्न विषय र पक्षहरूसँग सङ्घर्ष गर्दै आफ्नो चरित्र निर्माण गर्छन्। उपन्यास युग सापेक्ष हुन्छ; बद्लिँदै गएका जीवनका पाटाहरू तथा जीवनको यथार्थको अभिव्यक्ति गर्नका निम्ति उपन्यासमा निरन्तर नवीन प्रयोगहरू पनि भइरहेको छ। उपन्यासले मानिसको जीवनका विविध पक्षहरूको उद्घाटन गर्छ। जीवन भोगाइका क्रममा मानिसको विभिन्न चरित्र र स्वभावहरूको विकास हुन्छन्। विभिन्न क्षेत्र र स्थितिहरूमा मानिसका विभिन्न चरित्र र स्वरूपहरू विस्तारित हुँदै गएको पनि देखिन्छ। एउटै चरित्रका यस्ता भिन्न स्वभाव र चरित्रहरूका अध्ययन–अनुसन्धान आजको आवश्यकता मान्न सकिन्छ।

भीम दाहाल सिक्किमका एकजना परिचित उपन्यासकार हुन्। उनको जन्म पश्चिम सिक्किमको सोरेङ क्षेत्रअन्तर्गत पर्ने टिम्बुरबुङ बस्तीमा २९ नोबेम्बर सन् १९५४-को दिन पिता स्व.पुण्यप्रसाद दाहाल र माता स्व. तेजकुमारी दाहालको कोखबाट भएको थियो। उनका हालसम्म *अभीष्टको खोज* (सन् १९९६), *द्रोह* (सन् २००२) र *विद्रोह* (सन् २००५)-गरी तीनवटा उपन्यासहरू प्रकाशित भएका छन्। उनी सन् २००२-मा प्रकाशित *द्रोह* उपन्यासका निम्ति २००६-को साहित्य अकादमी पुरस्कारले पुरस्कृत पनि बनिसकेका छन्। सिक्किमको सामाजिक-राजनीतिक परिवेशलाई उजागर गर्ने दाहालको *द्रोह* उपन्यास उनका अन्य दुईवटा उपन्यासझैँ नायिका प्रधान उपन्यास हो।

*द्रोह* उपन्यासमा 'प्रवेश', 'प्राथमिकी', 'सुबेदारनी आमा', 'कैजरबहादुर सुतार', 'मुन्नाको अव्यक्त वेदना', 'द्रोह', 'सुबेदार, लेखलाल, जिल्लारामलाई आलूदम पुरी', 'मानक चन्द मनीष : मनीषा गुरुमा', 'रामलाल भट्टराईको 'हाउस एरेस्ट', 'विचारलालको विद्रोह', 'कहिले लेला, कहिले देला कानूनले', 'काँचो रगत', 'एक अञ्जुली माटो', 'एल. बी. के. सी राई', 'रूपान्तरण', 'नम्बर एक्काउन्नको भाउन्न', 'डैमोक्रैसी', 'मुसदन्डे र गुलबदन', 'प्रतिभा', 'मिलन समाजको नानी', 'मानक मनीषको दु;खान्त', 'सङ्घर्ष र द्रोहको बन्धन', 'ढकालको घटमा नारायण', 'धर्म समाजलाई नम्बर १७ लाग्यो', 'विचारलालले थालजस्तो टाई लाउन नपाउने भयो', 'कैजरबहादुर सुतारको आत्महत्या' गरी जम्मा सताईसवटा उपशीर्षकहरू विभाजन गरेर लेखिएको पाइन्छ। बहुल नायक अथवा बहु पात्राको प्रयोग गरी लेखिएको यस उपन्यासमा मुन्ना, सुबेदारनी आमा, प्रतिभा, कुलुङ सुबेदार, लेखलाल, जिल्लाराम, विचारलाल धिताल, कैजरबहादुर सुतार, रामलाल भट्टराई, एल. बी. के. सी राई, मानक चन्द मनीष, मनीषा गुरूमा आदिलाई प्रमुख पात्र-पात्राहरू हुन्।

उपन्यासमा पात्रका हाउ-भाउ, आनीबानी, आचरण वा कार्यशैली आदिलाई चरित्र भनिन्छ।[१] उपन्यासमा चरित्रलाई कथावस्तु, घटना र उद्देश्यसँग सम्बद्ध महत्त्वपूर्ण पक्षका रूपमा लिइन्छ। कथावस्तुलाई गति प्रदान गर्ने माध्यम पनि चरित्र हो।

## २. *द्रोह* उपन्यासका नारी-पुरुषका चरित्रको अध्ययन

नारी र पुरुषको सम्बन्ध सृष्टिको आरम्भदेखि नै साङ्केतिक र प्रबल दुवै रूपमा रहेको देखिन्छ। यो सम्बन्ध एका-अर्काप्रतिको हार्दिकता र सन्तुलनमा अडिएको देखिन्छ। जीव वैज्ञानिक रूपले नारी र पुरुष फरक छन् तथापि दुवै समानान्तर रूपमा विकासित प्राणी हुन्। नारी र पुरुष दुवैको स्वतन्त्र व्यक्तित्व निर्माणद्वारा मात्र समाज, देश र विश्वको विकास हुन्छ। कतिपय परिस्थितिका कारण नारी-पुरुषमाझ असमानता, असन्तुलन र अव्यवस्थित स्थिति उठेका छन्। विभिन्न किसिमका जिम्मेवारी र सम्बन्धहरूमा मानिसको जीवन बाधिएको हुन्छ। जीवनका यस्ता असमान, असन्तुलन र अव्यवस्थित स्थिति आदिको चित्रण भीम दाहालका *द्रोह* उपन्यासमा पाइन्छन्। जीवनमा देखापरेका अनेकौं विश्रृङ्खलित स्थितिसँग सङ्घर्ष गर्ने नारी-पुरुषका विभिन्न चरित्रहरू यस उपन्यासमा देखिन्छ। उपन्यासमा देखिएका विभिन्न पात्रहरू मध्ये मुख्य रूपमा देखिएका पात्रहरू मुन्ना, सुबेदारनी आमा, कुलुङ सुबेदार, विचारलाल, कैजरबहादुर सुतार छन्। उनीहरूका स्वभाव र चरित्रमा देखा परेका विविधता र परिवर्तनले उपन्यास रोचक बनिएको छ।

१ . घनश्याम नेपाल, सन् २००५, *आख्यानका कुरा*, सिलगढी : एकता बुक हाउस प्रा.ली, पृष्ठ. ५१।

सिक्किमको सामाजिक र राजनीतिक परिवेश झल्काउने यो उपन्यास मूलत: शोषक र शोषित वर्ग माझको सङ्घर्ष र द्वन्द्व, राजनीतिज्ञहरूमा रहेको सत्तालोलुपता, व्यक्तिगत महत्त्वकाङ्क्षा र स्वार्थी स्वभाव, मानवीय मुल्यहरूको ह्रासोन्मुख स्थिति आदिले ल्याएका जनक्रान्ति, सामाजिक अन्याय, नारी-पुरुषमाझ विस्तारित विभिन्न सम्बन्ध आदि विषयमाथि केन्द्रित रहेको छ। यस उपन्यासको निर्माण रिधाङ गाउँमा सरकारी नेता वा राजनीतिज्ञहरूबाट भइरहेको अन्याय, अत्याचार र शोषण अनि त्यस शोषणको विरुद्ध त्यसै गाँउका जागरुक मानिसहरू सङ्गठित भएर आफ्ना हक, अधिकारको माग गर्दै क्रान्तिकारी र विद्रोही आवाज उठाइ शोषकहरूलाई उनीहरूकै तरिका अप्नाएर दण्ड दिएको घटनालाई लिएर गरिएको छ।

रिधाङ गाउँको एउटा निम्न मध्यवर्गीय पात्र विचारलाल धिताल अचानक पार्टीको नेता बन्छ। कुनै उद्देश्य, ज्ञान, लक्ष्य र सिद्धान्त विहिन हठात् नेता बनेको विचारलालको हातमा सत्ता र शक्ति आउनसाथ उसको स्वभावमा परिवर्तन आउनु थालेको देखिन्छ। सत्ता पाउनु अघि ऊ गाउँमा न्वारान र श्राद्ध गरेर केही रूपियाँ कमाएपछि रक्सी पिएर घरै बिर्सने स्वभावको हुन्छ। हातमा सत्ता आएपछि उसको आर्थिक र सामाजिक स्थितिमा परिवर्तन आउछ। उसका स्वभाव र प्रवृतिमा पनि स्वार्थीपना, महत्त्वकाङ्क्षा देखापर्छ । फलत: ऊ शोषकका रूपमा परिवर्तित हुँदै जान्छ। उसको चरित्रमा विस्तारै शोषण, दमन र हैकमवादी स्वभाव देखिन्छ।

नेता भएपछि पहिले विचारलालले त्यस गाउँको अत्यन्त दुराचारी, षडयन्त्रकारी, नारीलाई कुदृष्टिले हेर्ने यौवनपिपाशु शोषक कैजरबहादुर सुतार र उसको सहयोगी धूलपूजे सुब्बालाई आफ्नो सहायक बनाउँछ। उसले सोझा र सरल गाउँलेलाई सताउने कुनै मौका छाडेको छैन। उनीहरूका हक र अधिकार दबाउन तथा आफूले चाहेको काम गर्नु, आफ्नो स्वार्थ पूरा गर्नु मात्र नेता बनेको जस्तो देखिन्छ। आफू सत्तामा बसिरहनका लागि जस्तै हीन कार्य गर्नु पछि नहट्ने सत्तालोलुप, हैकमवादी सोच र शोषक प्रवृत्तिद्वारा प्रेरित पात्रको प्रतिनिधित्व विचारलाल धितालले गरेको छ।

उपन्यासको अर्को पात्र कैजरबहादुर सुतार उर्फ कैजरे शोषक, काम्चेछाधारी, सामन्ती विचार राख्ने बलात्कारी वा खल पात्र हो। गाउँका प्रत्येक छोरी-चेलीमाथि कुदृष्टि राख्नु, सोझा निमुखाहरूको जमिन-जेथा हडप गर्नु, राजनीतिज्ञहरूको चापलुसी गरी आफ्नो स्वार्थ पूरा गर्नु जस्ता कुकृत्याईहरू कैजरेका शोषण प्रवृत्तिका उदाहरण हुन्। यसैबिच कैजरेका घरमा काम सघाउन बस्नेर दुईजना चौध-पन्ध वर्षका किशोरीहरूले गर्भवती अवस्थामा आत्महत्या गर्छन्। वास्तवमा ती किशोरीहरूको हत्या गरिएको हुन्छ साथै उनीहरू बलात्कृत पनि भएकी हुन्छन्। गाउँका सबै मानिसहरूलाई दोषी कैजरे तथा उसको छोरो रणदीपेन्द्र सुतार नै हो भन्ने कुरा थाहा भए तापनि सरकार, कानून तथा पुलिस प्रशासनलाई आफ्नो ठिकादार बनाएकाले कैजरेका विरूद्ध कसैले पनि आवाज उठाउने साहस गर्दैनन्। यस्तो अवस्थामा उपन्यासका सचेत नारी पात्रहरू मुन्ना र सुबेदार्नी आमाले सक्रिय भूमिका निभाएका छन्। उनीहरू अन्याय र अत्याचारको विरोध गर्ने क्रान्तिकारी र विद्रोहात्मक चरित्रका रूपमा देखिएका छन्।

उपन्यासमा दुई किशोरीहरू मूक नारी पात्राका रूपमा चित्रित छन्। आर्थिक रूपले कैजरबहादुरको परिवारमाथि निर्भर रहेका दुई किशोरीहरू मानसिक र शारीरिक दुवै रूपले प्रताडित बनेका छन्। दुवैको बलात्कार गरेर हत्या गरिएको छ। यी दुई शोषित नारीहरूको आवाज बन्ने अनि उनीहरूमाथि भएको शोषण र अत्याचारको तीव्र विरोध गर्ने साहस मुन्नाले गरेकी छ। यति मात्र होइन कुलुङ सुबेदार, लेखलाल, जिल्लाराम, एल. बी. के. सी राईजस्ता असचेत पात्रहरूलाई सचेत र जागरुक बनाउने, अन्याय-अत्याचार विरूद्ध द्रोह गर्नसक्ने चेतना दिलाउने महत्त्वपूर्ण काम

मुन्नाले गरेकी छ। मुन्ना साथै त्यस गाउँका सम्पूर्ण मानिसहरूले कैजरे र विचारलाल जस्ता सामन्तिहरूद्वारा दमित बनेको कुरा अनुभूत गरे तापनि उनीहरू विरूद्ध कसैले पनि बोल्न साहस नगरेको देख्दा मुन्नाको विद्रोही आवाज एकैचोटी विस्फोट भएर कुलुङ सुबेदार, लेखलाल, जिल्लाराम, एल. बी. सर समक्ष वर्षिन पुग्छ–

> **त्यो नोकर्नी, नाबालिक बेसहारा केटीको के दोष छ ? जसको दोष छ, जो यो जमाना र दुनियाँको दुश्मन हो, जो पानीमाथिको ओभानो भएर समाजमा चरित्र, रीति रिवाजको भाषण दिइहिँड्छ– त्यस हत्याराको नाम बदनाम छ कि छैन। भन, ओँठमाथि जुँघा बोकीहिँड्ने रिधाङेहरू भन– ओ नामर्दहरू ! त्यो सानो–स्वरे कैजरेको नाम मुखमा ल्याउन किन मुत्छौ सुराल? (पृष्ठ.३७)**
>
> **मुन्ना अझ भन्छे– धिक्कार छ तिमीहरूलाई ! वाह रिधाङ वाह! वाह देश घुमेको मेजर साहब वाह! क्या न्याय छ यहाँ ? क्या इन्साफ छ ? क्या इज्जत र मान छ तिमीहरूको ! (पृष्ठ.३७)**
>
> **कैजरेको धोती मागेर फेटा बाँध ! (पृष्ठ.३८)**

मुन्नाका यस्ता आक्रोषित वचनहरू सुनेपछि मात्र कुलुङ सुबेदारमा अन्यायको विरूद्ध लड्ने सोच विकसित भएको छ। यसपछि उसले गाउँका अन्य मानिसहरूलाई सङ्गठित गरी दमनको विरूद्ध प्रतिवाद गर्न अग्रसर गराएको छ। विचारलाल र कैजरबहादुरका प्रत्येक प्रहारसँग सचेत रूपले जुझ्ने प्रयासमा सङ्गठित जनमानसहरू लागिपरेका देखिन्छन्।

उपन्यासकी अर्की नारी पात्रा सुबेदारनी आमा हुन्। उनी गरिबमारा नीति र सोझाहरूमाथि भएको अन्याय, अत्याचार, शोषण र दमनको विरूद्ध खडा भएर सदैव शोषितहरूका आवाज बन्न तत्पर रहने सचेत नारीका रूपमा चित्रित भएकी छन्। उपन्यासमा सुबेदारनी आमाले नारीको यौन शोषण गर्ने, गरीब निमुखाहरूको जमिन हडप गर्ने, आर्थिक साथै मानसिक शोषण गरी सोझा गाउँलेहरूलाई सङ्कटमा पार्ने शोषक कैजरबहादुरलाई कुच्चोले प्रहार समेत गरेकी देखिन्छ। *द्रोह* उपन्यासमा सुबेदारनी आमा कैजरबहादुरका विरूद्ध एउटा दृढ प्रतिद्वन्द्वीको रूपमा खडा भएकी छ। उनीभित्र शोषणको एकतन्त्रीय व्यवस्थासँग लड्ने क्रान्तिकारी शक्ति विद्यमान रहेको छ। सुबेदारनी आमासित प्रतिकूल अवस्थामा पनि पीडित नारी तथा निम्नवर्गीय ईमान्दार मानिसहरूको पक्षमा उभिने क्षमता र सामर्थ्य रहेको देख्नत सकिन्छ।

प्रस्तुत उपन्यासमा रिधाङ गाउँका शोषक र शोषण व्यवस्थाबाट मुक्ति चाहने जन समुदायका विरोध देखिन्छ, जसको फलस्वरूप 'मिलन समाज'– नामक प्रगतिशिल सङ्गठनको स्थापना हुन्छ। मिलन समाजको गठन भएपछि यसका सदस्यका रूपमा मुन्ना र सुबेदारनी आमाले सक्रिय भूमिका निर्वाह गरेका छन्। 'मिलन समाज'–का सचेत सदस्यहरू, मुख्यरूपमा मुन्ना, सुबेदारनी आमा, कुलुङ सुबेदार आदिले जनक्रान्ति गरेका छन्, जसको फलस्वरूप विचारलाल र कैजरेजस्ता शोषकहरूको शोषण निर्मूल बनेको छ। मिलन समाजको स्थापना भएपछि यस सङ्गठनमार्फत शोषकहरूलाई दण्डित पनि गरिएको छ। एकपक्षीय कानून व्यवस्था र प्रशासनदेखि हतास, निरास बनेका शोषित र पीडित गाउँलेहरूमा मिलन समाजको सक्रियताले एउटा उत्साह पलाएको देखिन्छ। उनीहरू जीवनप्रति आशावादी तथा समाजको परिवर्तन, विकास र प्रगतिका निम्ति आग्रही देखिन्छन्।

उपन्यासमा वर्णन गरिएको 'मिलन समाज' वास्तवमा एउटा प्रगतिशील र क्रान्तिकारी सोचको सङ्केत हो। शोषक–सामन्तीहरूको अन्याय–अत्याचारदेखि मुक्तिको चाहना साथै स्वतन्त्र, उज्ज्वल अनि सुन्दर भविष्यको

परिकल्पना हो। यस सोचको मूल उद्देश्य समाजमा विद्यमान शोषण, दमन, उत्पीडन, असमानता, विकृति, नश्लवादी प्रवत्ति आदिको अन्त गर्नु हो।

यस उपन्यासमा मुन्ना र सुबेदारनी आमाले नारीका सर्वपक्षीय क्षमताको प्रदर्शन गरेका छन्। आफ्ना परिवारलाई व्यवस्थित राख्दै एउटा स्वास्थ्य समाज र देश निर्माणमा दुवैको सक्रिय र महत्त्वपूर्ण सहभागिता रहेको छ। समाजको शोषण र सामन्ती व्यवस्थालाई हटाएर परिवर्तनको चाहना उनीहरूका चरित्रमा देखिन्छ।

उपन्यासमा चित्रित समाजमा परिवर्तन र समानता ल्याउनका लागि मुन्ना र सुबेदारनी आमाले उठाएका पाइलाहरूलाई व्यक्ति आवाज, स्वअस्तित्व, अस्मिता, सार्वजनिक मान्यताको मागका रूपमा हेर्न सकिन्छ। सक्रिय दुवै नारी पात्राले व्यक्तिगत लाभदेखि माथि उठेर सर्वसाधारणको हितका निम्ति कार्य गरेको देखिन्छ।

बहुल नायक अथवा बहुलचरित्रको प्रधानतामा लेखिएको भीम दाहालको *द्रोह* उपन्यासमा विभिन्न स्वरूप र चरित्रका पात्रहरू समावेश भएका छन्। यस उपन्यासमा एकातिर विचारलाल, कैजरे, रणदीपेन्द्रजस्ता अत्याचारी, कामपिपाशु, भ्रष्ट र बलात्कारी पात्रहरू रहेका छन् भने अर्कातिर मुन्ना, सुबेदार्नी आमा, कुलुङ सुबेदारजस्ता न्यायप्रेमी, क्रान्तिकारी, विद्रोही, विक्षोभी, प्रतिवादी र परिवर्तनकाङ्क्षी चरित्रका पात्रहरू रहेका छन्। यी दुई माझको द्रोह नै *द्रोह* उपन्यासको द्रोह हो। मुन्ना र सुबेदार्नी आमालाई अवहेलित-उत्पीडित समुदायलाई प्रोत्साहित गर्ने प्रगतिशील चरित्रका प्रतिनीधिका रूपमा खडा गरिएको छ।

विचारलाल र कैजरेका चरित्रमा शोषक प्रवृत्ति आउनका मूल कारण सत्ता र शक्तिलाई मान्न सकिन्छ साथै आर्थिक सम्पन्नता र सामाजिक अभिजात्यपनको आडम्बर, हैकमवादी स्वभाव आदिलाई पनि लिन सकिन्छ। मुन्ना, सुबेदार्नी आमा, कुलुङ सुबेदारको चरित्रमा प्रगतिशील विचार उजागर गराउनमा यी दुई शोषकका चरित्रले पनि कारकतत्वको भूमिका निभाएको देखिन्छ। *द्रोह* उपन्यासमा राजनीतिलाई केवल व्यक्तिगत स्वार्थका निम्ति प्रयोग गर्ने प्रवृत्तिका नेता, कूटनीतिज्ञ, कानून व्यवस्थाको गैर जिम्मेवारीपूर्ण स्थिति, एकपक्षीय अन्धो प्रशासन आदिको यथार्थ चित्र प्रस्तुत गरिएको छ। कतिपय स्थितिहरूमा वर्तमान समयमा पनि साधारण नागरिकहरूले यस प्रकारका शोषण र दमननीतिको सिकार हुनपरेका देख्न सकिन्छ। यस उपन्यासले यी अवस्थाहरूलाई कलात्मक र प्रतिकात्मक ढङ्गमा चित्रण गरेको छ।

## ३. निष्कर्ष

भीम दाहालको *द्रोह* उपन्यासमा नारी-पुरुष दुवैले व्यक्तिगत स्वार्थदेखि माथि उठेर सङ्गठित रूपमा अघि आएर समाजका विश्रृङ्खलित पक्षहरू, समस्याहरू र कठिनाइहरूको विरूद्ध सामुहिक आवाज उठाउनु पर्ने तथा त्यसैमा दृढतापूर्वक स्थिर रहेर उचित कार्यहरू गर्नुपर्ने सङ्केत गरेको छ। मुन्ना र सुबेदार्नी आमाको चरित्रद्वारा उपन्यासकारले अबका नारीले साधारणत: सामाजिक जीवन जीउनका लागि आफ्नो सीमासम्म उभिएर आफ्नो व्यक्तित्वको विकासमा अवरोध नहुने स्थितिसम्म सहिष्णुता र सहनशील प्रवृत्ति अङ्गाल्नु पर्छ भन्ने विचारको संञ्चार गर्ने कार्य गरेका छन्, जुन समयानुकूल रहेको देखिन्छ।

अबका नारीले सुकोमल, सहनशील मात्र भएर हुँदैन, कठोर र जुझारू पनि बन्नुपर्छ। परम्परागत रूढि सामाजिक मूल्य मान्यता, अन्याय, अत्याचार र शोषण व्यवस्थाहरूको विघटन गर्न त्यसलाई निर्मूल पार्न क्रान्तिकारी

र विद्रोहात्मक स्वर उठाउनु पर्छ। आजका नारी समर्पित भावका मात्र नभएर प्रतिवाद गर्ने, स्वनिर्भर, स्वाभिमानी बनिसकेका छन्। यसर्थ आजका उपन्यासहरूले यस प्रकारका नारीहरूलाई पनि स्थान दिनुपर्छ। वर्तमान नेपाली समाजको पुनःपर्यवेक्षण गरी साहित्यमा सर्वपक्षीय सशक्तिकृत नारीहरूका चित्रण गरिनुपर्ने आवश्यकता रहेको देखिन्छ।

**सन्दर्भ ग्रन्थ**


छेत्री, उदय, (सम्पा.) सन् २०१०-११, *अकादेमी जर्नल,* (वर्ष : ७, अङ्क : ६), सिलगढी, पुष्पा प्रकाशन।

थापा, रेमिका, सन् २०१३, *पठन-विपठन*, दार्जिलिङ, गामा प्रकाशन।

दाहाल, मोहन.पी, सन् २००१-२, *नेपाली जर्नल,* (वर्ष : १, अङ्क : १), दार्जीलिङ, विष्ट पब्लिकेसन्स् प्रा.लि।

दर्नाल, इन्द्रमणि, (सम्पा.), सन् २०१४, *वसुधा* (वर्ष : १४, अङ्क : २), दार्जिलिङ, वसुधा प्रकाशन।

नेपाल, घनश्याम, सन् २००५, *आख्यानका कुरा*, सिलगढी, एकता बुक हाउस प्रा.लि।

बराल, ऋषिराज, सन् १९९९, *उपन्यासको सौन्दर्यशास्त्र*, ललितपुर, साझा प्रकाशन।

प्रश्रित, मोदनाथ (सम्पा.), वि. सं २०६७, *भृकुटी* (पूर्णाङ्क : ८, साउन-भदौ-असोज), नेपाल, भृकुटि एकेडेमी पब्लिकेशन्स्।

श्रेष्ठ, अविनाश, (सम्पा.) वि.सं २०६९, *गरिमा* (पूर्णाङ्क : ३५५, असार), नेपाल, साझा प्रकाशन।

Beauvoir, de Simon, 1949, *The Second Sex*, Translated By Constance Borde and Sheila Malovany-Chevallier (2011), London, Vintage Publications.

Mukherjee, Tuntun, and Chatterjee Niladri R. (Editor), 2016, *Androgyny and Female Impersonation in India Nari bhav,* New Delhi, Niyogi Books.

# NATIONAL MULTI DISCIPLINARY SEMINAR ON EQUITY AND HUMAN RIGHTS

25TH & 26TH MAY, 2017

SPONSORED BY:
RASHTRIYA UCHCHATAR SHIKSHA ABHIYAN, HIGHER EDUCATION
GOVERNMENT OF SIKKIM

ORGANIZED BY:
GOVERNMENT COLLEGE RHENOCK, EAST SIKKIM - 737133
www.sgcrhenock.in

## This is to Certify That

Dr./Mr/Mrs: Sarda Chhetri

of Sikkim University.

has participated and presented a paper entitled

'भीम दाहालका उपन्यासमा उपस्थित नारी-पुरुष पात्रको अध्ययन'

on a two day

NATIONAL MULTI DISCIPLINARY SEMINAR ON

EQUITY AND HUMAN RIGHTS

From 25TH to 26TH May, 2017

Organized By:

GOVERNMENT COLLEGE RHENOCK, EAST SIKKIM.

Dr. Sonam Tshering Bhutia
Convenor
Organising Committee
Govt. College Rhenock

Dr. Sujata Basnet
Principal / Chairperson
Govt. College Rhenock

INTERNATIONAL SEMINAR

CONTEMPORARY WRITINGS IN EASTERN HIMALAYAS : EMERGING TRENDS

# CERTIFICATE

Certified that

Sarda Chhetri

of

Department of Nepali, Sikkim University

participated and presented a paper at the two-day International Seminar on Contemporary Writings in Eastern Himalayas : *Emerging Trends* organised by The School of Languages, Nar Bahadur Bhandari Degree College, Tadong, Sikkim and sponsored by RUSA, on the 27th and 28th of February, 2019.

The title of the paper was

'द्रोह' उपन्यासमा नारी-पुरुष चरित्र : संक्षिप्त अध्ययन

Dr. Geeta Nirola
Convenor

Dr. Bina Pradhan
Principal
NBBDC, Tadong

# परिशिष्ट

प्रश्नावली

१.सर्वप्रथम तपाईंको जन्म कहिले भएको हो? पुर्खौली थलो र बाल्यकालबारे जानकारी दिनुहोला ?

२. तपाईंले साहित्यलेखनको थालनी कहिले, कसरी र कुन परिस्थितिमा गर्नुभयो?

३. साहित्यलेखनको प्रेरणा कसलाई मान्नु हुन्छ ? कुन साहित्यकारबाट प्रभावित / प्रेरित हुनुहुन्छ ?

४. तपाईं एकजना अध्ययनशील स्रष्टाका रूपमा परिचित हुनुहुन्छ, यस अध्ययनले तपाईंको लेखनमा कस्तो प्रभाव पारेको छ ? साहित्यलाई कसरी, कुन रूपमा स्वीकार गर्नुभएको छ ?

५.तपाईंले साहित्यका विविध विधाहरूमा विशेष गरेर उपन्यास रचनामा रूचि राखेको पाइन्छ। यसको कुनै खास कारण र प्रेरणा छ कि ?

६. तपाईं उपन्यास लेख्दा त्यसको विषय छनौट कसरी गर्नुहुन्छ अनि पात्रहरूको चयन कसरी गर्नुहुन्छ?

७. तपाईंका उपन्यासहरूमा चित्रित समाज लेखक स्वयम्ले बाँचेको समाज जस्तो लाग्छ। यसमा तपाईंको विचार कस्तो छ?

८. *अभीष्टको खोज* उपन्यासमा तीन पुस्ताका नारीहरूको चित्रण रहेको पाइन्छ। अध्येताहरूले यस उपन्यासलाई नारीवादी उपन्यास पनि मानेका छन्। यस सन्दर्भमा तपाईको मन्यव्य कस्तो छ?

९. *द्रोह* र *विद्रोह* उपन्यास चाँहि प्रगतिवादी र मार्क्सवादी सिद्धान्तद्वारा प्रभावित रहेको पाइन्छ। यसलाई कसरी हेर्नुहुन्छ।

१०. तपाईंका उपन्यासमा राजनीतिलाई पनि विशेष रूपमा चित्रण गरिएको पाइन्छ, यसलाई अझ पुष्टि गरिदिनु हुन्छ कि ?

११. तपाईंका उपन्यासहरूमा नारी-पुरुषका सम्बन्धहरू विविध प्रकारका रहेका देखिन्छन्। तपाईं नारी-पुरुषबिच सम्बन्धको स्थापना र विस्तारमा के कस्ता पक्षहरूलाई महत्त्वपूर्ण मान्नु हुन्छ ?

१२. नारी पुरुष सम्बन्धको सन्दर्भमा तपाईंका उपन्यासहरूमा प्रेम, विवाह र विच्छेदको चित्रण पाइन्छ, तपाईंले यी तीनवटा पक्षलाई कुन रूपमा लिनु भएको छ ?

१३. तपाईंका उपन्यासमा नारी यौन मनोविज्ञानलाई चर्चामा ल्याइएको पाइन्छ। यसको कुनै विशेष कारण छ कि ?

१४. नारी सम्बन्धी तपाईको धारणा कस्तो छ ?

१५. भावी साहित्यस्रष्टाहरू, पाठक र अध्येताहरूलाई कस्तो सुझाव र सल्लाह दिन चाहनुहुन्छ ?

१६. साहित्यलेखनको सन्दर्भमा तपाईको भावी योजना के, कस्तो रहेको छ ?

उत्तर

प्रश्न १: २७ नोभेम्बर, १९५४, सोमबार।
जन्मस्थान: सिंगेरुङकोट, बर्मेक, पश्चिम सिक्किम।
बाल्यकाल सिक्किमको तत्कालीन ग्रामीण जीवनमा अभाव, असुविधा र कठिनाइ बुझ्दै भोगाइ भएको हो।

प्रश्न २: साहित्य लेखनको आरम्भ कविताको आधार मै भएको हो। १९७८ सालमा 'कञ्चनजंघा' पत्रिकामा 'कञ्चन घाम सिकाउँछ?'- कविता प्रकाशित भएको हो। त्यसपछि कवितादेखि भरि अघि बढ्यो।

प्रश्न ३: प्रेरणाका स्रोतहरूको विषयमा शिव-कुमार राई, विश्वनारायण सिन्हा, अगमसिंह थदई, पारिजात आदिको देन नै छ।

प्रश्न ४: अध्ययन निकै परिश्रमयुक्त, गहिरो र गम्भीर रहेको मान्नुपर्दछ। अध्ययनले लेखनलाई गम्भीर तुल्याउँदछ।

प्रश्न ५: उपन्यासमा पूरा भएको छैन कथा वा निबन्ध पाइन्छ।

प्रश्न ५: उपन्यासको कथावस्तु आम र साधारण जीवन र भोगाइबाट नै लिने गर्दछु। पात्र चयन अत्यन्त कठीन काम रहेको छ। त्यसलाई म म परिवेशमा सृजनात्मक र कल्पनाशील रूप नै मान्दछु।

प्रश्न ६. मेरा उपन्यासहरूमा वर्णित समाज मूलतः मेरो आफ्नो समाज।

प्रश्न ७: आलोचकको भोजनमा सीमित पृष्ठहरूमा नाहिले चाहना रहेको, विषय, उसको आलोचना, उसको आकांक्षाको, मेरो मुक्त र स्वतन्त्र उडानको परवाह सम्म नि प्रयास गरियो। शायद आलोचकले अन्त्यमा आफ्ना उडानको आकांक्षालाई अनिवार्य गर्दैन छन्। आलोचकहरूले मेरो मननशीलता छ; यदि छ कि स्वविवेकी मनुष्य नाहि- स्वतन्त्रता र आधिकताको प्रयोगात्मकता जत्ते आफ्नै ठीक कुरो हो।

प्रश्न ८: ठोस र विद्रोह उपन्यासहरूमा समाजको वर्गीय अवस्था र त्यसमा आवश्यक परिवर्तनको आग्रह छ। समाजको यथार्थ

लाई चित्रण पनि गर्ने र विधानलाई
गर्ने आयामहरूका संदेशवाहक हुन् यी
दुवै कृति। प्रगतिवादी वा ~~मार्क्स~~वादी
मानिसहरू भन्ने म गौरवान्वित
बन्छु।

१०. राजनीति~~शून्य~~ छ हाम्रो समाज।
राजनीतिलम्पट पनि छ। ~~सम्भवतः~~
मेरो राजनीतिक प्रसंग आएका
छन्।

११. ~~यी~~ आयाम रहेको दुनियाँ वा
कुरूपहरू र उनलाई देवदूतका
आदर्शभावले भरपूर गरिनुपर्दछ
र मात्र पुरुष शक्तिशाली
बन्छ भन्ने मेरो मान्यता हो।
शान्ति, करुणा र प्रेम आदि
प्रतीक हुन्। ऊर्जा र समाजका
केन्द्रबिन्दु पनि हुन्। पुरुष
नारीभित्र आवेगात्मक रूपमा
कमजोर हुन्छ र नारीले
उसलाई पूर्ण गर्दछिन्
भन्ने मेरो विचार हो।

१२. दुनियाँलाई सिर्जना र ~~मौलिक~~
आग्रह गर्नु – विवादपछि
जनको विसर्जन गार्हस्थ्यमा
कुरूपहरू र सब आयामका

शंका र घृणा उत्पन्न हुनथालेर, एक मौलिकतालाई विकृतिले मिच्छ वा मिच्नथालेर, तब मैं विच्छेदको अवस्था आउनसक्छ।

13. नारीको पूर्णता उसको यौन-समर्पण र तत्पश्चात आफ्नो गर्भको जिम्मेवारीमै छ। नारी आफ्ना, गरिमा छोड्न उनी सहजीवी र सहयोगी—पुरुषको प्रकृति हुनाले उनमा रहेको यौन-जिज्ञासा प्राय: अव्यक्त रहने भए पनि त्यो समाजको प्राणको प्रेरणदाता हो।

14. हरेक जीवनमा पूर्णता प्रदान गर्ने प्रेरक हुन नारी। उनी उपास्य छन्।

15. जति सकिन्छ धेरै अध्ययन गर्ने र आधुनिक ४०-४५ वर्षअघि नै पढ्ने काम सकेर ताकि पढ्न लागेर पढ्नुपर्ने अवस्था नहोस्। निरन्तर लेख्ने। सबै कृति ठुला र महत्वपूर्ण हुदैनन्।

16. आफै काम गर्ने मन त छ।

—

[illegible]
१८/०६/२०७९